

# सुवासिला फूलहरू

दीपक भेटुवाल

# सुवासिला फूलहरू

(संयुक्त जीवनीसङ्ग्रह)

**भाग-२**

**लेखक**

दीपक भेटुवाल

**प्रकाशक**

सूचक

साहित्यिक समाचारपत्र

कृति : सुवासिला फूलहरू
लेखक : दीपक भेटुवाल
प्रकाशक : सूचक साहित्यिक समाचारपत्र
संस्करण : प्रथम, २०६७, भाद्र
प्रति : ११११ प्रति
सर्वाधिकार : लेखकमा सुरक्षित

आवरण/कम्प्युटर
अल मिडिया सोलुसन प्रा.लि.
बागबजार, काठमाडौं, फोनः ४२५३९६४

मुद्रण
प्रतिबद्ध प्रिन्टिङ प्रेस

## समर्पण



वरिष्ठ महिला समाजसेवी
स्व. पद्मादेवी राणाज्यूप्रति
हार्दिक समर्पण

# स्पष्टोक्ती

तपाईंको हातमा रहेको प्रस्तुत पुस्तक सूचकको संयोजनमा प्रकाशित परिशिष्टमूलक परिचयात्मक जीवनीसंग्रह हो । यसमा पाँच प्रतिभावान् व्यक्तित्वहरू जलेश्वरी श्रेष्ठ, चन्द्रकला नेवार, रेवती राजभण्डारी, कृष्णबहादुर श्रेष्ठ र ल्हुन्डुप लामाको कार्यक्षेत्र, योगदान, कृतित्व तथा जीवनसँग सम्बन्धित सामान्य सन्दर्भहरू उल्लेख गरिएको छ । यो वृहत् जीवनी वा समालोचनापूर्ण कृति होइन । यसमा प्रतिभाहरूसँग अन्तरनिहीत धेरै तथ्यहरू उल्लेख भएको छैन । यो पत्रकारिताको सामान्य नियमअनुरूप व्यक्तिवृत्तमा आधारित भएर लेखिएको पुस्तक हो । यसमा प्रतिभाहरूका बारेमा पाठकलाई सामान्य जानकारी गराउने प्रयास मात्र गरिएको छ । प्रस्तुत पुस्तकमा प्रतिभासँग अन्तरनिहीत प्रवृत्तिगत योगदानलाई संक्षेपमा देखाउने प्रयास मात्र गरिएकाले त्यसैअनुरूप ग्रहण गरिदिनुहुन सबैमा अपिल गर्दछु ।

■ लेखक

# प्रकाशकीय

नेपालको पहिलो साहित्यिक समाचारपत्र सूचकले वि.सं. २०६६ साल फागुन ८ गते शनिबार साहित्यकारहरू जलेश्वरी श्रेष्ठ, चन्द्रकला नेवार, रेवती राजभण्डारी तथा समाजसेवी कृष्णबहादुर श्रेष्ठ र ल्हुन्डुप लामालाई ऐतिहासिक अन्तर्राष्ट्रिय शान अवार्डबाट सम्मानित गरेपछि उहाँहरूको जीवनी, कृतित्व तथा योगदानसम्बन्धी पुस्तिका प्रकाशित गर्ने शोच बनाएको थियो । तदनुरूप सूचकको संयोजनमा सम्मान कार्यक्रमका उपसंयोजक दीपक भेटुवालको प्रस्तुत कृति प्रकाशनमा ल्याउने निर्णय गरियो । कृति प्रकाशन गर्न सम्मति दिने शान अवार्ड सञ्चालन समिति तथा लेखक भेटुवालप्रति सूचक आभार व्यक्त गर्दछ ।

साहित्य तथा समाजसेवाको क्षेत्रमा लागेका विशिष्ट पाँच प्रतिभाहरूका जीवनी, व्यक्तित्व, कृतित्व तथा योगदानजस्ता महत्वपूर्ण पक्षहरू समावेश गरिएको यो कृति साधारणतया साहित्यका पाठकहरू तथा यससम्बन्धमा अनुसन्धान गर्न चाहनेहरूका लागि उपयोगी हुने कुरामा हामी विश्वस्त छौं ।

देशको विभिन्न भाग र विभिन्न क्षेत्रमा सम्वद्ध रहेर भाषा, साहित्य र समाजसेवाको कार्य गर्दै आउनुभएका पाँच प्रतिभाहरू नेपाली समाजका मूर्धन्य व्यक्तित्वहरू हुनुहुन्छ । उहाँहरूले पुऱ्याएको योगदान र उहाँहरूको सिर्जना हाम्रा अमूल्य निधि बन्न पुगेका छन् । उहाँहरूजस्तो सेवाव्रतहरूको जीवनीमा आधारित पुस्तक प्रकाशन गर्न पाउनु हाम्रो लागि गौरवको विषय हो । साथै एउटै पुस्तकभित्र धेरै व्यक्तित्वहरूको चर्चा-परिचर्चा हुनुले यसको विशेष महत्व रहने हामीलाई लागेको छ ।

नेपाली समाजका विशिष्ट सेवाव्रतहरूलाई विश्वसमाजमा परिचित गराउन हामीबाट खासै पहल भएको छैन । भविष्यमा यस दिशातर्फ अग्रसर हुने र अनुवादकहरूको सहयोगमा अंग्रेजीजस्तो विश्वमा प्रयोग हुने भाषामा भेटुवालको यो कृति अनुदित गराई प्रकाशित गर्न पहल भइरहेको छ । यसो गर्न सकियो भने हाम्रा प्रतिभाको योगदान विश्वले जान्न पाउने कुरामा हामी विश्वस्त छौं । यस अभियानमा सबै क्षेत्रको महत्वपूर्ण सहभागिता हामीले चाहेका छौं ।

■ **पीताम्बरा उपाध्याय 'पीयूष'**
प्रमुख संयोजक
सूचक साहित्यिक समूह

## लेखकका आफ्ना कुरा

साहित्यमा समालोचना अत्यन्त लोकप्रिय, रोचक, बौद्धिक र महत्वपूर्ण विधा हो । नेपाली साहित्यमा समालोचनालाई अग्रसर तुल्याउने काम सर्वप्रथम मोतिराम भट्टले 'कवि भानुभक्तको जीवनचरित्र (१९४८) लेखेर गरेका हुन् । स्रष्टाको कार्य र परिवेशको मूल्यांकन गरी जीवनीपरक समालोचनाको माध्यमबाट यथोचित निर्णय गर्ने परिपाटीको विकास उनकै पालादेखि भएको हो । यसपछि राममणि आदि, सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्यलगायतका लेखकहरूले विभिन्न कृतिको समालोचना लेखेर समालोचना विधाको संस्थागत विकास गरेका हुन् । वर्तमान समयमा त समालोचना क्षेत्र नेपाली साहित्यमा निकै उर्वर र अपरिहार्य विधाको रूपमा स्थापित भएको छ । स्रष्टापरक तथा कृतिपरक दुवैखाले समालोचना उल्लेख्य मात्रामा लेखिएका र छापिएका छन् । यस विधामा धेरै बौद्धिक लेखकहरूले आफ्ना विवेकपूर्ण कलम चलाइरहेका छन् । ती महान् विद्वान् लेखकहरूका जमातको बीचमा छिरेर समालोचनाजस्तो महत्वपूर्ण विधामा कलम चलाउने प्रयास मैले पनि गरें । यो मेरो रहर र केही नयाँ गर्न चाहने मभित्रको स्वभावको परिणाम हो । यस कार्यलाई तपाईं अग्रज र बौद्धिकहरूले सकारात्मक रूपमा ग्रहण गरिदिनुहुनेछ, मेरो अपेक्षा रहेको छ ।

पत्रकारितामा साहित्यिक विधा मेरो विषय होइन, म साहित्य मन पराउने पाठक मात्र हुँ । वि.सं. २०६१ मा 'मृत्यु' शीर्षकको कथाकृति प्रकाशन गराएपश्चात् नै साहित्यका बारेमा जान्ने, बुझ्ने र सिक्ने प्रयास गर्दै आएको सम्झदै छु । सूचक जसको नेतृत्वतहमा संलग्न रहेर करिब चार वर्षदेखि प्रत्यक्ष रूपमा साहित्य बुझ्न र यस क्षेत्रसँग परिचित हुने अवसर पाएको छु । अग्रज स्रष्टाहरू जोसँग प्रायः सम्पर्कमा रहेर साहित्यको कुनै कुनामा आफूलाई उभ्याउन सफल भएको छु । तमाम मित्रहरू जसले उचालिदिएकै भरमा म आफ्नो क्षमताको परीक्षा दिंदैछु, र सिर्जनात्मक सेवाकार्यमा लाग्नुभएका प्रतिभावान व्यक्तिहरू जसको प्रेरणाले यो पुस्तक लेख्न जमर्को गरें, प्रस्तुत पुस्तक तिनै प्रतिभावान व्यक्तिहरूको सम्मानमा समर्पण गर्दछु ।



यो मेरो दोस्रो समालोचना र चौथो पुस्तकाकार उत्साह हो । पुस्तक लेख्नु र छपाउनु सबैभन्दा कठिन कार्य हो र म यतिबेला त्यही अनुभूति गर्दैछु । यस पुस्तकको माध्यमबाट साहित्य र समाजसेवामा संलग्न पाँच प्रतिभाहरूको जीवनी, योगदान र कृतित्वको बारेमा सामान्य जानकारी गराउने प्रयास गरेको छु । प्रस्तुत कृति नेपाली साहित्यमा फरक पहिचान बोकेर स्थापित हुने कुरामा आशावादी छु । प्रस्तुत पुस्तक लेखनको उद्देश्य सम्बन्धित प्रतिभाहरूका जीवनमा आधारित सिर्जनात्मक प्रवृत्तिहरूलाई पाठकसम्म पुऱ्याइ प्रचारप्रसार गराउनु हो । यस प्रयासबाट नेपाली भाषा-साहित्य तथा समाजसेवाका क्षेत्रमा अनुसन्धानरत अन्वेषकहरूलाई मिल्न सक्ने टेवा नै मेरो सफलता हुने मैले ठानेको छु ।

प्रस्तुत पुस्तकलाई मूर्त रूप दिने सन्दर्भमा विभिन्न पुस्तकहरूको अध्ययनको लागि सुविधा जुटाइदिने केशर पुस्तकालय, केन्द्रीय पुस्तकालय तथा प्रज्ञाप्रतिष्ठान पुस्तकालयप्रति आभार व्यक्त गर्नु मेरो कर्तव्य हो भन्ने ठानेको छु । साथै यस पुस्तकसँग सम्बन्धित प्रतिभाहरू जलेश्वरी श्रेष्ठ, चन्द्रकला नेवार, रेवती राजभण्डारी, ल्हुन्डुप लामा र कृष्णबहादुर श्रेष्ठप्रति सद्भाव तथा प्रतिभाका बारेमा आफ्ना महत्वपूर्ण विचार दिन सहमत सम्पूर्ण दृष्टिकारहरूलाई हार्दिक धन्यवाद ।


अन्त्यमा सम्पूर्ण विज्ञजनमा यस संग्रहमा रहन गएका त्रुटीहरू औंल्याइ सुधारका दिशातर्फ अग्रसर हुनका लागि आवश्यक सल्लाह सुझावको अपेक्षा गर्दै यो कृति लेख्न अवसर दिने सूचक परिवार, तपाईं प्रतिभावान पाँच प्रतिभाहरूका साथै अन्तर्राष्ट्रिय शान अवार्डका प्रमुख संयोजक डा. प्रकट पोखरेल तथा उहाँकी धर्मपत्नी प्रियकला सिंहज्यूमा कृतज्ञता व्यक्त गर्दै बिदा मागें ।

■ **भेटुवाल दीपक**

# सूचकले स्थापना गरेको पुरस्कारहरूको सङ्क्षिप्त परिचय

विश्वमा अतिप्राचीन कालदेखि नै विद्वत परम्पराको प्रचलन रहँदै आएको अभिलेखमा पाइन्छ । प्राज्ञ मनीषी र विद्वान्‌हरूले आ-आफ्‌ना ठाउँबाट विशिष्ट योगदान गरेको इतिहासमा पाउन सकिन्छ । धर्म, दर्शन, साहित्य, कला संस्कृति र परम्परा जोगाएर सधैं स्वतन्त्र रहेको नेपालमा पनि विद्वत परम्पराको इतिहास निकै पुरानो छ ।

प्राप्त तथ्यांकअनुसार नेपाल एकीकरण हुनुपूर्व तत्कालीन राजा जयस्थिति मल्लले वीर कालीबहादुर पाँडे नाम गरेका ज्योतिषीलाई तामाको आकर्षक थाली दिएर सम्मान परम्पराको शुरूवात गरेका थिए । सीमित रूपबाट शुरू भएको सम्मान परम्परालाई तत्कालीन राजा पृथ्वीनारायण शाहले केही हदसम्म व्यापक बनाउने प्रयास गरेका थिए । उनले नै धर्म, दर्शन, साहित्य, कला र संस्कृतिका क्षेत्रमा योगदान गर्ने व्यक्तिलाई संस्थागत रूपले



अन्तर्राष्ट्रिय शान अवार्ड

सम्मान गर्ने परम्पराको विकास गरेका हुन् । यसकै निरन्तरतास्वरूप तत्कालीन शाहवंशीय राजाहरूले विभिन्न सम्मान तथा पुरस्कारको व्यवस्था गरी आफू निकटका व्यक्तिहरूलाई प्रदान गर्दै आएका हुन् ।

तर अतिमौलिक सभ्यताको रूपमा रहेको विद्वत सम्मान परम्परा पछिल्लो समयमा आएर लोलुप हुने अवस्थामा पुगेको छ । जसले गर्दा विद्वत् सम्मान परम्परा पछिल्लो समयमा आएर खण्डित हुन पुगेको त छ नै साथसाथै ऐतिहासिक धरोहरहरूको योगदानप्रति खतरा उत्पन्न भएको छ । यसैले समाजमा सकारात्मकताको प्रेरणास्रोत हराउँदै नकारात्मकताको विकास प्रचण्ड गतिमा भएको पाइन्छ । उपरोक्त तथ्यलाई आत्मसात गर्दै विद्वत सम्मान परम्पराको माध्यमबाट सामाजिक रूपान्तरणको मार्ग तय गर्ने उद्देश्यसहित नेपालको पहिलो साहित्यिक समाचारपत्र सूचकले आन्तरिक पुरस्कारहरूका अतिरिक्त ऐतिहासिक अन्तर्राष्ट्रिय शान अवार्डको स्थापना नेपालमा गरेको हो ।

## सूचक साहित्यसेवा पुरस्कार

सूचक साहित्यसेवा पुरस्कारको स्थापना वि.सं. २०६५ सालमा भएको हो । यो पुरस्कार साहित्यिक क्षेत्रमा रहेर काम गर्ने व्यक्ति, संस्था वा साहित्यिक क्षेत्रमा नरहेरै पनि साहित्यिक क्षेत्रलाई माया गरी आर्थिक सहयोग गर्ने व्यक्ति वा संस्था, साहित्यिक कृतिहरु खरिद गरेर अध्ययन गर्ने र संकलन गर्ने, साहित्यिक क्षेत्रको विकासको लागि आवाज बुलन्द गर्ने व्यक्ति वा संस्था र सूचकलाई महत्वपूर्ण सहयोग गर्ने व्यक्ति वा संस्थालाई ताम्रपत्रसहित यो पुरस्कार प्रदान गरिनेछ ।

## सूचक पद्मादेवी साहित्यसेवा पुरस्कार

सूचक पद्मादेवी साहित्यसेवा पुरस्कारको स्थापना वि.सं. २०६५ सालमा भएको हो । यो आन्तरिक कोषमा स्थापना भएको सूचकको महत्वपूर्ण सम्मान पुरस्कार हो । यो पुरस्कार साहित्यिक वा अन्य कुनै पनि क्षेत्रमा रहेर विशिष्ट योगदान पुऱ्याउने महत्वपूर्ण व्यक्ति वा संस्थालाई प्रदान गरिनेछ । सूचकको संस्थागत कार्यक्रमहरूमा आर्थिकलगायतका अन्य महत्वपूर्ण सहयोग गर्ने व्यक्ति वा संस्थालाई पनि ताम्रपत्रसहित यो पुरस्कार प्रदान गरिनेछ । साथै यस पुरस्कारका लागि महिलाहरूलाई प्राथमिकता दिएर छनोट गरिनेछ।

## अन्तर्राष्ट्रिय शान अवार्ड

शान अवार्ड विश्वकै प्रतिष्ठित पुरस्कारहरूमध्ये २३ औं नम्बरमा गनिएको



अन्तर्राष्ट्रिय शान अवार्डका प्रमुख संस्थापक स्व. सेर्गेइनाइल कारानोमी

महत्वपूर्ण पुरस्कार हो । यस पुरस्कारको स्थापना रसियाका प्रसिद्ध बैंकर्स एवं लेखक सेर्गेइनाइल कारानोमीले आफ्ना पिता इशाना कारानोमीको नाममा सन् १९७१ मा गरेका हुन् ।

अवार्ड स्थापना गरेको केही महिनामै उग्रवादीको आक्रमणमा परी उनको मृत्यु भएकोले उनी आफैंले गठन गरेको 'इन्टरनेशनल लिट्रेचरी पब्लिकेशन्स एसोसिएसन' को नेतृत्वमा १० वर्षपछि अर्थात् १९८१ मा रसियाबाट यस अवार्डलाई औपचारिक रूपले वितरण गर्न थालिएको हो । त्यसैले यस अवार्डको स्थापना सन् १९८१ मा भएको हो भन्ने पनि गरिन्छ । हाल उक्त संगठनकै नामबाट विश्वका सात राष्ट्रमा वितरण गरिंदैआएको यो अवार्ड ४१ औं सदस्य राष्ट्रको रूपमा सूचकको एकल स्वामित्वमा नेपालमा वि.सं. २०६५ सालमा वरिष्ठ समालोचक डा. प्रकट पोखेलको मध्यस्थकर्तामा स्थापना भएको हो ।

यो अवार्डलाई विश्वका कतिपय राष्ट्रमा फरक-फरक नामले तर इलिपएको लोगो राखेर वितरण गर्ने पनि गरिन्छ । यो अवार्ड पत्रिकाको एकल स्वामित्वमा वितरित हुने नेपाल पहिलो राष्ट्र पनि हो । यस अवार्डको अन्तर्राष्ट्रिय दर्ता नम्बर ००३१२४३१/५६६ रहेको छ भने सूचकको सदस्यता नम्बर ३००५/४१ रहेको छ । तर इलिपएको आन्तरिक नियमानुसार उपरोक्त दर्ता र सदस्यता नम्बर सूचकले हाल प्रयोग गर्न र साथै अवार्डमा इलिपए लेख्न पाउने छैन । त्यसैले यसलाई नेपालमा शान सगरमाथा अवार्ड पनि भन्न सकिन्छ ।

यो अवार्ड स्वदेशी वा विदेशी कुनै पनि नागरिकलाई प्रदान गरिनेछ । यो अवार्ड स्वदेशीलाई शान र विदेशीलाई सगरमाथा अवार्डको नामबाट प्रदान गरिनेछ । यो अवार्ड प्रत्येक वर्ष ५ क्षेत्रका प्रतिभावान १२ व्यक्तिहरूलाई दिइनेछ ।

•••

१ **खण्ड–एक**
कृष्णबहादुर श्रेष्ठको सङ्क्षिप्त जीवनी/१२

२ **खण्ड–दुई**
चन्द्रकला नेवारको सङ्क्षिप्त जीवनी/४१

३ **खण्ड–तीन**
जलेश्वरी श्रेष्ठको सङ्क्षिप्त जीवनी/९३

४ **खण्ड–चार**
रेवती राजभण्डारीको सङ्क्षिप्त जीवनी/१५३

५ **खण्ड–पाँच**
ल्हुन्डुप लामाको सङ्क्षिप्त जीवनी/१९८

# खण्ड-एक

## कृष्णबहादुर श्रेष्ठको सङ्क्षिप्त जीवनी



## शान अवार्डको अन्तर्राष्ट्रिय उपाधि कृष्णबहादुर श्रेष्ठलाई किन ?


- चार दशकभन्दा बढी समाजसेवामा संलग्न,
- निःस्वार्थ रूपले समाज विकासमा क्रियाशील,
- देश र जनताप्रति प्रतिबद्ध,
- सामूहिक भावनाले निर्देशित,
- तीन दर्जनभन्दा बढी संघसंस्थामा आबद्ध,
- समाजसेवाको क्षेत्रमा नवीनताको प्रयोग,
- निजी स्रोतको विशिष्ट परिचालन,
- सामूहिक र मिलनसार भावना भएका,
- सामाजिक नियम र परम्पराप्रति आस्थावान्,
- गरिव, असहाय, उत्पीडन र बेसहाराप्रति श्रद्धावान,
- न्याय, शान्ति र एकताका अभियन्ता,
- निर्णायक समितिको छनोटमा पर्न सफल ।

# कृष्णबहादुर श्रेष्ठको
# सङ्क्षिप्त जीवनी

कृष्णबहादुर श्रेष्ठ नेपाली समाजमा अपरिचित नाम होइन । समाजसेवाको क्षेत्रमा यिनको भूमिकालाई विशेष रूचीका साथ लिने गरिन्छ । एक सामान्य नेवार परिवारबाट समाजसेवाको क्षेत्रमा आएका श्रेष्ठ आफ्नो उद्देश्यबाट विचलित नहुने हो भने भविष्यमा एक राष्ट्रिय आवश्यकताको व्यक्तित्वका रूपमा स्थापित हुनेछन् । नेपालमा समाजसेवाको क्षेत्रमा काम गर्ने मानिसहरू व्यक्तिगत स्वार्थबाट परिचालित हुन्छन् र उनीहरू समाजको नाममा डलर आर्जन गर्छन् भन्ने आमदृष्टिकोण रहेको छ । विभिन्न संघ-संस्थाको गतिविधि र क्रियाकलापलाई हेर्दा यो दृष्टिकोण सत्य प्रमाणित हुन आउँछ । तर, कृष्णबहादुरको योगदानलाई हेर्दा यस्ताखाले दृष्टिकोणलाई गलत सावित गरिदिएको छ । कृष्णबहादुर त्यस्ता व्यक्तित्व हुन् जसले समाजसेवाको क्षेत्रमा निःस्वार्थ रूपले समाजसेवाको काम गर्दै आएका छन् ।

धादिङ जिल्लाको सामान्य गाउँ बुढाथुम गाविसमा जन्मेका कृष्णबहादुर धेरैको नजरमा एउटा अनिवार्य समाजसेवकका रूपमा परिचित छन् । यिनले आफ्नो शान्त, सरल र सहयोगी व्यवहारका माध्यमबाट समाजसेवाका हावादारी संरचनालाई यथार्थमा बदलिदिएका छन् । उनी निःसन्देह नेपाली समाजका एक उदाहरणीय र महत्वपूर्ण समाज सुधारक पनि हुन् । यिनै समाजसेवक श्रेष्ठको कार्यक्षेत्र योगदान र जीवनका बारेमा संक्षिप्त जानकारी गराउने प्रयास यस स्तम्भमा गरिएको छ ।

रत्नज्योति आफ्नो पुर्ख्यौली थलो ललितपुर छोडेर भक्तपुरको मध्यपुर ठिमीमा बसोबास गर्न थालेका थिए । तिनताका आयआर्जनको मुख्य स्रोत खेतीकिसानी थियो तर उनको कृषि पेसाप्रति खासै रूची थिएन । त्यसैले उनी व्यापार व्यवसायको क्षेत्रमा संलग्न रहेका थिए । उनी खाद्यान्न र लत्ताकपडाको व्यापार गर्दथे । व्यापारको सिलसिलामा उनी धादिङको बुढाथुममा बस्न पुगे ।



किशोरावस्थामा सहकर्मी मित्रहरूका साथ बायाँबाट कृष्णबहादुर श्रेष्ठ (दोस्रो) ।

रत्नज्योतिका सन्तानहरूमध्ये रत्नबहादुर जेठो छोरा थिए । रत्नबहादुर आफ्ना पितासँगै व्यापार गर्ने गर्दथे । रत्नबहादुरका तीनवटी श्रीमती थिए । उनका तीनवटी श्रीमतीमध्ये लक्ष्मीकुमारी कान्छी श्रीमती थिइन् । पहिलेका दुईवटी श्रीमतीबाट सन्तान प्राप्त गर्न नसकेका रत्नबहादुरले लक्ष्मीकुमारीसँग तेस्रो विवाह गरेका थिए । लक्ष्मीकुमारीबाट पनि समयमा सन्तान प्राप्त गर्न नसकेर उनी अत्यन्त चिन्तित बन्न पुगे । तिनताका पहाडी वस्तीहरूमा अस्पतालको व्यवस्था थिएन । प्रायजसो सबै मानिसहरू देवीदेवता र धामीझाक्रीहरूको भर पर्दथे । रत्नबहादुर पनि प्रत्येक दिन सन्तानको चाहना बोकेर देवीदेवताको मन्दिर र तान्त्रिकहरूको शरणमा पुग्ने गर्दथे । उनले तान्त्रिकहरूको सल्लाहअनुरूप सन्तानको लागि दर्जनौं बोका तथा कुखुराको बलि दिइसकेका थिए । कुनै पनि तरिकाबाट सन्तान प्राप्त गर्न नसकेका रत्नबहादुर एक आफन्तको सल्लाहअनुसार अन्तिम विकल्पका रूपमा गोरखास्थित मनकामनाको देवीथानमा सन्तानका लागि बोका भाकल गर्न पुगे ।

मनकामनालाई मान्छेको मनको इच्छा पूरा गराउने देवीको रूपमा लिने आमप्रचलन रहँदै आएको छ । मनकामनामा भाकल गरेपछि आफ्नो सन्तान प्राप्तिको मनोकामना पूरा हुने कुरामा रत्नबहादुर पनि दृढ रूपले विश्वस्त थिए । नभन्दै लामो समयको मानसिक तनावपछि उनको इच्छा पूरा भएरै छोड्यो । वि.सं. १९९७ साल वैशाख १६ गते रत्नबहादुरकी कान्छी श्रीमती लक्ष्मीकुमारीले आफ्नो कोखबाट एक छोराको जन्म दिइन् ।

तीव्र चाहनाका बीच लामो समयपछि प्रथम सन्तानको रूपमा छोरा नै जन्मिन आएकाले रत्नबहादुरको परिवारमा खुसीको उत्सव नै चल्यो । साथै उनलाई छोराको नामाकरण गर्ने विषयले पनि पिरोल्न थाल्यो । उनको दिमागमा धेरै प्रकारका नामहरू नआएका होइनन्, तर उनलाइ कुनै पनि नाम सान्दर्भिक लागेन । अन्त्यमा उनले मनकामना देवीको सदिच्छाबाट आफूलाई सन्तान प्राप्त हुन आएको हुँदा त्यसैअनुरूप छोराको नाम ईश्वरसँग जोडेर कृष्ण राखिदिए ।

रत्नबहादुरको तीनवटी पत्नीमध्ये कान्छी पत्नीबाट कृष्णबहादुरको जन्म पहिलो सन्तानका रूपमा हुन आएकाले उनी सबै परिवारका खुसीका पात्र थिए । माता-पिता र फुपूहरूको अपार माया र स्नेहले उनको पूर्वबाल्यकाल सुखद रूपले सम्पन्न भएको थियो । कृष्णबहादुर दुई वर्षमात्र पुगेका थिए । उनको स्वास्थ्यमा अचानक समस्या उत्पन्न भयो । उनी अशक्त र कमजोर बन्न पुगे । उनी खान बोल्न मात्र होइन चलमलाउन समेत नसक्ने भए । छोराको यो दयनीय अवस्था देखेर रत्नबहादुर अत्यन्त चिन्तित हुन थाले । कृष्णबहादुर झन्झन् गल्दै र सुक्दै आए । उनको शरीरमा हाड र छाला मात्रै बाँकी थियो । उनी बाँच्छन् भन्ने आश सबैले मारिसकेका थिए । रत्नबहादुर पागलसरी यताउती भौंतारिन थाले । उनलाई बचाउन सक्ने अन्य उपाय रत्नबहादुरसंग थिएन । घरपरिवार र गाउँलेको सल्लाहअनुसार छोराको जीवनको रक्षा गर्न रत्नबहादुर उही मनकामना मन्दिरमा कालोबोका भाकल गर्न पुगे । मन्दिरमा भाकल गरेर आएको केही दिनपछि कृष्णबहादुरको अवस्था क्रमशः सुध्रँदै आयो । उनी विस्तारै पहिलाको अवस्थामा फर्कन सफल भए ।

रत्नबहादुर व्यापारी रहेकाले उनको आर्थिक अवस्था राम्रै थियो । खान, लाउन र आवश्यक पर्दा खर्च गर्न उनलाई समस्या थिएन । उनले आफूले सक्दो गाउँलेलाई परेको खण्डमा आवश्यक सरसहयोग पनि गर्दै आएका थिए । जसले गर्दा पनि उनको प्रायः सबै गाउँलेसँग राम्रो सम्बन्ध थियो । रत्नबहादुरको जीवन परिवारसंग सुखका साथ सम्पन्न हुँदै थियो ।

रत्नबहादुर एकदिन गाउँ घुम्न गएका थिए । सबै गाउँलेसंग राम्रो सम्बन्ध हुँदाहुँदै पनि केही मानिसहरूले उनको प्रगति देख्न सकिरहेका थिएनन् । उनी गाउँ घुम्न जाँदा तिनै व्यक्तिहरूको आक्रमणको सिकार बन्न पुगे । उनी गाउँमा व्यापार गरेर बस्न सक्ने अवस्था रहेन । गाउँ छाड्नुपर्ने अवस्था आयो । अन्ततः बुढाथुमको घरखेत एक गरिव ब्राह्मणलाई दान दिई रत्नबहादुर सपरिवार काठमाडौंको नयाँबजार आई बस्न थाले । कृष्णबहादुर आफ्नो पिताको विगतलाई यसरी सम्झन्छन् :

**'उहाँ मेरो पिता व्यापारी हुनुहुन्थ्यो । व्यापारको सिलसिलामा गाउँका कतिपय मानिसलाई उधारो सामान दिने गर्नुभएको थियो । कतिपय मानिसहरू आफूले लगेको उधारो तिर्न पसलमै आउँथे, तर केही मानिसहरूले वर्षौंदेखि उधारो लगेको पैसा तिर्न आएका थिएनन् । त्यही उधारो उठाउनका लागि उहाँ गाउँ जानुभएको थियो । त्यसैबेला**

आफूले खाएको उधारो बुझाउनुको सट्टा केही फटाहाहरूले मिलेर मेरो बुबालाई गलत आरोप लगाउँदै गाउँ छाड्न बाध्य गराएका थिए । उहाँले आफूमाथि भएको अपमानको पीडा सहन नसकेर तत्काले गाउँ छाड्ने निर्णय गरी काठमाडौं आउनुभएको थियो ।'

कृष्णबहादुर यतिबेला चार वर्ष पुगेका थिए । काठमाडौं आएपछि पनि उनले परिवारका सदस्यबाट पाउनुपर्ने मायामा कमी आएको थिएन । यिनी बाल्यकालदेखि नै सरल, शान्त र आध्यात्मिक स्वभाव भएका बालकका रूपमा परिचित थिए । यिनी सदैव खराब चरित्रका साथीहरूबाट टाढा रहने गर्दथे । यदाकदा उनी विष्णुमती खोलामा पौडी खेल्न जाने गर्दथे । पौडी खेल्दा एकदिन खोलाले बगाएर केही मिटर तल पुगी बाँच्न सफल भएकाले उनी त्यस दिनदेखि खोलामा जान छाडेका थिए । परिवारको आदेश पालना गर्नु र सकारात्मक काम गर्न पहल गर्नु उनको बाल्यकालदेखिकै बानी थियो । जुन अद्यापि उनमा पाउन सकिन्छ । उनी आफ्नो बाल्यकालको घटनालाई यसरी व्यक्त गर्दछन् :

'काठमाडौं मेरा लागि बिल्कुलै नौलो थियो । गाउँबाट आएको केही समयपछि नै मेरा केही साथीहरूसँग परिचय भएको थियो । म उनीहरूसँग खेल्ने र घुम्ने गर्दथें । उनीहरूमध्येका केही केटाहरू खराब आचरणका थिए । उनीहरूले मलाई चुरोट खान बारम्बार भन्ने गर्दथे । चुरोट खानु ठीक होइन भन्ने परिवारबाट थाहा पाएको हुँदा मैले कहिल्यै चुरोट खाइनँ । बरू उनीहरूलाई पनि चुरोट खानु राम्रो होइन भनेर सल्लाह दिने गर्थें ।'

कृष्णबहादुरको औपचारिक शिक्षाको शुरूआत पाँच वर्षको उमेरमा हालको शान्ति विद्या गृह मावि लैनचौरबाट भएको थियो । यस स्कुलका शिक्षक योगनाथ प्याकुरेल यिनका प्रिय शिक्षक थिए । उनको व्यक्तित्वबाट कृष्णबहादुर साह्रै प्रभावित भएका थिए । उनी उक्त शिक्षकका बारेमा भन्छन् :

'उहाँ मेरो शिक्षक योगनाथ प्याकुरेल साह्रै कडा हुनुहुन्थ्यो । उहाँको जुँगा के.आई. सिंहको जस्तो थियो । जसको अनुहार देख्नेबित्तिकै सबै डराएर थर्कमान हुन्थे । तर उहाँ देख्दा डरलाग्दो भए पनि साह्रै दयालु इमान्दार, कर्तव्यनिष्ठ र संहयोगी हुनुहुन्थ्यो । उहाँ प्रस्टसँग बुझ्ने गरी पढाउनुहुन्थ्यो । सबैभन्दा ठूलो धर्म भनेकै मानवसेवा हो भनेर उहाँ भन्ने गर्नुहुन्थ्यो ।'

कृष्णबहादुरका बुबा रत्नबहादुर संगीत र नाटक भनेपछि हुरुक्कै हुन्थे । काठमाडौंको नयाँ बजारमा आएर बस्न थालेपछि उनले व्यापारको काम छोडेका थिए । उनी नाटक बनाउने र टोलटोलमा गएर देखाउने काममा सक्रिय हुन थालेका थिए । नाटक बनाउँदा र प्रदर्शन गर्ने कार्यमा धेरै पैसा खर्च हुन्थ्यो । उनी ती सबै कार्यमा आफैं पैसा लगाउने गर्दथे । नाटकका अतिरिक्त उनले समाजसेवा र अन्य सामाजिक कार्यमा पनि धेरै पैसा खर्च गर्न थाले । जसले गर्दा उनको सञ्चित सम्पत्ति रित्तिँदै आयो । त्यसको प्रत्यक्ष असर कृष्णबहादुरमा पर्‍यो । भएको सम्पत्ति सक्दै आएकाले



श्रीमती शान्ताका साथमा कृष्णबहादुर श्रेष्ठ ।

रत्नबहादुरले छोरालाई न्यूनतम शुल्क खर्च गरेर पनि पढाउन सकेनन् । कृष्णबहादुरले शान्ति विद्या गृहमा चार कक्षासम्म मात्र पढ्न पाए । पाँच कक्षामा उनी नन्दीरात्रिमा भर्ना भए । यस स्कुलमा उनले कक्षा सातसम्म पढे । यसपछि उनी विकास भवनमा भर्ना भए । यस स्कुलमा पनि जमेर पढ्न पाएनन् र अन्तमा दरबार हाइस्कुलमा भर्ना भए । यसै स्कुलबाट उनले एस.एल.सी.सम्मको अध्ययन पूरा गरे । पढेर ठूलो मान्छे बन्ने उनको इच्छा मनबाट हराएको थिएन । उनी वकिल बन्न चाहन्थे । तर परिस्थितिले उनलाई साथ दिएन । निजामतिमा एघार पास भएमा न्यायाधीशसम्मको पदमा बहाल रहेर जागिर खान पाउने तत्कालीन व्यवस्था थियो । उनले एक गुरूको सल्लाहअनुसार निजामति शिक्षा परिषद्बाट एघारका लागि जाँच दिए र दोस्रो श्रेणीमा पास पनि गरे । तर यहाँभन्दा अगाडि बढेर उनले पढ्न सकेनन् ।उनी आफ्नो विगत यसरी सम्झन्छन् :

'मेरो हजुरबुबा धनी भएकाले बुवा (रत्नबहादुर) केही कामै नगरी आरामसाथ घुम्ने र वर्षको ४-५ पटक टोलटोलको डबलीमा देखाइने नाटकहरू बनाइ पैसा खर्च गर्ने कार्यमा लाग्नुभएको थियो । नाटक खेल्नु खेलाउनु, शिकार खेल्नु, जुवातास खेल्नु त उहाँको लागि साधारण कुरा थियो । उहाँ आफैँले एउटा नाटक कम्पनी पनि खोल्नुभएको थियो । नाटक कम्पनीको मालिक भनेर चिनिए पनि उहाँले पैसा सकाउनुबाहेक अन्य उपलब्धी गर्नुभएको थिएन । यसैबेला उहाँले पकनाजोलको घर तथा नयाँबजारको घर र खेत दुवै वन्दकी पनि

राख्नुभयो । मेरो घरको आर्थिक अवस्था अत्यन्त दयनीय बन्न पुग्यो । बुबाको कमाई थिएन । बुबाको कमाई नभएकाले स्कुलमा फिस तिर्न सक्नु भएन, शान्ति विद्या गृहमा फिस तिर्न नसकेकाले बुबाले मलाई यस स्कुलबाट निकाली निःशुल्क पढाउने स्कुल 'दरबार हाइस्कुलमा भर्ना गरिदिनुभयो । मलाई यो स्कुलमा पटक्कै पढ्न मन लागेको थिएन । यो स्कुल पनि छोडेर म नन्दिरात्रिमा गएँ, तर यहाँ पनि राम्रोसँग पढ्न मन लागेन । यसरी स्कुलहरू चहारेर भौतारिंदै गर्दा एकजना गुरूको सल्लाहअनुसार निजामति मध्यमा शिक्षा परिषद्बाट आईएको लागि परीक्षा दिए । परीक्षामा दोस्रो श्रेणीमा उत्तीर्ण पनि भए । म, बी.ए.सम्म पढ्न चाहन्थें, तर मलाई पढाउन सक्ने हैसियत बुबाको थिएन । यसैले पढ्ने रहर मारेर जागिरको खोजीमा लागें ।'



रेयुकाइको एक कार्यक्रममा सहकर्मीहरूका साथ दायाँबाट कृष्णबहादुर श्रेष्ठ (पहिलो) ।

कृष्णबहादुर श्रेष्ठको जागिरे जीवनको शुरूवात सर्वप्रथम १५/१६ वर्षको उमेरदेखि प्रारम्भ भएको थियो । खानेपानी संस्थानबाट उनले आफ्नो जागिरे जीवनको औपचारिक शुरूवात गरेका थिए । उनले त्यहाँ केही समय अस्थायी रूपमा काम गरे । अस्थायी जागिर भएकाले खानेपानी संस्थान छोडी उनी होटल सोल्टीमा काम गर्न गए । होटल सोल्टीमा पनि उनको अस्थायी नोकरी थियो । त्यहाँ पनि उनी धेरै समय रहन सकेनन् । फेरि उनी खानी तथा भूगर्भ विभागमा जागिरे भए र त्यहाँ १ वर्ष श्रम गरे । यसपछि उनले तत्कालीन श्री ५ को सरकार टक्सार विभागमा बहिदार भएर करिब १० वर्ष काम गरे । नोकरीकै सिलसिलामा उनले झण्डै दुईवर्ष मनाङ जिल्लाको चामे सदरमुकाममा आफ्नो समय बिताए । यसपछि उनले जागिरे जीवनलाई निरन्तरता

दिन सकेनन् । जागिरे जीवनबाट उनी सन्तुष्ट पनि थिएनन् । हाकिमहरूको गुलामी गर्नुपर्ने र जनताका काम समयमा नगर्ने कर्मचारीको गलत प्रवृत्तिप्रति उनी आजित थिए । आफ्नो विवेक प्रयोग गर्न नपाइने क्षेत्रमा रहेर उनी काम गर्न चाहँदैनथे । उनले जागिरका लागि आफ्नो स्वाभीमान कुल्चन चाहेनन् र झण्डै १५ वर्षको जागिरे जीवन परित्याग गरी पूर्खाकै बाटो पछ्याउन उनी व्यापार व्यवसायको क्षेत्रमा लागे । व्यापारको साथसाथै उनी समाजसेवाको क्षेत्रमा पनि अग्रसर हुन थाले । जागिरे जीवनका सन्दर्भमा उनको अनुभव यस्तो छ :

'मेरो जागिरे जीवनको १२/१५ वर्ष अत्यन्त पीडादायी अवस्थाका बीच सम्पन्न भयो । गलत कुरालाई पनि हाकिमहरूको आदेश ठानेर मान्नुपर्ने र आफ्नो अस्तित्व नै कुल्चनुपर्ने सबैभन्दा दुःखलाग्दो विषय थियो । हामी दैनिक १२ घण्टासम्म काम गर्थ्यौं । चिया, खाजा खान पाइन्नथ्यो । हाकिमहरूले उनीहरूको घरमा काम गर्न राखेको नोकरजस्तै व्यवहार गर्दथे । समयमा तलब पाइन्नथ्यो । तलब पाएको दिन केही प्रतिशत हाकिमहरूलाई पनि दिनुपर्दथ्यो । हाकिमहरू प्रायः सधैं बाहिर हुन्थे । कार्यालयमा बसेको दिन उनीहरू मोजमस्तीमै व्यस्त रहने गर्दथे । कर्मचारी प्रशासन अत्यन्त निकम्मा थियो । जनताको काम समयमा कहिल्यै हुने थिएन । सानो एउटा कामको लागि पनि पटकपटक धाउनुपर्ने अवस्था थियो । आफ्नो मनमा लागेको कुरा व्यक्त गर्न त परै जाओस् हाकिमको मुखमा हेरेर बोल्नसक्ने अवस्थासम्म थिएन । सामान्य गल्ती कमजोरीमा पनि धेरै गाली खानुपर्थ्यो । मानिसको जस्तो व्यवहार कहिल्यै हुँदैनथ्यो । यस्तो दुःख र यातना सहेर काम गर्दा पनि



छोरा पवनकुमारको जन्मोत्सवको अवसरमा बायाँबाट कृष्णबहादुर श्रेष्ठ (दोस्रो) ।




रक्तदाताहरूका साथ दायाँबाट कृष्णबहादुर श्रेष्ठ (तेस्रो) ।

आफ्नो समस्याबाट छुटकारा पाउन सक्ने अवस्था थिएन ।'

जागिरे जीवनमा सफलता प्राप्त गर्न नसकेका कृष्णबहादुरले व्यापारको क्षेत्रमा भने राम्रै प्रगति गरे । व्यापारकै माध्यमबाट आफ्ना पिताले बन्दकी राखेको घरजग्गा निखन्न सफल भए । बाल्यकालदेखि नै सामूहिक भावना भएका श्रेष्ठले व्यापारको साथै सार्वजनिक कार्यमा पनि हात हाले । त्यसो त उनी १२-१४ वर्षको उमेरदेखि नै सामाजिक कार्यमा संलग्न रहँदै आएका थिए । उनले सर्वप्रथम आफ्नै सक्रियतामा केही साथीहरूलाई लिएर काठमाडौंको नयाँबजारमा वि.सं. २०११ सालमा जनवाचनालय नामक पुस्तकालयको स्थापना गराएका थिए । यसै वर्ष उनले आफू पनि संस्थापक भएर बन्धु पन्त, बच्चुराम श्रेष्ठ तथा भरतमान श्रेष्ठलगायतका अन्य व्यक्तिहरूको संलग्नतामा काठमाडौंको ठमेलमा हालको सिद्धिगणेश माविको स्थापना गर्न सफल भए । शैक्षिक क्षेत्रको विकासबाट संगठित रूपले सार्वजनिक जीवनमा प्रवेश गरेका श्रेष्ठले वि.सं. २०२५ सालसम्ममा एउटा समाजसेवी युवकका रूपमा परिचय बनाइसकेका थिए । यसपछि उनले समाजसेवाको क्षेत्रमा सक्रिय रूपले हात हाले । शिक्षा, धर्म, संस्कृति, निर्माण, स्वास्थ्यका अतिरिक्त गरिव, असहाय, अपांग, वृद्ध, महिला र बालबालिका यिनको समाजसेवाको लक्षित क्षेत्र रहेको थियो । यिनले आफूसंग प्राप्त

स्रोतसाधन लगाएर वा सम्भव भए अरूबाट जुटाएर पनि पिछडिएर रहेका समूहको वृत्तिविकास गराउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आए र अद्यापि गरिरहेका छन् ।

कृष्णबहादुर जवान भइसकेका थिए । रत्नबहादुर यथाशक्य छिटो छोराको विवाह गराउने तयारीमा थिए । युवाअवस्थामै समाजसेवकका रूपमा नाम कमाएकोले उनलाई छोरी दिन आउनेहरूको कमी थिएन । कृष्णबहादुर तत्कालै विवाह गर्न मानिरहेका थिएनन् । उनी विवाहअगाडि नै थप उपलब्धी हासिल गर्न चाहन्थे । तर पिताको अगाडि उनको केही उपाय लागेन । उनी विवाह गर्न राजी भए । कृष्णबहादुरको विवाह वि.सं. २०२५ साल फागुन १९ गते काठमाडौं त्यौड निवासी सुन्दरगोपाल श्रेष्ठको कान्छी छोरी शान्ता श्रेष्ठका साथ सम्पन्न भयो । शान्ता नामअनुसारकै स्वभावकी थिइन् । शान्ताको शान्त, सरल र सुरूचिपूर्ण व्यवहारले कृष्णबहादुरको जीवनमा नयाँ आयाम थप्यो । उनका हरेक गतिविधिमा शान्ताको विशिष्ट सहयोग रह्यो । कृष्णबहादुर सम्झन्छन् :


फ्रान्सको इफिल टावरमा श्रीमती र बुहारीका साथ कृष्णबहादुर श्रेष्ठ ।

'मेरो श्रीमतीको परिवारका सबै सदस्यसँग राम्रो सम्बन्ध थियो । उनको कारणबाट मैले कुनै पनि दिन दुःखको अनुभूति गर्नुपरेन मेरा हरेक काममा उनको पूर्णसहयोग रहन्थ्यो । मैले अघि सरेर गर्न लागेको काममा उनी कहिल्यै अवरोध बनेर अगाडि आइनन् । मलाई आजको स्थानसम्म पुऱ्याउन उनको ठूलो सहयोग रहेको छ ।'

कृष्णबहादुर एकल जीवनबाट पारिवारिक जीवनमा परिणत भए । बाल्यकालदेखि नै संवेदनशील स्वभावका उनलाई विवाहले थप संवेदनशील बनायो । दिनहरू बित्दै

आए, उनी छोराको बाबु बने । शान्ताले विवाहको दुई वर्षपछि आफ्नो कोखबाट प्रथम सन्तानको रूपमा सुमनकुमार श्रेष्ठ र अर्को दुई वर्षपछि दोस्रो सन्तानको रूपमा पवनकुमारलाई जन्म दिइन् ।

कुनै पनि मानिसको जीवनलाई कुनै न कुनै रूपले प्रभाव पारेको हुन्छ । कृष्णबहादुरका त्यस्ता केही घटनाहरू छन् जसले समाजसेवामा लाग्न सहयोग गरेको छ । शान्ति विद्यागृह मा.वि.मा पढ्दा शिक्षक योगनाथ प्याकुरेलबाट उनी निकै प्रभावित भएका थिए । उनी आफ्ना विद्यार्थीहरूलाई पढाउने क्रममा भन्ने गर्दथे:

**'मानिस ईश्वरको सर्वश्रेष्ठ प्राणी हो । मानिसले हरेक समय सकारात्मक कर्म गर्न पहल गर्नुपर्छ । एकले अर्कोलाई परेको बेलामा मद्दत गर्नु नै असली सेवा हो र धर्म पनि । मानिसको कर्तव्य पनि यही हो ।'**

उनका उपरोक्त वाणीका कारण पनि कृष्णबहादुर समाजसेवामा सक्रिय भएर लागेको हो भन्न पछि पर्दैनन् । कृष्णबहादुर जतिबेला बुझ्ने भए, त्यसैबेलादेखि उनी दु:खमा थिए । बाजेको सम्पत्ति पिताले सकेको र पैसाकै कारण आफूले एउटै स्कुलमा पढ्न नपाएको पीडा उनमा बाल्यकालदेखि नै थियो । उनी त्यसबेला कैयन् दिन भोकभोकै सुत्न र भोकै स्कुल जान बाध्य भएका थिए । उनी त्यो दु:खको क्षण यसरी सम्झन्छन् :




रेयुकाईको एक कार्यक्रममा मन्तव्य दिंदै कृष्णबहादुर श्रेष्ठ ।

'बुबाले काम गर्न छोड्नुभएको धेरै भएको थियो । भएको बाजेको सम्पत्ति पनि उहाँले विभिन्न काममा लगाएर सक्नुभएको थियो । घरमा खानेकुरा केही पनि हुन्नथ्यो । भइहाल्यो भने पनि थोरैथोरै गरेर खानुपर्थ्यो । म कति दिन भोकै स्कुल जाने गर्दथें । साथीहरूले स्कुलमा खाजा खाएको देख्दा मेरो मुख रसाएर आउँथ्यो । म एक्लै भएको बेला रुने पनि गर्थें । मलाई त्यो बेलाको सम्झनाले गर्दा पनि अहिले अरूको दुःख देख्यो कि आफ्नै जस्तो लाग्छ ।'

बाल्यकालमा आफूले भोगेको दुःखदायी अवस्था, गुरूहरूको सकारात्मक दीक्षा र आमाबुबाको सकारात्मक प्रेरणाकै कारण कृष्णबहादुर समाजसेवाको क्षेत्रमा अग्रसर भएका हुन् । उनले ११ वर्षकै उमेरमा एक स्वामीजीमार्फत् 'ओम् नम शिवाय' को मन्त्र सिकेका थिए । उनका पिता पनि शिवका अनन्य भक्त थिए । पिता शिवका भक्त भएकाले पनि उनमा शिवको प्रभाव पर्नु स्वभाविक थियो । उनी बाल्यकालदेखि नै देवालयहरू जाने र पूजापाठ गर्ने गर्दथे । उनी प्रत्येक दिन मन्दिर जाँदा 'दुःख परेकाहरूको सेवा गर्नु सकुँ' भनेर वर माग्ने गर्दथे ।

भावुक र संवेदनशील स्वभावका कारण कृष्णबहादुर अरूको दुःख देख्दा छिट्टै पग्लने गर्छन् । उनलाई चिन्नेहरूले पनि यसै भन्ने गर्छन् । उनी जहाँजहाँ पुगे ती सबै ठाउँमा कुनै न कुनै रूपले उनले सहयोग गरेरै आएका छन् । अरूको सहयोग गर्न पाउँदा आत्मविभोर हुने विचार व्यक्त गर्ने कृष्णबहादुर समाजप्रति आफ्नो धारणा




कार्यालयको काम सम्पन्न गर्ने सिलसिलामा कृष्णबहादुर श्रेष्ठ ।


यसरी प्रस्तुत गर्दछन् :

'धर्म अनुशासन र समाजसेवा मेरो कर्तव्य हो । समाज नभएको भए म कुनै जंगली हुन्थें हुंला । मैले यही समाजबाट धेरै कुरा सिकेको छु र मसँग आज केही छ भने त्यो समाजबाटै लिएको हुं । त्यसैले म समाजलाई उपेक्षा गरेर बस्न सक्तिनँ । समाजलाई परेको आपत्‌बिपत् समाजको विकास र समाजसेवा मेरो रूचीको विषय हो । म जीवनभर समाजसेवामै लागेर मर्न चाहन्छु ।'

समाजसेवाप्रतिको दिनप्रतिदिनको लगावसँगसँगै कृष्णबहादुर श्रेष्ठ एक युवा समाजसेवीको रूपमा परिचित भइसकेका थिए । समाजसेवामा लागेकाले उनको चर्चा परिचर्चा हुनु स्वभाविक थियो । सामाजिक काम गर्दै हिंड्ने क्रममा उनको सम्पर्क योगी नरहरिनाथसँग हुन पुग्यो । योगीको संगत र मार्गदर्शनमा समाजसेवासम्बन्धी आफ्ना सुझबुझलाई अझ स्पष्ट पार्न उनी सफल भए ।

तिनताका नेपालमा दलविहीन पञ्चायती व्यवस्था थियो । सामाजिक गतिविधि गर्ने संघसंस्थाको संख्या थोरै थियो । जथाभावी समूहको नाममा संस्था सञ्चालन गर्ने सरकारी अनुमति थिएन । कृष्णबहादुर आफ्नै नेतृत्वमा संस्था स्थापना गरेर समाजसेवा गर्न चाहन्थे । तर, पछि आएर उनले यो चाहना त्यागेका थिए । उनी भन्छन् :

'जसरी पनि समाजकै हित हुने काम गर्ने हो, निःस्वार्थ रूपले समाजसेवा गर्नलाई आफ्नै संस्था हुनु जरूरी छैन भन्ने लाग्यो अनि संस्था खोल्ने चाहना छाडिदिएँ ।'



भारतको आगरामा कृष्णबहादुर श्रेष्ठ ।




एक अभिनन्दन कार्यक्रममा आफ्नो मन्तव्य दिंदै कृष्णबहादुर श्रेष्ठ ।

वि.सं. २०११ साल, तिनताका काठमाडौंमै पनि शैक्षिक संस्थाहरू धेरै कम मात्रामा खुलेका थिए । यिनको घर नयाँबजार आसपास कुनै पनि स्कुल थिएन । एउटा सामुदायिक स्कुल स्थापना गर्ने सन्दर्भमा स्थानीय स्तरबाट प्रयास भइरहेको थियो । उक्त प्रस्तावको शुरूवात यिनले नै गरेका थिए । भद्र, शालीन र गम्भीर प्रवृत्तिका भएकाले यिनको कुरा जो कसैले काट्न सक्दैनथे । स्कुल स्थापना गर्ने अठोटका साथ केही मानिसहरूलाई यिनले आफ्नै घर नयाँबजारमा छलफलका लागि बोलाए । छलफल सकारात्मक रूपले स्कुल खोल्ने बिन्दूमा पुगेर टुंगियो । फलस्वरूप यिनको र बच्चुराम श्रेष्ठको प्रमुख सक्रियतामा वि.सं. २०११ सालमा काठमाडौंको सोह्रखुट्टे उकालोमा श्री सिद्धिगणेश प्राथमिक विद्यालय (हालको सिद्धिगणेश उच्च मावि) स्थापना भयो । प्रस्तुत स्कुल स्थापना गर्न सफल भएकोमा यिनी औधी खुसी थिए । उनले स्थानीय जनताबाट शिक्षासेवीको रूपमा सम्मान पनि प्राप्त गरे ।

सामूहिक काममा सफलता प्राप्त गरे पनि तिनताका यिनको व्यक्तिगत, जीवन दुःखदायी थियो सामाजिक कामका लागि स्रोत साधनको अपरिहार्यताप्रति यिनी जानकार थिए । आफ्नो जीवन तहसनहस बनाएर गरेको सामाजिक काम फलदायी हुन्छ भन्ने कुरामा यिनी विश्वस्त थिएनन् । यिनी आफ्ना लागि मात्र नभएर घरपरिवारका लागि पनि नोकरी गर्न बाध्य थिए । केही समय संगठित समाजसेवाको काम यिनले बन्द गरेर जागिर खान थाले ।

कृष्णबहादुर भगवान् शिवका प्रिय भक्त थिए । यिनले ११ वर्षकै उमेरमा एक स्वामीजीमार्फत् 'ओम् नमः शिवाय' को शक्तिशाली मन्त्र सिकेका थिए । धर्मप्रति यिनको अकाट्य आस्था थियो । यिनी प्रत्येक दिन बिहानीको समयमा मन्दिर जाने र पूजापाठ गर्ने गर्दथे । यस कारणले गर्दा पनि धार्मिक संघसंस्थाप्रति यिनको निकट सम्बन्ध रहनु स्वभाविक थियो । यिनले वि.सं. २०२५ सालमा एक मित्रमार्फत् 'सनातन धर्म सेवा समिति' को सदस्यता ग्रहण गरे र यसैवर्ष उक्त समितिको आजीवन सदस्यता लिए । उक्त संस्थाको सदस्यतासँगै केही समय स्थगित गर्न बाध्य भएको समाजसेवाको कामलाई यिनले निरन्तरता दिए । यस संस्थामार्फत् यिनले मानवधर्म र हिन्दू सनातन धर्मका बारेमा सचेतनामूलक कार्यहरूको सञ्चालन गरे । कार्यक्रमकै सिलसिलामा यिनले नोकरीबाट कमाएको केही पैसा खर्च गरी पशुपतिमा आस्रय लिई बसेका असहायहरूलाई एकएक जोर कपडा र खानेकुरा दान गरे ।

वि.सं. २०३० सालमा यिनले धार्मिक संघसंस्थाको सामूहिक मोर्चा 'वृहत् आध्यात्मिक परिषद्' को महासमिति सदस्यता लिए । यस संस्थामार्फत् यिनले आफ्नो धार्मिक परिचय बनाउन पनि सफल भए । उनको नाम समाजसेवीको रूपमा शहरमा चल्न थालिसकेको थियो । उनको स्वभाव र काम गर्ने शैलीबाट धेरै मानिसहरू प्रभावित हुँदै थिए । कैयन् संघसंस्थाहरूले आफ्नो संस्थाको मातहतमा रहेर काम गरिदिन उनलाई आग्रह गर्न थाले । यस्तै आग्रह गर्नेमा नेपाल रेडक्रस सोसाइटी, कालीमाटी शाखाका



शान्ति खलको सम्मान ग्रहण गर्दै कृष्णबहादुर श्रेष्ठ ।

तत्कालीन अध्यक्ष पनि थिए । यसै साल यिनी जागिरको सिलसिलामा मनाङ जानुपर्ने भएकाले त्यतातिर लागे । मनाङमा यिनी एक वर्ष बसे । मनाङ बस्दा पनि यिनले आफ्नो समाजसेवाको कामलाई निरन्तरता दिए । मनाङमै रहँदा यिनले मुक्तिनाथको दर्शन पनि गरे । कृष्णबहादुर मनाङ बस्दा आफूले गरेको सेवाकार्यको वर्णन यसरी गर्दछन्-

'मनाङ जाँदा बाटामा ४/५ हजार मिटर माथिको कहालीलाग्दो भित्तैको भीरमा बासको चोयाले कसेको भन्याङहरू चढेर जानुपर्ने र तल डरलाग्दो मर्स्याङ्दीको ठूलो नदी थियो । त्यो देखेर भारी बोकेर आएको ७/८ वर्षको एउटा केटो डरले भारी बोक्न सक्तिनँ भनेर रोइरहेको थियो । तर, उसका बाबुआमाले जबरजस्ती उसलाई त्यो भारी बोक्न आदेश दिइरहेका थिए । त्यो बालक भारी बोक्न नसकेर धुरूधुरू रोएको देख्दा मलाई साह्रै माया लाग्यो र मैले उसले बोकेको चामलको भारी बोकी भीर चढेर माथि पुग्दा बाटोमा भेटिएका सबै मानिस हाँसेका थिए । धेरै दिनदेखि काठमाडौं गएका छोराहरू नफर्केकाले ६०/७० वर्षकी एउटी बुढी आईमाई ढुंगाको ओढारभित्र बसेर रोइरहेकी थिइन् । उनको दाहिने करङ सबै पाकेर गनाउने भएको थियो । तिनलाई देख्दा दया लागि आफूलाई भनी ल्याएको औषधि दिई सहयोग गरेको थिएँ । यस्तै मनाङबाट थोराङपास हुँदै मुक्तिनाथ जाँदा लेक लागि बिरामी भएकाहरूलाई पनि बचाउन सफल भएको थिएँ ।'

मनाङ कृष्णबहादुरको जागिरे जीवनको अन्तिम गन्तव्य बन्न पुग्यो । मनाङबाट फर्केपछि यिनले जागिर छोडी व्यापार व्यवसायमा हात हाले । मनाङबाट फर्केपछि




नेपाल-जापान मैत्री संघ २५ वर्ष पुगेको अवसरमा आयोजित न्यालीमा कृष्णबहादुर श्रेष्ठ(३)

वि.सं. २०३१ सालमा यिनले 'नेपाल रेडक्रस सोसाइटी, कालीमाटी शाखाको सदस्यता लिए । यस संस्थामार्फत् यिनले रेडक्रसका बारेमा समाजमा जानकारी गराउने र समाजसुधारका कार्यहरू सम्पन्न गरे । यसै साल यिनको दोस्रो सन्तानको रूपमा पवनकुमारको जन्म भयो । चार वर्षपछि वि.सं. २०३६ सालमा यिनीलगायत अन्य केही व्यक्तिहरूको सक्रियतामा श्रीशान्ति खलः सामाजिक सेवा संघ नामक संस्थाको स्थापना भयो र यस संस्थामार्फत् यिनी संस्थापक सदस्यका रूपमा परिचित भए । उक्त संस्थाको माध्यमबाट यिनले मानवीय शान्ति, सामाजिक एकता, संस्कृति र शिक्षाको क्षेत्रमा महत्वपूर्ण कार्य गरे । यसै संस्थाको गतिविधि सञ्चालन गर्ने सन्दर्भमा यिनको सम्पर्क त्रैलोक्यमान श्रेष्ठसंग हुनपुग्यो । त्रैलोक्यनाथ परोपकार संस्थाका महासचिव थिए । उनले भक्तपुरमा परोपकारको शाखा खोल्न चाहिरहेका थिए । तर उनले परोपकारमा आस्था भएका आस्थावान् व्यक्तिहरू भेट्न सकिरहेका थिएनन् । कृष्णबहादुर उनको योजनामा योग्य व्यक्तिका रूपमा देखिए । कृष्णबहादुरकै सक्रियतामा ७ सदस्यीय संस्थापक कमिटी गठन भयो र वि.सं. २०४४ सालमा परोपकार बालग्राम भक्तपुरको स्थापना भयो । उक्त संस्थाबाट आमाबुबा नभएका टुहुरा बालबालिका, अंगभंग भएका, समाजबाट उपेक्षित भएका तथा परिस्थितिवस बेसहारा बन्न पुगेका बालबालिकाको शिक्षा, स्वास्थ्य र खानपिनको व्यवस्था मिलाई राख्ने काम प्रारम्भ भयो । संस्था सञ्चालन गर्न प्रारम्भिक चरणमा आवश्यक पर्ने पूर्वाधार निर्माणका लागि कृष्णबहादुरले आफ्नै निजी खर्च गरे । उनले आफूलगायतको पहलकदमीमा संस्थालाई केही जग्गा निःशुल्क रूपमा उपलब्ध गराउन सफल भए ।

यतिबेलासम्म कृष्णबहादुर समाजमा अनन्य सेवाव्रतका रूपमा स्थापित भइसकेका थिए । उनले गरेको योगदानको चारैतिर प्रशंसा हुन थालेको थियो । केही संस्थाहरूले उनलाई उनको योगदानको कदर गर्दै संस्थागत सम्मानहरू पनि दिन थालेका थिए । कृष्णबहादुरको व्यापार व्यवसाय पनि उत्साहजनक रूपले सम्पन्न हुँदै थियो । उनी दिनप्रतिदिन सफलताको उकालो चढ्दै थिए ।

उनले वि.सं. २०४७ सालमा परोपकार अनाथालयको सदस्यता ग्रहण गरे । यसै साल उनी सामाजिक कार्यको सिलसिलामा भारतको जोधपुर गए । जोधपुरमा उनको सहयोगी मित्र र प्रशंसकहरू थुप्रै थिए । त्यहाँ उनले नेपालमा सामाजिक संघसंस्थाको अवस्था र भारतीय सहयोगका बारेमा थुप्रै किसिमका छलफलहरू चलाए र वि.सं. २०४८ मा सिद्धाश्रम साधक परिवार नामक संस्थाका लागि नेपालका तर्फबाट सदस्यता ग्रहण गरे ।

नेपालमा एकदलीय पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भइसकेको थियो । नयाँ व्यवस्थाको उदयसँगै प्रमुख रूपमा वामपन्थीहरूले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्नुपर्छ भनेर आवाज उठाइरहेका थिए । तर वामपन्थीको प्रस्तुत मागलाई तत्कालीन नेपाली कांग्रेसले मानेको थिएन र ऊ धर्मनिरपेक्ष राष्ट्रको पक्षमा थिएन ।

कृष्णबहादुर उपरोक्त घटनाक्रमहरू अत्यन्त नजिकबाट नियालिरहेका थिए । उनी हिन्दू धर्मका प्रमुख अनुयायी र हिन्दू धर्मावलम्बी थिए । हिन्दू धर्म, धर्म मात्र नभएर नेपाली राष्ट्रियतासँग जोडिएको महत्वपूर्ण आधार हो भन्नेमा कृष्णबहादुर सचेत थिए । हिन्दू धर्मका विरूद्ध हुने कुनै पनि गतिविधि उनका लागि प्रमुख चिन्ताको विषय थियो । हिन्दू धर्म उनका लागि आफ्नो प्राणजस्तै प्यारो थियो । गरिव जनताहरूलाई पैसाको प्रलोभन देखाएर धर्म परिवर्तन गराउने परिपाटीको उनी कट्टर आलोचक थिए । उनी हिन्दूधर्मावलम्बीहरूको संगठित एकता चाहन्थे । संगठित भएमा मात्र कुनै पनि आक्रमणका विरूद्ध प्रत्याक्रमणमा जान सकिन्छ भन्ने उनको विश्वास थियो । यसैले उनी वि.सं. २०४१ सालमा विश्व हिन्दू महासंघ राष्ट्रिय समिति नेपालको आजीवन सदस्य बन्न पुगे । यसै समयमा उनले 'गीता अध्ययन मण्डल' नामक धार्मिक संस्थाको आजीवन सदस्यता पनि लिए ।

कृष्णबहादुर दिनप्रतिदिन अत्यन्त व्यस्त हुँदै आए । उनका लागि समय अपुग हुन थाल्यो । उनले समाजसेवा र व्यवसाय एकैसाथ अगाडि बढाउन सकेनन् । समाजसेवा कि व्यापार दुईमध्ये उनले एक रोज्नुपर्ने भयो । उनका दुवै छोराहरू जवान भइसकेका थिए । जेठा सुमनकुमार एम.कम गरेर व्यवसायमा लागेका थिए भने कान्छा पवनकुमार जर्मनीमा नोकरी गर्न थालेका थिए । दुवै छोराहरू सक्षम भएर आ-आफ्नो क्षेत्रमा लागिसकेकाले कृष्णबहादुर गौरवान्वित थिए । उनले व्यापारको काम




ओमकार श्रेष्ठबाट पुरस्कार ग्रहण गर्दै कृष्णबहादुर श्रेष्ठ ।

छोडेर समाजसेवालाई निरन्तता दिने निर्णय गरे । उनको यस निर्णयलाई परिवारका सबै सदस्यले हार्दिकतापूर्वक सहमति जनाए ।

कृष्णबहादुर वि.सं. २०५० सालमा 'नेपाल जापान मैत्री तथा सांस्कृतिक संघ' को केन्द्रीय सदस्य बने । यसै समयमा उनले जापान, जर्मन, थाइल्यान्ड, बंगलादेश, भारत तथा युरोपका दर्जनौं देशहरूको भ्रमण गरे । भ्रमणको क्रममा नेपाल र नेपाली जनताका समसामयिक अवस्थाका बारेमा उनले जानकारी गराए ।

विदेशबाट स्वदेश फर्कनेबित्तिकै उनी 'अन्तर्राष्ट्रिय रेयुकाई २०औं शाखा' को आजीवन सदस्य बन्न पुगे । रेयुकाईको सदस्यता ग्रहण गरेपश्चात् यिनमा समाजसेवाप्रतिको लगाव झनै बढेर आयो । रेयुकाईबाट यिनले समाज र मानव कर्तव्यको बारेमा धेरै कुराहरू सिक्ने अवसर प्राप्त गरे । यसै वर्ष यिनले 'आनन्द आश्रम नेपाल' नामक संस्थाको पनि आजीवन सदस्यता लिए । समाजप्रति अनन्य भक्तिभाव भएका कृष्णबहादुर एकपछि अर्को गर्दै विभिन्न संघसंस्थाको सम्पर्कमा पुग्ने क्रम बढ्दै थियो । उनको आवश्यकता धेरै संघसंस्थाको लागि अपरिहार्य बन्दै आयो ।

२९ वर्ष सक्रिय शासनको नेतृत्व गरेका तत्कालीन राजा वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि संवैधानिक राजाको रूपमा रहेका थिए । महान् जनआन्दोलनबाट स्थापना भएको बहुदलीय राजनीतिक व्यवस्थाप्रति जनताको अनगिन्ती अपेक्षा र चाहना थियो । तर विडम्बना नयाँ व्यवस्था स्थापनाको प्रारम्भिक चरणदेखि नै जनताले राखेका चाहना र आशाहरू निराशामा परिणत हुन थालिसकेको थियो । अन्याय, अत्याचार, भ्रष्टाचार, महंगी, अभाव र बेरोजगारजस्ता समस्याले जनता आत्रान्त थिए । जसलाई आधार बनाएर विं.सं. २०५२ साल फागुन १ गतेबाट तत्कालीन नेकपा (माओवादी) ले तत्कालीन व्यवस्थाको विरूद्ध जनवादी व्यवस्था स्थापनाको लागि भनेर जनयुद्ध शुरू गऱ्यो । जनयुद्धको शुरूवातसँगै मुलुक हत्या, हिंसा, र आतंकले संगीन गृहयुद्धको चपेटामा फस्यो ।

मुलुकले गति लिन सकेन । चारैतिर हाहाकार र सन्नाटा देखियो । यो अवस्थाको फाइदा उठाइ तत्कालीन राजावादीहरूले 'राजा आऊ देश बचाऊ' भन्ने नारा घन्काउन थाले । उनीहरूको चाहना राजालाई पुनः सक्रिय राजनीतिमा ल्याउनु थियो । यस्तै एउटा चाहना बोकेका समूहले वि.सं. २०५६ सालमा 'राष्ट्रवादी मिलन केन्द्र' नामक राजावादी संगठनको स्थापना गरेको थियो । यसको नेतृत्व पूर्वपञ्च झनकप्रसाद ढुंगाना नाम गरेका व्यक्तिले गरेका थिए ।

कृष्णप्रसादको सम्पर्क तिनै ढुंगानासँग हुन पुग्यो । कृष्णबहादुर राजसंस्थाप्रति आस्था राख्ने राजावादी स्वभावका थिए । तर, पनि उनी राजनीतिक चरित्र भएका व्यक्तिका रूपमा परिचित थिएनन् । उनको राजनीतिप्रति मोह पनि थिएन । आखिर जेजस्तो अवस्थामा भए पनि उनी राजनीतिमा तानिए । वि.सं. २०५७ सालमा उनी राष्ट्रवादी मिलन केन्द्रको केन्द्रीय सदस्यको रूपमा काम गर्न पुगे ।

राष्ट्रवादी मिलन केन्द्रप्रतिको संलग्नता उनका लागि हितकर थिएन । यो तथ्यलाई समयमा बुझ्न नसक्नु उनको कमजोरी थियो । यसै संस्थामा संलग्नताको कारण देखाएर उनका केही प्रशंसकहरू उनीप्रति रूष्ठ हुन पुगे । समाजसेवाबाट कमाएको अथाह इज्जत गुम्ने खतरा बढेर आयो । बजारमा उनका बारेमा नकारात्मक हल्ला चल्न थाल्यो । आफ्ना बारेमा नराम्रा कुरा चल्न थालेकोप्रति कृष्णबहादुर जानकार भइसकेका थिए । मिलन केन्द्रबाट राजीनामा दिनुको विकल्प उनीसँग थिएन । फलस्वरूप वि.सं. २०५८ सालमा उनले मिलन केन्द्रबाट राजीनामा दिए ।

कृष्णबहादुर वि.सं. २०५७ सालमै 'लायन्स क्लब अफ बाघभैरव (३२५) 'ए' काठमाडौं) को उपसभापति बन्न पुगे । यसै वर्ष उनी युनाइटेड उल्वा फ्रि क्लिनिक' को सदस्य, 'सामुदायिक स्वास्थ्य सेवा परिषद्' को आजीवन सदस्य र धर्मगुरू योगी नरहरिनाथ ट्रस्टको उपाध्यक्ष भएर काम गर्न पुगे । यिनले यी संस्थाहरूको मार्फत् बढीभन्दा बढी स्थानमा निःशुल्क स्वास्थ्य शिविरहरूको सञ्चालन, पूर्वाधार निर्माण तथा शिक्षाको क्षेत्रमा महत्वपूर्ण कार्यहरू सम्पन्न गरे ।

कृष्णबहादुर भगवान् गौतम बुद्धप्रति अत्यन्त श्रद्धाभाव राख्ने व्यक्तिका रूपमा पनि परिचित थिए । यिनले असंगठित रूपमा बुद्धका सकारात्मक कार्यहरूका बारेमा सन्देशहरू प्रवाह गर्दै आएका थिए । तर यिनी बुद्धसँग सम्बन्धित संघसंस्थाहरूमा संलग्न थिएनन् । यिनले वि.सं. २०५९ सालमा बुद्धसँग सम्बन्धित संस्था 'बुद्ध लाइट इन्टरनेसनल एसोसिएसन अफ नेपाल क्राफ्टको आजीवन सदस्यता लिए । यसै संस्थामार्फत् यिनको संगत ठूलाठूला धर्मगुरू र भिक्षुहरूसँग रहन पुग्यो । जसको संगतले यिनी थप जिम्मेवार, गम्भीर र शान्तिप्रिय व्यक्तिका रूपमा चिनिन पुगे ।

वि.सं. २०६० सालमा यिनी 'हारती माता सामाजिक सेवा संघ' का उपाध्यक्ष भए । यस संस्थाको नामबाट यिनले हिन्दू धर्म, संस्कृति तथा विशेषगरी हारती माताको प्रचारप्रसार गर्ने कार्यमा महत्वपूर्ण योगदान गरे । हिन्दू धर्मप्रति आस्थावान् श्रेष्ठले वि.सं. २०६२ सालमा 'श्री बैकुण्ठधाम दिव्यधाम भागवत् सेवाश्रम' तथा 'श्री ज्ञानमाला भजन मण्डल' स्वयम्भूको आजीवन सदस्यता लिए । यी संस्थाहरूमा यिनले भजनका लागि आवश्यक पर्ने सामग्री जुटाउन महत्वपूर्ण योगदान गरे ।

कृष्णबहादुर ग्यास्टिकका बिरामी थिए । आफ्नो रोगको उपचार गराउने क्रममा यिनको सम्पर्क शहरमा नाम चलेका डाक्टरहरू सम्म हुन थालेको थियो । तिनै डाक्टरहरूबाट यिनले क्यान्सर रोगको बारेमा धेरै कुराहरू जान्ने र सिक्ने अवसर प्राप्त गरे । क्यान्सरजस्तो प्राणघातक रोगलाई नियन्त्रण गर्न र यस रोगका बारेमा समाजमा जनचेतना जगाउन आफ्नो पनि भूमिका रहनुपर्छ भन्ने यिनले ठाने । विगतदेखि नै क्यान्सर रोगको उपचार नियन्त्रणमा सक्रिय रहँदै आएको अग्रणी संस्था 'नेपाल अर्बुद रोग निवारण संस्था' भक्तपुरको वि.सं. २०६३ सालमा यिनले आजीवन सदस्यता लिए । यसै समयमा उनले 'नेपाल हगुठी' र 'स्यो स्यो समाज' को पनि



उत्था फ्रि क्लिनिक जापानका अध्यक्षका साथ कृष्णबहादुर श्रेष्ठ ।

आजीवन सदस्यता लिए ।

कृष्णबहादुर श्रेष्ठ सामाजिक संघसंस्थाको लागि आवश्यकताको विषय बनिसकेका थिए । उनको खोजी शहरमा मात्र होइन गाउँघरमा पनि भइरहेको थियो । उनी वि.सं. २०६३ को अन्त्यतिर चोकसल भ्रमणमा लागे । केही समय यिनले चितवन, नवलपरासी र बुटवलमा बिताए । त्यहाँपछि उनी झापा पुगे ।

झापामा रहँदा उनले बिर्तामोड, दमकमा विभिन्न सामाजिक गतिविधिहरू सञ्चालन गरे । यसै समयमा उनले स्थानीय समाजसेवीहरूको आग्रहमा 'त्रिकालदर्शी पुस्तकालय' दमकको आजीवन सदस्यता ग्रहण गरे ।

झापाबाट यिनी विभिन्न जिल्लाहरूमा सामाजिक गतिविधि सञ्चालन गर्दै ६ महिनापछि काठमाडौं फर्किए । वि.सं. २०६५ सालमा यिनले 'नेपाल जेष्ठ जन समाज' को आजीवन सदस्यता लिए । यसै वर्ष उनले विश्व हिन्दू एकता परिषद् र नेपाल थाइल्यान्ड मैत्री तथा सांस्कृतिक केन्द्रको सदस्यता हासिल गरे ।

धेरै धार्मिक संघसंस्थामा संलग्न रहन पुगेकाले कृष्णबहादुरको सम्पर्क साधु, सन्त र महात्माहरूसम्म पुगेको थियो । यिनले १० वर्षको कलिलो उमेरमै लमजुङको करपोरानन्द स्वामीजीबाट शिक्षा प्राप्त गर्ने मौका र शिवको मन्त्र जप्ने अवसर प्राप्त गरेका थिए । पछिल्लो समयमा यिनको संगत नारायणदत्त श्रीमाली र सनदकुमार अधिकारीजस्ता योगीहरूसँग भयो । यसै समयमा उनले चर्चित योगी कालीबाबालाई

भेट्ने सौभाग्य प्राप्त गरे । कालीबाबाले यिनको नाम धेरै पहिला नै सुनिसकेका थिए । यिनको भद्र र शालीन व्यवहार तथा समाजप्रतिको निःस्वार्थ त्याग देखेर कालीबाबा उनीप्रति नजिक हुन खोजिरहेका थिए । यो भेट उनीहरू दुवैका लागि एउटा उत्तम संयोग बन्यो । कृष्णबहादुरप्रति कालीबाबाको धारणा यस्तो छ :

**उहाँ साह्रै सरल इमान्दार, कर्तव्यनिष्ठ, राष्ट्रवादी र धार्मिक व्यक्तित्व हुनुहुन्छ । उहाँलाई मैले भगवान् शिवको परमभक्त र हिन्दू धर्म संस्कृतिका अनुयायीको रूपमा अनुभव गरेको छु । उहाँ गरिव, दिनुदुःखी र असहायहरूको सेवामा नतमस्तक भएर लाग्नुभएको छ । उहाँले समाजसेवाको क्षेत्रमा ठूलो त्याग गर्नुभएको छ ।**

कालीबाबासँग यिनको सम्पर्क नियमित रूपले हुन थाल्यो । कालीबाबा तत्कालीन सरकारले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको सवालप्रति अत्यन्त चिन्तित र आक्रोसित थिए । उनी नेपाललाई पुनः हिन्दू राज्य घोषणा गरिनुपर्छ भन्ने मान्यताको साथ विभिन्न गतिविधि सञ्चालन गर्दै थिए । त्यस्ता गतिविधि सञ्चालन गर्न उनी संगठित रूपले एउटा जुझारू समूह बनाउन चाहन्थे । उनले कृष्णबहादुरलाई आफ्ना अभियानका बारेमा सबै जानकारी गराए ।

कालीबाबाको विचारप्रति उनी कृष्णबहादुरको पनि सहमति थियो । उनी हिन्दू धर्मका पक्षपाति थिए । विश्वको एकमात्र हिन्दू अधिराज्य नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेकोप्रति उनी पनि सहमत थिएनन् । उनको पनि चाहना हिन्दू अधिराज्य बनाउने थियो । फलस्वरूप उनी 'कालिका सेवा केन्द्र' नेपालको आजीवन सदस्य बन्न पुगे ।

हिन्दू धर्मप्रति आस्था राख्ने भए पनि कृष्णबहादुर धर्मभिरू भने थिएनन् । धार्मिक स्वतन्त्रताप्रति उनी सचेत थिए । तर पनि हिन्दू राष्ट्र नेपालको पहिचान हो भन्ने उनको धारणा थियो । यसै अनुरूप उनले आफ्ना गतिविधिलाई अगाडि बढाउन थाले ।

तीनदर्जन सामाजिक संघसंस्थाको विभिन्न तहमा रहेर पाँच दशकदेखि समाजसेवाको क्षेत्रमा महत्वपूर्ण कार्य गर्दै आएका कृष्णबहादुर वरिष्ठ समाजसेवीको रूपमा स्थापित भइसकेका थिए । उनको खोजी प्रायः सबै क्षेत्रमा हुन थालेकोले थियो । यसै सन्दर्भमा उनको सम्पर्क उच्च प्रतिष्ठित व्यक्तिहरूसँग हुन पुग्यो । जसको सम्पर्कले समाजसेवाको क्षेत्रमा काम गर्न उनलाई थप हौसला र प्रेरणा मिल्यो ।

काठमाडौंको सामाखुसीमा बस्दै आएका कृष्णबहादुर अहिले ७० वर्षको बुढ्यौली जीवनमा प्रवेश गरिसकेका छन् । तर पनि यिनमा कामप्रतिको सक्रियतामा कुनै कमी आएको छैन । अहिले पनि यिनी प्रत्येक दिन कुनै न कुनै सामाजिक कार्यमा लागिरहेका भेटिन्छन् । कृष्णबहादुर भन्छन्–

**'समाज नभए म हुन्नथें, मविनाको समाज हुने थिएन । समाजले मलाई बनाएको छ, मैले समाज बनाएको छु । म र समाजबीच अनन्य सम्बन्ध छ । समाजलाई माया नगर्ने, अरूलाई परेको बेलामा सहयोग नगर्ने र आफ्नै लागि मात्र सोच्ने मानिसले जतिसुकै प्रगति गरे पनि त्यो अर्थहीन हुन्छ । त्यसको समाजमा कुनै अस्तित्व हुँदैन । मैले जे गरें त्यो मेरो**

मनले गरें । मेरो मनले मलाई समाजको हित हुने काम गर्न भन्यो, मैले त्यसै गरें । म अबको बाँकी जीवन पनि रचनात्मक क्षेत्रमै लगाउन चाहन्छु ।'

समाजलाई आफ्नो मुटुको स्पन्दन भन्न रूचाउने कृष्णबहादुर यथार्थमै असल मन भएका वर्तमान नेपाली समाजका लागि प्रेरणाका उच्च नमूना हुन् । वि.सं. २०११ देखि वि.सं. २०६६ सम्मको यात्रामा उनले दिएको सामाजिक योगदानको विशिष्ट पक्ष भनेकै निःस्वार्थ सेवा हो । उनको सेवामा कुनै पनि स्वार्थ मिसिएको पाइँदैन ।

वरिष्ठ साहित्यकारसमेत रहेका प्राध्यापक डा. माधव भट्टराईका अनुसार कृष्णबहादुर एक कर्तव्यनिष्ठ र मिलनसार व्यक्ति हुन् । उनी श्रेष्ठलाई धार्मिक र सामाजिक चेतना भएका व्यक्तिका रूपमा लिन्छन् । भट्टराई भन्छन्:

'उहाँ कृष्णबहादुर श्रेष्ठ धार्मिक-सामाजिक क्षेत्रका क्रियाशील व्यक्तित्व हुनुहुन्छ । झन्डै चार दशकअघि सनातन धर्म सेवा समितिका माध्यमले उहाँसँग सहचार्य भएको हो । उहाँ सरल, निश्चल र कर्मठ कार्यकर्ता हुनुहुन्छ । आफ्नो जिम्मेवारी पूरा गर्न उहाँ निरन्तर लागिरहनुहुन्छ । यति लामो समय धार्मिक गतिविधिमा संलग्न रहेका श्रेष्ठले यस क्षेत्रमा दरिलो पहिचान प्रस्तुत गर्नुभएको छ । 'सेवा हि परमोधर्मः' (सेवा नै परम धर्म हो) भन्ने मान्यतालाई उहाँले चरितार्थ गर्दै आउनुभएको छ । म उहाँको उज्ज्वल भविष्यको साथै आगामी दिनमा पनि धार्मिक-सामाजिक क्षेत्रले उहाँबाट गहकिलो योगदान प्राप्त गरिरहने आशा एवम् विश्वास प्रकट गर्दछु ।'

स्वास्थ्यसेवी एवम् नेपाल अर्बुद रोग निवारण संस्था भक्तपुरका अध्यक्ष श्रीधर राठोर कृष्णबहादुरलाई २०६० सालदेखि मात्र चिनेको भए पनि दशकौं पुरानोजस्तो सम्बन्ध रहेको धारणा व्यक्त गर्दछन् । उनी श्रेष्ठलाई स्वच्छ सेवाभाव भएका व्यक्तिका रूपमा लिन्छन् । राठोर भन्छन् :

'कृष्णबहादुर श्रेष्ठ विभिन्न रूपमा समाजसेवामा समर्पित हुंदै आउनुभएको व्यक्तित्व हुनुहुन्छ । हुन त २-४ वर्ष अघिबाट उहाँसँग अर्बुद रोग निवारण संस्था भक्तपुरमा परिचय भई प्रत्यक्ष साक्षात्कार हुने अवसर मिलेको हो । तर पनि उहाँको सेवाभाव र शालीन स्वभावका कारण ५०औं वर्ष अघिदेखि परिचित झैं घनिष्ठता बढ्न पुगेको छ । उहाँले विभिन्न क्षेत्रमा गर्दै आउनुभएको सेवाको निरन्तरतास्वरूप यस अर्बुद रोग निवारण संस्थाद्वारा सञ्चालित भक्तपुर क्यान्सर अस्पतालका बिरामीलाई पनि अत्यन्त माया गरी सेवाभावका साथ महत्वपूर्ण योगदान गर्नुभएको छ । आगामी दिनहरूमा उहाँले अझै सेवाकार्य मार्फत् आफ्नो छविलाई अझ मानवीय सेवामा लगाएर उदार चित्तद्वारा दिनदुःखीहरूलाई कल्याण गर्न सकुन् भन्ने कामना गर्दछु ।'

प्राध्यापक डा. मदनमान श्रेष्ठ कृष्णबहादुरलाई मिलनसार स्वभाव भएका कुरा कम र काम बढी गर्ने व्यक्तिका रूपमा लिन्छन् । उनी भन्छन्:

'मैले कृष्णबहादुर श्रेष्ठलाई समाज सेवकका रूपमा केही वर्षअगाडिदेखि नै चिनेको थिएँ । साँच्चै भन्नुपर्दा म नेपाल जेष्ठ समाजको सदस्य हुंदा उहाँ पनि यस समाजमा प्रवेश

गर्नुभई सँगसँगै १/२ वर्ष काम गर्दा नजिकबाट चिन्ने मौका पाएँ । उहाँ समाजसेवाको कुनै पनि क्षेत्रमा कर्तव्यनिष्ठ भई सच्चा ह्दयले इमान्दारीपूर्वक निष्ठावान् भई समाजसेवामा समर्पित हुनसक्ने व्यक्ति हुनुहुन्छ । उहाँ मिलनसार, कम बोल्ने र काममा महत्व दिने व्यक्तिका रूपमा मैले चिन्न पाएको छु । उहाँको सम्बन्ध विभिन्न क्षेत्रका सबै तह र तप्कासँग रहेको छ । उहाँ सामूहिक कार्यमा सबै किसिमको सहयोग जुटाउन सक्षम हुनुहुन्छ । उहाँ तन, मन र धनले समाजसेवामा संलग्न हुने सच्चा समाजसेवी हुनुहुन्छ । उहाँसँगको सहकार्यमा समाजसेवासम्बन्धी कुनै पनि कार्य पूर्ण सफलताको साथ सम्पन्न गर्न सकिन्छ ।'

गीतकार भीमकुमारी श्रेष्ठ कृष्णबहादुरलाई समाजसेवी चरित्र भएका व्यक्तिका रूपमा चिन्ने गर्छिन् । उनी भन्छिन् :

२०५४ सालतिर विश्व हिन्दू महासंघको बैठकमा मेरो उहाँसँग परिचय भएको थियो । उहाँ महिला, पुरूष सबैलाई समान किसिमको व्यवहार गर्नुहुन्छ । उहाँले आफ्नो स्वार्थभन्दा माथि उठेर समाजसेवा गर्नुभएको छ । आफ्नो गाँस काटेर पनि अरूलाई सहयोग गरेको मैले देखेको छु । उहाँजस्तो पवित्र र निःस्वार्थ भावले सेवा गर्ने व्यक्ति विरलै पाउन सकिन्छ ।


उनका जेठो छोरा सुमनकुमार श्रेष्ठ उनलाई उच्च विचार भएका आदर्शवादी पिताको रूपमा लिन्छन् । कृष्णबहादुर आफ्ना मात्र पिता नभएर समग्र समाजकै पिता हुन् भन्न पछि पर्दैनन् । उनी भन्छन्-

'अत्यन्त सरल, शान्त स्वभावका, कर्तव्यनिष्ठ, सधैं अरूका लागि केही गरौं भनी सदैव चिन्तन गरिरहने 'सादा जीवन उच्च विचार' भएका व्यक्तित्व मेरो बुबा कृष्णबहादुर हुनुहुन्छ । समाजसेवा सबैले कुनै न कुनै रूपमा गरिरहेका हुन्छन् । कसैले स्वार्थको रूपमा भने कसैले अन्तरआत्मादेखि नै ओतप्रोत भएर निःस्वार्थ रूपमा । तर समाजमा यस्ता व्यक्तित्वहरू विरलै भेटिन्छन् । जसले सधैं अरूका बारेमा मात्र सोचिरहन्छन् । यिनै व्यक्तित्वहरूमध्ये बुबा कृष्णबहादुर श्रेष्ठ आदरणीय प्रेरणाका स्रोत हुनुहुन्छ । नाम, दाम र सम्मानभन्दा पनि निस्वार्थ सामाजिक काममा सधैं व्यस्त रहने व्यक्तित्वका रूपमा मैले उहाँलाई पाएको छु । उहाँ हाम्रा लागि अत्यन्त पुजनीय आदर्श व्यक्तित्व हुनुहुन्छ ।'

उनकी जेठी बुहारी शिला श्रेष्ठ उनलाई ससुराको रूपमा नभएर पिताको रूपमा लिने गर्छिन् । उनी भन्छिन् :

'मेरो विवाह भएको एघार वर्ष भयो । उहाँ ससुरा (कृष्णबहादुर) ले मलाई आजसम्म कुनै किसिमको रूखो वचन बोल्नुभएको छैन । उहाँले मलाई छोरीजस्तै माया गर्नुहुन्छ । उहाँ साँच्चै भद्र, शालीन र दयालु हुनुहुन्छ ।'

वरिष्ठ स्वास्थ्यविद् डा. सर्जन अन्जनीकुमार शर्मा श्रेष्ठलाई उदाहरणीय समाजसेवी व्यक्तित्वका रूपमा लिने गर्दछन् । उनी भन्छन्-



हारतीमाता सामाजिक सेवा संघको कार्यालयना कृष्णबहादुर श्रेष्ठ ।

'उहां कृष्णबहादुर धेरै वर्षअघिदेखि नै परिचित व्यक्ति हुनुहुन्छ । उहांसंग बालग्राम दुवाकोट, भक्तपुर र लाइन्स क्लब अफ काठमाडौंमा काम गर्दा नै परिचय भएको थियो भने स्वास्थ्यसम्बन्धी शिविर तथा समाहरूमा पनि भेट भईरहन्थ्यो । पछि नेपाल अर्बुद रोग निवारण संस्थामा पनि उहां संलग्न रहनुभयो । उहां लामो समयदेखि निरन्तर रूपले समाजसेवा गरिरहनु भएको छ ।'

कृष्णबहादुर श्रेष्ठ यस्ता व्यक्ति हुन् जसले समाज र समाजसेवाको महत्व भित्री आत्माबाट बुझेका छन् । उनले समाजको निस्वार्थ रूपले सेवा मात्र गरेका छैनन् । समाजलाई अगाडि बढ्न नयां उत्साह र प्रेरणा दिएका छन् । मानव जीवन पाउनु ठूलो कुरा होइन, जीवन पाएर पनि जीवनको सदुपयोग हुन सकेन भने त्यो जीवन पशुतुल्य हुन्छ । मानवीय जीवन चेतना हो । चेतना मानिसको मनभित्र मुखरित हुनुपर्छ । उदार चेतन मनले मानिसलाई असल, सत्यवान्, महान् र दार्शनिक बनाउंछ । कृष्णबहादुर आफ्नो उदार चेतन मनकै कारण समाजसेवामा लाग्न सफल भएका हुन् । र, आज उनीसंग जुन नाम छ त्यो उनको योगदानको परिणाम हो ।

कृष्णबहादुरले समाजसेवाको क्षेत्रमा जति गरे त्यो पर्याप्त छैन । उनले थप योगदानहरू दिन बांकी नै छ । तर उनले आजसम्म जे गरे त्यो धेरै गरे । उनले गरेको कामको उचित मूल्यांकन हुन सकेको थिएन । यस विषयमा साहित्यकार महेश्वर जुजु राजोपाध्याय भन्छन्-

'तन जोगी मन भोगीको बाहुल्यता रहेको वर्तमान समाजमा निजी स्रोतसाधनलाईसमेत

सेवामा समर्पण गरेर कृष्णबहादुरले समाजलाई जुन किसिमको गुण लगाएका छन् त्यसक कदर सम्बन्धित क्षेत्रबाट नहुनु दुःखलाग्दो विषय हो ।'

त्यसो त कृष्णबहादुरले कहिल्यै पनि कामको पछाडि नाम खोजेनन् । उनले सस्त लोकप्रियता र चर्चामा आउन कुनै पनि किसिमको चाहना राखेनन् । तर पनि कृष्णबहादु दर्जनौं संघसंस्थाबाट विभिन्न समयमा पुरस्कृत तथा सम्मानित भएका छन् । कृष्णबहादुरले समाजसेवाको क्षेत्रमा महत्वपूर्ण योगदान गरेबापत वि.सं. २०६६ सालमा ऐतिहासिक अन्तर्राष्ट्रिय शान अवार्ड प्राप्त गरेका छन् । उनलाई यो अवार्ड वेस्ट सोसल वर्करक रूपमा दिइएको थियो ।

यसैगरी उनले श्री सिद्धिगणेश मावि, चिल्ड्रेन वेलफेयर सोसाइटी, रेयुकाई नेपाल, लाइन्स क्लब अफ बाघभैरव, विश्व हिन्दू महासंघ, सिपा तीनघरे सांस्कृतिक महाविद्यालय, पद्मकन्या बहुमुखी क्याम्पस, राष्ट्रकल्याण शान्ति संस्था, हाम्रो नेपाल, योगी नरहरिनाथ ट्रष्ट, शान्ति खलः सनातन धर्म सेवा समितिलगायतका संघसंस्थाहरूबाट समय-समयमा यथोचित सम्मान प्राप्त गरेका छन् । यस्ता सम्मानले आफ्नो कार्यप्रतिको निरन्तरतामा अलौकिक प्रेरणा थपेको श्रेष्ठको अनुभव रहेको छ ।

आठ पारिवारिक सदस्यका सत्तरी वर्षे अभिभावक कृष्णबहादुर श्रेष्ठले आफ्नो जीवनको अधिकांश समय समाज विकासको कार्यमा लगाएर व्यक्तिगत इच्छामात्र पूरा गरेनन् समाजसेवाको परम्परामा नै नवीन दृष्टिकोण प्रस्तुत गर्न सफल रहे । उनी आफू संलग्न रहेर सञ्चालित संघसंस्थाहरूको गतिविधि र सफलतालाई हेर्दा यस्तो विश्वास गर्न सकिन्छ । समाज रूपान्तरणका विविध आयामहरूमा छरिएर सार्वजनिक जीवन धारण गरेका श्रेष्ठले आफ्नो वुद्धि विवेक र चेतनालाई हरसम्भव रचनात्मक कार्यमा लगाउन प्रयत्न गरी नै रहे । जसले गर्दा यिनलाई साहित्यिक रचनातर्फ पनि प्रवृत्त गरायो । साहित्यलाई सामाजिक चेतनाको अभिन्न अंग मान्ने यिनले केही फुटकर कथा र कविता पनि रचना गर्न पुगे । सामाजिक नीतिनियमका परिधिभित्र रहेर कुनै पनि कार्य गर्न रूचाउने श्रेष्ठका 'अधर्मी छोरो' शीर्षकको कथा पारिवारिक विषयवस्तुमा केन्द्रित भएर लेखिएको पहिलो कथा हो । यस कथामा श्रेष्ठले मानवीय यथार्थलाई आत्मसात गर्न नसकेकी एउटी स्वास्नीमान्छे र पिताको सम्मान नगर्ने अव्यवहारिक छोराको मनोगत चरित्रलाई कथानकको रूपमा प्रस्तुत गरेका छन् । सामाजिक भावना र मानवीय निष्ठाले मात्र व्यक्ति सफलताको दिशामा उन्मुख हुन सक्छ भन्ने प्रमुख सन्देश अभिव्यक्त भएको उनको उक्त कथामा सत्य, एकता, विश्वास र सामुहिकतामा जोड दिइएको छ । यस्तै उनको प्रकाशित केही कविताहरूमध्ये 'कर्तव्य' शीर्षकको कविता अत्यन्त सन्देशप्रधान र चेतनामूलक कविता हो । यस कवितामा उनले गरिव, दुःखी, असहाय अपांग, बालक, वृद्ध र उपेक्षित अवस्थामा रहेका वर्गलाई सेवाको माध्यमबाट सहयोग पुऱ्याउनु नै वास्तविक धर्म हुन जाने विचार व्यक्त गरेका छन् । सके राम्रो गर्नु यदि सकिंदैन भने नराम्रो पनि नगर्नु भन्ने अनुरोध



शान अवार्ड ग्रहण गर्दै कृष्णबहादुर श्रेष्ठ ।

गर्दै श्रेष्ठले आफ्ना कवितामार्फत् सामूहिक भावनाबाट नै जीवन सार्थक बन्ने कुराको संकेत गरेका छन् । श्रेष्ठको मानवोपयोगी र सन्देशप्रधान प्रस्तुत एक कविताः

भोकालुलाई खान दिनु तिर्खालुलाई पानी
गरिबको सेवा गर्ने नबिर्स है बानी
बाल, बृद्धा, महिलालाई सेवा गर्ने बानी
कहिले पनि नबिर्स है ठूलो कार्य ठानी
जसले दान, सेवा गर्छ, उसलाई भन्छ दानी
कहिले पनि हुँदैन है, भविष्यमा हानी
सके गर उपकार, नगर है हानी
नामर्द झैं नगर है बढी कुराकानी
गर्नुपर्छ समाजसेवा धर्म भनी ठानी
समाउ है उँभो लाग्ने मुख्य बाटो ठानी

यसरी सामाजिक योगदानका साथसाथै यदाकदा साहित्यमा पनि आफूलाई प्रस्तुत गर्न सफल श्रेष्ठले समाज र मानवसँग सम्बन्धित विविध पक्ष र चरित्रहरूको अनुभव हासिल गरेका छन् । सार्वजनिक कार्य र समाज रूपान्तरणका क्षेत्रमा अद्यापि

सक्रिय देखिएका श्रेष्ठबाट नेपाली साहित्यको विकासमा पनि प्राप्त हुनसक्ने सहयोगप्रति सकारात्मक अपेक्षा गर्न सकिन्छ ।

समाजसेवा प्रत्येक मानवको अहम् कर्तव्य हो । एकले अर्कोलाई परेको बेलामा सहयोग गर्नु नै सच्चा समाजसेवा हो । सेवा मानिसको मनबाट उत्पन्न हुनुपर्छ । निस्वार्थ रूपले गरेको सेवा नै साँचो सेवा हो । शान्त, सरल, संवेदनशील र भावुक स्वभावका कृष्णबहादुर आफूले बाल्यकालमा पाएको दुःख र पीडाका कारण समाजसेवामा लागेका हुन् । समाजसेवाबाट प्राप्त अनुभव नै उनको जीवनको उपलब्धी हो । उनले जीवनलाई विविध कोणबाट देखेका छन् । उनको जीवनमा दुःख र सुखका अनगिन्ती घटनाहरू छन् । जसले पनि उनलाई समाजसेवाको क्षेत्रमा काम गर्न प्रेरणा मिलेको पाउन सकिन्छ ।

कृष्णबहादुर जुन बाटो हिंडे, उनले जे गरे, त्यो हामी समाजका लागि हो । उनले नयाँ पुस्ताको लागि एउटा उज्ज्वल दिशा दिएका छन् । उनले देखाएको बाटो र उनले बोकेको अभियान हाम्रो भविष्यको आधार हो । हामीले उनलाई चिनेर मात्र पुग्दैन उनले देखाएको बाटो हिंड्न सक्यौ भने त्यो नै उहाँप्रति ठूलो सम्मान हुनेछ । कृष्णबहादुर श्रेष्ठ आगामी दिनमा समाजसेवाको क्षेत्रमा थप अग्रसर भएर अगाडि बढ्न सकुन् शुभकामना ।

•••

# खण्ड-दुई

## चन्द्रकला नेवारको सङ्क्षिप्त जीवनी



## शान अवार्डको अन्तर्राष्ट्रिय उपाधि चन्द्रकला नेवारलाई किन ?

- साहित्यमा निर्भिक लेखनकलाको प्रयोग,
- लामो समयदेखि लेखनकार्यमा संलग्न,
- गीतसंगीत र साहित्यको विशिष्ट प्रस्तुति,
- विविध भाषामा सिर्जनात्मक रचना गर्न सक्ने क्षमता,
- साहित्यमा देशीय परिवेशको प्रयोग,
- सदावहार लेखिकाको रूपमा परिचित,
- नेपाली साहित्यमा विशिष्ट स्थान,
- मानवोपयोगी कृतिगत योगदान,
- लैंगीक विभेद र विकृत चेहराप्रति विमति,
- सार्थक र चेतनामूलक लेखन,
- माया, प्रेम र संवेदनाको त्रिकोणात्मक प्रस्तुति,
- सेवामूलक संघसंस्थाको प्रस्तावक तथा स्थापक,
- नेपालीभाषा र साहित्यप्रति अविच्छिन्न योगदान,
- निर्णायक समितिको छनोटमा पर्न सफल,

# चन्द्रकला नेवारको
# सङ्क्षिप्त जीवनी

चन्द्रकला नेवार नेपाली भाषा, साहित्य र गीतसंगीतको क्षेत्रमा रूची राख्नेहरूका लागि सुपरिचित नाउँ हो । भारतको प्रवासमा जन्मिएर नेपाली भाषा र साहित्यको विकासका लागि आफ्नो जीवनको अधिकांश समय समर्पित गरेकी नेवारलाई प्रवासमा भाषासंग्रामी महिला नेतृको रूपमा पनि चिन्ने गरिन्छ । चार वर्षको कलिलो उमेरदेखि नै गायन र साहित्यलेखनमा प्रवृत्त भएकी नेवारका आफ्नै मौलिक स्वरमा दर्जनौं गीतहरू रेकर्ड भएका छन् । झन्डै तीन दशक लामो समय अलइन्डिया रेडियोमा संलग्न रहेर आफ्नो कलात्मक प्रस्तुति देखाउन सफल नेवारले नेपाली साहित्यका विविध विधामा छरिएर महत्वपूर्ण सिर्जनाहरू गरेकी छन् । कथा, कविता, गीत लेखनका साथै नेपाली साहित्यको संस्थागत विकास र प्रवर्द्धनमा समेत विशिष्ट योगदान गर्न सफल प्रतिभा चन्द्रकला नेवारको जीवनी, व्यक्तित्व, कृतित्व र योगदानका विविध सन्दर्भमा केन्द्रीत भई सामान्य जानकारी गराउने प्रयास गरिएको छ ।


किशोरावस्थामा चन्द्रकला नेवार ।

**जन्म तथा बाल्यकाल**

चन्द्रकला नेवारको जन्म सन् १९४२ मा भारतको असमस्थित डिगबोई भन्ने ठाउंमा पिता भक्तबहादुर प्रधान तथा माता कुमारी प्रधानको कोखबाट माइली सन्तानको रूपमा भएको थियो ।



दायाँबाट क्रमशः चन्द्रकला नेवारकी माता कुमारी प्रधान, पिता भक्तबहादुर प्रधान तथा विष्णुलाल उपाध्याय ।

तिनताका भारतमा ब्रिटिश साम्राज्यविरोधी आन्दोलन चरम उत्कर्षमा पुग्न लागेको थियो । भारतीय जनता राष्ट्रियता र स्वतन्त्रताको लागि जीवनमरणको आन्दोलनमा होमिएका थिए । राष्ट्रियताको गौरवशाली आन्दोलनबाट अलग रहन सक्ने अवस्था भारतीय जनताको थिएन । त्यसको प्रत्यक्ष असर भारतका प्रायः सबै प्रान्तहरूमा परेको थियो । जसको कारण नेपालीभाषीहरूको बाहुल्यता रहेको असमका नेपाली भाषीहरू पनि ब्रिटिस साम्राज्यविरोधी आन्दोलनमा गोलबद्ध हुन पुगेका थिए । भक्तबहादुर प्रधान, छविलाल उपाध्याय, दलवीर सिंह लोहारलगायतका व्यक्तिहरूले असमी जनताको नेतृत्व गरेका थिए । आन्दोलन चरम उत्कर्षको सन्निकट पुग्दै थियो । भक्तबहादुर मुक्ति आन्दोलनका जुझारू सिपाही भएकाले ब्रिटिस सरकारका लागि प्रमुख समस्याका पात्र बन्न पुगे । जसका कारण भक्तबहादुर र उनका पिता जीतबहादुर प्रधानको नोकरी खोस्नुका साथै सन् १९४२ मा भक्तबहादुरलाई ब्रिटिस सरकारले देश निकाला गऱ्यो । भक्तबहादुरको देशनिकालासँगै आफ्ना पिता जीतबहादुरको नोकरी समेत खोसिएकाले प्रधानका परिवार चरम आर्थिक संकटमा पऱ्यो । यस्तै आर्थिक संकटका बीच प्रधान परिवारमा जन्मिएकी चन्द्रकला नेवारको बाल्यकाल दुःखपूर्ण बन्न गयो । सामान्य बालकले परिवारबाट पाउनुपर्ने सेवा सुविधाबाट चन्द्रकला अलग हुनुपऱ्यो । यसैबेला आफ्नो छोरा देशनिकाला भएको पीडाले भक्तबहादुरका पिता र माता बिरामी परे । उनको घरपरिवारको अवस्था दयनीय बन्न पुग्यो । एकपछि अर्को समस्याले थिचिएको प्रधान परिवारमा चन्द्रकलाले पाउनुपर्ने मायामा भने कुनै कमी भएन । सामान्य बालकहरूले जस्तै नयाँ नयाँ लुगा लगाउने, मीठो खानेकुरा खाने, खेल्ने र रमाइलो गर्ने अवस्थाबाट भने चन्द्रकला वञ्चित हुनुपऱ्यो । यद्यपि विविध दुःख कष्ट र अभावका बीच पनि

चन्द्रकलाको बाल्यकाल परिवारको विशेष निगरानीमा सम्पन्न भएको थियो । उनी आफ्नो बाल्यकालीन अवस्थाको बारेमा भन्छिन् :

**'दशैंमा मेरा साथीहरूले नयाँ लुगा लगाएर हातमा बेलुन लिएर खेलेको देख्दा मन साह्रै दुख्थ्यो । हामीलाई आमाले घरभित्रै ढोका थुनेर राख्नुहुन्थ्यो । बाहिर खेल्न जाने अनुमति थिएन । म घरको झ्यालबाट साथीहरू खेलेर रमाइलो गरेको हेर्ने गर्थें ।'**

## शिक्षा

चन्द्रकला नेवारले आफ्नी हजुरआमाको सहयोगमा ५ वर्षको उमेरमा घरैमा बसी अक्षरारम्भ गरेकी थिइन् । यसपछि एओसी रिफाइनेरी प्राइमरी स्कुल असममा असमिया मिडियाको 'क' श्रेणीमा (हालको १ कक्षा) मा भर्ना भई औपचारिक शिक्षाको आरम्भ गरेकी थिइन् । उनले यस स्कुलमा २ कक्षासम्म पढिन् । ४ कक्षादेखि एओसी गर्ल्स हाइस्कुलमा भर्ना भई पढ्न थालिन् । उनले यस स्कुलमा ६ कक्षासम्ममात्र पढ्न पाइन् । ७ कक्षाबाट पूर्वाञ्चल विश्वविद्यालयमा भर्ना भई यसै स्कुलबाट मेट्रिक पास गरिन । स्कुलेशिक्षाको समाप्तिपछि उच्चशिक्षाको लागि कान्वोई कलेजमा भर्ना भई आईएसम्मको अध्ययन सम्पन्न गरी वारदाहबाट हिन्दी साहित्यमा विसारद हासिल गरी औपचारिक अध्ययन प्रक्रियाबाट अलग भएकी थिइन् । औपचारिक अध्ययन प्रक्रियाबाट अलग भए पनि अनौपचारिक अध्ययनलाई भने यिनले अद्यापि जारी राखेकी छन् ।

## विवाह तथा सन्तान

शालीन, शान्त र मिजासिलो स्वभावकी नवयौवना युवती चन्द्रकला नेवारको विवाह सन् १९६३ मा नेपालको विराटनगर पुर्ख्यौली घर भएका असममा अस्थायी बसोबास गर्ने पदमकुमार श्रेष्ठ र पूर्णकुमारी श्रेष्ठका साइँलो छोरा डा. दीलबहादुर श्रेष्ठका साथ



श्रीमान डा. डि.बी. श्रेष्ठका साथ चन्द्रकला नेवार ।

सम्पन्न भएको थियो ।

यिनका दुई छोरा र एक छोरी छन् । जसमध्ये जेठो छोरा सञ्जय नेपाल सरकारको सार्वजनिक प्रशासनको अधिकृत, कान्छो छोरा सुजय इन्जिनियरिङका विद्यार्थी छन् भने छोरी सुजाता चिकित्सा पेसामा कार्यरत छिन् । आर्थिक रूपले सम्पन्न देखिने यिनी श्रीमान् दीलबहादुरका साथ काठमाडौंको शंखमुलमा बस्दै आएकी छन् ।

## प्रेरणा तथा प्रभाव

चन्द्रकलाका मातापिता संगीतप्रेमी थिए । उनका पिता गीत लेख्ने, संगीत भर्ने र स्वरबद्ध गर्ने काम गर्दथे । उनकी माता पनि एक प्रसिद्ध गीतकार थिइन् । 'मै छोरी सुन्दरी' बोलको गीत उनकै आमाले लेखेकी हुन् भने यो गीत गाउने गायिका भारती उपाध्याय उनकै बहिनी हुन् ।

उनले बाल्यकालदेखि नै मातापिताका क्रियाकलाप अन्त्यन्त नजिकबाट नियाल्ने अवसर पाएकी थिइन् । पिताले जस्तै गीत लेख्ने र गाउने इच्छा उनमा बाल्यकालमै जागृत भइसकेको थियो । पिताले पनि उनलाई सिर्जनात्मक बन्नुपर्छ भनेर बारम्बार भन्ने गर्थे । आमा पनि संगीतप्रेमी भएकीले असहमति रहने कुरै थिएन । यिनले पिता र माताको प्रेरणा तथा कामबाट प्रभावित भएर गीत, कविता र कथाहरू लेख्न थालिन् । तर सिर्जना गर्ने र तत्कालै च्यातेर फाल्ने यिनको नराम्रो बानी थियो । यो क्रम धेरै समय चल्यो ।

चर्चित साहित्यकार हरिभक्त कटुवाल उनका प्रिय दाजु थिए । एक दिन कटुवालले उनको हातमा एउटा कागजको पाना देखे र त्यो कागज के हो भनी जिज्ञासा राखे । तर उनले त्यो कागजको बारेमा केही भनिनन् र कटुवाललाई त्यो हेर्न पनि दिइनन् । कटुवालले उनको हातैबाट त्यो कागज खोसे र पढे । त्यो कागज 'ममता' नामक शीर्षकमा लेखिएको कथाको थियो । कटुवालले त्यो पूरै पढेर भने : 'ओहो बैनी, तिमी यति राम्रा कथा लेख्छ्यौ ? यो कथा त साह्रै राम्रो छ, अरू पनि लेख ।' कटवालको यिनै कुराबाट उत्साहित भई नेवारले यसपछि नियमित रूपमा साहित्यिक सिर्जना गर्न थालेकी थिइन् । समय, परिवेश, वातावरण तथा मातापिताका साथै हरिभक्त कटुवाल चन्द्रकलाका प्रेरणाका प्रमुख पात्रहरू हुन् । प्रस्तुत यस विषयमा चन्द्रकला भन्छिन् :

'मेरो बुबा गीत लेख्ने र संगीतबद्ध गर्नुका साथै हामीलाई पनि सिकाउने गर्नुहुन्थ्यो । घरमा नियमित पूजा गर्ने चलन थियो । पूजा सकेपछि भजन हुन्थ्यो । रागमा आधारित कविरको भजन, तुलसीदासको भजन र अन्य भजनहरू पनि हामी गाउँथ्यौं । बुबाको हातमा हारमोनियम र दिदीको हातमा मजिर हुन्थ्यो । सधैं विहान एउटै समयमा भजन हुने भएकाले भजन सुन्न आँगनमा मानिसहरू भेला हुने गर्थे ।'




अखिल भारतीय नेपाली भाषा समितिको दोस्रो अधिवेशनमा मन्तव्य राख्दै चन्द्रकला नेवार ।

## सेवा एवम् संलग्नता

चन्द्रकला नेवार किसोरीवस्थादेखि नै जुझारू क्रान्तिकारी स्वभावकी थिइन् । हजुरबुबा र पिता भारतीय स्वतन्त्रता आन्दोलनमा सक्रिय रही काम गरेकाले पनि त्यसको प्रभाव उनमा परेको थियो भने प्रवासमा प्रवासी भएर बस्नुको पीडाप्रति उनी जानकार थिइन् । नेपालीहरूप्रति घृणाको दृष्टिले हेर्ने भारतीयहरूको भावना र नेपालीभाषाप्रति हुने दुर्व्यवहारबाट चन्द्रकलाको मन भारतीय शासकप्रति कठोर बनिरहेको थियो । यसै समय अर्थात् सन् १९७१ मा नेपाली भाषालाई मान्यता दिलाउन प्रवासी नेपालीहरूको संयुक्त संघर्ष समिति बन्यो । उनले पनि उक्त संगठनको सदस्यता लिई भाषा आन्दोलनमा लाग्ने प्रण गरिन् । भाषा आन्दोलनका साथसाथै उनले साहित्य र संगीतलाई पनि निरन्तर रूपले अगाडि बढाइन् । असममा रहँदा दर्जनौं संघसंस्थामा संलग्न रहेर भाषा र साहित्यको विशिष्ट सेवा गरेकी चन्द्रकला विवाहपछि श्रीमान्का साथ पुर्ख्यौली देश नेपाल आइन् ।

नेपालीभाषा र नेपालप्रति उच्च श्रद्धाभाव राख्ने चन्द्रकलाको नेपाल प्रवेशागमन एउटा सुखद संयोग बन्न पुग्यो । यिनले नेपालमा आएर नेपाल र नेपालीको बारेमा धेरै कुरा बुझ्ने अवसर प्राप्त गरिन् । श्रीमान्को उच्च हौसला र आफ्नो साहित्यप्रतिको लगावका कारण उनको साहित्यिकयात्रा काठमाडौं आएपछि थप घनिभूत भएर अघि बढ्न थाल्यो । यिनले यसै समयमा केही साहित्यिक संघसंस्थाको सदस्यतासमेत लिइन् । यिनी हाल दर्जनौं संघसंस्थामा संलग्न रहेर साहित्यिक विकासको लागि महत्वपूर्ण कार्य गरिरहेकी छन् ।

## चन्द्रकला नेवार संलग्न रहेकी संघसंस्थाहरू

| | | |
|---|---|---|
| १. | मितेरी नेपाल | - संस्थापक अध्यक्ष |
| २. | विश्व नेपाली गोर्खा सेवा केन्द्र (महिला विभाग) | - संस्थापक अध्यक्ष |
| ३. | गुन्जन | - संस्थापक उपाध्यक्ष |
| ४. | नारी साहित्य प्रतिष्ठान | - आजीवन सदस्य |
| ५. | वनिता त्रैमासिक | - आजीवन सदस्य |
| ६. | साहित्यिक पत्रकार संघ | - आजीवन सदस्य |
| ७. | वाणी प्रकाशन | - आजीवन सदस्य |
| ८. | भानु प्रकाशन | - आजीवन सदस्य |
| ९. | सुनसरी साहित्य प्रतिष्ठान | - आजीवन सदस्य |
| १०. | देवकोटा शतवार्षिकी शताब्दी महोत्सव | - सदस्य |

## सामाजिक सास्कृतिक सेवा

चन्द्रकला नेवारको सामाजिक-सांस्कृतिक सेवाको क्षेत्र खासगरी भाषा र साहित सेवासँगै गाँसिएको छ । प्रत्येक साहित्यकार, कलाकारको सेवा नै समाजसेवाको ए महत्वपूर्ण पक्ष मानिन्छ । तथापि आयमूलक पेसाबाहेक समाज तथा अन्य क्षेत्रमा गरि निःस्वार्थ कार्य नै सार्वजनिक सेवा भएकाले चन्द्रकला नेवारमा समाजमा संगठित भए काम गर्ने शैलीको विकास पनि भाषिक स्वतन्त्रताकै क्रममा असमबाटै भएको मान सकिन्छ । असममा भाषिक आन्दोलनको नेतृ भएर काम गर्ने क्रममा यिनले सामाजि जागरण, जनचेतना, सरसफाइ, निर्माणजस्ता कार्यको प्रारम्भसाथै आफ्नो सामाजि जीवनको शुरूवात गरेकी थिइन् । काठमाडौं आएपछि पनि उनले सार्वजनिक सेवाक कार्यलाई निरन्तरता दिएकी पाउन सकिन्छ । गैरसाहित्यिक क्षेत्रमा संगठित रूपले संलग्न नभए पनि व्यक्तिगत रूपबाट शिक्षा, स्वास्थ्य, विकास निर्माण तथा असहायहरूक उत्थानको निम्ति उनले महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको पाइन्छ ।

## अभिरूची

सफल व्यक्तित्व निर्माणका लागि अभिरूची सबैभन्दा महत्वपूर्ण पक्ष हो । आफूभित्र भएको रूचिले नै मानिसलाई एउटा स्तरमा पुऱ्याउन मद्दत गर्दछ । चन्द्रकला नेवारक मूख्य रूचीको विषय भनेकै साहित्यिक सिर्जना हो । कथा, कविता, गीत, निबन्ध रचना गर्नु र रचित सामग्रीलाई पाठकसमक्ष पुऱ्याउनु उनको ध्येय हो । साहित्यिक पुस्तकहरू पढ्नु, समीक्षा गर्नु र समसामयिक विषयहरूमा विचार सम्प्रेषण गर्नु उनको रूचीको अर्को पक्ष हो । यिनलाई भिडभाडभन्दा एकान्त मन पर्छ । यिनी एकान्तमा बस्न रूचाउँछिन् । साहित्यिक र सामाजिक कार्यक्रमहरूमा सहभागी हुनु, पत्रपत्रिका पढ्नु, गीत सुन्नु विभिन्न विषयमा बहस, छलफल र भलाकुसारी गर्नु तथा सकारात्मक

समाज निर्माणका लागि आफूलाई अग्रसर तुल्याउनु यिनको रूचिको क्षेत्र हो । सरल र मिठास बोली, समावेशी व्यवहार, बोलीप्रतिको प्रतिबद्धता र सहयोगी, मिलनसार भावना यिनको विशेषता हो । जाँडरक्सी, जुवातास र सस्तो मनोरञ्जनका साधनप्रति यिनको मोह पटक्कै छैन । यथार्थ र व्यवहारिक बन्न रूचाउने चन्द्रकला देश र समाजप्रति चिन्तित रहने गर्छिन् ।

## यात्रा भ्रमण

चन्द्रकला नेवारले असममै रहँदा भाषिक आन्दोलनको क्रममा भारतको प्रायः सबै



युकेको ग्रिनवीचमा श्रीमानका साथ चन्द्रकला नेवार ।

स्थानहरूको भ्रमण गरेकी छन् । नेपाल आएपछि पनि उनी विभिन्न साहित्यिक सम्मेलन तथा कार्यक्रमहरूमा नेपाली प्रतिनिधिका रूपमा भारतका विभिन्न स्थानहरू विशेषगरी नेपालीभाषी भएको ठाउँमा पुगेकी छन् । भारतका अतिरिक्त उनले युके, स्वीडेनलगायतका अन्तर्राष्ट्रिय देशहरू र नेपालको काभ्रे, नुवाकोट, पोखरा, चितवन, विराटनगरजस्ता ५०भन्दा बढी जिल्लाहरूको राष्ट्रिय भ्रमण गरेकी छन् । विशेषगरी उनको भारतयात्रा साहित्यिक दृष्टिले महत्वपूर्ण रहेको पाउन सकिन्छ ।

## पुरस्कार तथा सम्मान

चन्द्रकला नेवार ऐतिहासिक 'अन्तर्राष्ट्रिय शान अवार्ड' बाट पुरस्कृत हुनेहरूमध्येकी एक



भक्तपुर साहित्यिक समाजको सम्मान ग्रहण गर्दै चन्द्रकला नेवार ।

हुन् । उक्त अवार्ड उनले वि.सं. २०६६ साल फागुन ८ गते काठमाडौंमा प्राप्त गरेकी थिइन् । यसअगाडि उनी लोकप्रिया पुरस्कार २०५७, नवरंग साहित्य सम्मान-२०६०, असहाय मिलन केन्द्रद्वारा विशेष सम्मान-२०६२, लगायत सुनकोसी साहित्य सम्मान, सर्वदा वाङ्मय पुरस्कार, मानचित्र सम्मान र महाकवि देवकोटा शताब्दी सम्मानबाट सम्मानित भएकी छन् । त्यसै गरी नेवार अखिल भारतीय नेपालीभाषा समिति, असम र अखिल भारतीय लघुकथा प्रतियोगितामा प्रथम भएर सन् १९६३ मा पुरस्कृत भएकी छन् । साहित्यिक क्षेत्रमा अहिले पनि सक्रिय रहेकीले आगामी दिनमा यिनी थप संस्थाहरूबाट सम्मानित हुने विश्वास गर्न सकिन्छ ।

# चन्द्रकला नेवारको व्यक्तित्व

चन्द्रकला नेवारको व्यक्तित्व निर्माणमा उनको पारिवारिक वातावरण, पारिवारिक उतारचढाव, भाषिक सांस्कृतिक क्रियाकलापको अनुभव तथा साहित्यिक सिर्जनाका सन्दर्भले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपाली साहित्यिक क्षेत्रको गरिमा तथा आममहिलाको प्रेरणाको रूपमा सुपरिचित तथा सम्मानित हुन पाउनु उनको व्यक्तित्वको विशिष्ट पक्ष हो । उनको व्यक्तित्व निर्माणमा उनको स्वभाव, चरित्र, व्यवहार तथा क्रियाकलापले महत्वपूर्ण भूमिका खेलेको छ । यसर्थ चन्द्रकला नेवार वर्तमान नेपालको एउटी महान् बहुप्रतिभाशाली स्रष्टा व्यक्तित्व हुन् । उनको व्यक्तित्वलाई विभिन्न रूपहरूबाट हेर्ने र चिन्ने संक्षिप्त प्रयास यस परिच्छेदमा गरिएको छ ।

## साहित्येतर व्यक्तित्व

चन्द्रकला नेवारको साहित्यतेर व्यक्तित्व व्यक्तिगत उन्नति-प्रगति, पारिवारिक-व्यवहारिक जीवनका क्रियाकलाप, प्रतिकूल अवस्थाबाट उत्पन्न व्यथा-वेदना आदिमा केन्द्रित हुँदाहुँदै पनि उनको चेतना, सिर्जना, शिक्षा, समाज र राष्ट्रप्रेम तथा चिन्तनशीलतालाई महत्वपूर्ण प्राप्तिका रूपमा लिन सकिन्छ । यिनै विविध पक्षहरूका आधारमा उनको साहित्येत्तर व्यक्तित्व क्रियाशील रहेको पाउन सकिन्छ ।

## आन्तरिक व्यक्तित्व

चन्द्रकला नेवार आन्तरिक व्यक्तित्वका हिसाबले शान्त, सरल, मिलनसार र भावुक स्वभावकी छन् । उनी सबैसँग समावेशी व्यवहार गर्छिन् । उच-नीच, धनी-गरिव तथा जाति, धर्म, संस्कृति, भाषा, वर्ग आदिका आधारमा यिनको मनमा कुनै पनि भेदभाव छैन । यिनी स्पष्ट र खुला विचारकी छन् । आफूसँग नजानेको कुनै पनि विषयमा सोध्न आएका व्यक्तिलाई खुला हृदयले उचित सम्मानका साथ सहयोग गर्नु यिनको विशेषता हो ।

हिन्दू धर्म संस्कृतिप्रति आस्था राख्ने चन्द्रकला समयलाई विशेष महत्वका रूपमा लिन्छिन् । समयअनुरूप चल्ने र आफूले दिएको वचन कुनै पनि अवस्थामा नछोड्नु यिनको बानी छ । समय वचनबद्ध व्यक्तित्वकी धनी नेवार जीवनलाई अन्त्यन्त सरल र सहज ढंगबाट बिताउन सल्लाह दिने गर्छिन् । यिनी समाजमा व्याप्त कुरीति भ्रष्टाचार र असन्तुलित सामाजिक व्यवस्थाको आलोचना गर्छिन् । यिनलाई सबै किसिमका खानाहरू मन पर्छ । साडी र ब्लाउज यिनको मनपर्ने पोसाक हो । मिलनसार, मेहनती, नम्र, इमानदार, सरल र धैर्य मानिस यिनको रोजाइ हो । पारिवारिक विश्वास, सामाजिक एकता, र समृद्ध शान्तिपूर्ण नेपाल यिनको चाहना हो ।

## पारिवारिक व्यक्तित्व

चन्द्रकला नेवार एक असल आमा, श्रीमती, सासु तथा अभिभावकको रूपमा भूमिका निर्वाह गरिरहेकी छन् । छोराछोरीलाई शिक्षित, सभ्य र जिम्मेवार बनाउनमा यिनको प्रमुख भूमिका रहेको छ । परिवारको चाहनाअनुरूप चल्नु, उनीहरूको रेखदेख गर्नु र आवश्यकताअनुसार सरसल्लाह प्रदान गर्नु उनको विशेषता हो । समयसमयमा पारिवारिक भलाकुसारी गर्नु र नातागोतासँगको छलफलमा रम्नु उनको स्वभाव हो । परिवारका सदस्यहरूबीच मेलमिलाप, आपसी सद्भाव, माया तथा अनुशासनका पक्षहरूलाई यिनले विशेष महत्वका रूपमा लिने गरेकी छन् । यिनी आवश्यक कुरामा मात्र बोल्ने गर्छिन् र आफ्ना परिवारका सदस्यहरूलाई पनि थोरै बोल्न सल्लाह दिने गर्छिन् ।

## गीतकार तथा गायिका व्यक्तित्व

चन्द्रकला नेवार गीतकार र कर्णप्रिय स्वरकी धनी गायिका व्यक्तित्व पनि हुन् । यिनले सर्वप्रथम आफ्नै मधुर स्वरमा अलइन्डिया रेडियोबाट नेपाली भाषाको गीत रेकर्ड गराएकी थिइन् । यसपछि यिनले दर्जनौं गीतहरू आफ्नै स्वरमा रेकर्ड गराउनुका साथै विभिन्न किसिमका गीतहरू पनि रचना गरेकी छन् । उनको तृष्णाको लहरी गीतसंग्रह पुस्तकाकार कृति प्रकाशित छ । यो कृति वि.सं. २०६३ सालमा प्रकाशित भएको थियो । यस कृतिमा ६६ वटा गीतहरू संग्रहित छन् । प्रस्तुत संग्रहका गीतहरू माया, प्रेमका साथै मानवीय संवेदनामा आधारित अति नै कर्णप्रिय र लोकप्रिय छन् । उनका गीतले मानवीय जीवनका विविध परिस्थिति र सन्दर्भलाई विषयवस्तुका रूपमा उठाएको छ । उनका गीतमा माया, प्रेम, हाँसो, आँसु, विरह, वेदना, नारी मनका पीडा, प्रकृति, वातावरण, देश, समाज, तथा सत्य र स्वाभीमानका विविध भावहरू समावेश भएको पाउन सकिन्छ । साथै मानवीय मनको स्पन्दन, परिवर्तन, राष्ट्रियता, इतिहास, गरिमा, प्रतिष्ठाका साथै विकृति र विसंगतिका विरूद्ध प्रहार गरिएका गीतहरू उनको कृतिमा पाउन सकिन्छ । उनको लेखनी तथा गायकत्वप्रति दृष्टि लगाउँदा नेवारको प्रस्तुत क्षेत्र सफल रहेको पाउन सकिन्छ ।


## साहित्यिक व्यक्तित्व

चन्द्रकला नेवार वहुक्षेत्रसँग सम्बन्धित रहे पनि उनको परिचय साहित्यिक व्यक्तित्वको रूपमा स्थापित भएको छ । यिनमा साहित्यिक व्यक्तित्वको प्रस्फुटन पारिवारिक वातावरणका बीच बाल्यकालमै भएको पाइन्छ । यिनले सर्वप्रथम 'एक दिप दुई पुतली' शीर्षकमा कथा लेखेर आफ्नो साहित्यिक व्यक्तित्वको शुरूवात गरेकी थिइन् । यिनले सन् १९६३ मा लेखेको 'ममता' शीर्षकको कथा अलइन्डिया रेडियोको कथा प्रतियोगितामा प्रथम भएको थियो ।

प्रस्तुत कथा प्रथम भएपछि कथालेखनमा प्रवृत्त भएकी चन्द्रकलाले वि.सं. २०२२ मा प्रथम कथाकृतिको रूपमा 'ममता' शीर्षकको कथासंग्रह प्रकाशन गरेकी थिइन् । साहित्यलाई जीवन भोगाईको अमूल्य अनुभूतिको रूपमा लिने चन्द्रकलाका दुई कथासंग्रह, दुई कवितासंग्रह, एक गीतसंग्रह, एक गीतिएल्बम र सयौं फुटकर रचनाहरू प्रकाशित भएका छन् । हाल केहि साहित्यिक संघसंस्थामा संलग्न रहेर साहित्यिक लेखनलाई निरन्तरता दिंदै आएकीले आगामी दिनमा यिनको साहित्यिक व्यक्तित्व थप प्रवल र उचाइमा पुग्ने विश्वास गर्न सकिन्छ । **'जीवनभर साहित्यमै लागेर काम गर्न चाहन्छु'** भन्ने यिनको भनाइबाट पनि उपरोक्त विषयको पुष्टी हुन्छ ।

## कथाकार व्यक्तित्व

चन्द्रकला नेवारले आफ्नो साहित्यिक यात्राको औपचारिक शुरूवात कथा विधाबाटै गरेकी थिइन् । प्रारम्भमा कथा लेख्ने र च्यात्ने बानी भएकाले यिनले लेखेको पहिलो कथाको रूपमा 'एक दीप दुई पुतली' लाई लिन सकिन्छ । यस कथामा उनले



परिवारका साथ चन्द्रकला नेवार ।

उज्यालो बत्ती र र बत्तीसँग पुतलीको सम्बन्धलाई जोडेर सामाजिक सम्बन्धको सन्दर्भलाई प्रस्ट्याउन खोजेकी छन् । यसपछि उनले धेरै शीर्षकमा कथाहरू लेखे पनि उनको पहिला कथाकृति 'ममता' (वि.सं. २०२२) हो । वृत्त, वुभुक्षा, ममता, सावित्री, अपराजिता, एकदीप दुई पुतली र अभिशप्त गरी सात शीर्षकका कथाहरू प्रस्तुत कृतिमा संलग्न गरिएको छ । यस्तै उनको दोस्रो पुस्तकाकार कथाकृति 'साँघुरो धरातल' (वि.सं. २०६२) प्रकाशित भएको छ । यसको प्रकाशनपछि फुटकर कथारचनाबाहेक उनको अन्य पुस्तकाकार कथाकृति प्रकाशनमा आएको छैन । यिनका कथाहरूमा नेपाली सामाजिक जनजीवनका सकारात्मक र नकारात्मक पक्षको यथार्थ चित्रण भएको पाउन सकिन्छ । मानवीय जीवनका विविध पक्ष र सन्दर्भहरूको प्रस्तुति रहेको कथाहरूलाई हेर्दा उनलाई नेपाली साहित्यमा सदावहार कथाकार व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

## कवयित्री व्यक्तित्व

चन्द्रकला नेवारको कथापछि सबैभन्दा विशिष्ट रहेको कवयित्री व्यक्तित्व हो । कविता यिनको रूचीको विषय पनि हो । कविता लेखनको प्रारम्भ यिनले सर्वप्रथम असमी भाषाबाट गरेकी थिइन् । यिनले हिन्दी, बंगाली र उर्दू भाषामा पनि केही कविताहरू रचना गरेकी थिइन् । तर ती रचनाहरूको अस्तित्व अहिले आएर ओझेलमा परेको उनको धारणा छ । फुटकर कविताहरू रचना गरेर प्रकाशन गर्दै आएकी नेवारको प्रथम पुस्तकाकार कविताकृति 'चक्रब्यूह' हो । यस कृतिमा ५३ कविताहरू संग्रहित छन् । प्रस्तुत कृतिको प्रथम प्रकाशन वि.सं. २०५० र दोस्रो संस्करण प्रकाशन वि.सं. २०६२ सालमा भएको थियो । उनको दोस्रो पुस्तकाकार कविताकृति 'याशिलालाई मेरो आज' हो । यो कृति वि.सं. २०६२ सालमा प्रकाशित भएको थियो । यस कृतिमा २७ कविताहरू समाविष्ट भएका छन् । उनका कविताहरूमा सामाजिक जीवनका विविध पक्ष, राष्ट्रप्रेम, मानवप्रेम, एकता, शान्ति, विकास र प्रणयप्रेमका साथै प्रकृतिसँग सम्बन्धित विषयहरूको उठान भएको पाइन्छ । सरल नेपाली शब्द, सुन्दर एवम् सुमधूर भाव र सरल भाषाशैली उनको कविताको विशेषता हो । बाल्यकालदेखि नै कविता रचनातर्फ प्रवृत्त भएकी चन्द्रकला नेवारको कवयित्री व्यक्तित्व उच्च रूपले स्थापित भएको पाउन सकिन्छ ।

## समालोचक व्यक्तित्व

समालोचना साहित्यमा सबैभन्दा संवेदनशील र महत्वपूर्ण विधा हो । नेपाली साहित्यमा समालोचनामा कलम चलाउने लेखकहरू धेरै कम मात्र अस्तित्वमा रहेका छन् । चन्द्रकला नेवारको पनि समालोचना विधा अन्य विधाको तुलनामा धेरै पछाडि परेको छ । यद्यपि केही व्यक्तिपरक समालोचनामा उनको संलग्नता देख्न सकिन्छ । विशेषगरी



भारतमा नेपालीभाषाले मान्यता प्राप्त गरेको दशकोत्सवमा भाषा सङ्ग्रामीहरूका साथ दिल्लीमा चन्द्रकला नेवार (दायाँबाट दोस्रो) ।

उनले आफ्ना समकक्षी लेखिका र अग्रज स्रष्टाहरूको बारेमा विभिन्न स्मारिका तथा अभिनन्दन-ग्रन्थहरूमा आफ्नो समालोचक व्यक्तित्वको प्रदर्शन गरेकी छन् । उनका समालोचनामा स्रष्टाभित्र रहेका गुण-अवगुण, चरित्र, स्वभाव, व्यवहार र योगदानका बारेमा सूक्ष्म रूपले चित्रण गरिएको पाइन्छ । यसर्थ, उनको समालोचक व्यक्तित्व उच्च रूपले वृद्धि नभए पनि छिटफुट रूपमा स्थापित भएको पाउन सकिन्छ ।

## जीवनी र व्यक्तित्वबीच अन्तसम्बन्ध

चन्द्रकला नेवारले जीवनका उकाली ओराली, अध्ययन र अनुभवले संगालेका कुराहरूलाई नै आफ्ना रचनाहरूको रूप दिएकी छन् । उनको बाल्यकालीन लगनशील स्वभाव यौवन अवस्थामा पनि कायम रहेको देखिन्छ । बाल्यावस्थामा गीत लेख्ने, गाउँने र रचनात्मक कार्यमा सहभागी हुने प्रवृत्तिले गर्दा गीत संगीतको जगेर्ना गर्नेतर्फ उनी जीवनभर लागेकी छन् । उनले जीवनको लामो अनुभवबाट प्राप्त गरेको कुरालाई साहित्यको माध्यमबाट व्यक्त गरेकी छन् । उनको बाल्यकालीन अवस्था बितेको असम र भारतमा बस्दा गरेको भाषिक आन्दोलनको सन्दर्भहरू उनको रचनामा प्रशस्त पाइन्छन् । उनले गीत, संगीत र साहित्यको साथसाथै समाज विकासको विभिन्न क्षेत्रमा समेत काम गरेको पाउन सकिन्छ । वास्तवमा जीवन यथार्थ हो र सोही जीवनको यथार्थसँग गाँसिएका घटनाक्रम अनुभूति, मूल्यमान्यता तथा आस्था नै उनको कृतिमा प्रकाशित भएको छ । त्यसैले उनको जीवनी र व्यक्तित्व आपसमा पूर्णतः सम्बन्धित र अन्योन्याश्रित रहेको छ ।

# चन्द्रकला नेवारको

# ममता




नेपाली साहित्यका विविध विधामा कलम चलाएकी चन्द्रकला नेवारले कथाका क्षेत्रमा पनि आफ्नो लेखनीलाई सशक्त ढंगले प्रस्तुत गरेको पाइन्छ । संख्यात्मक दृष्टिकोणले उन्नतशील रहेको यिनको गीत, कवितापछिको विधा नै कथा विधा हो । नेवारका फुटकर कथाहरू विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका र अप्रकाशित रहेका कथाहरू 'ममता' र 'साँघुरो धरातल' शीर्षकका कथासंग्रहमा समाविष्ट भएका छन् ।

'ममता' नेवारले रचना गरेको सामाजिक सन्दर्भहरूलाई अवलम्बन गर्ने प्रारम्भिक चरणका कथाहरूको संगालो हो । प्रस्तुत 'ममता' कथाकृतिभित्र अप्रकाशित सातवटा कथाहरू समाविष्ट छन् । यो कृति प्रथम संस्करण वि.सं. २०२२ र दोस्रो संस्करण वि.सं. २०६१ सालमा प्रकाशित भएको हो । यस संग्रहमा परम्परागत विभेद, नारी जीवनका विभिन्न पक्ष तथा मानवीय जीवनका सन्दर्भहरूलाई प्रमुख विषयका रूपमा उठान गरिएको छ । कृतिमा वृत्त, वुभुक्षा, ममता, सावित्री, अपराजिता, एक दीप, दुई पुतली र अभिलाषा गरी जम्मा सातवटा लामाछोटा कथाहरू समावेश भएका छन् ।

प्रस्तुत संग्रहमा समाजमा विद्यमान अवस्थामा रहेको सामाजिक विकृति र विसंगति, नारीमनका पीडा, माया प्रेम, मिलन-बिछोड, यौन, अवैध यौनसम्पर्कबाट उत्पन्न परिणाम, आशा, निराशा, कुण्ठा, उत्साह, उमंगजस्ता प्रसंगहरूको उठान गरिएको छ । साथै लेखिकाले जीवनको छोटो समयमा अनुभव गरेका, देखेका, सुनेका काल्पनिक र अकाल्पनिक घटना प्रवृत्तिहरू नै यस संग्रहको प्रमुख विषयवस्तु हो । प्रस्तुत संग्रहको वक्तव्यमा चन्द्रकला लेख्छिन् :

'सबै कल्पना सत्य हुंदैनन् । तर सत्यको आधार होइन पनि भन्न सकिंदैन । त्यसैले

सत्य-असत्य कल्पना, वास्तविकता संगालेर आफ्नै ढोकामा देर्खा पर्न खोजेका कतिपय घटनाहरूलाई कथाको रूपमा ल्याउने चेष्टा गरे ।'

कथाकार नेवारका कृतिमा समाविष्ट भएका कथाहरूले सामाजिक विषयवस्तुलाई निकै मार्मिक ढंगले उठाएको छ । प्रस्तुत संग्रहमा संग्रहित पहिलो कथा 'वृत्त' मा शान्ता नामकी केटी पात्रको जीवनमा घटेका घटनाहरूको सचित्र वर्णन गरिएको छ । यस कथामा एउटी विधुवा नारीको यौनतृप्ती, उसको चाहना, पीडा, दुःख, कुण्ठाजस्ता विषयहरूलाई कथानकको रूपमा प्रस्तुत गरिएको छ ।

'शान्ता पति गुमाएकी विधवा महिला हुन्छे । विधवा भए पनि शान्ता सुन्दर, बान्की परेकी भरभराउँदी धपक्क बलेकी युवती हुन्छे । ऊ रायसाहेब नाम गरेको एउटा व्यक्तिको अफिसमा काम गर्न पुग्छे । उसको रूप, रंग, यौवन र जवानी देखेर उप्रति रायसाहेब आकर्षित हुन्छ । रायसाहेबले आफ्नो चप्रासी (पाले) मार्फत् ऊसमक्ष प्रेमप्रस्ताव राख्छ । शान्ता रायसाहेबको प्रेमप्रस्तावलाई विश्वास गरेर सहज रूपमा स्वीकार गर्न सक्तिन । त्यसो त उसलाई पनि आफ्नो जवानीको भार बिसाउने सहाराको आवश्यकता नपरेको होइन तर, ऊ पूर्व विवाहित महिला हुन्छे । चप्रासीको कुराबाट ऊ गम्भीर सोचमा डुब्छे । उसको दिमागमा पूर्व स्मृतिहरू सलबलाउन थाल्दछन् । ऊ भित्तामा राखेको स्वर्गीय पतिको तस्वीर नियाल्न थाल्छे । तस्वीर नियाल्दानियाल्दै ऊ विगतलाई सम्झन पुग्छे । पूर्वपतिको तस्वीर हेर्दाहेर्दै कताकता उसलाई सनाई बजेजस्तो लाग्छ । मानिसको खल्लीबल्ली पनि सुनिन थाल्छ । उसले आफूलाई दुलहीको रूपमा पाउँछे । बिहान हुन्छ, उसलाई अन्माएर गाडीमा राखिएको हुन्छ । विवाहको मधुररात, सुहागरातको पहिलो दिन श्रीमानले उसको शरीरको सबै कपडा खोलिदिन्छ र शरीरभरि चुम्बनको वर्षा गर्न थाल्छ । ऊ आनन्दले विभोर हुन्छे । उसको कुमारित्व क्षणभरमै श्रीमान्ले हरण गर्छ । ऊ बेग्लै संसारमा पुगेको अनुभूति गर्छे । ऊ विगतलाई सम्झँदै जान्छे । उसको मनमा केवल उसको पतिको प्रतिमूर्ति उदाइरहन थाल्छ । उसलाई लाग्यो- भैले मेरो पतिप्रति अन्याय गरेको रहेछु ।' एकैछिन्मा उसबाट पतिको अनुहार अस्पष्ट हुँदै जान्छ । उसको पति शून्यमा विलुप्त हुन पुग्छ । त्यो शून्यतालाई रायसाहेबको अनुहारले पूर्ति गर्छ । ऊ फेरि सोचमा डुब्न थाल्छे । 'के रायसाहेबले मसित प्रेम गरेका हुन् ? के मलाई उनी साँच्चै माया गर्छन् ? के उनले मेरो जवानीसँग खेल्नको लागि झुठो मायाको जाल फ्याँकेका त होइनन् ? ऊ यथार्थमा आउँछे । ऊ रायसाहेबलाई विश्वास गर्न सक्दिनँ । उसले रायसाहेबलाई शंकाको दृष्टिले हेर्न पुग्छे र कथाको अन्त हुन्छ ।

प्रस्तुत यस कथामा शान्ता र रायसाहेबको चरित्रलाई कथानकको रूपमा उठाइएको छ । यस कथामा विधवा नारीको बाध्यता, विवशता, नारीमाथि पुरूषको दृष्टिकोण तथा यौनचरित्रको समेत व्याख्या गरिएको पाइन्छ । कथाले नारीहरू शान्त, सरल, सहनशील, संवेदनशील हुन्छन् र नारीको तुलनामा पुरूषहरू स्वार्थी, कपटी र अधैर्य हुन्छन् भन्ने दर्शाउन खोजिएको छ । प्रस्तुत कथाको भाषाशैली सरल हुनाको साथै कथानक अत्यन्त रोचक, मार्मिक र संवेदनशील ढंगबाट सलल बगेको छ ।

संग्रहको अर्को कथा 'वुभुक्षा' मा सन्तान जन्माउन नसक्दा घरपरिवार, आफन्त र समाजबाट महिलाले भेल्नुपर्ने अपहेलना, पीडा तथा सन्तान प्राप्तिको चाहनाको बारेमा उल्लेख गरिएको छ । 'ममता' शीर्षकको शीर्षकथामा स्वार्थी पुरूषको संसर्गबाट जन्मन पुगेको बच्चाको कारूणिक चित्कारलाई प्रस्तुत गरिएको छ । कथाको मूख्य पात्र विनोद स्कुल गएको हुन्छ । स्कुलमा सरहरूले उसको आमा-बुबाको नाम के हो भनि सोधेका हुन्छन् । उसले बुबाको नाम भन्न सक्दैन र बाबुको नाम भन्न नसकेकोमा पिटाइ खान्छ । विनोद रूँदै घरमा जान्छ र आफ्नो पिताको बारेमा आमासँग जिज्ञासा राख्छ । छोराको कुरा सुनेर ऊ चिसो हुन्छे । उसले छोराको जिज्ञासा शान्त पार्न सक्दिनँ । ऊ अरू नै उपाय लगाएर छोरालाई मनाउन खोज्छे । तर उसको कोसिस सफल हुँदैन र छोरा रिसाउन पुग्छ । छोरा रिसाएकोले उसको मन आहत हुन्छ र संसार नै शून्यतामा बिलाएको भान हुन्छ । उसलाई जीवनदेखि अवाक् लाग्छ । बाँच्नुको अर्थ समाप्त भएको प्रतीत हुन्छ, ऊ मर्न चाहन्छे । तर आत्महत्या उसको मनले मान्दैन । किनकि उसलाई छोरा विनोदको असाध्यै माया लाग्छ । छोरा नभएको भए शायद उसले पहिले नै आत्महत्या गरिसकेकी हुन्थी । फेरि उसले आत्महत्या गर्नुपर्ने कारण नै के थियो र ? उसले कुनै अपराध गरेकी थिइन । के माया गर्नु पाप हो र ? कसैलाई विश्वास गर्नु अभिशाप हो र ? उसले त चोखो प्रेम गरेकी थिई । निश्चल माया लगाएकी थिई । कसैलाई माया, ममता दियो, उसले त्यसलाई विश्वास गरेर आफ्नो जीवन समर्पण गरिदिई, के यो उसको अपराध थियो र ? अवश्य पनि थिएन ।'

मायामा धोका, विश्वासमा अविश्वास, प्रेममा घृणा यो वर्तमान समाजको यथार्थ हो । हाम्रो समाजमा यस्ता घटनाहरू बारम्बार घटिरहने गर्छन् । लेखिका नेवारले समाजमा घटिरहेको यस्तै घटनाहरूलाई आधार बनाएर अति मार्मिक ढंगले कथानक बुनेकी छन् । कथाले यौनशोषणको शिकार बनेका महिलाहरूको अवस्था र त्यसबाट उत्पन्न हुने दर्दनाक परिणामको खुलेर चित्रण गरेको छ । यस कथाले अञ्जान मान्छेसँग सम्बन्ध राख्नु पाप नभए पनि भूल पक्कै हो भन्ने सन्देश दिन खोजेको छ । यौनप्यास शान्त पार्नका लागि आफूलाई पुरूष भनेर गर्व गर्नेहरू कतिसम्म तल भरेर महिलाको जीवन बर्वाद तुल्याउँछन् र उनीहरूलाई मरेतुल्य बनाउन पुग्छन् भन्ने सन्देश यस कथाको प्रमुख विशेषता हो । प्रस्तुत यस कथामा लेखिकाले उच्च सतर्कता अपनाएर पुरूषको गलत प्रवृत्तिलाई भण्डाफोर गर्न र पीडित महिलाको संवेदनालाई यथार्थ प्रस्तुत गर्न सफल भएकी छन् ।

सावित्री कथामा सावित्री नामकी पात्रले अशिक्षित भएकै कारण श्रीमान्, सासु ससुरा र परिवारबाट दारूणिक यातना पाई आत्महत्या गर्नुपरेको अलापपूर्ण चित्कार प्रस्तुत गरिएको छ । 'अपराजिता' कथामा श्रीमान्प्रति श्रीमतीको त्याग, वलिदान, माया, प्रेम, समर्पण, आस्था, विश्वास र सेवाभावको बारेमा उल्लेख गरिएको छ ।

लोग्नेले परस्त्रीसँग सम्बन्ध राख्दा पनि श्रीमतीले उसका लागि कतिसम्मको योगदान गर्न सक्छन् भन्ने कुरा कथामा उल्लेख भएको छ । यस कथामा गलत बाटोमा हिंड्न लागेको एउटा पुरुष श्रीमतीको समर्पणयुक्त प्रेममा पग्लिएर सुध्रिन सफल भएको सन्देश व्यक्त गरिएको छ ।

'एक दीप : दुई पुतली' कथामा लोग्नेको विश्वास गर्दा धोखा खान पुगेकी महिलाको पीडा समेटिएको छ ।

'रूपा र रमेश मिलनसार दम्पत्ति हुन्छन् । रमेश कामको सिलसिलामा बाहिर जान्छ । छिट्टै फर्कने वाचा गरेर गएको रमेश लामो समय बित्दा पनि घर आएको हुँदैन । रूपा रमेशको यादमा तड्पिएर ऊ आउने दिन कुरिरहेकी हुन्छे । आजभोलि गर्दागर्दै रमेशले घर छोडेको ६ वर्ष हुन्छ । एक दिन अचानक हुलाकीमार्फत् रूपाले एउटा चिठी पाउँछे । त्यो चिठी रमेशले पठाएको भन्ने ठानेर ऊ हतारहतार गर्दै पढ्न थाल्छे । तर चिठी रमेशको नभएर उसको जेठी श्रीमतीको हुन्छ । चिठी पढ्दापढ्दै रूपा अकल्पनीय पीडामा डुब्न पुग्छे । उसलाई संसार भासिएको अनुभूति हुन्छ । रूपा शोक र वेदनाले छटपटाउन थाल्छे । स्थिति असामान्य बन्न जान्छ र कथाको अन्त्य हुन्छ ।'

प्रस्तुत यस कथाले एउटा व्यक्तिको खोक्रो चाहनाको कारण दुई महिलाले जीवनमा भाग्नुपरेको पीडालाई उजागर गरेको छ । कथा सामाजिक जीवनमा घटित घटनाको दारूण प्रस्तुति भए पनि कथानकको स्वरूप अस्पस्ट देखिन्छ । कथा मार्मिक र यथार्थ भए पनि अपूर्ण, अपरिपक्व र अदूरदर्शी बनेको छ । कथाको शुरू, मध्य र अन्त्य सबै नै अस्पस्ट छ र कथाको मूल अंश के हो भन्ने उल्लेख छैन । यद्यपि कथा सामाजिक यथार्थमा आधारित, मार्मिक हुन पुगेकाले पाठकका लागि उपयोगी देखिन्छ ।

'अभिशप्त' प्रस्तुत संग्रहको अन्तिम कथा हो । यस कथामा माया, प्रेम र प्रेममा बिछोडिएर बस्नुपरेको युवकको अवस्थालाई प्रमुख कथानकको रूपमा चित्रण गरिएको छ । आफूले माया गरेको, मन पराएको, आफ्नो जीवनलाई भन्दा प्यारो ठानेको, आफ्नो लायक, आफ्नो मुटु, धडकन आस्था, विश्वास, आफ्नो प्रेयसीले संसार छोड्दा कुन प्रेमीको मन रूँदैन र ? अभिशप्त यस्तै मन रोएको प्रेमीको दर्दनाक कथा हो- अभिशप्त आफैंमा एउटा मार्मिक, कर्णप्रिय र भावुक शब्द पनि हो ।

'दीपक एउटा सरल, इमानदार, शिक्षित र सक्रिय युवक हुन्छ । उसले कल्पना नाम गरेकी एउटी गायिकालाई मन पराएको हुन्छ । उसैसँग विवाह गर्ने र आफ्नो जीवन समर्पण गर्ने सपना उसले मनमा सजाएको हुन्छ । कल्पनाले पनि उसलाई माया गर्छे । कल्पनाले पनि उसलाई जीवनसाथीको रूपमा अंगालेकी हुन्छे । उनीहरू प्रेमको सिलसिलामा नयाँनयाँ ठाउँ घुम्ने र भ्रमण गर्ने गर्दछन् । उनीहरू घन्टौसम्म एकअर्कामा लिन भएर प्रेम र जीवनका बारेमा विचारहरू साटासाट गर्ने गर्दथे । उनीहरूको माया निश्चल निर्मल तलाउमा बगेको पानीजस्तै पवित्र थियो । आकाशजस्तै विशाल र पहाडजस्तै अटल थियो । प्रेममा अलिकति पनि संकोच र दुर्भावना थिएन । तर विडम्बना उनीहरूको प्रेमले सफलता प्राप्त गर्न सकेन । उनीहरूको जीवन खोलाको दुई किनारा बन्न पुग्यो । जो चाहेर पनि एक हुन सक्दैन ।



ममता कथासङ्ग्रहको अन्तरसंवाद कार्यक्रममा सहभागीहरूका साथ चन्द्रकला नेवार (३) ।

कल्पनाको अप्राप्तिका कारण दीपक पानीविनाको माछाजस्तै तड्पिएर बाँच्न बाध्य भएको हुन्छ । उसको जीवन, उसको सपना, उसको चाहना, उसको रहर, इच्छा र उसको कल्पना ऊभन्दा धेरै टाढा शून्यतामा हराउन पुग्छ । आफ्नो मान्छे आफैँसँग नभएपछि जीवनको मूल्य नै के हुन्छ र ? दीपकको जीवन मूल्यहीन बन्न पुग्छ । यति ठूलो संसारमा उसको आफ्नो भन्ने कोही पनि हुँदैन । आफ्नो हराएको संसारमा बसिरहन उसलाई उचित लाग्दैन र ऊ निर्जन यात्रामा लाग्छ र कथा सकिन्छ ।'

प्रस्तुत यस कथाले प्रेमको अप्राप्तिमा एउटा निर्दोष युवकले निर्वाह गर्नुपरेको मानसिक पीडा, माया, प्रेम, मिलन, विछोड, प्राप्ति, अप्राप्ति, दुःख, कष्ट, आरोह, अवरोहजस्ता मानवीय संवेदनाका पक्षहरू मुखरित गरेको छ । कथा रोचकभन्दा पनि मार्मिक र संवेदनशील बनेको छ । कथामा प्राप्ति, अप्राप्ति, चित्कार, हाहाकार, पीडा, वेदना, छटपटी, उकुसमुकुसजस्ता कारूणिक संवेगहरूको अलापपूर्ण प्रस्तुति रहेको छ । कथामा मन रोएको छ, मुटु चिराचिरा भएर फुटेको छ । संसार शून्यतामा विलिन भएको छ, प्रेम मासिएको छ, माया हराएको छ, जीवनको अस्तित्व समाप्त भएको छ । कथामा हाँसो, खुसी, आँसु पीडा, वेदना र चित्कारको विविधता रहेको छ । त्यसैले कथा वास्तवमै जीवन्त, कर्णप्रिय, भावुक, संवेदनशील र यथार्थ बन्न सफल भएको छ ।

समग्रमा प्रस्तुत 'ममता' कथासंग्रहमा समाविष्ट भएका कथाहरूले सामाजिक विषयवस्तुलाई अवलम्बन गरेका छन् । संग्रहका कथाहरू प्रायः आदि, मध्य र अन्त्यको शृङ्खलामा बाँधिएका देखिन्छन् भने कथानकमा सामान्य घटनाभन्दा जटिल घटनाहरूको

संयोजन बढी पाइन्छ । केही कथाहरूमा पूर्वदीप्तिको प्रयोगसमेत भएको छ भने कथाहरू दुःखान्त घटनाहरूमा आधारित संवेदनशील देखिन्छन् ।

चन्द्रकला नेवारको यस संग्रहमा समाविष्ट भएका कथाहरू भारतीय नेपाली समाजको परिवेश, जनजीवन र संस्कृतिमा आधारित रहेर चित्रण भएको पाइन्छ । उनका कथामा महिलाका पीडा र महिलासँग सम्बन्धित घटनाहरूको बाहुल्यता रहेको पाइन्छ । यस आधारमा उनको यस संग्रहलाई महिलावादी कथाकृतिको रूपमा पनि लिन सकिन्छ । प्रस्तुत कृतिका बारेमा समीक्षक माया ठकुरी लेख्छिन्:

**'चन्द्रकला नेवारले 'ममता' कथासंग्रहमा नारी जीवनका विभिन्न पक्ष, उनीहरूको कोमल भावना तथा मानवीय जीवनका अनेक पाटाहरूलाई बडो सरल र सरस ढंगमा प्रस्तुत गर्नुभएको छ ।'**


प्रस्तुत संग्रहमा समाविष्ट भएका कथाहरूको भाषाशैली, सम्प्रेष्य नै देखिन्छ । कतैकतै प्रवासी नेपालीले प्रयोग गर्ने शब्द, उखानटुक्का र शैलीको प्रयोग भएको पाइन्छ । प्रायः कथाहरू मानवीय संवेदनामा आधारित भएर लेखिएकाले भाषाशैली सरल, सहज हुनाको साथै सुवोध रहेको पाइन्छ । प्रचलित सरल शब्दहरूको चयन, मूलतः अभिधात्मक शब्दशक्तिमा आधारित सहज विम्वविधान रहेको पाउन सकिन्छ । नेवारका कथामा समाजमा विद्यमान महिलामाथि हुने घरेलु हिंसा, यौनशोषण, यातना, प्रताडनाको तीव्र विरोध र यस्ता घटनाको उन्मूलनको अपेक्षा गरेको पाइन्छ । समग्रमा प्रस्तुत कृति मानवीय संवेदना र सामाजिक यथार्थको हिसाबले सफल रहेको देख्न सकिन्छ । आजभन्दा झण्डै ४५ वर्ष अघि सिकारू अवस्थामा लेखिएका कथाहरू भए पनि कथाकार नेवारले 'ममता' कथासंग्रहमा विशिष्ट प्रस्तुति निर्वाह गरेकी छन् ।



परिवारका साथ चन्द्रकला नेवार ।

# चन्द्रकला नेवारको

# चक्रब्यूह




'चक्रब्यूह' चन्द्रकला नेवारको पहिलो कविता संग्रह हो । ममता कथा संग्रह वि.सं. २०२२ मा नै लिएर आएकी चन्द्रकलाको कवितात्मक पुस्तकाकार कृति भने २०५० मा प्रकाशित भएको हो ।

वि.सं. २०६२ मा केही भिन्न साजसज्जाका साथ दोस्रो संस्करणसमेत प्रकाशित भइसकेको 'चक्रब्यूह' चन्द्रकला नेवारका ५३ कविताकृतिहरूको सँगालो हो । जीवन भोग्ने क्रमम पूरा गरिएका विविध भूमिकाका क्रममा अनुभूत भएका भाव, विचार तथा विषयहरू समेटिएको यस संग्रहका कविताहरू विविध विषय र प्रस्तुतिले सिंगारिएका छन् ।

प्रस्तुत संग्रहका 'ऐना', 'रमिता', 'जीवन सडक', 'पीडाको समाधि', 'आश्रय', 'केही चिन्तन', 'वुभुक्षा', 'नियति' 'यात्रा (कथा-कविता), 'चक्र' 'अभयदान', 'भूल', 'वृत्त', 'जन्म फेरि एउटा भूतको', 'जीवन संगीत', 'पुष्प', 'औंसीको जुन', 'चक्रब्यूह', 'सृष्टि उसको वरदान', शीर्षकका कविताहरूमा जीवन, जीवनका विविध शैली, जीवन र जगतका विषयमा कविको चिन्तन तथा दृष्टि प्रस्तुत भएको छ । 'ऐना' कवितामा जीवनसम्बन्धी परिभाषा दिन खोजिएको छ । जीवनका तत्वहरू चेतना, भावना तथा सिंगो जीवनको विषयमा कविको विचार प्रस्तुत भएको छ । प्रकृतिको शिशुरूप जीवन, जन्म, मृत्यु, विवाहजस्ता प्रक्रियामा बाँधिन्छ । तर चेतनाका कारण यिनै वन्धनमा जीवन निसासिन्छ भन्ने संकेत पनि यसमा गरिएको छ । 'रमिता' असत्यको जीत र सत्यको हार भएको वर्तमान समयमा मनुष्य कठपुतलीझैं भएको असुहाउँदो वातावरण र कर्मचारीलाई रमिताझैं हेरि समयको कोर्रा खाएर कछुवाको ढाडझैं भई बाच्नु परेको विवशता प्रकट गरिएको छ । 'जीवन सडक' मा जीवनलाई सडक र सडकमा हिंड्ने यात्री दुवैको प्रतिमूर्तिका रूपमा चित्रित गरिएको छ । यथार्थ (जगत) भावना, चेतना कर्म (समाज,

मन, बुद्धि, शरीर) जीवनका सञ्चालकहरू हुन् । यिनको सञ्चालनमा अपेक्षा र आकांक्षाको लहरमा तरंगित हुँदै कहिले जय तथा कहिले पराजयको प्राप्तिमा यात्रीरूपी मनुष्य अलमलिइरहन्छ भन्ने धारणाको अभिव्यक्ति भएको छ ।

'पीडाको समाधि' मा जीवनलाई हाँसो, आँसु, जीत-हारको सम्मेलन पीरको भारी पीडाको समाधिका रूपमा प्रस्तुत गर्दै यसलाई जोगाउनका लागि अन्त्यमा फैलनुपर्छ, विश्वासको, ज्ञानको ज्योति बाल्नुपर्छ भनिएको छ । यसरी नै 'आश्रय' र 'वुभुक्षा' मा कविको जीवनसम्बन्धी चिन्तन अस्पष्ट रूपमा प्रस्तुत भएको छ । 'नियति' मा जीवनलाई चेतनाको ध्वनित प्रतिध्वनित एउटा अव्यक्त प्रश्न, एउटा अनुभूति र नयाँ ढाँचायुक्त मीठो अभिनयका रूपमा प्रस्तुत गर्दै यसलाई आस्तित्विक रूप र अनास्तित्विक रूपमा विभाजन गरिएको छ । जीवनका साथै मृत्यु चिन्तन पनि यसमा प्रस्तुत भएको छ । मृत्युलाई अनास्ताविक रूपमा प्रस्तुत गरिएको यस कवितामा जीवनलाई छरिएका कणहरूको संश्लिष्ट रूप जसको अन्तिम नियति मूक, असहज आत्मसन्तुष्टि हो भन्ने धारणा पनि प्रस्तुत भएको छ । 'यात्रा' मा जीवनमा आइपर्ने समस्याको अभिव्यक्ति भएको छ भने 'चक्र' मा मानवीय जन्म र संसार एउटा क्रम हो, चक्र हो । यहाँ जन्म भएपछि दगुर्दै, डुब्दै, उत्रँदै पुनः गन्तव्यमा पुग्नुपर्छ । संसार त चलिरहन्छ, सूर्य उदाइरहन्छ, अस्ताइरहन्छ यो निरन्तर चलिरहन्छ यो असीम छ तर हामी सीमामा आवद्ध छौं र त्यही सीमाको मृगतृष्णामा अल्भ्रेका छौं, यसैले दुःखी छौं भन्दै जीवनको क्रम र यसमा हुने दुःखको कारण खोज्ने प्रयास गरिएको छ ।

'अभयदान' मा आफ्नो जीवनको स्वःसमीक्षा गर्दै जीवनमा बेहोरिएका घाउ, पीडा र लातका दाग र आँसुबाट अभयदन प्राप्त भएको तथ्य संकेत गर्दै जीवनलाई परिपक्व बन्नका लागि घाउ र पीडाहरू आवश्यक रहेछन् भन्ने बोध व्यक्त गरिएको छ भने तिनबाट जीवनवोध भएकामा, अभयता-निर्भयता प्राप्त भएकामा अहोभाव/धन्यभाव पनि प्रकट गरिएको छ । 'भूल'कवितामा कविमा उदय भएको द्रष्टाभावको अभिव्यक्ति भएको छ । आफूभित्रको भाव दशा तथा आफूबाट भएको कर्मलाई द्रष्टा भाव/वस्तुगत दृष्टिले हेर्ने प्रयास गरिएको यस कवितामा कविको आफ्नै भावना, आकांक्षा र मागप्रति असहमति प्रकट गरिएको छ । 'वृत्त' मा जीवन र जगतप्रतिकै धारणा अस्पष्ट रूपमा प्रस्तुत भएको छ । 'जन्म फेरि एउटा भूतको' मा मानव वा मानवेतर, जड चेतन कुनै पनि सृष्टि मात्र रूपान्तरण हो, मानवीय जन्म त अतीतको अनुभवको रूपान्तरण हो, यस जगतमा नवीन कुरो केही छैन, पुरानो कुराको पुनः सृजन मात्र हो भन्ने दृष्टिको अभिव्यक्ति भएको छ । 'जीवन संगीत' मा गीति भाकामा जीवनको गीत कोरिएको छ । विपरीत वस्तु र भावको माध्यमबाट माया, प्रेम, सुखदुःखजस्ता कुराहरू नै जीवनका तत्व हुन् भन्ने भाव व्यक्त गरिएको छ । 'पुष्प' कवितामा जीवनलाई फूलसँग तुलना गर्दै यसको क्षणभंगुरताको सन्देश दिन खोजिएको छ । जीवनमा रमाइला मधुर तथा सुकोमल क्षण त भन् बढी क्षणिक हुन्छन् भन्ने विचार कलात्मक ढंगमा प्रस्तुत भएको

छ । 'औंसीको जून' मा आँसु, रोदन, पीडा, व्यथा नभएको जीवन नै होइन । जीवन छ त यी कुराहरू पनि स्वतः हुन्छन् । यसैले जीवन जिउनका लागि यिनसँग मितेरी लगाउन सक्नुपर्छ भन्ने विचार यसमा प्रकट गरिएको छ । 'चक्रव्यूह' पुस्तकको शीर्षक कवितामा पनि कविको जीवन चिन्तन नै प्रस्तुत भएको छ । रापिलो तेजको अभावमा, ज्ञानको अभावमा, चेतनाको जागृतिका अभावमा सृष्टिका मुनाहरू (जीवन) ओइलाएको छ, वर्तमान कुल्चिएको छ । यसैले यसको गर्भमा रहेको भविष्य पनि स्वतः ओइलाएको छ, जीवनका पाइलाहरू यथास्थानमा गाडिएको छ । यसैले वर्तमानलाई हेर्न, बुझ्न र सम्हाल्नुपरेको छ भन्ने सन्देश दिने प्रस्तुत कवितामा क्षणवादको प्रभाव परेको छ । 'सृष्टि उनको वरदान' प्रकृतिको सृष्टि जीवन अनि मानव जीवनको सृष्टि प्रकृत्तिप्रदत्त उसको वरदान भन्ने आशय प्रकट गरिएको छ । यसै क्रममा जीवनलाई तृष्णा, अधुरो सपना, एउटा तपस्या अनि आस्तिक (छ) र नास्तिक (छैन) को बीचमा रहेको त्रिशंकु अनि कतै पुग्ने (परम जीवन पनि हुनसक्छ तर अस्पष्ट) प्रयासका रूपमा चिनाउँदै जीवन प्रकृतिको त्यस्तो सिर्जना जुन आवरणले ढाकिएको चेतना अनि प्रश्न र रहस्यको भण्डारका रूपमा प्रकट भएको छ भन्ने रहस्यवादी चिन्तन यसमा प्रकट भएको छ ।

प्रस्तुत संग्रहका केही कविताहरू कविको इच्छा/चाहनाको अभिव्यक्तिका रूपमा आएका छन् । यसमा संग्रहित 'मन छ', उज्यालो बिहानी पोखिन्छ जब, 'तातो घाम', 'करुणा', 'यात्रा', 'निस्सासिए कहानीहरू', 'याचना उज्यालोको' कविताहरू कुनै न कुनै रूपमा कविको इच्छा प्रकटीकरणको माध्यम बनेका छन् ।

'मन छ कवितामा युगौंदेखि अँध्यारिएको, पसिनाले गन्हाएको जीवनमा आफैं जलेर भए तापनि समाजमा उज्यालो छर्ने, सुगन्ध भर्ने रहरको अभिव्यक्ति भएको छ । 'उज्यालो बिहानी पोखिन्छ जब' मा पनि शोषण र दमनको पर्खालमुनि थिचिंदा मन सेपिएर अति भएकाले निर्भयता र एकाग्रताको अस्त्र भिरी अस्तित्वको लागि लडेरै भए पनि उज्यालो छर्ने चाहना प्रकट भएको छ ।

**केवल आफैंसंग तल्लिन हुंदैमा**
**कर्तव्यको पूर्ति कदाचित हुंदैन,**
**कोर्राको प्रहार पिठ्युंले सहला**
**विवेकले सहँदैन ।**
**वर्षौं लड्यौं युद्ध-**
**वर्षौं लड्यौं युद्ध, बिस्कुन थापेर**
**चार सिमानामा लाशको**
**यस रोटीको लडाइंमा हामीले देख्यौं**
**वंशज मात्र नासिएको**
**शोषणको कसीमा घोटिंदा**

**दापभित्रै खुकुरी भुत्ते भइसकेछ**
**मनको लहलहाउँदो त्यो पाखा**
**पर्खालमुनि थिचिएछ**
**उज्यालो नाएर, सेप लागेर पहेलिएछ**
**हा, दिउँसै रात परेछ**

**(उज्यालो बिहानी पोखिन्छ जब २८+२९)**

'तातो घाममा कविको चाहना हाँकको रूपमा नै प्रस्तुत भएको छ । अँध्यारो कोठामा न्यानो घाम भित्र्याउने चाहना अभिव्यक्त भएको यस कवितामा उक्त चाहना परिपूर्तिका लागि युद्धको हाँक पनि दिइएको छ । 'करूणा' सर्वोच्च शक्ति परमात्माको करूणा बर्सोस्, निराधार जीवनमा आधार बनी सबै कामना पखाल्ने झर्ना बनी प्रभुको पदार्पण होस् भन्ने चाहना प्रकट भएको छ । 'यात्रा' कवितामा अति भौतिकता र आडम्बरले चुर्लुम्म डुबेको निस्सासिँदो वातावरणबाट उन्मुक्त हुने चाहना प्रकट भएको छ । 'निस्सासिए कहानीहरू' मा जीवनलाई वास्तविक रूपमा ज्युन नसकेको गुनासो साथमा जीवनको वास्तविक मीठो स्वार्थका साथ जीवन ज्युने आकांक्षा प्रकट भएको छ । 'याचना उज्यालोको' कवितामा सुख तथा उज्यालो पक्षको खोजीमा बेहोर्नु परेको आँधीहुरी, विखण्डन र नयाँ अनुहारको उल्लेख गर्दै उज्यालो, सुख वा ज्ञानको प्रकाशको चाहना प्रकट गरिएको छ ।

प्रस्तुत संग्रहका सबैजसो कविताहरूमा युगीन विसंगति र विकृतिको अभिव्यक्ति त भएकै छ तर पनि प्रधानताका दृष्टिले हेर्दा 'मानिस', 'एउटा अभिव्यक्ति', 'विश्वासघात', 'उसको छोरो भोकै छ', 'युद्ध', 'एउटा कथा' 'दृष्टिहीन' र 'मेरो अंगालोभित्र आऊ' कविताहरूमा युगीन विकृति प्रमुख रूपमा अभिव्यक्त भएको छ । 'मानिस' कवितामा आजको मानिसको विकृत रूपको चित्रण भएको छ । आजको मानिस मित्रतामा अविश्वास, कुटनीतिमा रिस र प्रतिशोध अनि मायामा स्वार्थ लुकाएर संसाररूपी रंगमञ्चमा सच्चा मानिसको अभिनय गरिरहेको छ । यसैले आजको मानिस मानिससँग नै त्रस्त हुन बाध्य छ भन्ने भाव प्रकट भएको छ ।

'एउटा अभिव्यक्ति' मा आजका मानिसहरू जित्ने चाहनामा, जीवन जिउने बहानामा होसै गुमाएर दौडेका छन्, त्यसैले मानवतारहित मानिस हुँदै गइरहेका छन् भन्ने तथ्यको उद्घाटन गरिएको छ भने 'विश्वासघात'मा मानिसमा विकसित हुँदै आएको विश्वासघाती चरित्रदेखि विस्मित भएर प्रश्न उठाइएको छ । 'उसको छोरो भोकै छ' मा देशको लागि लडेर वीरगति प्राप्त गर्ने शहीद परिवारको विचल्लीमा शहीदको आत्मा छटपटिएर भौंतारिनुपर्ने विसंगत स्थितिको चित्रण भएको छ ।

**ऊ भोकै थियो**
**र पनि हाँसेकै थियो**
**न्यानो घाम ताप्न लगाएर**

अरूलाई–
छातीभरि तातो गोली थापेको थियो ।
उसको भोकाएको छोराको अनुहार भने
उसको आँखाभरि नाचेको थियो ।
थर्केका ओठहरू केही भनिरहेथे ।
(उसको छोरो भोकै छ-४५)

'एउटा कथा' मा युद्ध र विखण्डनले ल्याएको विसंगतिको संकेत गरिएको छ भ 'दृष्टिहीन' मा शोषणमा अभ्यस्त हुँदाहुँदै शोषितको पसिनामा डुबेर विवेकको आँख गुमाएका वर्गको चित्रणका साथमा त्यसले निम्त्याएको विकृतिको अभिव्यक्ति गरिएक छ । 'मेरो अंगालोभित्र आऊ' कवितामा देशमा व्याप्त हत्या र हिंसाजस्ता विसंगति जन्माएको पीडामा छटपटाएकी मातृभूमि तथा मातृशक्तिको चित्कारको अभिव्यक्ति भएको छ ।

संगीनले घोचेका ती आला घाउहरू
मभित्र जन्मेको एउटा
सिंगो सूर्यको रापले मेटिदिन्छ
पचाइसकेको छ
तिमी नडराऊ
आऊ– मेरो अंगालोभित्र आऊ ।
(मेरो अंगालोभित्र आऊ ७१+७२)

प्रस्तुत संग्रहमा संग्रहित उपर्युक्त शीर्षकभित्र समाविष्ट नभएका कविताहरूलाई विविधत्व विषयभित्र समेटिएको छ । 'समर्पित विश्वास', 'प्रतिघात', 'मेरो देश', 'कवि कटुवालप्रति', 'खाँचो', 'प्रवेश', 'जयन्ती', 'यन्त्रणा', 'क्षति', 'सिपी होइनन्', 'कस्तो प्रेम', 'जिउँदो जिन्दगी' शीर्षकका कविताहरूमा विविध विषयको प्रकटीकरण गरिएको छ । समर्पित विश्वासमा त्रास र अविश्वासको वातावरणमा पनि पीरको पहाड चढ्दै लड्दै अरूको तीव्र प्रलोभनमा आँखा छोप्दै आफ्नो उद्देश्य प्राप्ति (युद्ध माथिको विजय) को विश्वासमा नै समर्पित भइरहेको/भइरहने उद्घोषणाको अभिव्यक्ति भएको छ ।

'प्रतिघात' मा शोषण, उत्पीडन, नियन्त्रण र आघातको विरूद्धमा जन्मिएको प्रतिघात अभिव्यक्त गरिएको छ भने 'अन्तर्द्वन्द्व' मा संकीर्ण मानसिकताको प्रहारबाट आहत अवस्थामा पाएको धोकालाई प्रेरणा र हारलाई जीतमा पुग्ने पुल बनाई आफूलाई आफैले सम्हाल्दा सम्हाल्दै पनि आघातको घाउचाहिं निको पार्न नसक्दा उठेको मानसिक द्वन्द्व प्रकट गरिएको छ । 'मेरो देश' मा आफ्नो देशप्रतिको कृतज्ञता भाव, उत्तरदायित्वको बोध, देशको विसंगत स्थितिप्रतिको चिन्ता र एक न एक दिन स्वार्थको बादल फाटी शान्तिको उज्यालो घाम लाग्ने अपेक्षा अभिव्यक्त भएको छ । 'कवि

कटुवालप्रति' मा शीर्षकअनुसार नै कवि हरिभक्त कटुवालको सम्झना र उनको महत्व गायन गरिएको छ भने 'खाँचो' मा मानिसलाई मानिसभैँ बाँच्न पाउने वातावरण सिर्जनाका लागि युगलाई हाँक्न सक्ने कर्मठ, निस्वार्थ र त्यागी व्यक्तिको खाँचो भएको प्रस्तुति गरिएको छ । 'प्रवेश' मा ममताको बाँध फोरी मनभित्र प्रवेश गर्न सक्षम वातावरणको चित्रण गरिएको छ भने 'जयन्ती' मा जयन्ती मनाइने वातावरणको प्रतिकात्मक प्रस्तुति गरिएको छ । 'यन्त्रणा' मा शुभचिन्तक बनेर अनावश्यक अवरोध खडा गर्नेको यन्त्रणामा परी कुन्जिन पर्दाको कुण्ठा अभिव्यक्त भएको छ भने 'सीपी होइनन्' सीमामा बाँधिएको भावना/संवेदनाको अभिव्यक्ति सीपी हुन नसक्ने विचारको प्रस्तुतिका रूपमा रहेको छ । 'क्षति' मा एकान्तबाट चपाइएको मानसिकता र त्यसको परिणतिको प्रस्तुति बनेको छ । 'कस्तो प्रेम' मा कविको प्रेम सम्बन्धी परिभाषाका साथमा कविको शास्वत तथा निरपेक्ष प्रेमप्रतिको आकर्षणको प्रस्तुति भएको छ । 'जिउँदो जिन्दगी' मा स्वतन्त्र निर्भय जीवनप्रतिको आकर्षणको प्रस्तुति भएको छ ।





चक्रब्यूह कविता सङ्ग्रहको विमोचन गर्दै कवि मञ्जुल र साथमा चन्द्रकला नेवार (३) ।

चन्द्रकला नेवारका ५३ कविताहरूको संगालो 'चक्रब्यूह' का कविताहरूलाई प्रस्तुतिका दृष्टिले हेर्दा 'केही चिन्तन', 'जीवन संगीत' र 'करूणा' तीन कवितामा पद्यलयात्मकताको प्रधानता रहे तापनि अन्य सबै कविताहरू गद्यलयात्मक नै रहेका छन् । आकारका दृष्टिले 'चक्रब्यूह' 'सृष्टि उसको वरदान' र 'मेरो अंगालोभित्र आऊ' शीर्षकका केही कविताहरूबाहेक अन्य सबै कविताहरू एक पृष्ठदायिक रहेका छन् । यस हिसाबले प्रस्तुत संग्रहका कविताहरू मझौला आकारका फुटकर कविताका रूपमा नै प्रस्तुत भएका छन् । सरल बोलचालको शब्द तथा वाक्य प्रयोग भएको र तिनै सरल तथा दैनिक व्यवहारिक बोलचालमा प्रयुक्त शब्दहरूद्वारा निर्मित बिम्ब तथा प्रतीक योजनाले सबै कविताहरू भाषिक दृष्टिले सरल नै रहेका छन् । तर विसृङ्खलित

प्रस्तुतिका कारण अधिकांश कविताहरू अमूर्त चित्रकलाको शाब्दिक रूपझैं प्रतीत हुन्छन् । कुनै विषयको शृङ्खलित, सहज र सरल अभिव्यक्ति नभएर भावनाको उडानमा चिन्तनको रङ जथाभावी भरिएको हुँदा कविताको पंक्ति सुसन्वोध हुनसकेको छैन । सिंगो कविता पढ्दा झ्याप्प जे बुझिन्छ, मानसिकतामा जेजस्तो प्रभाव पर्छ त्यसैमा चित्त बुझाउनु पर्ने प्रयोगवादी कविताको शैली यस संग्रहका कविताहरूको शैली बनेको छ ।

वनिता प्रकाशनले प्रकाशन गरेको प्रस्तुत पुस्तकमा 'अस्मिताको खोजी र प्रश्नहरूबीच चक्रब्यूह' शीर्षकमा कवि शैलेन्द्र साकार र चक्रब्यूह : यथार्थ जीवनको अनुभूति शीर्षकमा यादव भट्टराईले भूमिका लेखका छन् । ७७+५ पृष्ठ रहेको यस कृतिको मूल्य ८५ रहेको छ ।




# चन्द्रकला नेवारको

# साँघुरो धरातल

कथाकार चन्द्रकला नेवारको 'साँघुरो धरातल' दोस्रो पुस्तकाकार कथाकृति हो । यो कृति वि.सं. २०६२ सालमा वनिता प्रकाशनको संयोजनमा प्रकाशित भएको थियो । प्रस्तुत कथाकृतिभित्र पूर्वप्रकाशित र अप्रकाशित जम्मा १२ वटा कथाहरू समावेश गरिएका छन् । सामाजिक मनोविश्लेषणमा आधारित प्रस्तुत कृतिमा 'कथा अधूरै छ', 'चुनौती', 'साँघुरो धरातल', 'भोक', 'तपस्या', 'अनिंदो बन्धन', 'अनावर्तन', 'प्रतीक्षा', 'अजिर्ण भोक', 'अग्निस्नान', 'तिम्रो माया मेरो माया' र गिद्ध शीर्षकका कथाहरू समाविष्ट छन् ।

प्रस्तुत कृतिमा लेखिकाले समाजमा रहेका विकृति विसंगतिलाई प्रहार गरेर पुरूषद्वारा नारीमाथि गरिने अन्याय, अत्याचार तथा नारीले नारी भएकैमा भोग्नुपर्ने दुःख, पीडा, व्यथा आदि विविध विषयलाई कथानकको रूपमा उठाएकी छन् । चरित्र र अस्तित्वप्रधान उनका कथामा प्रेमको आलाप, घातप्रतिघात, घर समाज, देश-देशान्तरका विविध पक्षहरू उठाइएका छन् । प्रस्तुत यस कृतिमा पनि अघिल्लो कृतिमा जस्तै मानवीय संवेदना र सामाजिक यथार्थका घटना-प्रतिघटनाहरूको प्रयोग भरपूर रूपमा गरिएको छ । कथाकारले समाजमा नकारात्मकताको बोलवाला बढेर आपराधिकताको विकास भएको दृष्टिकोण प्रस्तुत गरेकी छन् ।

समाजलाई सभ्य, शान्त, सरल, चरित्रवान्, नैतिकवान् र विकृतिरहित बनाउन सर्वप्रथम व्यक्तिभित्र रहेको गलत सोच, गलत चाहना, स्वार्थ र अभिमानलाई त्याग्नुपर्ने धारणा व्यक्त गरिएको छ । कथाकारको कथामा अभिव्यक्त भएको सन्देश पनि यही नै हो ।

'कथा अधुरै छ' प्रस्तुत कृतिको प्रथम कथा हो । यस कथामा एउटी निःसन्तान महिलालाई श्रीमान्बाट प्राप्त हुन आएको धोका र उसको चरित्रको बारेमा कथानक

बुनिएको छ । प्रस्तुत कथामा सुन्दरताको प्रशंसा हुनु सकारात्मक पक्ष रहेको धारणा व्यक्त गरिएको छ । महिलाहरू घरभित्र बसेर चुलोचौकोमा मात्र सीमित रहनु हुन्न तथा आर्थिक, सामाजिक र राजनीतिक पहुँच सुरक्षित गर्न अगाडि बढ्नुपर्छ भन्ने विचार उल्लेख भएको छ । कथामा लेखिकाले पितृसत्तात्मक सामाजिक संरचनाका विरुद्ध असहमति र आक्रोस व्यक्त गरेकी छन् । प्रस्तुत कथाको एक अंश :

'अब दिदी कटुसत्यको सुन्मुखिन हुनैपर्छ । निषेधका अनावश्यक लक्ष्मणरेखा नाघ्न सक्नुपर्छ । आफ्नो पाखुरीको बलमा बाँच्न सक्नुपर्छ । कसैले स्वास्नीमान्छेको खिल्ली उडाएको छ, त्यसलाई डटेर सामना गर्नुपर्छ । पितृसत्तात्मक समाजले नारीजातिलाई, नारीको जीवनलाई, मानमर्यादालाई कर्कलाको पातमा अडिएको पानीको थोपाजस्तै बनाएको छ । नारीजातिलाई सतित्वको घेराभित्र राखेर पवित्रता बन्न आवश्यक बनाएर पुरुष सदासर्वदा स्वतन्त्र र पवित्र बनेको छ ।'

नारी अस्तित्ववादी प्रस्तुत कथामा प्रगति, उन्नति, स्वतन्त्रता, समानता, न्याय र परिवर्तनका आवाजहरू बेजोडले उठाइएको छ । आफ्नो अधिकार प्रयोग गर्दा अरूको मर्यादालाई भुल्नु हुन्न भन्ने सन्देश अभिव्यक्त भएको कथामा महिलाहरू पुरुषका कारणले मात्र नभएर आफ्नै कमजोरीका कारण स्वतन्त्र हुन नसकेको विचार व्यक्त गरिएको छ । कथामा महिलाको वर्तमान अवस्था, समाजको चरित्र र महिलाले खेल्नुपर्ने भूमिकाको बारेमा स्पष्ट दृष्टिकोण प्रस्तुत गरिएको छ ।

'तपश्या' कथामा प्रेमलाई आस्था, विश्वास, समर्पण र पवित्र आत्माको स्पन्दन हो भनिएको छ । प्रेम अलौकिक र अवर्णनीय हुन्छ । प्रेम अव्यक्त हुन्छ तर मनमा फुरेको हुन्छ । प्रेमको आफ्नै परिभाषा हुँदैन, त्यो अव्यक्त हुन्छ । प्रेम देखिने, बोलिने र सुनिने वस्तु होइन, प्रेम अनुभूतिको उत्कर्ष हो । प्रेम असीम, आलोकित र अकन्टक हुन्छ । प्रेमको कुनै योजना, लक्ष्य र सिद्धान्त हुँदैन । प्रेम भावनाको अभिव्यक्त रूप हो । प्रेम अदृश्य रूपमा जहाँतहीँ पोखिन्छ । जसको कुनै सीमा हुँदैन । प्रेममा प्राप्ति पनि हुँदैन । प्राप्ति मात्र प्रेम होइन । प्रेममा अतृप्ति, प्यास, जलन, छटपटी, पीडाजस्ता पक्षहरूको बाहुल्यता हुन्छ । त्यसैले प्रेम निरन्तर विश्वासको आधारमा चल्ने एउटा साधन हो, जसले मानिसको जीवनलाई क्रियाशील बनाइरहेको हुन्छ । 'तपश्या' यस्तै विशिष्ट सन्देश बोकेको जीवनवादी कथा हो । प्रस्तुत यस कथामा हजुरआमा र नातिनीबीचको सम्वादलाई विभिन्न प्रस्तुतिका रूपमा कथानक बुनिएको छ । यस कथाकी प्रमुख पात्र हजुरआमा राम्री, सुन्दर, बान्की परेकी, चहकिली र मनमोहक छिन् । उनको सुन्दरतामा खोट लगाउने ठाउँ कतै छैन । 'यति सुन्दर भएर पनि मेरै हजुरआमा एक्लै छिन् किन ?' नातिनीको मनमा प्रश्न उठ्छ । ऊ हजुरआमाका बितेका जीवनबारे जान्न चाहन्छे । तर कसै गरे पनि उत्तर पाउन सक्दिन । उसको आशा मरेको छैन । आशा उद्देश्यको सन्निकट पुग्ने आधार हो । त्यसो त उसले हजुरबाको बारेमा गाउँलेहरूबाट विभिन्न कुराहरू सुनेकी हुन्छे ।

सुनेका कुराहरूमा एकरूपता पाउन सक्दिन । उसले हजुरबुबाप्रति आफ्नै दृष्टिकोण बनाउँछे । उसका नजरमा हजुरबुवा कदापि असल चरित्रका हुन सक्दैनन् । अपराधी र दोषी हुन् उनी । यो उनको आफ्नो आक्रोस थियो । समय अगाडि बढ्दै जान्छ । एकदिन हजुरआमा एउटा पीपलको बोटलाई पूजा गरिरहेकी हुन्छे । यो दृश्य उसलाई अनौठो लाग्छ । उसको जिज्ञासा व्यक्त गर्दै 'हजुरआमा भन्छिन्ः

**'यस पूजामा एउटा कथा छ, रहस्य लुकेको छ, यहाँ सम्झना छ, विश्वास र प्रगाढ आस्था छ । यो आस्थाको चौतारी हो । यहाँ जीवन छ, माया, प्रेम र स्मृति छ । यो स्मृतिको प्रतिसूचक हो । नानु, तिमी कुरा बुझ्दिनौ ।'**

समग्रमा कथा रोचक, मार्मिक र गहन बनेको छ । कथाले अप्राप्तिमा पनि विद्रोह र आक्रोसको भाषा बोलेको छैन । मानवता र मानवीय गुण विश्वासको रूपमा प्रकटित भएको छ । कथाले विशेषगरी प्रेमलाई त्याग तपश्याको रूपमा चित्रण गरेको छ ।

यस्तै अर्को कथा 'अनिंदो बन्धन' मा प्रेमीको षड्यन्त्रमा परेर प्राप्त हुन आएको दुःख, पीडा, बेचैनी, छटपटी, उकुसमुकुसजस्ता मानवीय पीडालाई अनिँदो बन्धनको रूपमा व्यक्त गरिएको छ । लेखिकाले यस कथामा आख्यानमा हुनुपर्ने सामान्य मान्यताहरूको समेत प्रयोग गर्न बिर्सेकी छन् । यो कथा भएर पनि अकथा बन्न पुगेको छ । यो कथा नभएर निबन्ध बन्न पुगेको छ । 'मलाई निद्रा किन लागेन' भन्ने आत्मरागपूर्ण प्रस्तुति यसमा रहेको छ । यसमा लेखिकाले ध्यान नपुऱ्याएकी हुन् वा भावनामा तरंगिंदै गर्दा निबन्धजस्तो बन्न पुगेको हो, भन्न कठिन छ ।

अनावर्तन कथामा श्रीमतीबाट पीडित पुरूषको जीवन चरित्रलाई प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ । समाजमा पुरूषमात्र खराब चरित्रका हुँदैनन्, महिला पनि खराब हुन्छन् भन्ने कुरा दर्शाउन खोजिएको छ । खोक्रो आडम्बर, सस्तो मनोरञ्जन र अप्रिय लोकप्रियताको पछि लाग्दा उत्पन्न हुने दर्दनाक परिणामको विवेचना कथाको मूलभूत विशेषता हो ।

**विजय सरल, इमानदार, कर्तव्यनिष्ठ र सामान्य लेखपढ गरेको व्यक्ति हुन्छ । ऊ धर्म, संस्कृति, पारिवारिक संस्कार, परम्परा र जीवनप्रंति सकारात्मक र जिम्मेवार देखिन्छ । ऊ मानिसको सुन्दरतामा भन्दा सुन्दर आचरणमा विश्वास गर्छ । उसलाई आधुनिकताको नाममा बजारमा सिर्जित वस्तुप्रति पटक्कै रूची छैन । आफ्नो हैसियत र क्षमताभन्दा माथि उठेर अनावश्यक देखासिकीको पछि लाग्नु हुन्न भन्ने उसको विश्वास छ । तर उसको विचार, विश्वास र सिद्धान्तप्रति श्रीमती विनिता सहमत हुन सक्दिनन् । विनिता आफूलाई सम्पूर्ण रूपले स्वतन्त्र राख्न चाहन्छे । श्रीमान्प्रति थोरै पनि आस्था, विश्वास, माया, प्रेम र श्रद्धाभाव छैन । उसका लागि श्रीमान्, घर, परिवार सब अनावश्यक लाग्छन् । त्यसो त विनिता पढेलेखेकी शिक्षित महिला हुन्छे । तर उसमा सकारात्मक चेतना थिएन । डिस्को जानु, रमाइलो गर्नु, राति अबेरसम्म घरबाहिर बस्नु र परपुरूषसंग यौनलिप्सामा लिन हुनु उसको विशेषता थियो । विनिता गलत बाटोमा हिंडिरहेकी छ भन्ने विजयलाई राम्रो जानकारी थियो । ऊ आफ्नो श्रीमतीलाई हरतरहले सम्झाउने र गलत बाटो परित्याग गर्न**

सुझाव दिने गर्दथ्यो । तर विनिता उसको सकारात्मक कुरा ग्रहण गर्नुको साटो उल्टै ठूलो स्वरले बोलेर नानातरहले गाली गर्ने गर्दथी । उसका अगाडि विजय एउटा निरीह, कमजोर र कायरताको पराकाष्ठा नाघेर प्रस्तुत हुन्थ्यो । यो उसको बाध्यता र विवशता थियो । विजय श्रीमतीको स्वभावबाट अत्यन्त प्रताडित थियो । आफू पुरुष भएर पनि नामर्दसरी बस्नु परेकोमा उसमा हिनताबोध उत्पन्न हुन्छ र कथा सकिन्छ ।

धनसम्पत्ति र भौतिक प्राप्तिले मात्र मानिस सुखी हुने होइन, सुखी जीवनका लागि माया, प्रेम, विश्वास, पारिवारिक मेलमिलाप, एकता सद्‌भाव प्रमुख कुरा हो । सरल, शान्ति र प्रेमिल वातावरण मानिसको बाँच्ने आधार हो । यिनै कुरा प्राप्तिका लागि तथा एकल जीवनबाट उन्मुक्ति पाउन, एकअर्कामा माया र विश्वासको फूल रोज्न विवाह गरिन्छ । विवाह सन्तान जन्माउने र यौनतृप्ति पूरा गर्ने मात्र माध्यम होइन । पारिवारिक निरन्तरताका लागि यो पनि एउटा पक्ष हो । तर, एक अर्काको परिपूरक कर्तव्य र दायित्वलाई स्वीकार्दै जीवनको रथलाई हाक्न कम्मर कस्नु नै विवाह हो । केवल एक अर्कामा समर्पित भएर पुष्पशय्यामा ढुक्क निदाउनु विवाह होइन । साँचो अर्थमा भन्ने हो भने दाम्पत्य जीवन यस्तो एउटा समुद्र हो, केवल पौडी खेल्न जान्दैमा त्यसको गहिराई नाप्न र भुई स्पर्श गर्न सकिँदैन । त्यसको लागि पानी बन्नुपर्छ । एकआपसमा भावना विचार साटासाट गरेर असहमतिलाई पखाल्न सक्नुपर्छ । अनि मात्र वैवाहिक जीवनको पूर्णता प्राप्त गर्न सकिन्छ । प्रस्तुत कथामा लेखिकाको उपदेश, भावना र चाहना भनेकै दाम्पत्य जीवनको सफलता हो र त्यसका लागि आपसी प्रेम, विश्वास र समर्पण अपरिहार्य तत्व हो । अन्यथा जीवन नै समाप्त हुन पुग्दछ भन्ने सन्देश कथाको मूल आशय हो ।

संग्रहको अर्को कथा 'प्रतीक्षा' मा एउटी विवाहित महिलाको अव्यक्त पीडा, छटपटी, मृगतृष्णा, चाहना र अतृप्तीलाई कथानकको रूपमा प्रस्तुत गरिएको छ । वर्षौदेखि टाढिएर बसेकी श्रीमतीले लोग्नेलाई सम्मुख पाउँदा के कस्ता किसिमका अपेक्षा गरेकी हुन्छे भन्ने कुराको रहस्योद्‌घाटन कथाको मूल चरित्र हो । कथामा सासु र बुहारीको प्रेम, यौनको अतृप्ति र अतृप्तताबाट मनमा उत्पन्न हुने शंका आदिलाई विषयको रूपमा उठाइएको छ । यद्यपि कथाको सारभूत पक्ष यौनचाहनाकै रूपमा प्रकटित भएको छ । कथामा यौनचाहनालाई आकाश र धर्तीको प्रेमप्रसंगको रूपमा अभिव्यक्त गरिएको छ ।

शशी मस्त जवानीले भरिएकी सुन्दर विवाहित महिला हुन्छे । उसको श्रीमान् स्यान् विदेशमा हुन्छ । श्रीमान्‌को आउने प्रतीक्षा गरेर ऊ सासूको साथमा बसेकी हुन्छे । ऊ हरेक दिन कुनै न कुनै रूपमा आफ्नो श्रीमान्‌लाई सम्झने गर्छे । जतिबेला ऊ लोग्नेको याद गर्छे, त्यसबेला यौनचाहनाले उसको मनमस्तिष्क र शरीर उत्तेजनताले सहिनसक्नु हुन्छ । उसलाई आफ्नै शरीर भारी हुन्छ । ऊ आफैं शरीरसंग खेल्न थाल्छे । उसले शरीरका प्रत्येक अंगअंगमा स्पर्श गर्छे र क्षणभरमै ऊ पानी हुन्छे । यस्तै यौन समागमको कल्पना

**साथ उसका दिनहरू बितिरहेको हुन्छ । यत्तिकैमा उसको श्रीमान् विदेशबाट आउँछ । श्रीमान् आउने दिन उसका मनमा अनेकथरी कुराहरू खेल्न थाल्छन् । उसको मन रोमाञ्चित र प्रफुल्ल हुन्छ । ऊ वर्षौंदेखिको प्यास मेटाउने अवसर प्राप्त हुन लागेकोमा खुसी हुन्छे । ऊ श्रीमान्का अगाडि कसरी आकर्षित, राम्री र कामुक देखिने भन्ने चिन्तामा पर्छे । उसको चिन्ता साम्य हुन नपाउँदै श्रीमान् घरमा आइपुग्छ । तर विडम्बना उसले वर्षौंदेखि साँचेर राखेको, चाहना, कल्पना, सपना पूरा हुन नपाउँदै हराउन पुग्छ ।'**

कथा अव्यक्त यौनचाहनासँग सम्बन्धित भए पनि सामाजिक र मानवीय यथार्थमा आधारित छ । कथामा कोरा यौनको कुरामात्र छैनन् जीवन र दर्शनका बारेमा अनगिन्ती दस्तावेजहरू प्रस्तुत भएका छन् । यस कथामा पनि अन्य कथाहरूमा जस्तै नारी संवेदना र नारी जीवनका विषयहरू नै प्रधानताका साथ प्रकट भएका छन् ।

'अजिर्न भोक' कथामा गरिवी, गरिवको पीडा गरिवीबाट उत्पन्न समस्या, गरिवको चित्कार र गरिवीप्रति सामाजिक दृष्टिकोणजस्ता पक्षहरूमा कथानक लेखिएको छ । धनी, गरिव, शिक्षित अशिक्षित, सानोठूलो सामाजिक विशेषता हो । समाजमा सबै वर्ग, जातजाति समान स्तरका छैनन् र हुँदैनन् पनि । मानिस धनले गरिव भए पनि मन र विचारले उच्च हुनुपर्छ । उच्च विचार भएका मानिस कहिल्यै गरिव हुँदैनन् । उच्च संस्कार भएका मानिस गरिव भए पनि धनी व्यक्तिका रूपमा चिनिन्छन् भन्ने जनसन्देश प्रस्तुत कथाको मौलिक पक्ष हो । कथामा राष्ट्रियता देशप्रेम र समाजको अदूरदर्शी चरित्रका बारेमा पनि उल्लेख भएको छ । साथै कथाले वैदेशिक रोजगारमा जाने युवाहरूको मार्मिक पीडा र विदेशको अन्यायपूर्ण व्यवहारको उजागर गरेको छ ।

यस्तै 'तिम्रो माया मेरा माया' कथामा प्रेमलाई भित्री मनको स्पन्दनको रूपमा व्याख्या गरिएको छ । यस कथामा पुरूषको प्रेमपूर्ण संवेदनशील मनको उच्च रूपले सम्मान गरिएको छ । आफू मर्ने निश्चित भएपछि प्रेमिकाको मनमा पीडा नहोस् भनेर प्रेमीले दर्शाएको सतर्कताको व्याख्या गरिएको छ ।

**'निशान्त र सुधा निकटवर्ती मित्रका साथै प्रेमिप्रेमिका पनि हुन्छन् । उनीहरूको प्रेमसम्बन्ध विवाहमा परिणत हुन्छ । दुवैले कानुनी विवाह गर्न पुग्छन् । विवाहलगत्तै निशान्त काम विशेषले बेलायत गएको हुन्छ भने सुधा एमएको तयारीमा हुन्छे । दुरीको हिसाबले टाढा भए पनि मन र मायाको हिसाबले उनीहरू निकट हुन्छन् । दुवै एक अर्कालाई असीम र समर्पणयुक्त प्रेम गर्दछन् । दुवैको प्रेममा स्वच्छता, निर्मलता, पवित्रता र निस्वार्थता झल्किको हुन्छ । एक अर्कोविनाको जीवनमा अपूर्ण, अधुरो र निरर्थक अनुभूति हुन्छ उनीहरूलाई । उनीहरू एउटै रथका दुई पांग्रा हुन् । दुईटा मुख एउटै ढुकढुकी हुन् । चिठी आदानप्रदान भइरहेको हुन्छ । निशान्त अचानक बिरामी पर्छ । उसलाई ब्लडक्यान्सर भएको हुन्छ । उसको बाँच्ने सम्भावना सम्पूर्ण रूपले समाप्त हुन पुग्छ । आफू मर्दैछु भन्ने निश्चित भएपछि उसलाई सुधाको बेजोडले याद आउँछ । ऊ रून्छ, कराउँछ, याचना गर्छ, छातीमा मुड्की बजार्छ तर विवश मृत्युका अगाडि उसको कुनै उपाय चल्दैन । ऊ मृत्युसँग आफ्नो जीवन समर्पण गर्न पुग्छ । एम.ए.मा पढ्दै गरेकी सुधा आफ्नो मृत्युको कारणले**



साँघुरो धरातलको विमोचन गर्दै विष्णुविभु घिमिरे र आगन्तुकका साथ लेखिका चन्द्रकला नेवार (दायाँबाट दोस्रो) ।

विछिप्त भएर पागल हुन पुग्छे र उसको जीवन नै ववार्द हुन्छ भन्नेप्रति ऊ सजग थियो । त्यसैले मृत्यु अगाडि उसले फरक फरक मितिमा अनगिन्ती चिठीहरू लेखी छोडेको थियो ।

कथा तीव्र संवेदनामा आधारित भएर लेखिएको छ । कथामा हाँसो-खुसीभन्दा पीडा, दुःख र क्रन्दन बढी रूपमा व्यक्तिएको छ । कथाले प्रेमलाई अजर, अमर र जुनीजुनीका लागि जीवन्त तुल्याएको छ । मान्छे मर्न सक्छ तर साँचो माया कहिल्यै मर्दैन भन्ने कथाको मूल पक्ष हो । कथाले प्रेमका नाममा अरूका जीवनसँग खेल्ने समूहलाई दरिलो उदाहरण प्रस्तुत गरेको छ ।

कृतिको अन्तिम कथा 'गिद्ध' मा एउटा पुरूषको खराब चरित्रलाई गिद्धको रूपमा प्रस्तुत गरिएको छ । कथामा आफ्नै छोरीसमानकी किशोरीलाई बलात्कार गरेर घरबेटीबा नामको यौनपिपासु पात्रले गिद्धको चरित्र प्रदर्शन गरेको छ । ऊ कुनै पनि अवस्थामा मान्छे हुन सक्दैन । आफ्नै घरमा कोठा भाडामा लिएर बसेकी छोरी समानकी चेलीलाई गिद्धे दृष्टिले हेर्ने र उसको अस्तित्व हरण गर्ने व्यक्ति कुनै पनि परिभाषामा मान्छे होइन, ऊ त राक्षसी, दानव हो, पापिष्ट नरभक्षी पशु हो ।

'जुनेली एउटी गरिव बाबुआमाको जेठी छोरी हुन्छे । ऊ कम उमेरमै सुन्दर र जवान देखिन्छे । उसको पिता गरिब भएकाले धन कमाउन वैदेशिक रोजगारीमा गएको हुन्छ । घरमा बहिनी र आमामात्र हुन्छन् । आमा बिरामी परेकी हुन्छे । उनलाई अस्पतालमा भर्ना गरिएको हुन्छ । ऊ खाना लिएर आमालाई भेट्न जान लागेकी हुन्छे । यसैबेला उसको


**घरबेटी कोठामा आउँछ । घरबेटीको नियत उसलाई ठीकजस्तो लाग्दैन । घरबेटीलाई बाहिर जान आग्रह गर्छे । यसैबेला घरेबेटी बाहिर जानुको साटो कोठाको ढोका बन्द गरेर ऊमाथि झम्टन पुग्छ र बलात्कार गर्छ । निकै बेरपछि होसमा आएर अस्पताल पुग्दा उसकी आमाले संसार छोडिसकेकी हुन्छे ।'**

कथामा गरिवी, गरिवीका कारण उत्पन्न पीडा र गरिवीकै कारण बलात्कृत हुनुपरेको किशोरीको दर्दनाक अवस्थाको चित्रण राम्ररी गरिएको छ । कथाले यौनका लागि उमेर, वर्ग केही पनि नहेर्ने आपराधिक प्रवृत्तिको बूढो मानिसको चरित्रलाई अत्यन्त रोचक, सरल र रचनात्मक स्वरूपबाट दर्शाएको छ । कथा यौनचरित्रमा विभक्त भए पनि समाजका सबै पक्ष र निरीह प्रवृत्तिलाई सूक्ष्म रूपले त कतै आवेगात्मक प्रस्तुतिले सिंगार्ने प्रयास भएको छ ।

प्रस्तुत संग्रहमा प्रयोग भएको भाषाशैली सरल, सहज र सलिल नै देखिन्छ । कतैकतै झर्रो शब्द र क्लिष्टहरूको प्रयोग भएको छ । नेपाली समाजमा प्रचलनमा रहेका उखान र टुक्काहरूको प्रयोग पनि भरपूर रूपमा भएको छ । प्रायः सबै नेपाली समाजका चलनचल्तीका शब्दहरू भएका छन् भने कुनै कुनै कथाहरूमा भारतीय प्रवाशी नेपाली समाजका चल्तीमा रहेका शब्दहरूको पनि प्रयोग भएको छ । प्रस्तुत कथाको उद्देश्य समाजमा व्याप्त अमानवीय घटनाप्रवृत्तिको अन्त्य हुनुपर्छ भन्ने रहेको छ । समग्रमा कृति पठनीय, रोचक, चेतनामूलक र ज्ञानवर्द्धक रहेको छ ।

# चन्द्रकला नेवारको

# तृष्णाको लहरी




गीतसंगीत मानव जीवनको अभिन्न साथी, दुख पीडा, वेदनाको बिसौनी, मनको स्पन्दन, माया, प्रेम, विश्वास र आस्थाको चौतारी, मनोरञ्जनको पराकाष्टा, परिवर्तनको संवाहक, चेतनाको प्रस्थानविन्दु, राष्ट्रियताको द्योतक, आवाजको प्रहसन, आग्रह अनुग्रह र याचनाको अभिव्यक्ति, एकताको माला, कला र प्रतिभाको संयोजन गीत, मानवमात्रको मौलिक सिर्जना र प्रस्तुति हो । यस्तै मौलिक सिर्जना र प्रस्तुति रहेको चन्द्रकला नेवारको 'तृष्णाको लहरी' गीतसंग्रह विशिष्ट आयाम हो ।

'तृष्णाको लहरी' गीतकार नेवारद्वारा लिखित पाँचौ पुस्तकाकार कृति र प्रथम गीतसंग्रह हो । प्रस्तुत कृतिमा विविध भाव र सन्देश बोकेका ६६ वटा गीतहरू संग्रहित छन् । संग्रहका प्रायः सबै गीतहरूमा लेखिका आफैंले स्वर भरेर रेकर्ड गराएकी छन् । वि.सं. २०६३ मा 'गुन्जन' को संयोजनमा प्रकाशित यस कृतिमा आँखाभरि राख्दाराख्दै, 'रहरहरू बगाइ लगे', 'बेहोसीमा थाहा नपाइ', 'म एक्लो छु परदेशमा', 'मुटुदेखि मुटुसम्म', 'प्रेम तिम्रो हजार नाम', जति माया दिन्छौ तिमी', 'माया लाउन नजान्नेले', 'पूर्वबाट उज्यालो आयो', 'मुटु छुने इसारा', 'ए मन प्यारी', 'मन मेरो साटिएछ', 'तिम्रो मेरो जिन्दगीको', 'बिर्सिदेऊ मलाई', 'कति लुकाउँ पीरहरू', 'बिर्सिदिन सक्ने भए', 'शिरिष फूल्यो वनभरि' जस्ता शीर्षकमा गीतहरू समाविष्ट भएका छन् ।

अन्य कृतिहरूमा जस्तै नेवारको प्रस्तुत कृतिमा पनि माया, प्रेम, घात, प्रतिघात, आशा निराशा, विश्वास, अविश्वास, मिलन विछोड, आरोह, अवरोहजस्ता मानवीय संवेदनाको प्रयोग अभूतपूर्व रूपमा प्रकटित भएको पाउन सकिन्छ । 'आँखाभरि राख्दाराख्दै' प्रस्तुत संग्रहको पहिलो गीत हो । यस गीतमा लेखिकाले कसैको यादमा, कसैको माया र विश्वासमा बस्नुपर्दा त्यसबाट उत्पन्न हुने मानसिक पीडालाई दर्शाउन

खोजेकी छन् ।

जब कसैलाई मनले चाहेर माया गरिन्छ, उसलाई आफ्नो बनाउन खोजिन्छ र आफूमा उसलाई समर्पण गर्न पुगिन्छ, अनि आफ्नो मुटुको आवाज बनेर रहेकी मान्छे आफूभन्दा टाढा हुन्छ, उसले छोडेर जान्छ, वा ऊ अरू कसैको बन्न पुग्छ, त्यसबेला उसको सम्झना स्मृति बनेर मनमा आइरहन्छ । मन दुख्छ, मस्तिष्क विचलित हुन्छ । मुटु पोल्छ र समय दुःखपूर्ण रूझानमा परिणत हुन्छ । प्रेमी र प्रेमिकावीच आपसमा बिछोड हुँदा उत्पन्न हुने स्मृतिपूर्ण दुःखदायी पीडाको रहस्योद्घाटन प्रस्तुत गीतको भावपक्ष रहेको छ ।

प्रेमका कुनै स्पष्ट आधारहरू हुँदैनन्, प्रेम विश्वासमा गरिन्छ । प्रेममा इच्छा, चाहना, रहर र सपनाहरू हुन्छन्, तर यी अव्यक्त हुन्छन् । प्रेमको एउटा रूप अव्यक्तता पनि हो । प्रेम मन र मुटुले गरिन्छ । प्रेम स्वार्थ र योजनाविहीन यात्रा हो । जो निरन्तर चलिरहन्छ । तर विडम्बना अहिले प्रेम फेसन बन्न पुगेको छ । यहाँ प्रेम-प्रेमका लागि होइन देखाउनका लागि गरिन्छ । प्रेम वासनामय बनेको छ । जसले गर्दा प्रेममा आनन्द होइन पीडा र छटपटी पाउन बाध्य हुनुपरेको छ । लेखिका नेवारले आफ्ना गीतमा प्रेमका यस्तै सन्दर्भहरूलाई विविध पक्षबाट व्यक्त गरेकी छन् ।

'बेहोसीमा थाहा नपाइ
एउटा फूल फुलेको छ
कसलाई थाहा कहाँनिर
आँधिबेरी चलेको छ ।'

माया गरिंदैन, आफैं हुन्छ । मायामा जातभात, धनी गरिव, ठूलोसानो, रूपरंग र उमेर केही पनि हुँदैन, माया जुनसुकै बेला जहाँ पनि फुर्न सक्छ । मायामा मात्र भावना हुन्छ । तर अन्जानमा लाएको माया, जोडेको सम्बन्ध र आफूले गरेको विश्वासले एक दिन आफैंलाई मर्नु र बाँच्नुको दोसाँधमा ल्याएर खडा गरिदिन्छ । माया अकल्पनीय पीडा बनेर जीवन नै समाप्त भइदिन्छ ।

'कतिचोटी जिन्दगीलाई
आँसुसित साट्नुपर्छ ।'

प्रस्तुत संग्रहका, 'बताससित साउती गर्दै' म एक्लो छु परदेशमा, मुटुदेखि मुटुसम्म, आजको गीत लाएको प्रीत, जून फुल्ने आकाशमा, प्रेम तिम्रो हजार नाम, जति माया दिन्छौ तिमी, फूल भनी बटुलेथें, मुटुभरि पीर, तिमी मेरो जिन्दगीको, धेरै हुन्छन् आकाशभरिजस्ता गीतले प्रेमका नाममा हुने गलत प्रवृत्ति र परम्परालाई मानवीय पीडाको रूपमा अभिव्यक्त गरिएको छ ।

'मुटुदेखि मुटुसम्म' गीतमा लेखिकाले प्रेमलाई आशा, उत्साह र उमंगको रूपमा चित्रण गरेकी छन् । प्रेममा एकता र विश्वास भयो भने जस्तोसुकै कठिन काम पनि गर्न सकिन्छ । प्रेममा शक्ति हुन्छ । प्रेममा जीत पनि हुन्छ । प्रेमले गरिएको कुनै पनि

कार्य सार्थक हुन्छ भन्ने सन्देश अभिव्यक्त भएको गीतमा मानिसको लागि अपरिहार्य छ भन्न खोजिएको छ ।

'तिमी हामी मिलेपछि
जित हाम्रै हुनेछ

आजको गीत लाएको प्रित, ए आमा भन किन, रून नदेऊ, हाम्रो कथा रगतमा डुबेर, दिनपछि आउँछ साँझ, यो अँध्यारो वस्तीमा, नबजाऊ डम्फु मादल, धर्तीमा स्वर्गजस्तो मेरो प्यारो देशजस्ता शीर्षकका गीतले देशप्रेम, राष्ट्रप्रेम, भाषाप्रेम मानवप्रेमका सन्दर्भहरूको उठान गरेको छ ।

देश देशवासीको संयुक्त साझा घर हो । देशले देशमा रहेका प्रत्येक नागरिकलाई समान व्यवहार गर्नुपर्छ । सबैलाई आफ्नो भाषा, संस्कृति, परम्परा र रीतिरिवाज प्यारो लाग्छ । राज्यले सबै जनतालाई समान व्यवहार गरेर उनीहरूको अधिकारको प्रत्याभूति गराउनुपर्छ । अन्यथा नागरिकको मन दुख्छ । उनीहरूमा विद्रोह उत्पन्न हुन्छ । विद्रोहले कसैलाई पनि राम्रो गर्दैन । विद्रोह अशान्तिको कारक हो । त्यसैले लेखिका राज्यलाई जनउत्तरदायी हुन र समान व्यवहार गर्न गीतमार्फत् अनुरोध गर्छिन् ।

'हाम्रो मादल, हाम्रो डम्फु, हाम्रो परम्परा
हाम्रो प्राणभन्दा प्यारो, हाम्रो मातृभाषा

तिम्रै काखमा, तिम्रै सन्तान, यदि टुहुरो बन्दछौ
हाम्रो हक, हाम्रो अधिकार, लिएर नै छोड्नेछौ ।'

समय परिवर्तनशील छ, जनता परिवर्तनका संवाहक हुन् । दिनपछि रातजस्तै परिवर्तन अवश्यंभावी छ । जनतामाथि असमान व्यवहार गरिन्छ, उनीहरूमाथि अन्याय, अत्याचार र निरंकुशता लादिन्छ भने जनताहरू एक दिन विद्रोहमा आउनेछन् र समानताको लडाइँ लड्नेछन् भन्ने सन्देश प्रस्तुत गीतमा अभिव्यक्त भएको पाउन सकिन्छ ।

मनभित्र गडेर बसेको माया केही गरे पनि मेट्न, खुर्किन र धुन सकिँदैन, आँसु बग्दा केही क्षणको निम्ति दुःख कम हुन्छ । यस्तो दुःख विरेचन हुँदा ह्दयले हलुका अनुभव गर्छ । जस्तै घनघोर छटा बर्सिसकेपछि केही दिनको लागि आकाश स्वच्छ हुन्छ र फेरि बादलहरू जम्मा हुँदाहुँदै आकाशको ह्दय उत्तिकै गह्रुँगो हुन्छ । एवम् रितले आँसु बहुन्जेल आकाशले हृदय केही हलुका अनुभव गर्छ । तर ह्दयभित्र स्थायी भावमा रहेको दुःख कहिले पनि छोड्दैन, निख्रिँदैन, पुछिदैन र मेटिँदैन ।

सच्चा स्वार्थरहित प्रेम आदानप्रदानमा, धनसम्पत्तिमा आश्रित हुँदैन । प्रेम ह्दयको भुलभुलाहट हो, यसले बुद्धिपक्षका कुराहरू सबैलाई बिर्सिदिन्छ । मस्तिष्कपक्षले भावपक्षका अघिल्तिर झुक्नुपर्छ, भावपक्ष नै ह्दयको प्रवल पक्ष हो ।

'सुनचाँदी ठूलो होइन
माया ठूलो धन ।

आकाश र धरतीको संगम कहिल्यै हुँदैन, दुई किनाराको कहिल्यै भेट नभएझैं । जब मनका आशा, अभिलाषा, अनुराग मनको मनमै मार्नुपर्छ, अथाह इच्छा, चाहना, सपना र सामूहिक मूल्य र मान्यताहरूको अघिल्तिर एउटा निश्चल हार खानुपर्छ, मनको सबै आवाजलाई मारिदिनुपर्छ र चाहनुलाई नै व्यर्थ भन्न बाध्य हुनुपर्छ । जसलाई मन, वचन र कर्मले आत्मसात गरिसकेको छ, जो तन, मनभरि व्याप्त छ तर भाग्य विपरीत भइदिएपछि सबै निष्फल हुँदा रहेछन् भन्दै लेखिकाले भाग्यवादप्रति पनि विश्वास दर्शाएको पाउन सकिन्छ ।

प्रस्तुत संग्रहमा प्रेमको शास्वतता, प्रेमको गहिराइ, त्यसमा पाइने अमूर्तता र प्रेमका मीठा अभिव्यक्तिहरू भएका थुप्रै गीतहरू संकलित छन् । वास्तवमा मानिसमात्रका लागि प्रेमको जुन आदर्शता छ, जुन यथार्थ र कारुणिक कथा छ, यसलाई कसैले अस्वीकार गर्न पनि सक्दैन । प्रेम चोखो हुन्छ, पवित्र हुन्छ र प्रेमको आँखामा ईश्वरको छायाँ खेलेको हुन्छ । सार्वभौम प्रेमलाई हरेक व्यक्तिले आफ्नै किसिमको प्रणय-सूत्रमा राँग र उत्साह भरेका हुन्छन् ।

'बिर्सिदिन सक्ने भए
बिर्सिदिन्थें हजुरलाई
फर्काइदिन्थें सबै माया
मुटु चुँडी लैजानेलाई'

तर त्यो प्रेम मौनतामा सीमित छ, याद पीडा र वेदनामा विभक्त छ, हेर्नुहरूमा सीमित छ । उसको हृदयबाट उठेको प्रेमको लहर प्रेयसीको मुटुको किनारासम्म पुग्न सक्दैन र ऊ धेरै निराश हुन्छ । बिर्सन सजिलो छैन, स्मृतिहरू तिखो प्रहार बनेर मनमा छाइरहेका छन् । पीडा, छटपटी र वेचैनीले मन आक्रान्त छ । यद्यपि प्रेमको स्वप्न मनबाट हटाउन सकेको छैन । प्रेमका यस्तै पीडा र सरस अभिव्यक्तिहरू नारी ह्दयका कोमलता र विषादहरू नेवारका गीतमा सुन्दर रूपले मुखरित भएको पाउन सकिन्छ ।

प्रेमको हार्दिकता र विश्वासलाई मात्र गीतकारले उठाएकी छैनन् संग्रहमा राष्ट्रियता र नेपालीत्वको गरिमालाई पनि वर्णन गरेकी छन् । आफ्नो बहादुरी र पराक्रमीका निमित्त नेपालीहरू विश्वप्रसिद्ध छन् । अग्लाअग्ला पहाडजस्ता अभिलाषा भएका, पहाडी खोलाझैं संग्ला मन भएका नेपालीहरूको गीत गाउन पनि गीतकार पछि परेकी छैनन् । हिमालको काखमा हुर्किएका नेपालीहरूको स्वभाव नै संसारको मन पल्लवित गर्ने रहेको छ । सयौं वीरविरंगनाहरूको त्याग, तपस्या र समर्पणले सञ्चित पवित्रभूमि नेपालप्रति उनको विराट गौरव रहेको छ ।

'प्रकृतिले सजाएको मेरो प्यारो नेपाल
सुखदुःख साट्छौं हामी मायाप्रीति बाड्छौं
अनेकतामा एकताको, गीत सधैं गाउँछौं ।
यहीं जन्मे शान्तिका दूत, ज्ञानी महाबुद्ध
यही जन्मे शूरवीर अमर वलभद्र ।

नेपाली गौरवको गीत गाउने, आस्था र विश्वासको सुसेली हाल्ने गीतकारको मुटुको घाउ पनि त गहिरो छैन । जीवनप्रति आक्रोस छ, पीडा, वेदना, निराशा र कुण्ठा भरिएको छ । जीवन अनिर्णयको बन्दी बन्न पुगेको छ । चारैतिर सन्नाटा र कोलाहल छाएको छ । वियोगमा पनि हाँस्न सक्नुपर्ने जीवनको यथार्थ बनेको छ ।

**बाँच्न देऊ अरूलाई**
**तिमी पनि बाँचेर**

आफ्नै अविश्वास, धोका र भ्रमजालको गीत युगौंदेखि मानिसमात्र गाई आएको छ र गाइ नै रहनेछ । गीतकारको भावुक मनमा नारी सहजता, मानवता, करूणा, आग्रह-अनुग्रह र पीडाका अनगिन्ती लहरहरू बग्नु अस्वाभाविक पनि त होइन । संग्रहका धेरै गीतहरू पढ्दै जाँदा जतातत‍ै नारीभावनाका स-साना झुल्काहरू उम्लिरहेको र नारीमनका मूलहरू फुटिरहेको प्रशस्त रूपमा पाउन सकिन्छ । गीतको सुमधुर हरफहरूसँग खेल्दै जाँदा कवितात्मकताका मीठा अभिव्यक्तिहरूले पनि मनलाई सोच्न बाध्य नगराई रहन सक्दैन ।

नेपाली साहित्यमा साह्रै थोरै गीतसंग्रहरू प्रकाशित भएका छन् । यसैले केवल संख्याको दृष्टिले मात्र होइन कि गुणको दृष्टिले पनि प्रस्तुत संग्रहलाई महत्वपूर्ण प्रकाशन भन्न सकिन्छ । 'तृष्णाको लहरी' नेपाली गीतको संसारमा पीडा, करूणा वियोग, वेदना र भक्तिको गेयपूर्ण फूलहरू लिएर उपस्थिति भएको छ । यी गीतहरूमा नेपाली माटो, भेषभूषा, परम्परा र राष्ट्रियताहरू बोलेका छन् । मानवीय संवेदना र प्रेमको अभूतपूर्व प्रस्तुति रहेको छ र साथै नेपाली मनको भावुक स्पन्दन एवम् आवाज अभिव्यक्त भएको छ । पुस्तकको विशेषता पनि यही नै हो । गीतका हरेक हरफमा 'पोएटिक सिन्सरिटी' छ, लेखकको उद्देश्य वा चाहना पूर्ण तथा मौलिक र विचारोत्तेजक रहेको पाउन सकिन्छ । साहित्यकार पद्मावती सिंह प्रस्तुत संग्रहको गीतलाई भावपूर्ण, लयात्मक, हृदयशपर्शी र मन छुने खालको भएको धारणा राख्छिन् । उनी भन्छिन्ः

**'चन्द्रकला नेवारका प्रस्तुत गीतिसंग्रहमा संग्रहित गीतहरूमा मायापिरती, मिलन बिछोड, आँसु र हाँसो, विरह र व्यथाहरू छचल्किएका छन् । जिन्दगीका भोगाईका मायालाई गीतको स्वरूप दिई हृदयले सुम्सुम्याएर सिर्जना गरिएका हुंदा प्रायः सबै गीतहरू हृदयस्पर्शी बन्न पुगेका छन् ।'**




## चन्द्रकला नेवारको

# याशिलालाई मेरो आज

कवयित्री चन्द्रकला नेवारको 'याशिलालाई मेरो आज' दोस्रो पुस्तकाकार कविताकृति हो । यस कृतिमा २७ वटा कविताहरू संग्रहित छन् । यो कृति वि.सं. २०६२ सालमा प्रकाशित भएको थियो । प्रस्तुत संग्रहका कविताहरूले आँकलन गरेको क्षेत्र जीवनी हो, अर्थात् जीवनले भोग्नु परेका, अनुभव गरेका, देखेका, सुनेका, कल्पना गरिएका सम्पूर्ण सम्भावनाहरूको अभिव्यक्ति नै सँगालोका कविताका विषय हुन् ।

याशिलालाई मेरो आज प्रस्तुत संगहको पहिलो कविता हो । याशिला नेवारकी नातिनी हुन् । आफ्नी नातिनी याशिलाको पूर्ववाल्यावस्थाका गतिविधिलाई आधार बनाएर प्रस्तुत कविता लेखिएको छ । याशिलाको मुहार, उसको वालचञ्चलता, उसको हेराई, उसको बोली, व्यवहार र उसको अवस्था आदिका बारेमा कविताको माध्यमबाट ब्याख्या गरिएको छः

**'कलिला ती ओठहरू**
**निद्रामा जब मुसुक्क मुस्काउँछन्**
**जुनि जुनिको माया**
**स्वर्णीम सौगात'**

नातिनी याशिला उनको जीवन हो, जीवनको आधार हो । उनी नातिनीलाई असाध्यै माया गर्छिन् । मस्त निद्रामा रहेकी याशिला जब निद्रामै हास्न थाल्छे, तब उनमा विभिन्न किसिमको तरंगहरू उत्पन्न हुन्छ । उनलाई लाग्छ– याशिला जुन हो, चन्द्रमा हो, घाम हो, उज्यालो दर्पण हो, सपना हो, यथार्थ हो । उनी याशिलामा आफूलाई समर्पण गर्न चाहन्छिन् । फूलको बिरूवामा मलजल गरेर हुर्काएजस्तै मानिसले पनि आफनो सन्तानलाई दुःख कष्ट सहेर हुर्काउछ, ठूलो बनाउँछ, सक्षम

बनाउँछ ता कि ऊ बुढेसकालमा सहारा बन्न सकोस् । यस्तो चाहना प्रत्येक मानिसले आफ्नो सन्तानबाट राखेको हुन्छ । तर चन्द्रकलाले यस्तो कुनै किसिमको चाहना बोकेकी छैनन् । उनी मात्र आफ्नो कर्तव्य निर्वाह गर्न चाहन्छिन् । सन्तान धनी, गरिब, जो सुकैका लागि प्रिय हुन्छन् । सन्तानको आगमनले घर नै उज्यालो हुन्छ । मन प्रफुल्ल हुन्छ भन्ने सन्देश यस कवितामा दिन खोजिएको छ ।

'मनभरि सिंचेर माया
ऊभरि सबैलाई अटाइदिन्छु'

भोलि मेरो हातमा छैन त के भयो ?
मैले मेरो 'आज' उसैलाई दिएको छु ।

प्रस्तुत संग्रहको 'मन दुख्छ', 'माटोको माया', 'मान्छे हराएको छ', 'हिमाली जुन', 'देश पीडा', 'शून्यबोध', 'मासुको गन्ध', 'नयाँ वर्ष' शीर्षकका कविताहरूमा देश, समाज, देशको पीडा, विकृति, विसंगतिका विषयमा अलापपूर्ण दृष्टिकोण प्रस्तुत गरिएको छ । 'मन दुख्छ' कवितामा नेपालीहरू विदेशमा गएर अपहेलित बन्नु परेको र उनीहरूले दुःखपूर्ण जीवन झेल्नु परेको उल्लेख गरिएको छ ।

नेपाल स्वतन्त्र, स्वाधीन र स्वाभीमानी मुलुक हो । वीर गोर्खालीका सन्तान नेपाली कुनै पनि अवस्थामा कसैसँग झुक्नुहुन्न । नेपालीको आफ्नै मान सम्मान र पहिचान छ । नेपालीहरूले नेपालकै लागि सोच्नुपर्छ । विदेशमा गएर कौडीको मूल्यमा पसिना बगाउनुभन्दा देशमै बसेर काम गर्नु उत्तम हुन्छ विदेशीले नेपालीलाई जहिले पनि दयाको नजरले हेर्छन् । नेपालीहरू दयाको पात्र होइन । नेपालमा धेरै सम्भावनाहरू छन् ती सम्भावनाहरूको खोजी गर्नुपर्दछ भन्ने सन्देश लेखिकाले कवितामा व्यक्त गर्न खोजेकी छन् ।

मन रून्छ जब
सधैं स्वाधीन बाँचेको मेरो देश,
अरूका घरदैलामा
याचक बनेर उभन्छि ।

झुकेको जिन्दगी कायर बाँच्नु हो
त्यसैले, अब हामीलाई दया होइन
श्रद्धा चाहिन्छ,
श्रद्धाका पात्र बाँच्न सिकौं
श्रद्धामा नै मर्न सिकौ ।
(मन दुख्छ- पृष्ठ २०, २१, २२)

कवितामा नेपालीको अवस्था देखेर कविको मन धुरूधुरू रोएको छ । सहनै



याशिलालाई मेरो आजको विमोचन गर्दै डा. वानिरा गिरि तथा आगन्तुकका साथ चन्द्रकला नेवार (बायाँबाट चौथो) ।

नसक्ने गरी मुटु चिराचिरा भएको छ । राष्ट्रियता, स्वाभीमान र अस्तित्वको पीडाबोध भएको छ । कविको कवितामा आक्रोस र विद्रोहको स्वर पनि मुखरित भएको छ ।

'माटोको माया' कवितामा नेपाल आमाको अस्तित्व र जीवनको परिभाषा खोजिएको छ । यस कवितामा कविको जीवन माटोप्रति समर्पण गरिएको छ । जीवनलाई एक्लै पारेर एक्लै भएर भोग्ने कवयित्रीको भावुकता मात्रै साध्य होइन, जीवनको अर्को पक्ष पनि टड्कारिएर आउँछ । माटोमाथि उनको माया टाँगिएको छ, त्यो माटो पनि भावनाले संगालेको माया हो । त्यस मायाले जीवनको अर्को यथार्थ प्रष्ट गर्दछ । जीवनमाथि आफ्नो माटो, जन्मेको ठाउँ र परिवेशको कति प्रभाव छ वा कवि देशभक्त हुन सक्छ सक्तैन, उसले माटोको गीत गाउँछ गाउँदैन भन्ने प्रश्नहरू उठिरहन सक्छन् । तर कविको भावना र अस्मितामाथि आफ्नो राष्ट्र, भूमि र माटोको प्रभाव हुन्छ । कवयित्री लेख्छिन्-

**'म मेरो काठेबारीमा**
**माटोको माया रोप्न चाहन्छु**
**राष्ट्रिय अस्मिता र पसिनाको**
**फूल फत्रेको हेर्न चाहन्छु**
**टुक्राटुक्रा सपना, जोडन चाहन्छु ।'**

देशप्रेम भनेको प्रशंसाको उदगार मात्र होइन । देशवासीको दैन्य जीवनप्रतिको

सहानुभूति र त्यसले पिरोलेको चेतनाको अभिव्यक्ति पनि हो । त्यस्तै अभिव्यक्ति चन्द्रकला नेवारले आफ्ना कवितामार्फत् दिएकी छन् ।

'मान्छे हराएको छ' कवितामा मानवीय संवेदना र मानवमनको खोजी गरिएको छ । मान्छे, मान्छेको रूपमा सक्रिय हुन्छ । उसले हरेक गतिविधि गरिरहेको हुन्छ, तर ऊसँग मानवत्व हुँदैन । मानवमा हुनुपर्ने गुण, कर्तव्य, दायित्व, सेवाभाव केही पनि छैन । ऊ आफ्नै स्वार्थमा हराएको छ । समकालीन सामाजिक परिवेश र स्वार्थमा जकडिँदै गएको वर्तमान मानव समाजलाई यस कविताले तिखो प्रहार गरेको छ । 'नाउँ चलेको हुनुपर्छ' कवितामा लेखिकाले सामाजिक विकृतिलाई प्रहार गरेर निराशापूर्ण अभिव्यक्ति व्यक्त गरेकी छन् । अहिले समाजमा सत्य हराएको छ, मानिसहरू काल्पनिक बन्न थालेका छन् । जसको दाम उसको नामको संस्कृति विकास भएको छ । राम्रो काम गर्ने, समाजको भलाई गर्ने र यथार्थलाई अवलम्बन गर्ने मान्छे पछाडि पर्न थालेको छ । यो सत्य पनि हो, अहिले मानिसहरू प्रसिद्धिको पछाडि कुद्न थालेका छन् । कृतिम सिर्जनाहरू चर्चाको शिखरमा पुगेर पुरस्कृत हुन थालेका छन् । तर मौलिक सिर्जना गर्नेहरू उत्कृष्ट काम गर्नेहरू बाहिरिएका छन् । यस्तो गलत परम्परा विकसित भएको अवस्थामा राम्रो गर्ने मानिसहरू दुःखी हुनु स्वाभाविक पनि हो । लेखिका कवितामा आफ्नो दुःखेसो यसरी व्यक्त गर्छिन्-

**'राम्रो कविता लेखेर कहाँ हुन्छ**
**नाउँ चलेको हुनपर्छ ।'**
**स्वयम् म,**
**प्रतिष्ठाको विज्ञापन बन्दै**
**पुरस्कार थाप्ने**
**सपना देख्नुपर्छ ।**
**(नाउँ चलेको हुनुपर्छ पृष्ठ ५८-५९)**

बियाँ शीर्षकको कवितामा महिलाको पीडा, बाध्यता, विवशता र महिलामाथि हुने विभेदका पक्षहरूका बारेमा चित्रण गरिएको छ । महिलाहरू स्वभावतः भावुक र संवेदनशील चरित्रका हुन्छन् । उनीहरूको यही संवेदनालाई आधार बनाएर पुरूषहरूले अन्याय थोपर्ने गर्दछन् । पुरूषको हरेक सुखदुःखमा साथ दिने नारीलाई हेलाको दृष्टिले नहेरेर सहयात्रीको रूपमा लिनुपर्ने धारणा कविको रहेको छ । 'सम्झना' कवितामा आफन्तप्रतिको माया र स्मृतिको बारेमा ब्याख्या गरिएको छ । यस कवितामा आफ्नो मान्छे जतिसुकै टाढा भए पनि उसको यादले नजिक नै भएको अनुभूति गराउने धारणा व्यक्त भएको छ ।

**"तिमीहरूलाई मैले**
**मभित्र राखेको छु ।"**

प्रस्तुत संग्रहका केही कविताहरू लेखिकाको अनुभव र घटनाका अभिव्यक्तिका रूपमा आएका छन् । मन दुख्छ, सम्झना, छहारी, नयाँ वर्ष, नाउँ चलेको हुनुपर्छ, पासाजस्ता कविताहरू उनको जीवनले प्राप्त गरेका अनुभव र घटनाहरूको संयुक्त प्रस्तुति हो ।

छहारी कवितामा माया र विश्वासले गरेको कुनै पनि कार्य सार्थक हुन्छ भन्ने अभिव्यक्ति रहेको छ । नयाँ वर्ष कवितामा मनभित्रको चाहना र आकांक्षालाई आवश्यकताको रूपमा प्रस्तुत गरिएको छ । यस्तै 'पासा' कवितामा छटपटी, पीडा, वेदना र उकुसमुकुसलाई असन्तुष्टीको रूपमा व्यक्त गरिएको छ । यी कविताहरूले समाज र समाजमा विकसित नयाँ घटनाक्रमहरूलाई विषयवस्तुको रूपमा उठाएको छ ।

**'निश्चल तलाउजस्ता मनहरू,**
**रोबट र बुँख्याचा बन्दै ।**
**लय बनिदेऊ**
**सुर बनिदेऊ**
**ताल बनिदेऊ**
**आत्मा आत्मालाई झङ्कृत पार्दै**
**तिमी आउ, स्वागत छ-तिमी आऊ ।**

'अश्वमेघ यज्ञको घोडा' कवितामा विश्वासमा प्राप्त भएको धोखा, छलकपट, अन्याय र अविश्वासलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । साथै शक्तिको पछाडि लागेर नकारात्मक कुराहरूलाई पनि सत्यको रूपमा ग्रहण गरिएको उल्लेख छ । 'यो मन' कवितामा माया, प्रेम र प्रणयकालमा उत्पन्न हुने सुन्दर कल्पनाहरूको बारेमा चित्रण गरिएको छ । जब एउटा मन अर्को मनसँग जोडिन पुग्छ, त्यतिबेला एउटा मनले अर्को मनको धड्कन सहज रूपमा बुझ्न सक्छ भन्ने सन्देश दिन खोजिएको छ ।

प्रस्तुत संग्रहका कविताहरू विशेषगरी समसामयिक मानवीय संवेदनामा आधारित रहेको भए तापनि कपितय कविताहरूले देशप्रेम, राष्ट्रप्रेम र समाजमा व्याप्त विकृति तथा विसंगतिकै सन्दर्भमा प्रस्ट्याउन खोजेको छ । नेवारको कवितामा आमाका ममता प्रकृतिको माया, देशवासीको स्वाभीमान, नेपालीको पीडा, देशको बिग्रँदो राजनीतिक अवस्था, प्रतिभाको पलायन, गलत कार्यको निरन्तरता, महिला र महिलाका जीवनमा प्रकटित हुने पीडा आदिको चित्रण भएको पाइन्छ ।

चन्द्रकला नेवारका २७ कविताहरूको संगालो 'याशिलालाई मेरो आज' का कविताहरूलाई प्रस्तुतिका दृष्टिले हेर्दा अघिल्लो कृतिमा जस्तै पद्यलयात्मकताको प्रधानता भेटिन्छ भने एकादुई कवितामा गद्यलयात्मकताको प्रयोग भएको पाइन्छ । संग्रहका अधिकांश कविताहरू मझौला एवम् फुटकर रूपमा प्रस्तुत भएका छन् । प्रस्तुत संग्रहमा प्रयोग भएको भाषा क्लिष्ट, दुरूह र असम्प्रेष्य रहेको देखिँदैन ।

नेवारका कवितामा प्रयुक्त भाषाशैली सरल, सरस र सुवोध नै देखिन्छ । उनका कवितामा प्रयुक्त भाषा लाक्षणिक र व्यञ्जनात्मक कम अनि अभिधात्मक बढी पाइन्छ । कवितामा प्रयोग भएको भाषा सरल भइकन पनि मार्मिक हुनु लेखिकाको भाषाशैलीगत वैशिष्टय मान्न सकिन्छ । वर्णनमूलक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यंग्यात्मक, सम्बोधनात्मक आदि शैलीको अनुशरण उनले गरेकी छन् भने कतैक वर्णविन्यासगत त्रुटी र पदक्रमको विचलन भएको पाइन्छ ।



अन्नप्राशनको क्रममा नातिनी याशिलाका साथ चन्द्रकल नेवार ।

कवयित्री चन्द्रकला सामाजिक यथार्थवादी नारीप्रतिभा हुन् । उनका कवितामा मानवीय मनका विविध भावहरू उत्पन्न भएका छन् । मानिसका तृष्णा, आशा, भय त्रास, पीडा, उल्लास, वियोग, सेवा र संघर्ष, राष्ट्रप्रेम र मानवताजस्ता अनेकथरि भावहरू उनका कवितामा पाइन्छन् । प्रस्तुत संग्रहको विशेषता पनि यही नै हो प्रस्तुत संग्रहमाथि समीक्षक दधिराज सुवेदी भन्छन्:

**'पितृसत्तात्मक संस्कार र संस्कृति भोग्दै र भोगाउँदै आएको हाम्रो सामाजिक परिवेशला देखेर कवयित्री नेवारको मन दुखेको छ । उनी आफ्ना सरल, सुवोध र स्पष्ट कवितात्म अभिव्यक्तिहरूमा आफूले देखेका भोगेका कुराहरूलाई सर्लक्क उतार्न अति सिपालु छन् । य अर्थमा उनको कृति 'याशिलालाई मेरो आज' सामाजिक र मानवीय यथार्थमा आधारि कविताकृति हो ।'**

समीक्षक महेन्द्र गुरुङ प्रस्तुत कृतिलाई प्रेम र वात्सल्यको संयुक्त अभिव्यक्ति ह भन्छन् । उनी भूमिकामा लेख्छन् :

**'यसमा प्रेम छ, वात्सल्य छ, निराशा छ, निराशाभित्र आशा पनि छ, व्यंग्य छ, हाँ छ, हाँसोभित्र पीडा अनि आँसु पनि छ, कतै असहायपना टप्किन खोजेको छ त कतै स्वय प्रेरणा बनेर साहस र हिम्मतको नेतृत्व लिन तयार देखिएको छ । यो प्रेम र वात्सल्य संयुक्त विविधता बोकेको महत्वपूर्ण कविताकृति हो ।'**

मितेरी नेपालले प्रकाशन गरेको प्रस्तुत पुस्तकमा महेन्द्र गुरुङ र दधिरा सुवेदीले भूमिका लेखेका छन् । ७२+४ पृष्ठ रहेको यस कृतिको मूल्य ७५ रहेको छ

# चन्द्रकला नेवारको व्यक्तित्वको निरुपण

नेपाली साहित्यमा चन्द्रकला नेवार नामले स्थापित महिला साहित्यकारको जन्म सन् १९४२ मा भारतको असमस्थित डिगबोई भन्ने ठाउँमा पिता भक्तबहादुर प्रधान तथा माता कुमारी प्रधानकी माइली सन्तानको रूपमा भएको थियो । प्रवासी नेपालीहरूको बाहुल्यता रहेको डिगबोईमा जन्मिएकी तथा आफू पनि नेपालीकै छोरी भएकीले नेपालीभाषा र साहित्यप्रति संलग्न हुन आउनु स्वाभाविक थियो । फेरि यिनका बाजे र पिता नेपाली भाषिक आन्दोलनका तत्कालीन अभियन्ता रहेकाले पनि त्यसको मनोवैज्ञानिक प्रभाव यिनमा पर्न गएको थियो ।

बाल्यकालदेखि नै दुःखका असिम चरणहरूसँग संघर्ष गर्दै आएकी यिनले सर्वप्रथम चार वर्षको उमेरमा पिताद्वारा लिखित 'जागजाग गोर्खा भाइ, जागृत गरौं समाजलाई' बोलको गीत गाएर आफ्नो प्रतिभावात्मक बालव्यक्तित्वको परिचय दिन सफल भएकी थिइन् । पारिवारिक सांगीतिक माहोल तथा संगीतप्रतिको आफ्नो अभिन्न रूचीका कारण यिनले बाल्यकालदेखि नै गीत लेख्न र गाउन प्रारम्भ गरेकी थिइन् । संगीतप्रेमी आमाबुवाको प्रेरणा तथा प्रभावमा परेर यिनले १४ वर्षको कलिलो उमेरमै अलइन्डिया रेडियोबाट आफ्नै मौलिक रचना 'फर्क मायालु, फर्क मायालु' बोलको गीत रेकर्ड गराएकी थिइन् । यसपछि यिनले झण्डै २८ वर्ष अलइन्डिया रेडियो र केही वर्ष रेडियो नेपालमा संलग्न रहेर सयौं गीतहरू रेकर्ड गराएको पनि पाउन सकिन्छ ।

बाल्यकालदेखि गम्भीर र संवेदनशील स्वभाव भएकी चन्द्रकला नेवारमा साहित्यिक विजारोपणको शुरूवात पनि बाल्यकालीन अवस्थाबाटै भएको थियो भन्न सकिन्छ । असमी र बंगाली भाषाबाट कविता लेखनमा प्रवृत्त भएकी नेवारले यसै समयमा फुटकर कथाहरू पनि लेख्न थालेकी थिइन् । तर ती रचनाहरू लेख्ने र तत्कालै च्यातेर मिल्काउने बानीले यिनमा साहित्यिक चेतनाको विकास सन् १९५५ बाट मात्र भएको थियो । 'एक दीप दुई पुतली' शीर्षकमा लेखिएको उनको पहिलो नेपाली कथा हो ।

यस कथाबाट नै यिनले औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । यसै समयमा यिनले लेखेको 'ममता' शीर्षकको कथाले अखिल भारतीय नेपाली छोटो कथा प्रतियोगितामा प्रथम स्थान हासिल गरेको थियो । उक्त सफलताबाट उत्साहित भएकी नेवारले यसपछि नै नियमित रूपले कथा लेख्न थालेकी थिइन् ।

यिनका साहित्यिक रचनाहरूका मुख्य विषयवस्तुहरू समाज, वातावरण, स्वास्थ्य, युगीन चेतना, संस्कृति, दर्शन, धर्म, रीतिरिवाज, परम्परा समानता, स्वतन्त्रता, माया, प्रेम, विश्वास, एकता शालिनता सौहार्दता, पवित्रता आदि रहेका छन् । यिनका कथात्मक कृतिमा सामाजिक जनजीवन तथा मानवीय यथार्थको उपस्थिति प्रशस्त मात्रामा पाइन्छ भने कविता र गीतमा माया, प्रेम, दर्शन तथा राष्ट्रियताको प्रधानता पाइन्छ । यिनका रचनामा निम्न, मध्य र उच्च सबै वर्गीय पात्रहरूको प्रयोग भएका छन् । सहरिया र ग्रामीण परिवेशको सेरोफेरोमा रचना गरिएका कथात्मक कृतिहरूले नेपाली समाज सुहाउँदो जीवनशैली निर्धारण गर्न आग्रह गरेका छन् । पश्चिमी शैलीको अनुशरण गर्दा निम्नवर्गीय पात्रहरूले भोग्न बाध्य भएका कष्टकर जीवनशैलीप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । यिनका केही कथात्मक रचनाहरूमा घुमाउरो पारामा यौनको पनि उपस्थिति रहेको पाउन सकिन्छ । प्रेमीप्रेमीकाबीच भएको वैवाहिक सम्बन्धलाई यौनजस्तो पवित्र संस्कारबाट जीवन्त तुल्याउनुपर्ने सन्देश व्यक्त भएको छ ।

लेखिका चन्द्रकला नेवारको कथापछिको सबैभन्दा महत्वपूर्ण विधा कविता हो । उनका कवितामा मानवीय जीवनका विविध पक्षहरूका साथै सामाजिक सन्दर्भका



तत्कालीन भाषिक आन्दोलनको क्रममा दिल्लीमा प्रदर्शन गर्दै अग्रिमपंक्तिमा चन्द्रकला नेवार (बायाँबाट पहिलो) ।

विषयहरू प्रधानताका रूपमा पाइन्छन् । सामाजिक न्याय, समानता, स्वतन्त्रता, शान्ति, एकता, राष्ट्रप्रेम, मानवप्रेमका साथै नारीमनका पीडा र नारीका सामाजिक यथार्थ उनका कविताका विशेषताभित्र पर्दछन् । नारीलाई प्रेयसी र जननीका रूपमा लिँदै नारीमूलक प्रणयचेतना र वात्सल्यलाई अति यथार्थको रूपमा स्वीकार गरिएको छ । नारीलाई आदर्शकी पुरातन प्रतिमा, वासनाकी प्रतिमूर्ति वा अवलाको साटो यथार्थवादी दृष्टिमा उसको रूपपक्ष र गुणपक्षको चिनारी गराउनु नेवारका कविताका सारगर्भित पक्ष रहेका छन् । सरल र सहज भाषाशैलीको प्रयोग गरेर कविता लेख्न खप्पिस नेवारका कवितामा विम्ब र प्रतीकको प्रयोग असंख्य मात्रामा भएको पाइन्छ । कवितामा आफ्नै मौलिक भावना र विचार सम्प्रेषण गर्न सिपालु नेवारलाई राष्ट्रकवि माधवप्रसाद घिमिरे नारीवादी कवयित्रीको रूपमा चित्रण गर्दै भन्छन् :

**'उहाँ नेवार राम्री लेखिका हुनुहुन्छ । उहाँका कवितामा नारीका दुःख र वेदनाहरू, पीडा, जलन, छटपटी, उकुसमुकुस, भेदभावजस्ता विषयहरू मैले पाएको छु । उहाँका कवितालाई म नारीप्रेमले भरिएका कविताका रूपमा लिन्छु ।'**

यस्तै नेवारका कवित्व जीवनका बारेमा आफ्नो विचार अभिव्यक्त गर्दै यादव भट्टराई लेख्छन् :

**'चन्द्रकला नेवारका कवितामा मानवीय जीवनका शास्वत मूल्यहरू, विघटन, विचलन र विसंगतिको तीव्र वोध भएको पाउन सकिन्छ । जीवनलाई विविध पक्षमा व्यक्त गर्ने, त्यसका विडम्बनालाई नवयथार्थको माध्यमद्वारा लिपिबद्ध गर्ने नेवारका सहज उपलब्धी हुन् ।'**

कवितालाई मन र मुटुको स्पन्दन तथा एकान्तको साथीको रूपमा चित्रण गर्दै लेखिका भन्छिन्:


**'कविता-आत्मानुभूतिको भावोद्गार हो । एकान्तको साथी हो । औंसीको रातमा टहटह जून हो । कविताले एकप्रकारको स्वर्गीय आनन्द सञ्चार गर्छ ।'**

कथा, गीत र कविताको त्रिवेणी बनेर नेपाली साहित्यमा सक्रिय चन्द्रकला नेवारको योगदानलाई राष्ट्रियताको हिसाबले पनि महत्वपूर्ण उपलब्धीका रूपमा लिन सकिन्छ । उनका सिर्जनामा अभिव्यक्त कतिपय रचनाहरूमा राष्ट्रप्रेम र राष्ट्रिय भावना जागृत गराउने थुप्रै सन्दर्भहरू भेटिन्छन् । राष्ट्रलाई केन्द्रीय पात्रको रूपमा चित्रण गरेर लेखिएका उनका कतिपय कथा र कविताले देशमा देखिएका विकृति, विसंगति, हत्या, हिंसा, आतंक, अराजकता, भ्रष्टाचार, असमानता, विभेद, बेरोजगारी, लुटपाट, बलात्कार आदि विषयको तीव्र विरोध गर्दै सुसंस्कारपूर्ण शान्ति, शालिन र समृद्ध मुलुकको निर्माण गर्न सबै एकजुट भएर लाग्नुपर्ने सन्देश बोकेको छ ।

वास्तविकता र यथार्थको धरातलमा जीवनको परिभाषा खोज्ने नेवार जीवनलाई सुख, दुःख, आरोह, अवरोह मिलन र विछोडको दोभान मान्दै त्यागमय भावनाले जीवनमा सन्तुष्टि प्राप्त हुने भाव व्यक्त गर्छिन् । आस्था, विश्वास, समर्पण र सहयोगमै

मानवजीवनको मूल ध्येय हुनुपर्छ भन्ने शास्वत अभिव्यक्तिले जीवनलाई परिभाषित गरी अनन्तसम्म बाँचिरहने जुन मार्ग उनले आफ्ना रचनामा अवलम्बन गरेकी छन् त्यो सबै मानवका लागि अनुकरणीय हुने देखिन्छ । समयको गतिशीलता र समाजको यथार्थ देख्न सकिने उनका रचनामा वर्तमान नेपाली समाजको विग्रहपूर्ण अवस्थाको कारण तथा यसबाट उन्मुक्ति पाउने आधारहरूको खोजी व्यापक रूपले भएको पाइन्छ । नेवारलाई राष्ट्रिय भावनाले प्रेरित मानवतावादी लेखिकाको रूपमा चित्रण गर्दै उनका कृतिका पाठक रमेश भण्डारी भन्छन् :

**'सांसारिक नास्वरतालाई सम्झेर भए पनि मानिसले आफ्नो विवेक, नैतिकता, मानवताजस्ता गुण त्याग्न नहुने आदर्श प्रस्तुत गर्दै राष्ट्र निर्माणका सन्दर्भमा परस्पर झगडा नगरी विचार विमर्शद्वारा नै राष्ट्र र समाजलाई अगाडि बढाउनुपर्ने भाव हुनुभएकी लेखिकाको रूपमा म चन्द्रकला दिदीलाई चिन्ने गर्छु ।'**



किशोरीवस्थामा बहिनीहरू भारती, आरती, भाइ प्रकाश र देवर हेमन्त श्रेष्ठका साथ चन्द्रकला नेवार (बीचमा) ।

समग्रमा चन्द्रकला नेवार बहुमुखी प्रतिभाकी सम्पन्न महिला हुन । सन् १९६२ को दशकमा कथा, कविता र गीत रचनाको माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेकी नेवारलाई वि.सं. २०६६ सम्म आउँदा एउटी, सवल, सचेत, कर्तव्यनिष्ठ र निर्भिक महिला साहित्यकारको रूपमा चिन्ने गरिन्छ । बाल्यकालदेखि नै सामाजिक र सामूहिक स्वभाव भएकी नेवारले जीवनका असीम समयहरू साहित्यका साथसाथै भाषिक आन्दोलनमा संलग्न भएर बिताएको पाउन सकिन्छ । तत्कालीन भारतीय सरकारले प्रवासी नेपाली भाषीमाथि गरेको अन्यायपूर्ण विभेद असमानता र अपहेलनाका विरूद्ध प्रवासी नेपालीको भाषिक स्वतन्त्रता, सामाजिक न्याय र अधिकारका लागि सन् १९७१ मा गठित भाषा आन्दोलनसमितिमा रहेर नेवारले गरेको संघर्षलाई विशेष महत्वका रूपमा लिने गरिन्छ । अखिल भारतीय नेपाली भाषा समितिको उपाध्यक्ष भएर करिब १० वर्ष योगदान दिएकी नेवारलाई नेपाली भाषिक आन्दोलनको अग्रज महिला नेतृ भनेर पनि चिन्ने गरिन्छ । प्रवासमै बस्दाताका केही समय शिक्षण सेवामा समेत संलग्न रहन पुगेकी नेवारले आफ्ना अनन्त समय भने नेपालीभाषा र साहित्यलाई नै दिँदै आएकी छन् । दर्जनौं साहित्यिक र सामाजिक संघसंस्थामा संलग्न रहेर आफ्नो

अनुभव प्रस्तुत गर्दै आएकी नेवार 'मितेरी नेपाल' नामक साहित्यिक संस्थाको अध्यक्ष भएर कार्यरत छिन् । साहित्यलाई निःस्वार्थ र प्रवल सेवाको रूपमा चित्रण गर्दै चन्द्रकला आफ्नो भावना यसरी व्यक्त गर्छिन् :

'मेरो दृष्टिकोणमा साहित्य सधैं बन्धनमुक्त हुनुपर्छ । यो अँध्यारोभित्र छिर्न सक्छ । उज्यालोको चरम विन्दूसम्म पुग्न सक्छ । यो सत्यको खोज हो । पाठकको मनलाई छुन सक्ने, मानवीय भावलहरीमा मानिसलाई चुर्लुम्म डुबाउँदै आत्मिक सुख प्रदान गर्न सक्ने साहित्य नै साहित्य हो भन्ने मलाई लाग्छ । साहित्य निःस्वार्थ भावनाले सेवा गर्ने तपस्या हो । व्यक्ति, समाज तथा राष्ट्रप्रति साहित्यको भूमिका अहम् हुन्छ । समाजमा रहेका विसंगतिहरू, अन्याय, असमानता तथा शोषणविरूद्ध साहित्यको माध्यमले इमानदारीपूर्वक जाति, समाज तथा राष्ट्रलाई नै सचेत तुल्याउन पहल गर्नु साहित्यकारको धर्म हो ।'

नेवारलाई नेपालीभाषा र साहित्यको सेवामा समर्पित व्यक्तित्वका रूपमा चित्रण गर्दै वरिष्ठ सौन्दर्यविज्ञ अनामिका लामिछाने भन्छिन् :

'चन्द्रकला नेवार मैले धेरै पटक सुनेको नाम हो । उहाँ देख्नमा साह्रै भद्र, शालीन र मायालु हुनुहुन्छ । उहाँका रचना पनि मलाई शालीन र यथार्थ लाग्छन् । उहाँका रचनामा विद्रोह, विभेद र जालझेलका कुराहरू छैनन् । उहाँ नितान्त समावेशी चरित्रको




नेपाली र हिन्दी साहित्यका नारी प्रतिभाहरूको संयुक्त सम्मेलनमा सहभागी हुँदै चन्द्रकला नेवार (६) ।

**हुनुहुन्छ भन्ने मलाई लाग्छ । उहाँलाई म साहित्यमा समर्पित भएर लागेकी महिलाको रूपमा लिन्छु ।'**

त्यस्तै सञ्चारकर्मी उनका अज्ञात पाठक, नेवारलाई सामाजिक विषयवस्तुलाई टपक्कै टिपेर कथानक रूप दिन सक्ने मौलिक कथाकारको रूपमा प्रस्तुत गर्दै भन्छन् :

**'सधैं आफ्नो आत्मसम्मान र आत्मस्वाभीमानलाई प्रमुख रूपमा राखेर क्रियाशील रहिरहने प्रेरक व्यक्तिका साथै सामाजिक विषयवस्तुमा सरल कथानक प्रस्तुत गरेर सरल रचना गर्न सक्ने मौलिक रचनाकारको रूपमा म चन्द्रकला दिदीलाई चिन्ने गर्दछु ।'**

यसरी समाजका धेरै क्षेत्र, वर्ग र मानिसका मनमा आफ्ना सुवोध्य रचनामार्फत प्रभाव पार्न सफल चन्द्रकला नेवार साहित्यका लागि मात्र नभएर समग्र महिलाहरूका प्रेरणा बन्न सफल भएकी छन् । जीवनलाई सिर्जनाको मुहान बनाएर आफ्नो रचनाकारितालाई आमजनता र राष्ट्रको हितमा उपयोग गर्दै आएकी नेवारलाई नेपाली समाज र राष्ट्रले सायदै बिर्सन सक्ने छैन । उनको सिर्जना, उनको त्याग, उनको योगदान, उनको गीत, संगीत, कथा, कविता, लेख समालोचना आदि ती सबै नेपाल र नेपाली साहित्यको अपूर्व सम्पत्ति हो । नेपाली साहित्यको कुनै पनि विधामा उनले गरेको सिर्जना संयोग नभएर उनको व्यक्तित्वको विशिष्ट वस्तुगत यथार्थ हो । उनले परिकल्पना गरेको देश, समाज, मानव हाम्रै चाहना हो । उनले देखाएको बाटो उनले व्यक्त गरेको विचार, उनले बुझेको दर्शन र उनले दिएको अमूल्य सिर्जना हाम्रै पनि आधार बन्न सक्यो भने वा हामीले त्यसलाई आत्मसात गर्न सक्यौं भने त्यो नै चन्द्रकला नेवारप्रतिको सच्चा सम्मान तथा श्रद्धा हुनेछ । चन्द्रकला नेवार दीर्घजीवनयात्राका साथ नेपाली साहित्यमा छाइरहुन्, मेरो हार्दिक शुभकामना ।

●●●

# खण्ड-तीन

## जलेश्वरी श्रेष्ठको सङ्क्षिप्त जीवनी



# शान अवार्डको अन्तर्राष्ट्रिय उपाधि जलेश्वरी श्रेष्ठलाई किन ?

- महिलाका समस्या र महिला अधिकारप्रति सचेत,
- सामाजिक यथार्थमा आधारित लेखन,
- सामाजिक न्याय र मानवीय एकताको प्रस्तुति,
- सामाजिक विकृति र विसंगतिको देशीय उठान,
- नवीन र शान्ति समाजको परिकल्पनाकार,
- विद्रोह र परिवर्तनको मार्गचित्रकार,
- महिलाभित्र अन्तरनिहित समस्याको पहिचान गर्न सफल,
- रतिराग र यौनमनोविज्ञानको प्रस्तुतिकार,
- मातृत्व र मातृअधिकारप्रति राष्ट्रिय अडान,
- नारीकेन्द्रित साहित्यिक सिर्जना,
- आधुनिक कथाको इतिहासमा मौलिकताको प्रयोग,
- साहित्यिक सेवामा विशिष्ट योगदान,
- साहित्यको कथा र बालसाहित्यमा नवीनताको खोजी,
- स्पष्ट, दूरदर्शी र महिलावादी लेखनकला,
- नेपाली साहित्यमा वरिष्ठ कथाकारको रूपमा स्थापित,
- नारीमनको आवेगपूर्ण प्रस्तुतकर्ता,
- निर्णायक समितिको छनोटमा पर्न सफल ।

# जलेश्वरी श्रेष्ठको
# सङ्क्षिप्त जीवनी

साहित्य लेखनको माध्यमबाट नेपाली महिला र महिलामाथि हुने गरेका अन्याय र अत्याचारका शृङ्खलाहरूलाई उजागर गर्न तथा समानुपातिक सामाजिक संरचना निर्माण गराउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकी जलेश्वरी श्रेष्ठ नेपाली साहित्य र साहित्यका पाठकहरूका लागि अपरिचित नाम होइन । आफ्नो जीवनको उत्तरार्द्धकालीन समयमा आएर नेपाली साहित्यको विविध विधामा कलम चलाएकी जलेश्वरीका सिर्जनाहरूले आधुनिक कथा साहित्यको विकासमा महत्वपूर्ण छलाङ मारेको छ । मानवीय स्वभाव र सामाजिक यथार्थमा आधारित भएर लेखिएका श्रेष्ठका रचनाहरूले नेपाली समाज र विशेषगरी अन्यायमा बाँच्न विवश महिलालाई आमूल परिवर्तनको उपल्लो बाटोमा पुऱ्याउन सफल भएको छ । लेखनयात्रा प्रारम्भ गरेको सीमित समयमा नै विशिष्ट प्रस्तुति पस्कन सफल वरिष्ठ महिला साहित्यकार जलेश्वरी श्रेष्ठको जीवनी, व्यक्तित्व, कृतित्व र व्यक्तिगत योगदानका बारेमा अध्ययन गरी जानकारी गराउने सामान्य प्रयास गरिएको छ ।

## जलेश्वरी श्रेष्ठको जन्म तथा बाल्यकाल

भक्तपुर जिल्लाको बाराहीक्षेत्र पुर्ख्यौली थलो भएका रत्नलाल भूजुँ र प्राणमाया भूजुँको आठ सन्तानमध्ये शरणलाल माइलो सन्तान थिए । उनी व्यापार र व्यवसायको सिलसिलामा भक्तपुरबाट काठमाडौंको वटुटोलमा बसाईं सरे । बसाई सराइको क्रमसँगै यिनले आफ्नो नामको पछाडि भूजुँ हटाएर श्रेष्ठ लेख्न थाले र कालान्तरमा यिनी शरणलाल श्रेष्ठकै नामले प्रसिद्ध भए । यिनै शरणलाल श्रेष्ठ तथा यिनकी पत्नी हरिदेवी श्रेष्ठको कोखबाट काठमाडौंको वटुटोलमा वि.सं. २००३ साल फागुन ३ गतेका दिन पाँचौं सन्तानको रूपमा एक कन्याको जन्म भयो । ती कन्या सारै सुदर, चलाख र असामान्य स्वभावकी थिइन् । ती कन्याको आगमनले श्रेष्ठ परिवारमा खुसीको नयाँ




दाजुभाइ र दिदीबहिनीका साथमा जलेश्वरी श्रेष्ठ (पछाडि बायाँबाट दोस्रो) र इन्सेटमा पिता शरणलाल श्रेष्ठ तथा माता हरिदेवी श्रेष्ठ ।

अध्याय प्रारम्भ हुन पुग्यो ।

यिनै जलेश्वरीका पिता शरणलाल आर्थिक रूपले सन्पन्न थिए । यिनीसँग प्रशस्त जग्गा जमिन धनसम्पत्ति थियो । यिनी प्रख्यात व्यापारी पनि थिए । यिनले आफ्नो व्यवसायबाट अनगिन्ती सम्पत्ति आर्जन गरेका थिए । उपल्लो तहको उच्च नेवार परिवारमा जन्मिएकी जलेश्वरीको बाल्यकाल सुखमय रूपले सम्पन्न भएको थियो । यिनको बाल्यकालमा कुनै ठूलो संकट नआए पनि लिंगको आधारमा हुने सामान्य भेदभावको सामना भने अप्रत्यक्ष रूपमा गर्नुपरेको थियो । यिनको बाल्यकालीन व्यक्तित्व निर्माणमा आमा हरिदेवीको प्रभाव प्रमुख रूपले परेको थियो । आमाको शिष्टता, नम्रता, सरलता तथा पिताको लगनशीलता, बौद्धिकताजस्ता पक्षको प्रभावले यिनको बाल्यकाललाई महत्वपूर्ण बनाएको थियो । यिनी बाल्यकालदेखि नै अत्यन्त सरल, शान्त र तीक्ष्ण स्वभावकी हुनुको साथै तार्किक र जिज्ञासु थिइन् । यिनले आमाबुवाका साथै दाजु र दिदीहरूबाट पाउनुपर्ने सुखसुविधा र ज्ञानका कुराहरू प्राप्त गर्न सफल भएकी थिइन् । नेवार समुदायमा सम्पन्न गराइने परम्परागत चाडपर्व र टोल छिमेकमा हुने सांस्कृतिक गतिविधिबाट यिनले आफूलाई परिपक्व बनाउन प्रेरणा पाएकी थिइन् । खेलकुदजस्ता गतिविधिमा भन्दा केही नवीन कुरा सिक्नमा आफूलाई संलग्न गराउने स्वभाव भएकी जलेश्वरीको बाल्यकाल सबै किसिमका खुसी प्राप्तिका

साथ सम्पन्न भएको थियो । यदाकदा पारिवारिक निर्देशन र नियन्त्रणले भने यिनको बाल्यकालमा सामान्य असन्तुलन देखिन पुगेको थियो । यद्यपि केही अपवादलाई छोडेर उनको बाल्यकाल विविध कोणबाट हेर्दा पारिवारिक माया र स्नेहमा बितेको देखिन्छ ।



किशोरावस्थामा जलेश्वरी श्रेष्ठ ।

### शिक्षा

जलेश्वरी श्रेष्ठले वि.सं. २००८ सालमा पाँच वर्षको उमेरमा घरैमा अक्षरारम्भ गरेकी थिइन् । तत्कालीन सामाजिक परिपाटीअनुसार छोरीलाई घरबाहिर पठाउनुहुन्न भन्ने मान्यताअनुरूप उनलाई घरैमा राखी पढाउन थालिएको थियो । आरम्भमा यिनले नेपालीभाषाका वर्णमाला सिकेकी थिइन् । यिनका पिता शरणलाल श्रेष्ठले यिनलाई नेपाली वर्णमाला र मातृभाषाका वर्णहरू चिनाएका थिए । यसै समयमा नै यिनले घरमा राखिएको शिक्षकको सहयोगबाट नेपालीका साथै अंग्रेजीका वर्णहरू पनि चिनेकी थिइन् । यिनले प्रारम्भिक शिक्षा कुन उमेरदेखि प्राप्त गर्न थालेकी थिइन् भन्ने जानकारी हुन नसके पनि ७-८ वर्षको उमेरदेखि आफ्नो घरपरिवारका सदस्यहरूको न्यानो स्नेह, प्रेरणा र शिक्षकको सहयोगमा विभिन्न भाषाका वर्णहरू सिकेको पाइन्छ । ८-९ वर्षको उमेरमा पिता शरणलाल श्रेष्ठको असहमतिका वावजुद माता हरीदेवीसँग एक रूपियाँ लिई बालकुमारी (हालको महाँकाल) स्कुलमा यिनी एक्लै गई कक्षा १ मा भर्ना भएकी थिइन् । यिनले यस स्कुलमा दुई कक्षासम्म पढिन् र तीन कक्षादेखि ६ कक्षासम्म शान्ति निकुञ्ज स्कुलमा पढेको पाइन्छ । यसपछि यिनी सात कक्षाबाट कन्या मन्दिर माविमा भर्ना भई यसै स्कुलबाट एसएलसी उत्तीर्ण हुन सफल भएकी थिइन् । एसएलसीपछि उच्च शिक्षाको लागि पद्मकन्या क्याम्पसमा भर्ना भई यसै क्याम्पसबाट बीएसम्मको अध्ययन पूरा गरेको देखिन्छ । औपचारिक शिक्षाबाट बिट मारे पनि यिनको अनौपचारिक अध्ययनको सिलसिला भने अद्यापि जारी रहेको पाइन्छ ।

### विवाह तथा सन्तान

जलेश्वरी श्रेष्ठको विवाह २५ वर्षको यौवनावस्थामा तनहुँको बन्दिपुर निवासी रेशमलाल श्रेष्ठ तथा बुद्धिलक्ष्मी श्रेष्ठका कान्छो छोरा द्वारिका श्रेष्ठका साथ वि.सं. २०२८ साल जेठमा परम्परागत मागी विवाह सम्पन्न भएको थियो । द्वारिकाका पिता रेशमलाल कपडाका प्रसिद्ध व्यापारी भएकाले जलेश्वरीको विवाहपछिको आर्थिक जीवन थप

सुखमय रहेको थियो ।

आपसी विश्वास र मेलमिलापको माध्यमबाट वैवाहिक जीवनलाई सुखमय बनाएकी श्रेष्ठ दम्पत्तिको आपसी संसर्गबाट निभा, नित्या र निष्ठा गरी तीन छोरीहरू जन्मिए । जसमध्ये निभा र नित्या पढाइ सम्पन्न गरी वैवाहिक जीवनमा प्रवेश गरेका छन् भने कान्छी निष्ठा अमेरिकामा बसेर उच्चशिक्षा अध्ययन गरिरहेकी छन् । जलेश्वरी श्रेष्ठ हाल श्रीमान् द्वारिका श्रेष्ठका साथ काठमाडौंको बालुवाटारमा बस्दै आएकी छन् ।



विवाहको अवसरमा श्रीमान द्वारिका श्रेष्ठका साथ जलेश्वरी श्रेष्ठ ।

## साहित्यिक प्रेरणा तथा प्रभाव

जलेश्वरी श्रेष्ठ सम्पन्न परिवारमा जन्मिएकी भए पनि बाल्यकालदेखि नै भावुक स्वभावकी थिइन् । किशोरीवस्था प्रवेश गर्दा नगर्दै यिनी दुःखका अनगिन्ती घटनाहरूबाट साक्षात्कार भइसकेकी थिइन् । प्रत्यक्ष रूपमा आफूले त्यस्ता दुःखका घटनाहरूको सामना गर्नु नपरे तापनि टोलछिमेक र साथीहरूसँगको संगतबाट त्यसको सम्मुख पुगेकी थिइन् । अरूको दुःख र पीडा देख्दा यिनको मनमा सहानुभूति उत्पन्न हुनु स्वभाविक थियो । बाल्यकालमा देखेको र साथीहरूको संगतबाट अनुभव गरेको दुःखका घटनाहरू यिनको सिर्जनामा पढ्न सकिन्छ । साहित्य समाजको महत्वपूर्ण अंग हो र यो क्षेत्रमा लाग्नुपर्छ भन्ने ज्ञान यिनमा बाल्यकालदेखि नै रहेको भेट्न सकिन्छ । जसअनुरूप यिनले बाल्यकालमै सिकारू अवस्थामा नेपालभाषाका कविताहरू लेख्न थालेकी थिइन् । बाल्यकालमै साहित्यिक सिर्जना गर्ने क्षमताको विकास गरे पनि जीवनको उत्तरार्द्धमा आएर मात्र यिनमा साहित्यिक चेतनाको विकास भएको थियो । बाल्यकालमा विकसित भएको साहित्यिक चेतनाको प्रस्फुटन गराउने अवसर यिनले विवाहपछि नै प्राप्त गरेकी हुन् । यिनका पति द्वारिका श्रेष्ठ संवेदनशील कवि भएकाले साहित्यिक सिर्जना गर्न र आफ्नो प्रस्तुतिलाई तिखार्न सहयोग पुगेको हो भन्न सकिन्छ । यस आधारमा यिनको साहित्यिक प्रेरणाको प्रभाव पति द्वारिका श्रेष्ठ हुन् र उनकै सहयोग, सुझाव, उत्साह, प्रेरणा, प्रभाव र रचनात्मक स्वभावका कारण हौसला प्राप्त गरी जलेश्वरी हालकी वरिष्ठ महिला साहित्यकार बन्न सफल भएकी हुन् भन्न सकिन्छ । समग्रमा भन्ने हो भने यिनको आफ्नै जिज्ञासु स्वभाव, बाल्यकालमा प्राप्त अनुभवहरू, केही गर्नुपर्छ भन्ने श्रीमान् द्वारिका श्रेष्ठको भावना र देशप्रतिको जिम्मेवारीवोध नै यिनको साहित्यिक प्रेरणा हो । प्रस्तुत सन्दर्भमा जलेश्वरी भन्छिन् :

'लैंगीक विभेद र सामाजिक असमानताले जरो गाडेको हाम्रोजस्तो पितृसत्तात्मक समाजमा चेतनाको विकास गर्न साहित्य महत्वपूर्ण बन्न सक्छ भन्ने कुरा मलाई बुझ्ने भएदेखि नै लागेको थियो । मैले बाल्यकालमै केही कविताहरू पनि लेखेको थिएँ । तर पनि म परिस्थितिवस् साहित्यमा लाग्न सकिरहेको थिइनँ । मैले केही गर्न नसकेजस्तो, मैले गर्नुपर्ने धेरै काम भएजस्तो लागिरहन्थ्यो । म नारीबन्धनबाट फुत्कन चाहन्थें । म केही गरेर देखाउन चाहन्थें । मैले श्रीमान्सँग पनि यस विषयमा कुराकानी गरें । उहाँ मप्रति सकारात्मक देखिनुभयो । त्यसपछि नै म निर्धक्क भएर साहित्यलेखनमा सक्रिय भएको हुँ । महिलाका कुरा महिलाका दुःख, पीडा र समस्यालाई नै प्रमुख क्षेत्र बनाएर साहित्य लेख्न अब मलाई कसैले रोक्दैन, अब म कसैसँग डराउन्न, म मेरो मनमा लागेको, भोगेको, देखेका, सुनेका कुराहरूलाई कलमले उतार्ने कोसिस गर्छु र गरिरहनेछु ।'

## लेखनकार्य तथा प्रकाशित कृतिहरू

जलेश्वरी श्रेष्ठको साहित्यलेखनको शुभारम्भ बाल्यकालीन अवस्थादेखि नै भएको थियो भन्न सकिन्छ । यिनले सर्वप्रथम नेपालभाषामा कविता लेखेर साहित्यिक व्यक्तित्वको शुरूवात गरेकी थिइन् । उनले प्रारम्भिककालमा लेखेको 'सुँथ' शीर्षकको कविताले जिल्लास्तरीय पुरस्कार प्राप्त गर्न सफल भएको थियो । उक्त कवितापछि यिनले लामो समय साहित्यलेखनको क्रम स्थगित गर्न पुगेको देखिन्छ । लामो समय स्थगित हुन पुगेको यिनको साहित्यलेखनको पूर्णयात्रा वि.सं. २०५७ मा आएर मात्र घनिभूत रूपले विकसित र विस्तारित भएको थियो । यसैवर्ष यिनको 'भगवती' शीर्षकको एउटा कथा गोरखापत्रमा प्रकाशित भएको थियो । यसपछि भने यिनले नियमित रूपमा आफ्नो लेखनकार्यलाई अगाडि बढाएको पाउन सकिन्छ । यिनको लेखनीमा नारीसँग सम्बन्धित यौनप्रधान विषयवस्तुका साथै सामाजिक र नागरिक जीवनसँग सरोकार राख्ने यथार्थमूलक घटनाप्रवृत्तिहरूको बाहुल्यता रहेको पाइन्छ । यिनको दुई कथा, तीन बालकथा र दुई बालउपन्यासका साथै दर्जनौं फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । जलेश्वरीका प्रकाशित पुस्तकाकार कृतिहरूको विवरण यसप्रकार रहेको छ :

| | | | |
|---|---|---|---|
| १. | लाभाका बाफहरू | - कथासंग्रह | वि.सं. २०५८ |
| २. | मौन विद्रोह | - कथासंग्रह | वि.सं. २०६१ |
| ३. | तिसाको जन्मदिन | - बालकथा | वि.सं. २०६१ |
| ४. | परीको घर | - बालकथा | वि.सं. २०६० |
| ५. | मेहनती गौरी | - बालउपन्यास | वि.सं. २०६१ |
| ६. | सुनपरी | - बालउपन्यास | वि.सं. २०६३ |
| ७. | शान्तका इच्छा | - बालकथा | वि.सं. २०६५ |

## सामाजिक सांस्कृतिक सेवा

मानिस सामाजिक प्राणी भएकाले समाजप्रति उत्तरदायी र संलग्न रहनु उसको कर्तव्य नै हो । प्रत्येक सचेत नागरिकले आफू र आफ्नो समाजप्रति कुनै न कुनै रूपमा योगदान गरेकै हुन्छ र गर्नैपर्छ । यस्तै सचेत र चेतनशील नागरिकको हिसाबले जलेश्वरीको सामाजिक क्षेत्रप्रति संलग्नता रहनु स्वभाविक हुन आउँछ । किशोरीअवस्थादेखि नै साथीहरूसँग मिलेर टोलको सरसफाइ, महिला सचेतना, विकृति, विसंगति र विभेद विरोधी अभियानजस्ता कार्यको प्रारम्भसँगै आफ्नो सामाजिक जीवनको शुभारम्भ यिनले



सहकर्मीका साथ जलेश्वरी श्रेष्ठ ।

गरेकी थिइन् । तत्कालीन सामाजिक परिवेशमा महिला जागरण र महिला अधिकारका क्षेत्रमा जलेश्वरी नवीन दृष्टिकोण बोकेर प्रस्तुत भएकी थिइन् ।

जीवनको उत्तरार्द्धकालीन समयमा आएर यस क्षेत्रमा यिनको संलग्नता महत्वपूर्ण देखापर्‍यो । यिनले संगठित र असंगठित दुवै रूपबाट आफ्नो चेतनालाई भरपूरसँग उपयोग गरिन् । त्यो उपयोगिता नै यस क्षेत्रप्रतिको यिनको विशिष्टता भएको पाउन सकिन्छ । **तपस्थली विद्याश्रम, इस्कोन, बन्दीपुर सामाजिक विकास समिति, वनिता, नारी साहित्य प्रतिष्ठान, गुन्जन**जस्ता संगठित संस्थाहरूका अतिरिक्त अन्य दर्जनौं संघसंस्थाहरूमा यिनको योगदानलाई उच्च प्राथमिकताको रूपमा लिइन्छ ।

यतिका संख्यामा भाषिक-साहित्यिक महत्व बोकेका संस्थामा संलग्न भई जलेश्वरी श्रेष्ठले जेजस्तो सेवा पुऱ्याइन् त्यसबाट उपर्युक्त क्षेत्रतर्फको उनको अभिरूचि तथा सेवाभावले सन्तुष्टिका साथ झाँगिने अवसर प्राप्त भएको प्रमाणित हुन्छ । जीवनलाई सदैव रचनात्मक कार्यमा अग्रसर गराइरहनुपर्छ भन्ने उनको मान्यतालाई पनि यस सन्दर्भले पुष्टि गरेको पाइन्छ ।


## अभिरूचि

जलेश्वरी श्रेष्ठको मुख्य रूचिको क्षेत्र कथा हो र उनी कथा लेख्न र पढ्न बढी रूपमा तल्लिन देखिन्छिन् । स्वअध्यनमा यिनको तीव्र रूचि रहेको छ । मूल रूपमा यिनी नेपाली, हिन्दी र नेवारीभाषाका साहित्यिक रचनाहरू पढ्ने गर्छिन् । पत्रिकाहरूमा प्रकाशित साहित्य र विकाससम्बन्धी रचनाहरू पढ्न यिनलाई जाँगर चल्छ । प्रकृतिप्रेमी भएकाले एकान्त, वनजंगल, फूलबगैंचामा विचरण गर्दा आनन्द प्राप्त हुने यिनको धारणा छ । यिनलाई मनोरञ्जनका सबै साधनहरूभन्दा पनि सिरियल, गीतसंगीत बढी मन पर्छ । उषाका रात्रिकालीन समय यिनको आनन्दको बेला हो । नातिनीहरूसँगको सहचार्यमा कथा सुन्न सुनाउन यिनलाई उत्साह प्राप्त हुन्छ । सदावहार आधुनिक गीतहरूले यिनको मनलाई प्रफुल्ल बनाउँछ ।

शान्ति, एकता, विश्वास, मेलमिलाप, स्वतन्त्रता, समानता, निश्चलता, पवित्रता र सहिष्णुता, निर्मलताजस्ता विषयहरू यिनको विशेषता हो । उनका रचनाहरूमा पनि यसको प्रधानता पाउन सकिन्छ । धेरै नबोल्ने र जोकसैसँग भेट्न नचाहने यिनको अभिरूचिमा पर्दछ । आफ्ना यिनै अभिरूचिका क्षेत्रहरूलाई माध्यम बनाएर उनले अद्वितीय नेपाली साहित्यको सिर्जना गरेकी हुन् भनी विश्वास गर्न सकिन्छ ।

## भ्रमण

जलेश्वरी श्रेष्ठ काठमाडौंको वटुटोलमा जन्मिएर हाल काठमाडौंको बालुवाटारमा बस्दै आएकी छन् । उनले विभिन्न सिलसिलामा श्रीमान् द्वारिका श्रेष्ठको साथमा नेपालको धेरै जिल्लाहरू भ्रमण गरेकी छन् । नेपालको पोखरा र चितवन उनको प्रिय भ्रमणस्थल




विदेश भ्रमणका क्रममा आफन्तका साथ जलेश्वरी श्रेष्ठ (दायाँबाट पहिलो) ।

हो । यसका साथै उनले भारत, चीन, अमेरिका, बेलायत, जर्मन, थाइल्यान्ड, अस्ट्रेलियालगायतका देशहरूको भ्रमण सम्पन्न गरेकी छन् । भ्रमणका क्रममा त्यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक विषयमा जानकारी लिने र आफ्नो देश बारेमा जानकारी गराउने उनको स्वभाव पाउन सकिन्छ ।


## सम्मान तथा पुरस्कार

कुनै पनि सिर्जनात्मक योगदानको मूल्यांकन गर्न तथा प्रतिभालाई सम्बन्धित कार्यप्रति थप प्रोत्साहित गर्न पुरस्कार तथा सम्मानको विशेष महत्व रहन्छ । यस्ता सम्मान तथा पुरस्कारले संलग्न प्रतिभालाई आफ्नो क्षेत्रमा काम गर्न थप ऊर्जा मिल्नुका साथै



राष्ट्रकवि माधव घिमिरेबाट सम्मान ग्रहण गर्दै जलेश्वरी श्रेष्ठ ।

आत्मसन्तुष्टि र आत्मगौरव प्राप्त हुने पुरस्कृत व्यक्तित्वहरूको धारणा रहेको पाउन सकिन्छ । यस धारणाप्रति कथाकार जलेश्वरी श्रेष्ठको पनि विचार मिलेको पाइन्छ । किशोरीअवस्थामा प्रवेश गरेदेखि नै सामूहिक भाव र सिद्धान्तहरूबाट अभिप्रेरित जलेश्वरी श्रेष्ठको सिर्जनशीलताप्रति बेलाबेलामा विभिन्न क्षेत्रहरूबाट आवश्यक मूल्यांकन हुँदै आएको भेट्न सकिन्छ । यसै सन्दर्भमा यिनले वि.सं. २०६६ साल माघ ८ गते ऐतिहासिक अन्तर्राष्ट्रिय 'शान अवार्ड' साहित्यिक पत्रिका सूचकको संयोजनमा नेपालमा प्राप्त गरेकी छन् । नेपाली साहित्यमा महत्वपूर्ण सिर्जना गरेबापत उनलाई उक्त अवार्ड



शान अवार्ड ग्रहण गरेपछि सामूहिक तस्बिर खिचाउँदै (बायाँ) जलेश्वरी श्रेष्ठ ।

दिइएको हो । यस अवार्डका अतिरिक्त उनले विभिन्न समय र सन्दर्भहरूमा निम्न उल्लेखित सम्मान तथा पुरस्कारहरू प्राप्त गरेकी छन् ।

- नवरङ्ग साहित्य सम्मान - २०६०
- मानचित्र सम्मान - २०६२
- प्रयास साहित्यिक सम्मान - २०६४
- दोभान साहित्यिक प्रतिभा सम्मान - २०६६
- बाल साहित्य सम्मान - २०६३
- गुञ्जन सम्मान - २०६७

# जलेश्वरी श्रेष्ठको व्यक्तित्व

नेपालीभाषा, साहित्य र समाजसेवाको क्षेत्रमा विशिष्ट योगदान दिँदै आएकी जलेश्वरी श्रेष्ठको समग्र जीवन अध्ययन सचेत मानवका निम्ति प्रेरणा स्रोतको रूपमा दर्ज हुनसक्छ । जीवनको प्रारम्भिक समयदेखि नै सामूहिक भावहरूद्वारा दीक्षित श्रेष्ठ अहिले पनि त्यही भावअनुरूप अगाडि बढिरहेकी छन् । यो उनको जीवनको विशिष्ट पाटो हो । हुन त, उनी जीवनको उत्तरार्द्धमा आएर मात्र साहित्यमा लागेकी हुन् तर उनमा साहित्यिक विजको शुरूवात बाल्यावस्थादेखि नै भएको पाउन सकिन्छ । हाल उनमा निहीत साहित्यिक व्यक्तित्वको परिणाम नै त्यही विजको उपज हो ।

व्यक्तिको जीवनमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपताको निर्माण हो । एकरूपता भन्नाले सधैं एकै किसिमको काममात्र गर्नु नभई परिवेशअनुरूपको हो भन्ने बुझ्नुपर्छ । वास्तवमा व्यक्तित्वको अभिप्राय आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नुपर्छ । जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सहयोग गर्छ । परिस्थितिअनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्रको प्रतिभा नै व्यक्तित्व हो र यसै मान्यतामा व्यक्तित्वको निर्धारण हुने गर्दछ ।

## आन्तरिक व्यक्तित्व

जलेश्वरी सानैदेखि शान्त, सरल, गम्भीर हुनाको साथै एकसुरे र जिद्धी स्वभावकी थिइन् । कुनै काम कुरो गर्छु भनेर लागेपछि, त्यो गरेरै छाड्ने उनको बानी थियो । जुन अद्यापि उनमा पाउन सकिन्छ । कसैसँग विवाद नगर्ने, झुटो र असत्य कुरामा अडान नलिने, सबैसँग समान व्यवहार गर्ने उनको विशेषता हो । हाँसेर बोल्ने, स्पष्ट विचार राख्ने तथा समसामयिक विषयहरूमा बहस गर्न अघि सर्ने उनको व्यक्तित्वको

अर्को पाटो हो । यदाकदा एकान्तमा बस्न रूचाउने जलेश्वरी फुर्सदको समयमा पत्रपत्रिका पढ्ने, टेलिभिजन हेर्ने र साथीहरूसँग फोनमा कुरा गर्ने गर्छिन् । धेरै कम मात्र सार्वजनिक समारोहहरूमा देखिने जलेश्वरी साहित्यिक कार्यक्रमहरूमा भने नियमित रूपले सहभागी हुने गर्छिन् ।

## अभिप्रेरक व्यक्तित्व

जलेश्वरी श्रेष्ठ एक उदार अभिप्रेरक महिला व्यक्तित्वका रूपमा पनि परिचित छिन् । उनी आफ्नो सम्पर्कमा आएका प्रायः सबैलाई रचनात्मक कार्यमा लाग्न र अरूको भलो हुने काम गर्न भन्ने गर्छिन् । यिनको अभिप्रेरणाको सबैभन्दा महत्वपूर्ण पक्ष भनेकै अरूको अस्तित्वलाई स्वीकार गर्नु र अगाडि बढ्न नेतृत्व प्रदान गर्न अग्रसर हुनु नै



पद्मकन्या कलेजमा आयोजित कार्यक्रममा मन्तव्य व्यक्त गर्दै जलेश्वरी श्रेष्ठ ।

हो । सम्पन्न परिवारको सदस्य भएर पनि सादा जीवनशैलीलाई प्राथमिकता दिने जलेश्वरीले नयाँ प्रतिभाहरूको वृत्ति विकासका लागि महत्वपूर्ण कोषहरूको स्थापनाका साथै पुरस्कारहरूको पनि स्थापना गरेकी छन् । उनले आफ्नै एकल प्रयासमा **देवकुमारी थापा बालसाहित्य वनिता पुरस्कार, गोमा स्मृति पुरस्कार र गुन्जन प्रतिभा पुरस्कार, जलेश्वरी बालसाहित्य पुरस्कारजस्ता पुरस्कार** स्थापना गरेर नियमित रूपले सञ्चालन गर्दै आएकी छन् । उपरोक्त पृष्ठभूमिको आधारमा उनको अभिप्रेरक व्यक्तित्व उच्च रूपमा स्थापित भएको पाउन सकिन्छ ।

## अध्ययनशील व्यक्तित्व

जलेश्वरी श्रेष्ठ सानै उमेरदेखि पढाइमा तेज थिइन् । बाल्यकालमा उनको पढाइको लागि घरैमा शिक्षकको व्यवस्था गरिएको थियो भने पछि उनले आठवर्षको उमेरमा महाबौद्धको बालकुमारी (हालको महाँकाल) स्कुलमा एक कक्षामा भर्ना भई औपचारिक रूपले स्कुले शिक्षाको प्रारम्भ गरेकी थिइन् । करिब दुईवर्ष यस स्कुलमा अध्ययन गरेपछि तीन कक्षा पढ्न यिनी शान्ति निकुन्जमा भर्ना भइन् । ६ कक्षासम्म यिनले यसै स्कुलमा बिताइन् । ७ कक्षादेखि यिनले नरदेवीको कन्या मन्दिर माविमा पढ्न थालिन् र यसै स्कुलबाट एस.एल.सी. उत्तीर्ण भइन् । स्कुले शिक्षाको समाप्तिपछि उच्चशिक्षाको लागि पद्मकन्या क्याम्पसमा भर्ना भइन् र यसै क्याम्पसबाट बी.ए. सम्मको अध्ययन पूरा गरी औपचारिक रूपले अध्ययन प्रक्रियाबाट अलग भइन् । औपचारिक अध्ययनबाट बिदा भए पनि अनौपचारिक अध्ययनलाई भने यिनले जारी राखेकी छन् ।

## समाजसेवी व्यक्तित्व

जलेश्वरी श्रेष्ठ साहित्यिक व्यक्तित्वका अतिरिक्त समाजसेवी व्यक्तित्वका रूपमा पनि प्रसिद्ध छिन् । उनी समाजका विभिन्न क्षेहरूसँग सम्बन्धित रहेर सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्तित्वका रूपमा परिचित छन् । उनले आफ्नो मूख्य धर्मको रूपमा मानवधर्म तथा समाजसेवा र साहित्यलाई पेसाको रूपमा अंगीकार गरेकी छन् । यिनी हालसम्म दर्जनौं संघसंस्थामा संलग्न भएर समाजप्रतिको आफ्नो दायित्वलाई महत्वपूर्ण रूपमा निर्वाह गर्दै आएकी छन् । जलेश्वरीको सामाजिक कार्यहरूलाई हेर्दा उनी कुनै वर्गविशेष वा समुदायमा केन्द्रित नभएर सिंगो मानवजाति र समाजको उन्नतिका क्षेत्रमा समान रूपले अग्रसर भएको पाउन सकिन्छ । आफूसँग प्राप्त साधन र स्रोतबाट प्रशस्त विलासी जीवनयापन गर्न सक्ने क्षमता उनमा भए पनि त्यसो नगरेर उनले कुनै न कुनै सामाजिक सेवामा आफ्नो समय र साधन खर्च गरेको प्रशस्त प्रमाणहरू भेट्न सकिन्छ । यस अर्थमा उनको साहित्यिक व्यक्तित्वजस्तै सामाजिक व्यक्तित्व पनि प्रवल रहेको छ भन्न सकिन्छ । आफ्नो योग्यता र क्षमताले सिंगो मानव जगत्लाई नै केही दिन सकौं भन्ने मूल ध्येय उनमा रहेको पाउन सकिन्छ ।

## चिन्तनशील व्यक्तित्व

जीवन सञ्चालनका लागि चिन्तनलाई अनिवार्य विषयका रूपमा लिने जलेश्वरी श्रेष्ठको व्यक्तित्वको एउटा पक्ष चिन्तनशीलता पनि हो । अध्ययन, चिन्तन र मनन नगरी कुनै पनि नवीन कार्यमा संलग्न नहुने उनको चिन्तनशील व्यक्तित्वको मूख्य प्रभाव क्षेत्र साहित्य बनेको छ । उनीद्वारा रचना गरिएका साहित्यिक सिर्जनाहरू चिन्तनशील व्यक्तित्वका उपज हुन् । उनका प्रायः सिर्जनाहरू पढ्दा यस्तो अनुभूति गर्न सकिन्छ । उनी आफू र आफ्नो परिवारभन्दा बाहिर समाज, समाजको विग्रहपूर्ण अवस्था, मानवीय

मूल्य र मान्यताहरूको बारेमा निरन्तर चिन्तनशील रहेको पाउन सकिन्छ । उनले लेखेको 'लाभाका बाफहरू र मौन विद्रोह' कथाकृति यस्तै अध्ययन र चिन्तनको उदाहरण हो । उनका कथा कोरा कथा नभएर समाज पढेर लेखिएको विशिष्ट यथार्थिक कथाकृति हो । जसमा विद्यमान समाजमा महिलाहरू भित्र हुने गरेका तथा महिलाको मनमा कुण्ठाको रूपमा रहेका भावहरूको अव्यक्त अभिव्यक्ति उनका कृतिहरूमा पाउन सकिन्छ । जसले गर्दा पनि उनलाई चिन्तनशील व्यक्तित्वका रूपमा चिन्ने गरिन्छ ।

## साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिका सिर्जना र कृतिका आधारमा निर्धारण हुने गर्दछ । साहित्यका कविता, कथा, निबन्ध, नाटक आदि विधागत योगदानबाट नै उसको परिचय स्थापित भएको हुन्छ । जलेश्वरी श्रेष्ठको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित कृतिहरू र सिर्जनाका आधारमा सम्बोधन गर्नु सान्दर्भिक हुन्छ । बाल्यकालमै नेपालभाषाको कविता लेखेर कवयित्रीको रूपमा देखापरे पनि जलेश्वरीको साहित्यिक यात्राको औपचारिक प्रारम्भ 'लाभाका बाफहरू' कथाकृतिको प्रकाशन्बाट भएको हो । त्यसपछि उनका 'मौन विद्रैह' का साथै परीको घर, मेहनती गौरी, तिसाको जन्मदिन, सुनपरी शान्ताको इच्छाजस्ता बालसाहित्यका कृतिहरू प्रकाशन भएका छन् । यसै गरी उनका दर्जनौं फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । हालसम्म पनि सिर्जनात्मक कार्यमा संलग्न रहेकीले यिनको साहित्यिक विस्तारको टुंगो लागिसकेको छैन । यस क्षेत्रमा थप योगदान र संलग्नताको अपेक्षा गर्न सकिन्छ । उनले हालसम्म सिर्जना गरेको रचनाहरूको स्तरलाई हेर्दा उनको साहित्यिक व्यक्तित्व अत्यन्त उन्नत र विशिष्ट खालको रहेको पाउन सकिन्छ । नेपाली आख्यान परम्परामा यौन मनोविज्ञानलाई विषयका रूपमा उठान गरेर उनले नयाँ तरंग नै ल्याएकी छन् भन्दा अत्युक्ति नहोला ।

## कवयित्री व्यक्तित्व

जलेश्वरी श्रेष्ठको साहित्यिकयात्राको प्रारम्भ ८-९ वर्षको उमेरमा कविता विधाबाट भएको थियो । उनले स्कुल पढ्दाताकादेखि नै सिकारूको रूपमा कविता लेख्न थालेकी थिइन् । त्यसबेला उनले विना शीर्षकमा धेरै कविताहरू लेखिन् तर उनको सम्झनलायकको नेपालभाषामा लेखिएको 'सूँथ' (बिहान) शीर्षकको कविता हो । जुन कविता नेवारीभाषाको एक पत्रिकामा प्रकाशित भएको थियो । त्यसबेला उनको उक्त कविताले नेपालभाषाको उत्कृष्ट बालकविताको रूपमा पुरस्कार पाएको थियो । त्यसपछि उनको उल्लेख गर्न योग्य कुनै पनि कविता भएको पाइँदैन र यत्तिकैमा उनको कवितायात्रा टुंगिन पुगेको देखिन्छ । तर अद्यापि साहित्यिक जीवन सक्रिय रहेकाले कविता विधामा उनको थप योगदानको अपेक्षा गर्न सकिन्छ ।




गुञ्जनको आठौं वार्षिकोत्सवमा सहभागीहरूका साथ जलेश्वरी श्रेष्ठ (दायाँबाट दोस्रो) ।

## बालसाहित्यकार व्यक्तित्व

जलेश्वरी श्रेष्ठको बालसाहित्यकार व्यक्तित्व मूलतः बालकथा र बालउपन्यासको क्षेत्रमा मात्र केन्द्रीत रहेको छ । बालसुलभ भावना, जिज्ञासा र बालव्यवहारलाई आत्मसात गरेर बालमनोविज्ञानपूर्ण बालरचनाको सिर्जना उनले गरेकी छन् । उनले आफ्नो रचनामा सरल भाषाशैलीका माध्यमबाट बालसंवेदनालाई छुने प्रयास गरेकी छन् ।

उनका बालउपन्यास **'मेहनती गौरी'** (२०६१) **'तिसाको जन्मदिन' बालकथासंग्रह** (२०६१) **'सुनपरी' बालउपन्यास** (२०६३), **परीको घर** (२०६०), **शान्तको इच्छा** (२०६५) लगायतका कृतिहरू प्रकाशित भएको छ । उपरोक्त कृतिहरूले उनको बालसाहित्यकार व्यक्तित्वलाई चिनाएको मात्र होइन वरिष्ठ बालसाहित्यकारको रूपमा स्थापित गराएको छ । उपरोक्त बालकृतिहरूका अतिरिक्त अन्य दर्जनौं फुटकर रचनाहरू विभिन्न समयमा प्रकाशन गराएर बालसाहित्यका क्षेत्रमा समर्पित जलेश्वरी श्रेष्ठको बालसाहित्यकार व्यक्तित्व प्रभावशाली रूपबाट अगाडि बढेको पाउन सकिन्छ ।

## कथाकार व्यक्तित्व

जलेश्वरी श्रेष्ठको साहित्यिक व्यक्तित्वको विशिष्ट आयाम र परिचय नै कथाविधा हो । कथाविधाबाट नै उनको व्यक्तित्व ओजपूर्ण र चर्चित बन्न सफल भएको हो ।

जलेश्वरी श्रेष्ठले कथालेखनको सुरूवात बाल्यकालदेखि नै गरेकी भए पनि कथाकारको रूपमा भने वि.सं. २०५७ को दशकपछाडि आएकी हुन् । यिनको 'भगवती

शीर्षकको पहिलो कथा वि.सं. २०५७ साल भदौमा गोरखापत्रमा प्रकाशित भएको थियो । नारी संवेदनामा आधारित भएर लेखिएको यस कथाबाट ने उनी आसलाग्दो कथाकारको रूपमा स्थापित भएकी हुन् । फुटकर रूपमा कथा लेखेर प्रकाशन गराउँदै आएकी श्रेष्ठले वि.सं. २०५८ सालमा 'लाभाका बाफहरू' शीर्षकको कथाकृति प्रकाशन गराएर एकाएक चर्चामा आइन् ।

यस कृतिको प्रकाशनबाट उत्साहीत भएकी जलेश्वरी श्रेष्ठले दोस्रो कृतिको रूपमा वि.सं. २०६२ सालमा 'मौन विद्रोह' कथासंग्रह प्रकाशन गराइन् । नेपाली महिलाको मनभित्र अव्यक्त रूपमा रहेको यौनमनोविज्ञानलाई प्रमुख विषयवस्तुका रूपमा कथानक बुनिएको प्रस्तुत कृति 'मौन विद्रोह' ले उनलाई एउटी परिपक्व र वरिष्ठ महिला कथाकारको रूपमा स्थापित गराएको छ । प्रकाशित प्रस्तुत कृतिहरू र फुटकर रूपमा प्रकाशित कथाहरूलाई हेर्दा जलेश्वरी श्रेष्ठलाई एउटी महत्वपूर्ण यौनकथाकार व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

### स्रष्टा व्यक्तित्व

नवीन र मौलिक साहित्य सिर्जनामा कटिबद्ध रहेकी जलेश्वरी श्रेष्ठको व्यक्तित्व नै स्रष्टा व्यक्तित्व हो र उनका स्रष्टा व्यक्तित्वका पनि विविध रूपहरू अर्थात् उनी नेपाली साहित्यका विभिन्न विधा उपविधाका रचनामा समर्पित सफल महिला साहित्यकार हुन् । उनको स्रष्टा व्यक्तित्व मूल रूपमा कवयित्री, कथाकार, बालकथाकार, बालउपन्यासकार तथा फुटकर रचनाकारका रूपमा विभाजित भएको पाइन्छ ।

### प्रकाशिका व्यक्तित्व

प्रकाशिका व्यक्तित्व भन्नाले कुनै पनि विधाका पुस्तकहरू, लेखरचनाहरू तथा कृतिहरू प्रकाशन, प्रशारण तथा प्रवर्द्धन गर्ने व्यक्तित्वलाई बुझिन्छ । जलेश्वरी श्रेष्ठले पनि नेपाली साहित्यमा विविध विधाका पुस्तकहरू प्रकाशन गराएकी छन् । कथा, बालकथा र बालउपत्यासजस्ता आफुरचित कृतिहरूका साथै कविता र निबन्धजस्ता अन्य विधाका कृतिहरू पनि उनले प्रकाशन गराएको पाउन सकिन्छ । उनले निबन्धकार झमककुमारी घिमिरेको 'बेमौसमका आस्थाहरू' निबन्ध संग्रह तथा कवयित्री सावित्री कार्कीको एक कवितासंग्रह आफ्नै निजी स्रोतमा प्रकाशन गराएर प्रकाशिका व्यक्तित्वका रूपमा पनि आफूलाई स्थापित गराएकी छन् । समाजमा पिछडिएका अपांग, दलित, महिलाका साथै ग्रामीण भेगमा रहेर साहित्यिक सिर्जना गर्ने स्रष्टाहरूको रचना यथाशक्य प्रकाशन गराउँदै जाने उनको लक्ष्य रहेको पाउन सकिन्छ । व्यक्तिद्वारा सिर्जित रचनालाई अप्रकाशित अवस्थामै मर्न दिनुहुन्न भन्ने मान्यता राख्ने जलेश्वरी आगामी दिनमा प्रकाशन संस्था निर्माण गरेर यस क्षेत्रको अभावलाई परिपूर्ति गर्ने अभियानमा लाग्न थालेको बुझ्न सकिन्छ ।

# जलेश्वरी श्रेष्ठको

# लाभाका बाफहरु




वि.सं. २०५७ साल, भाद्रमा 'भगवती' शीर्षकको कथा गोरखापत्रमा प्रकाशित गराएर नेपाली साहित्यको कथायात्रामा विविध ढंगबाट प्रवेश गरेकी कथाकार जलेश्वरी श्रेष्ठको 'लाभाका बाफहरू' प्रथम प्रकाशित पुस्तकाकार कथाकृति हो । नारी साहित्य प्रतिष्ठानको संयोजनमा वि.सं. २०५८ चैत्रमा प्रकाशित प्रस्तुत संग्रहमा २१ कथाहरू समाविष्ट भएका छन् ।

नारीप्रधान विषयवस्तुको बाहुल्यता रहेको प्रस्तुत कृतिमा निर्णय, ओठमा फुलेको मुस्कान, अस्तित्व टेस्ट्युब बेबी, कन्यादान, नपल्टाइएका जिन्दगीका पाना, नयाँ बिहानी, परित्याग, चुनौती, लाभाका बाफहरू, सतित्व, भगवती, विचरा, विष्णुमाया, मेरी बज्यै अर्पण, प्रण, संकल्प, अनिता मातृत्व र पहिचानको चिन्ह, शीर्षकका कथाहरू रहेका छन् ।

नारीप्रधान विषयवस्तुको बाहुल्यता रहेको प्रस्तुत कृतिमा निर्णय, ओठमा फुलेको मुस्कान, अस्तित्व, टेस्टट्युब बेबी, कन्यादान, नपल्टाइएका जिन्दगीका पाना, नयाँ बिहानी, परित्याग, चुनौती, लाभाका बाफहरू, सतित्व, भगवती, विचरा, विष्णुमाया, मेरी बज्यै, अर्पण, प्रण, संकल्प, अनिता, मातृत्व र पहिचानको चिन्ह शीर्षकका कथाहरू रहेका छन् ।

नेपाली आधुनिक कथाको माध्यमिक चरणमा कथाकारको रूपमा देखापरेकी जलेश्वरी श्रेष्ठलाई सिर्जनात्मक विशेषताको हिसाबले समाजवादी, यथार्थवादी, प्रगतिवादी तथा महिलावादी कथाकारको रूपमा लिन सकिन्छ । उनले आफ्ना कथामार्फत् पूर्वको अतिरञ्जनात्मक सामाजिक धरातललाई समस्याको रूपमा उठाएकी मात्र छैनन्, नारीजातिको मुक्तिको निम्ति विद्रोहको ज्वाला नै बोकेर मैदानमा उत्रिएकी छन् ।

उनका कथामा नारीको उच्चतम तथा पुरूषको संकीर्ण मनोलिप्सा मानवीय भिन्नताको रूपमा प्रकटित भएको पाउन सकिन्छ । सामाजिक यथार्थवादी, प्रगतिवादी, परिवर्तनकारी प्रवृत्तिअन्तर्गत नेपाली सामाजिक जीवनका परम्परा, मान्यता, विषमता र विसंगतिप्रति विद्रोहपूर्ण कथानक लेख्ने जलेश्वरीका कथामा आर्थिकभन्दा सामाजिक समस्याको सन्दर्भहरू बढी देखिन्छन् । उनी मनोवैज्ञानिक यथार्थवादी प्रवृत्तिअन्तर्गत एकातिर फ्रायडको मनोविज्ञानमा आधारित मानवीय वासना, आवेग, कुण्ठा, विकृति र रतिरागात्मक प्रवृत्तिलाई अँगालेर कथा लेख्छिन् भने अर्कोतिर जीवनका विवशता, विसंगति अस्तित्वहीनता, नैरास्यता, कुण्ठा, शुष्कपना र मानसिक विकृतिलाई लिएर कथा लेख्ने गर्छिन् । जीवनको मूल्यहीनता, यान्त्रिकता, अनिश्चितता र बाँझोपनाजस्ता विषयगत सन्दर्भमा यिनी बढी अन्तरमुखी र जटिल देखा पर्छिन् । यस स्वभावमा पनि पात्रको चरित्र र मनस्थितिको चित्रण गर्दा सामाजिक अवस्थालाई प्रमुखता दिन भने बिर्सेकी छैनन् । ओठमा फुलेको मुस्कान, परित्याग, मातृत्व, भगवती, प्रण आदि कथाहरूमा उनले सामाजिक जटिलता, मानसिक यथार्थता तथा पारिवारिक सान्दर्भिकताको राम्रो चित्रण गरेकी छन् ।

मानसिक आवेग र यौनभावनालाई सहज मानवीय प्रवृत्ति मान्ने जलेश्वरी सफल यौनवादी कथाकार हुन् भने नारी मनोवैज्ञानिक कथाकारका रूपमा पनि यिनको विशिष्टता देख्न सकिन्छ । निर्णय, सतित्व, अर्पण, चुनौती कथाहरू यस्तै विशिष्टताको साकार रूप हो । समाजका कटु यथार्थ र वास्तविकताहरूलाई नांगो बनाउँदै जीवनको मूल मर्म र वेदना पहिचान गर्नु उनको कथाकारिताको विशेषता हो ।

प्रस्तुत संग्रहको पहिलो कथा 'निर्णय' मा पारिवारिक अवरोधका कारण एउटी महिलाले आफ्नो साहित्यिक चेतनालाई उपभोग गर्न नपाएको कथामा उल्लेख गरिएको छ । यस कथाले पारिवारिक रूपमा महिलाको स्थान, महिलाको मानसिक, शारीरिक र बौद्धिक शोषणलाई पारिवारिक संकीर्णताको विषयको रूपमा चित्रण गरिएको छ । घरको काम सबै महिलाले मात्र गर्नुपर्ने, छोराहरू र श्रीमान्को भूमिका अमर्यादित देखिने तथा महिलाले घरभित्र र बाहिरको सम्पूर्ण जिम्मेवारी सम्हाल्नुपर्नेजस्ता पारिवारिक विषयवस्तु कथामा प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ । 'ओठमा फुलेको मुस्कान' कथामा नारीमनको अन्तर्द्वन्द्वलाई कथानकको विषय बनाइएको छ ।

महिलाहरू स्वभाविक रूपले शान्त, सरल र संवेदनशील हुन्छन् । उनीहरूमा दया, माया, करूणा र भावुकताजस्ता पक्षहरूको बाहुल्यता पाइन्छ । यो मानवताको महत्वपूर्ण विशेषता हो । तर यही भावनात्मक धरातललाई कमजोरीका रूपमा लिएर नारीमाथि अत्याचार गर्ने, उनीहरूको अस्तित्व र स्वाभीमानमाथि व्यंग्य प्रहार गर्ने तथा संकीर्ण चाहना पूरा गर्न खोज्ने पुरूषहरूका कारण समाजमा जहिले पनि महिलाले दबिएर बस्नुपर्ने अवस्था आएको धारणा कथामा अभिव्यक्त भएको छ । स्वास्नी बिरामी पर्दा, मृत्यु हुँदा वा अन्य विभिन्न अवस्थामा पुरूषले दोस्रो विवाह गर्न हुने वा

परस्त्रीसँग शारीरिक सम्पर्क राख्न मिल्ने तर महिलाले यसै अवस्थामा एक्लै, निरीह र कुण्ठाग्रस्त जीवन बाँच्न बाध्य हुनुपर्ने सन्दर्भहरू कथामा उल्लेख भएको पाइन्छ । नारी र पुरूष ईश्वरको समान सिर्जना हुन् । पुरूषको जति अधिकार, स्वतन्त्रता, इच्छा, चाहना, रहर महिलामा पनि हुन्छ । यसको सम्मान सबैले गर्नैपर्छ । महिलाले पुरूषका अगाडि आफ्ना इच्छा लुकाएर, मारेर बस्नुपर्छ भन्ने छैन । महिलाको पनि मन हो, उनीहरूको पनि आत्मा हुन्छ, पुरूषमा जागृत हुने चाहना महिलामा पनि उत्पन्न हुन्छ । आफूभित्र सिर्जित चाहना, रहर, इच्छा र आकांक्षा प्राप्त गर्न महिलाले डराउनु पर्दैन । आफूभित्र उत्पन्न चाहना पूरा गर्दा कुनै पाप लाग्दैन, जात जाँदैन, धर्म बिग्रिँदैन, चरित्रहीन बनिँदैन, बरू मनका इच्छा पूरा हुँदा जीवन सरल, सन्तुलित र सफल बन्छ भन्ने जीवनसन्देश प्रस्तुत कथाको महत्वपूर्ण पक्ष हो । यस कथामा वर्गीय विभेदका साथै यौनचाहना र रतिरागात्मक विषयहरू सन्दर्भका रूपमा विभिन्न समय र परिवेशमा प्रकटित भएका छन् । कथाले नारीको यौनमनोविज्ञानलाई पुरूष चरित्रसँग जोडेर व्याख्या गरेको छ । आत्मपरक शैलीमा घटनापरक कथानक बुनिएको प्रस्तुत कथाले सामाजिक यथार्थलाई अत्यन्त प्रवल रूपमा आत्मसात गरेको छ ।

यस्तै अस्तित्व र विचरा शीर्षकको कथामा शारीरिक तृप्ति र मानसिक विद्रोहका कथानकको विषय बनाइएको छ । घर-परिवार र श्रीमान्को दासत्वबाट मुक्त भई आफ्नो परिचय बनाउन विद्रोह गर्नुपरेको कुरा 'अस्तित्व' कथामा उल्लेख भएको छ भने आफ्नो शारीरिक प्यास शान्त पार्न असमर्थ लोग्नेलाई सम्भोग गर्न नदिएर प्रतिशोधपूर्ण व्यवहार दर्शाएको कुरा विचरा कथामा अभिव्यक्त गरिएको छ । यी कथाले यौन र जीवनजस्तो शास्वत सत्यलाई समानरूपले समर्पण गर्नुपर्छ भन्ने सन्देश दिन खोजेको छ ।

'नयाँ बिहानी' कथामा श्रीमान्को मृत्युले विछिप्त हुन पुगेकी विधवाको जीवनमा आएको परिवर्तनलाई प्रमुख विषयका रूपमा प्रस्तुत गरिएको छ । बाल्यकालमा विवाह गरेर यौवनावस्थामाा लोग्ने गुमाउन पुगेकी महिलामा उत्पन्न हुन आउने मानसिक पीडा, एक्लोपना, शारीरिक तृष्णा, अतृप्ति, आशा, निराशा, उत्साह तथा विपरीत लिंगप्रतिको आकर्षणजस्ता पक्षहरूको विविधता भएको कथाको प्रमुख उद्देश्य गतिशील जीवनको परिकल्पना हो । मानिस धन र सम्पत्तिले मात्र तृप्त हुने भए माया, प्रेम, एकता, विश्वास र सामूहिकताजस्ता कुराहरूको खोजी हुने थिएन । धनसम्पत्ति आवश्यक भए पनि जीवनका लागि प्रेम अनिवार्य विषय हो । प्रेम र हार्दिकतारहित जीवन निराश, उदास र रूढीग्रस्त हुन पुगी मानिसको अस्तित्व नै हराउन सक्ने चिन्ता कथामा व्यक्त भएको छ ।

परित्याग कथामा मातृत्व अधिकारलाई प्रमुख विषय बनाएर लोग्ने परित्याग गर्न पुगेकी महिलाको साहसलाई प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ । दीपा र मदनको आपसी प्रेमसन्बधबाट छोरीले जन्म लिएकी, मदनको घरमा अर्की स्वास्नी

भएकी, मदनले दीपासँग झुट बोलेको र दीपाले आफ्नो स्वार्थको लागि अर्की महिलाको अधिकार खोस्न नचाहेर मातृत्वको अधिकार मात्र मागेर महानता देखाएको कुरा कथामा उल्लेख भएको छ । चुनौती कथामा आमाले छोरीको मातृत्वको अभावलाई आफ्नै ज्वाइँको बीर्य ग्रहण गरेर गर्भाधान गर्न राजी भई चुनौती झेल्न पुगेको कथानक उल्लेख भएको छ ।

प्रस्तुत कृतिको शीर्षकथा 'लाभाका बाफहरू' मा आफ्नी सरल, इमानदार र सोझी आमामाथि अत्याचार गर्ने पिताका विरूद्ध दुई छोरीहरूले गरेको विद्रोहलाई प्रमुख विषयका रूपमा प्रस्तुत गरिएको छ । पिताको असली रूप आफ्नै आँखाले देखेपछि छोरीहरूमा आमाप्रति दया जागी पिताप्रति घृणाको बिजारोपण भएको कुरा कथामा देखाउन खोजिएको छ ।

**श्रीधर एउटा व्यापारी हुन्छ । उसकी स्वास्नी प्रकृति साह्रै सरल, इमानदार र सिधा हुन्छे । स्वास्नीको यही कमजोरीको फाइदा उठाएर श्रीधर प्रायःजसो कामको बहानामा बाहिरिया केटीसँग रात बिताउने गर्दछ । यता प्रकृति लोग्नेको अनुपस्थितिमा मानसिक तृष्णा, शारीरिक भोक र चाहनालाई मनभित्र दबाएर निराशापूर्ण समय गुजार्न थाल्छे । कुनै पुरूष देख्दा, फिल्म सिरियल हेर्दा वा अन्य विविध अवस्थामा प्रकृतिभित्र दमित यौनइच्छाहरू सल्बलाउन थाल्छन् । उसको मन, शरीर र सबै अंगहरू यौनचाहनाले उत्तेजित हुन पुग्छन् । उसको यो उत्तेजना कल्पनामा सीमित हुन्छ । तर श्रीधर भने यदाकदा मात्र घरमा आउने र आवश्यक खर्च दिएर बाहिर नै बस्ने गर्छ । अब त उसका दुई छोरीहरू पनि जबान भएर आफ्नो काम सम्हाल्ने भइसकेका हुन्छन् । उसको अफिस आउने र बस्ने क्रम घट्न थाल्छ । यत्तिकैमा एक दिन रतिक्रिडा गरिरहेको अवस्थामा छोरीहरूले देख्छन् र उप्रति विद्रोही हुन पुग्छन् र कथाको अन्त हुन्छ ।**

प्रस्तुत यस कथामा अभिव्यक्त चरित्रप्रधान घटनाहरूले पुरूषको गैरजिम्मेवारीपूर्ण व्यवहार, नारीको शालीनता, उभित्र उत्पन्न शारीरिक र मानसिक यौनजन्य कुण्ठा, छोरीहरूको मातृप्रेम, पिताप्रतिको घृणा तथा विद्रोहात्मक मनलाई लाभाका बाफहरू नाम दिएर कथा लेखिएको छ । प्रकृतिको शालीनता, उसको मनमा सिर्जित रतिरागात्मक चाहना, यौनकुण्ठा, पारिवारिक कर्तव्यपरायणता, लोग्नेको उपेक्षित व्यवहारले सिर्जित काल्पनिकता, छोरी पात्रहरूको विद्रोही भावना, चेतना, जागरूकता तथा आमाप्रतिको प्रेमले हाम्रो सामाजिक परिवेशलाई उजागर गरेको छ । चेतना र सन्देशप्रधान यस कथामा गलत बाटो रोज्न पुगेको श्रीधरले छोरीहरूबाट पाएको घृणा, पारिवारिक बेमेल, प्रकृतिले देखाएकी महानता तथा छोरीहरूमा जागृत कारूणिकताजस्ता प्रवृत्तिहरूले सस्तो मनोरञ्जनको पछि लाग्दा जीवन नै अन्धकार हुन पुग्ने र पारिवारिक संरचना तहसनहस बन्न सक्ने सन्दर्भ उल्लेख भएको छ ।

मानिस स्वभावैले अतृप्तिले भरिएको प्राणी हो । मानिस कुनै एउटा वस्तु र चिजले तृप्त हुन सक्दैन । उसका असीमित चाहना र आवश्यकताहरू हुन्छन् । त्यो

पूरा गर्न उसले कुनै पनि बाटो र उपाय अवलम्बन गरेकै हुन्छ । विष्णुमाया यस्तै सन्दर्भ बोकेको नारीवादी कथा हो ।

यस कथामा नारीका बहुआयामिक रूप र चरित्रलाई देखाउनुका साथै लोग्नेको संसर्गबाट आमा बन्न नपाएकी महिलाले परपुरूषसँग यौनसम्बन्ध राखी गर्भधारण गरेको कथानक उल्लेख गरिएको छ । सन्तान सबैको लागि प्रिय हुन्छन्, सन्तान घरको शोभा मात्र नभएर नारीलाई परिपूर्ण बनाउने एउटा माध्यम पनि हो । आफूसँग क्षमता भएर पनि लोग्नेको कारण आमा बन्न नसकेकी महिलाले आमा बन्न परपुरूषसँग यौनसम्बन्ध राख्न पुग्नु तथा गर्भधारण गर्नु कथाको बाध्यात्मक अवस्था हो भने स्वास्नीको मर्म, भावना र चाहनाविपरीत धर्मसन्तान राख्न खोज्नु लोग्नेको दरिद्र मानसिकता हो । लेखिकाले प्रस्तुत कथामार्फत् परम्परागत पुरूष मानसिकतालाई चुनौती दिंदै आमा बन्न चाहने नारीलाई परिस्थितिअनुकूल परपुरूषको बीर्य धारण गर्दा अपराध नहुने बरू आफ्नो कोखप्रति न्याय गरेको ठहरिने सन्देश प्रवाह गर्न खोजेकी छन् ।

मेरी बज्यै, शीर्षकको कथामा बोक्सीको आरोपमा समाजबाट प्रताडित महिलाको अवस्थालाई कथानकको प्रमुख विषय बनाइएको छ । बोक्सीजस्तो काल्पनिक आरोप लगाएर एउटी निर्दोष महिलालाई समाजले कसरी यातना दिन्छ र त्यस्तो समाजमा महिलाको अवस्था कति दर्दनाक बन्न पुग्छ भन्ने दुखान्त प्रस्तुति कथामा उल्लेख भएको छ । सामान्य मानवीय मूल्यमान्यता र विवेक गुमाएर निर्दोष मानवमाथि अत्याचार गर्नबाट नडराउने संकीर्ण समाजप्रति यस कथाले खेद व्यक्त गर्दै संसारमा कुनै पनि मान्छे बोक्सी नहुने र यो नितान्त काल्पनिक कुरा भएको धारणा कथामा अभिव्यक्त भएको छ । यस कथामा नातिनीले आफ्नी हजुरआमाप्रति देखाएको सद्भाव र आदरलाई विशिष्ट मानवप्रेमको रूपमा लिन सकिन्छ भने समाजले बोक्सीको आरोपमा दिएको शारीरिक र मानसिक यातनालाई अमानवीय कार्यको रूपमा लिन सकिन्छ । यस कथाले नुतन र पुरातनबीचको सांस्कृतिक द्वन्द्वलाई परिवर्तित मानसिक चेतनाको रूपमा प्रस्तुत गरेको छ ।

'अर्पण' शीर्षकको कथामा आफ्नो सन्तान अरूलाई दिएर अरूको सन्तानको जिम्मा आफूले लिएको कुरा उल्लेख गरिएको छ । यस कथामा पनि नारीको मातृत्व, मातृत्वको चाहना, नारीको त्याग, तपश्या, निश्चलता, पवित्रता, मानवता, माया, प्रेम, सहनशीलता, सहजता तथा पुरूषको स्वार्थी र कपटी प्रवृत्तिका बारेमा व्याख्या गरिएको छ । सरस्वती र दिनेशको प्रेमविवाह भएको, दिनेशको दुर्घटनामा मृत्यु हुन पुगेको, दिनेश र सरस्वतीको संसर्गबाट एक बच्चा जन्मन आएको, दिनेशको मृत्युपछि उसको परिवारले सरस्वतीलाई अस्वीकार गरेको, सरस्वती र लक्ष्मी मिल्ने साथी भएका, लक्ष्मीले दोस्रो विवाहको लागि सरस्वतीलाई अनुरोध गरेको, सरस्वतीलाई पुर्‍याउन जाँदा लक्ष्मीको श्रीमान् सुवासले उसँग यौनसम्पर्क राखेको, उसले प्रतिवाद नगरेको,




लाभाका बाफहरू विमोचन समारोहमा छोरीहरूका साथ जलेश्वरी श्रेष्ठ (बीचमा) ।

आफ्नो छोरा लक्ष्मीलाई दिई आमा गुमाएका टुहुरा तीन बालकहरूलाई लिई सरस्वतीले शहर छोडेकोजस्ता प्रसंगहरूले कथालाई विविधता प्रदान गर्नुका साथै संवेदनशील र कर्णप्रिय बनाएको छ । यस कथाले नारीहरू कोमल र भावुक हुनाको साथै वात्सल्यप्रेमले भरिएका हुन्छन् र आवश्यक पर्दा अरूका लागि आफ्नो जीवन नै अर्पण गर्दछन् भन्ने भाव अभिव्यक्त भएको छ ।

'प्रण' कथामा अवैध वीर्य धारण गरेर आमा बन्न विवश भएकी महिला र उसको गर्भलाई स्वीकार गर्ने लोग्नेको महानतालाई प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ । विवाहको लामो समयसम्म गर्भ नरहेको, घरपरिवारबाट मानसिक दबाब पर्न थालेकाले तथा लोग्नेबाट सन्तान उत्पादन हुन नसक्ने भएको हुँदा मातृत्वको चाहना पूरा गर्न केटासाथीको सहयोगमा वीर्य धारण गरी गर्भ बोकेको र लोग्नेले गर्भ स्वीकार गरी खुसी भएको सन्दर्भ प्रस्तुत कथाको विषयवस्तु हो । सन्तान नहुनुमा महिलाभन्दा पुरुष नै बढी जिम्मेवार र दोषी हुने भएकाले आफ्नो व्यक्तिगत र शारीरिक यथार्थलाई सबैले आत्मसात गर्नुपर्ने सन्देश कथामा व्यक्त भएको छ ।

'संकल्प र अनिता' शीर्षकको कथामा आपसी अविश्वास, शंका, पारिवारिक असमझदारी तथा विवादका कारण पारिवारिक सम्बन्ध नै बिग्रन पुगेको सन्दर्भ उल्लेख भएको छ । धनसम्पत्ति दाइजो नल्याएको, घरायसी काम गर्न नजानेको, परिवारको इज्जत र सम्मान गर्न नसकेको आरोप लगाइ स्वास्नीलाई मानसिक र शारीरिक

यातना दिने लोग्नेलाई छोडी सम्बन्धविच्छेद गर्न पुगेकी स्वास्नीको सन्दर्भ 'संकल्प' कथामा आएको छ भने 'अनिता' कथामा पनि लोग्नेकै असहिष्णु स्वभावका कारण सम्बन्धविच्छेद गरी दोस्रो विवाह गर्नुपरेको कथानक उल्लेख गरिएको छ । दुवै कथाको घटनाप्रवृत्ति समान किसिमको देखिए पनि 'अनिता' कथामा सबै पुरूष एकै चरित्रका हुँदैनन्, कोही राम्रा, इमानदार र प्रेमिल स्वभावका हुन्छन् भन्ने सन्देश व्यक्त भएको छ । कथाले सफल दाम्पत्यजीवन र पारिवारिक निरन्तरताको लागि आपसी विश्वास, एकता, माया, प्रेम तथा सौहार्द्धता अनिवार्य हुनुपर्छ भन्ने धारणा बोकेको छ । साथै फरक विचार, आस्था, विश्वास र भावना भएका लोग्ने-स्वास्नी एउटै घरका छानामुनि बस्न कठिन मात्र होइन अनुचित, असान्दर्भिक, अराजक र घातक हुने उल्लेख गरिएको छ ।

'मातृत्व' कथामा प्रेमसम्बन्धबाट जन्मन आएको छोराप्रति आमाको माया, ममता, स्नेह तथा प्रेमको सन्दर्भ उल्लेख गरिएको छ । प्रेम पवित्र र चोखो हुन्छ । प्रेम अवैध, अराजक, अपमानित, आमानुषिक र असभ्य हुँदैन, प्रेम निश्चल सम्बन्धको प्रतीक हो । यस्तो प्रेमसम्बन्धबाट जन्मन पुगेका सन्तान कुनै पनि सन्दर्भमा अवैध र पाप हुँदैन । यो त ईश्वरको सिर्जना हो, असीम अनुकम्पा र मानवप्रतिको निरन्तरता हो । उसले जन्मन, हुर्कन, पढ्न लेख्न र अधिकारप्राप्त नागरिकको रूपमा समाजमा बाँच्न पाउनुपर्छ । प्रेम र विश्वासको नाममा यदि कसैले कसैको भावनामाथि खेलबाड गर्छ, धोका दिन्छ र गलत व्यवहार गर्न पुग्छ भने विश्वासमा बस्ने आमा र बच्चाको के दोष ? फेरि महिला र पुरूष दुवै ईश्वरका सन्तान हुन् । प्रकृतिले दुवैलाई समान स्थान र हैसियत प्रदान गरेको छ । पुरूषमा जस्तो इच्छा, चाहना, तृष्णा, अतृप्ति, आवेग उत्तेजना, यौवन महिलामा पनि हुन्छ । महिलाका मनमा पनि सुन्दर सपना, कल्पना, रहर, इच्छा र आकांक्षाहरू हुन्छन् । कुनै पुरूषले माया र प्रेमको प्रस्ताव राख्दा महिलाले विश्वास गर्नु र उप्रति आफूलाई समर्पण गर्नु नराम्रो विषय होइन । तर आफूले विश्वास गरेको, माया गरेको र आफू समर्पण भएको व्यक्ति विश्वासघाती धोकेबाज, फटाहा, विवेकहीन र अपराधी निस्कन्छ भने यसमा एउटी निरीह नारीले के नै गर्न सक्छे र ? केवल शारीरिक संवेदनाको हिसाबले, कोमलता र शालीनताको हिसाबले महिलामाथि विभेद गरिन्छ, उनीहरूलाई अपमान र अभद्र व्यवहार गरेर यातना दिइन्छ भने त्यस्ता यातना अब महिलाले सहन सक्ने छैनन् । उनीहरूले जस्तोसुकै सामाजिक अवरोध र व्यवहारलाई चुनौती दिएर आफ्नो मातृत्व, आफ्नो प्रेम र आफ्नो सन्तानको रक्षा गर्नेछन् भन्ने सन्दर्भहरू नै प्रस्तुत कथाको मूल भावना हो । यो कथा अन्य कथाहरूभन्दा केही लामो र पृथक खालको रहेको छ । कृतिका अन्य धेरै कथाहरू समान उद्देश्यका देखिए पनि यो कथा संग्रहकै फरक कथा बन्न सफल भएको छ । यस कथामा प्रमुख पात्र नारी नै भए पनि नारीको भूमिकालाई फरक रूपले प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा पुरूष जातिलाई घृणा गर्ने तथा

पुरूष अस्तित्वलाई अस्वीकार गर्ने एउटी नारीले आफ्नो मातृत्वको लागि पुरूषकै सहारा लिन अग्रसर हुनुपरेको कथामा उल्लेख भएको छ । कथाकी प्रमुख नायिकाले पुरूष जातिलाई अत्यन्त घृणाको भावले लिने गरेकी भए पनि आफ्नो शारीरिक तृष्णा मेटाउन भने पुरूषलाई नै प्रयोग गरेकी सन्दर्भले कथालाई विवादित र रहस्यमय बनाएको छ । कथामा पुरूषबाट धोका खाएका महिलाहरूका साझा कथाका साथै सन्तान चाहने महिलाका चरित्रका बारेमा पनि कथामा उल्लेख गरिएको छ ।

सपना जिउडाल मिलेकी अत्यन्त सुन्दरी धनी आमाकी एक्ली छोरी हुन्छे । एमबीएसम्मको उच्चशिक्षा अध्ययन गरेकी सपनाले ट्राभल एजेन्सी खोलेर बसेकी हुन्छे । उसकी हजुरआमा र आमाले लोग्नेबाट असाध्यै दुःख-कष्ट र पीडा पाएका हुन्छन् । त्यो कुराले उसको मनमा पुरूषप्रति नराम्रो भावना उत्पन्न हुन्छ । ऊ पुरूषलाई असाध्यै घृणाको नजरले हेर्ने गर्छे । विवेक नाम गरेको केटा उसको अफिसको मेनेजर हुन्छ । विवेकले उसलाई भित्रभित्रै मन पराउन थाल्छ । विवेकले मन पराउन थालेको कुरा उसले पनि थाहा पाउँछे । तर उसले विवेकलाई एउटा असल कर्मचारीको रूपमा मात्र लिएकी हुन्छे । एकदिन अचानक उसको आमाको देहान्त हुन्छ । आमाको मृत्युबाट एक्लिएकी सपनाको मन बुझाउने साथी विवेक मात्र हुन्छ । समय अगाडि बढ्दै जान्छ । सपना नयाँनयाँ केटाहरू फसाउने र उनीहरूसँग शारीरिक सम्बन्ध राखेर आफ्नो जबानीको प्यास शान्त पार्न थाल्छे । यस्तै गतिविधिलाई निरन्तरता दिँदै आएकीले उप्रति विवेक रूष्ट हुनपुग्छ र आपसी सम्बन्धमा पूर्णविराम लाग्छ । विवेकसँगको सम्बन्ध बिग्रिएपछि उसमा एक्लोपनाको अनुभूति हुन थाल्छ । पुरूषहरूलाई आफ्नो मोहजालमा पारेर यौनशोषण गर्दै आएकी सपनालाई विवेकको बिछोडले सताउन थाल्छ । पुरूषलाई घृणाको पात्र बनाएर आफ्नो यौनकुण्ठा शान्त पार्दै आएकी उसलाई आफ्ना विद्यमान क्रियाकलापप्रति कताकता दुःख लाग्न थाल्छ । उसमा व्याप्त पुरूषप्रतिको प्रतिशोधको भावना एकाएक साम्य हुन थाल्छ । आफूले निश्चय गरेको बाटो गलत हो भन्ने ऊ निष्कर्षमा पुग्छे । उसले जे गरी जोसँग जुन प्रकारको सम्बन्ध राखी त्यो अनुचित र अनैतिक थियो भन्ने सन्दर्भमा उसले आफूलाई विश्वस्त पार्छे । उसले अबदेखि त्यस्तो गलत काम नगर्ने निश्चय गर्छे । उसको तृष्णाको भोक मर्न पुग्छ । उसले विवेकले दिने गरेको सुझावलाई सही थियो भन्ने मनन गर्न पुग्छे । यसरी आफ्ना विगतप्रति आत्मआलोचित हुँदै सपना विवेकलाई भेट्न पोखरा जान्छे । विवेकको घरमा उसका श्रीमती र छोराहरू हुन्छन् । त्यो देखेर ऊ विवेकप्रति मनमनै गौरवान्वित हुन पुग्छे । विवेक र ऊ घुम्न निस्कन्छन् । विगतका सबै गलत बाटो परित्याग गरेकोमा उप्रति विवेक खुसी देखिन्छ । उसले आफू आमा बन्न चाहेको र त्यो इच्छा पूरा गरिदिन विवेकलाई अनुरोध गर्छे । विवेकले उसको याचना अस्वीकार गर्न सक्दैन । ऊ सपनाप्रति समर्पित हुन्छ । उसले आफ्नो पुरूषत्वको बीज सपनाको योनीमा रोपिदिन्छ । विवेक र उसको आ-आफ्नै संसार शुरू हुन्छ । सपना अमेरिकातिर लाग्छे र उतै छोरा जन्माउँछे । ऊ छोराको आमा बन्न पुग्छे र कथाको समाप्ति हुन्छ ।

यसरी कथामा अभिव्यक्त कथानक प्रवृत्तिलाई हेर्दा कथा अत्यन्त रोचक, मार्मिक,

गहन, परिवर्तनउन्मुख, सचेत तथा विविध भाव र शैलीले परिपूर्ण रहेको छ। हजुरआमा र आमाले लोग्नेबाट पाएको यातनाले सपनामा पुरूषप्रति घृणा लागि प्रतिशोधात्मक भावना उत्पन्न भएको सन्दर्भले समाजमा विद्रोहको शुरूवात कसरी हुन्छ र यसले समाजमा कति दर्दनाक अशर पार्न सक्छ भन्ने सन्देश दिन खोजेको छ। यस्ता अमानवीय र अन्यायपूर्ण गतिविधि तत्काल नरोकिए यसले समाज सखाप पार्ने मात्र होइन मानिसको अस्तित्व नै मेटाउन सक्ने पूर्वानुमान गर्न सकिन्छ। हाम्रो समाजमा विद्यमान अवस्थामा देखिएका अराजकतापूर्ण गतिविधि र हिंसात्मक विद्रोह यस्तै असमानता र प्रतिशोधका साकार रूप होइनन् भन्न सकिन्न। यस्तै विवेक र सपनाको पूर्वसम्बन्ध तथा सपनाको परिवर्तित जीवनका सन्दर्भमा गलत बाटो समाउन पुगेका व्यक्तिलाई माया र प्रेमले वास्तविक शिक्षा दिन सकियो भने सभ्य र सुसंस्कृत समाज निर्माणको परिकल्पना कठिन छ भन्न सकिन्न। प्रवल इच्छाशक्ति र इमानदारिता भएमा हाम्रै साधन र स्रोत परिचालन गरेर समृद्धशाली समाज निर्माण गर्न विद्रोह नै गर्नुपर्छ जस्तो लाग्दैन। विवेक र सपनाबीचको शारीरिक सम्पर्क र त्यसबाट उत्पन्न जीवनशैलीका सन्दर्भले आपसी विश्वास र प्रेमले गरेको कुनै पनि काम गलत हुँदैन र यदि गलत नै भए पनि त्यसले सकारात्मक परिणाम दिन्छ भनेर भन्न सकिन्छ।

हाम्रो समाजमा रहर, देखासिकी, लहैलहै वा शान्ति, प्रसिद्धि र आत्मसन्तुष्टिका लागि साहित्यलेखनमा लागेका धेरै दृष्टान्तहरू पाइन्छन्। तर प्रस्तुत कृति लाभाका बाफहरूका कथालेखनलाई हेर्दा जलेश्वरी श्रेष्ठ सामाजिक जिम्मेवारीका साथ लेखनक्षेत्रमा आएकी हुन् भन्न कर लाग्छ। साहित्यकार वा कथाकारको सामाजिक दायित्वभित्र स्वतन्त्रता गुमाएर नारकीय जीवन बिताउन विवश मानिसको जीवन चित्रण गर्नुका साथै सामाजिक आडम्बर तथाकथित विलासी जीवनले समाजमा ल्याएको असमानता र विकृतिलाई नङ्ग्याएर त्यसप्रति पाठक वा जनतालाई सचेत र जागृत गराउने कुराहरू पर्दछन्। यस जिम्मेवारीलाई जलेश्वरीले हार्दिकतापूर्वक स्वीकार गर्दै निर्वाह गरेकी छिन् भन्न सकिन्छ।

कथाकार जलेश्वरी श्रेष्ठको कथागत प्रवृत्तिमध्ये स्वैरकल्पनात्मक प्रस्तुति पनि एउटा हो। प्रस्तुत कृतिमा समाविष्ट भएका निर्णय, लाभाका बाफहरू मातृत्व, विचरा र भगवती, स्वैरकल्पनात्मक प्रस्तुति भएका कथाहरू हुन्। यिनमा प्रयोग भएका स्वैरकल्पना मनोरञ्जनका निम्ति प्रयोग हुने स्वैरकल्पनाभन्दा नितान्त फरक, नवीन र आधुनिकतामा आधारित प्रतिकात्मक महत्व बोकेर उपस्थित भएका छन्। यसले अमानवीय र काल्पनिक पात्रको सन्दर्भलाई प्रस्तुतिले जोडेर यथार्थ र सामाजिक सत्यलाई उद्घाटन गरेको छ। लेखिकाले आफ्नै सांस्कृतिक धरोहरमा अन्तरनिहीत मिथक 'बीर्य' लाई मानवीय हितमा प्रयोग गरेर नवीन थालनी गरेकोमा धन्यवाद भन्न सकिन्छ।

कथालाई प्रतिकात्मक रूपले प्रस्तुत गर्न कथाप्रस्तुतिको परोक्ष मार्ग हो। प्रतीक

कहिले समान त कहिले फरक अर्थ बहन गर्दै वैयक्तिक धारणाको उपज भइदिन्छ । कथाकार श्रेष्ठले 'लाभाका बाफहरू' संग्रहमा वैयक्तिक धारणाको प्रयोग गरेकी छन् । जुन शीर्षक आफैंमा प्रतिकात्मक छ । कथाभित्र प्रवेश गरेपछि पनि केही कथाले मिथकको प्रारम्भिकतालाई छोडेर प्रतीकमा अडिन पुगेको देखिन्छ । हुन त वास्तविक कथा जसले उद्देश्य पक्रन्छ त्यतिबेला यसको प्रस्तुति अभिधात्मक अर्थक्षेपणको रहेको छ । जसको ठाउँठाउँमा आवश्यकताअनुसार प्रतीक र विम्बको प्रयोग भएको पाइन्छ । यो कथाको प्रतिपाद्य विषय यथार्थ छ । जुन समकालीन समाजको आडम्बरपूर्ण जीवन भोगाई हो ।

समग्रमा 'लाभाका बाफहरू' भित्र भएका कथाहरू यथार्थमा आधारित छन् । लेखिकाले समसामयिक जीवनको यथार्थ जीवनभोगाई र सामाजिक अवस्थालाई आफ्ना कथामा स्थान दिएकी छन् । जीवन सञ्चालनका क्रममा देखिएका आशा निराशा, विसंगति, आरोह-अवरोह, दुःखसुख, घातप्रतिघात, विश्वास अविश्वास, यौनकुण्ठा र शारीरिक तृष्णाले पिल्सिएको जीवनलाई कथामा प्रस्तुत गर्दै अस्तित्ववादी तथा अधिकारवादी चेतनालाई स्थापित गर्न लेखिकाले भरमग्दुर प्रयास गरेकी छन् । परम्परागत सामाजिक विभेद, अन्याय, अत्याचार र नैतिक संकीर्णताले निम्त्याउने विसंगति तथा निराशापूर्ण जीवनबारे लेखिकाको चिन्तन अगाडि बढेको छ । यसरी लेखिकाको आधुनिक कथाकारिताको लेखन आंसिक रूपमा सफल भएको मान्न सकिन्छ । प्रस्तुत कृतिलाई नारी साहित्य प्रतिष्ठानकी अध्यक्ष तथा साहित्यकार गीता कार्की नारी मूल्य र मान्यताको खोजी गरिएको कृतिको रूपमा चित्रण गर्दै लेख्छिन् :

**'नारी समस्यामा केन्द्रित जलेश्वरीका कथाहरू नारीहृदयको प्रतिबिम्व हो । अधिकांश कथाहरू समाजमा घटेका सत्य घटनामा आधारित छन् । उहाँका कथामा नारीयौवन, अन्तर्द्वन्द्व, मनोदशा, घातप्रतिघात र उन्मूक्त यौनमात्र छैनन्, संघर्षरत विद्रोही नारीको तस्वीर र स्वर पनि छन् । मातृत्वको खोजी, पर्खाइ र प्राप्ति छन् भने तृष्णा र अतृप्ति पनि छन् । कथाकारले हारेको नारीपात्र खडा नगरी साहसी, क्रान्तिकारी तथा समाज, परिवार र पुरूषलाई चुनौती दिने सबल र सचेत नारीपात्रको चयन गर्नुभएको छ । नारी मूल्य तथा मान्यताको खोजी छ कथामा । समाजलाई मार्गदर्शन गर्ने नयाँ चुनौती हुन् उहाँका कथा । त्यसैले लाभाका बाफहरू नेपाली कथासाहित्यको उत्थान तथा विकासमा एउटा इँटा मात्र नभएर मानकसिद्ध हुने आशा मैले गरेकी छु ।'**

# जलेश्वरी श्रेष्ठको

# मौन विद्रोह




आधुनिक नेपाली कथासाहित्यकी प्रसिद्ध कथाकार जलेश्वरी श्रेष्ठ सामाजिक र मनोवैज्ञानिक कथाकार हुन् । फ्रायडवादी चिन्तनबाट प्रभावित श्रेष्ठ सामाजिक र पारिवारिक परिवेशकी सहज चित्रकार हुन् । आफूले नजिकैबाट अध्ययन गरी सँगालेका यथार्थ अनुभूतिलाई कथाका रूपमा अभिव्यक्त गर्न उनी सिपालु देखिन्छिन् । शहरी परिवेश र नारी जीवनका वास्तविकता उनका कथाका विशेषताहरू हुन् । गरिव, पीडित, अपहेलित, सोझासिधा नारीवर्ग र प्रेमीप्रेमिका श्रेष्ठका कथाभित्र सलबलाउने प्रतिनिधि पात्रहरू हुन् । घरेलु र पारिवारिक यथार्थलाई पनि श्रेष्ठ आफ्ना कथामा स्वभाविक ढंगबाट चित्रण गर्दछिन् । नियानिसाफ, समानता, स्वतन्त्रता, अधिकार, मानवताजस्ता पक्ष उनका कथाका प्रतिपाद्य विषय हुन् । दया, माया, प्रेम, सद्भावना र मेलमिलापमा कथाकारको विश्वास छ ।

नेपाली जाति, भाषा, साहित्य, संस्कृति, क्षेत्रीय सन्तुलन उखानटुक्का आदिमाथि पनि उनले राम्ररी दृष्टि पुऱ्याएको पाउन सकिन्छ । समाजमा विविधता हुन्छ । विविध किसिमका घटना र समस्या हुन्छन् । एकै वर्ग र एकै समस्या मात्र मान्छेको दुःखको कारण होइन भन्ने कुरामा उनले प्रकाश पारेकी छन् । उनको कथाको शैली आख्यानात्मक, यथार्थवादी र कतैकतै परम्परावादी पनि देख्न सकिन्छ । नैतिकता, आदर्श र स्वाभीमान उनका कथाका प्राण हुन् । उनका कथामा काल्पनिकता, रास्वीकता र जडसूत्रता भेटिंदैन । एकता, विश्वास, समानता र परिपक्वता उनका कथाका विशेषता हुन् ।

कथाकार जलेश्वरी श्रेष्ठद्वारा लिखित 'मौन विद्रोह' दोस्रो पुस्तकाकार कथाकृति हो । लैगीक विभेद र नारीमनको अव्यक्त मूर्च्छनालाई शालीन विद्रोहको रूप दिइएको प्रस्तुत कृतिमा 'अस्मिताको लिलाम', 'मनको तरंग', 'बदला', 'तृष्णातृप्ति', 'लोग्नेको

मूल्य', 'मृगतृष्णा', 'सम्झौता', 'अन्तरविद्रोह', 'वेदना', 'उन्मत्त भैरव', 'सन्तान', 'सजीव खेलौना', 'सिफनको साडी', 'सिस्नोको तिहुन', 'आमा', 'आगोका लप्काहरू', 'मौन विद्रोह', 'मृत्युदण्ड', 'आखिर किन', 'म के गरूँ', 'संयोग', 'चिसिएको रात' र 'भ्रुणहत्या' शीर्षकका २३ कथा समाविष्ट भएका छन् ।

नारी केन्द्रीत सामाजिक यथार्थमा आधारित संग्रहका कथाहरूमा ग्रामीण पारिवारिक परिवेश, प्रेम, घृणा, शोषण र शोषितको पीडा, मनभित्र द्रवित इच्छा, चाहना र आकांक्षाहरू तथा व्यक्तिगत पीडा र प्रणयरागका विषयहरूको प्रधानता पाउन सकिन्छ । मान्छेको जीवनमा गाँस, बास र कपासको समस्या जसरी यो भौतिक शरीरका लागि अनिवार्य छ, त्यस्तै मनको बाँच्ने आधार प्रेम, सद्भावना, स्नेह एवम् सहानुभूति नै हुन् । मायादयाविना मानिस बाँच्न सक्दैन । जुनसुकै उमेरमा पनि मान्छेलाई हार्दिकताको आवश्यकता पर्दछ । त्यसैले मानिसका लागि प्रेम पनि अनिवार्य छ । तर लेखिकाले निर्धारण गरेको आवश्यकता उनका कथाका पात्रमा भेट्न सकिँदैन । विचारहरू छरपस्ट छन्, भावनाहरू पखालिएका छन् । विश्वासहरू चुँडालिएका छन् र अस्मिताहरू कुल्चिएका छन् । जीवन कोलाहल र कारूणिक छ । कोही स्वार्थको लागि, कोही वासनाको लागि त कोही खोक्रो आडम्बरको लागि अरूको जीवनसँग खेलिरहेको छ ।

यस्तै जीवनको कारूणिक चित्कार बोकेको **अस्मिताको लिलाम** संग्रहको पहिलो कथा हो । यो वेश्यालयमा बेचिन बाध्य बनाइएकी गरिव महिलाको साझा यथार्थ हो । यस कथामा आफ्नै मामा र श्रीमान् भनाउँदोबाट विदेशको वेश्यालयमा बेचिन पुगेकी एउटी महिलाको कारूणिक पीडा र चित्कार समेटिएको छ । पुरुषहरू स्वार्थ र सम्पत्तिका लागि जे पनि गर्न पछि पर्दैनन् भन्ने ज्वलन्त उदाहारण कथामा पाउन सकिन्छ ।

**'सुमना एक गरिव कमैया परिवारकी जेठी छोरी हुन्छे । आर्थिक अवस्था कमजोर भएकाले सुमना परिवारको सल्लाहअनुरूप एउटा घरमा घरायसी काम गर्न थाल्छे । उमेरको वृद्धिसँगै ऊ जवान हुन पुग्छे । उसको मुहारमा जवानीका प्रष्ट रेखाहरू देखिन थाल्छन् । आफ्नै मामामार्फत् उसको विवाहको कुरा चल्न थाल्छ । तत्कालै विवाह गर्ने कुरोमा सुमना सहमत हुन सक्तिन । तर परिवारका अगाडि उसको कुनै उपाय चल्दैन । ऊ लाचार र विवश बनेर आफ्ना सारा रहर र इच्छाहरूलाई मार्दै विवाहका लागि दुलही बन्न बाध्य हुन्छे । सुमनाको विवाह आफ्नो मामाको सालो रामबहादुर भन्ने केटासँग हुन्छ । विवाहको केही दिनपछि नै रामबहादुरले उसलाई बम्बै लिएर जान्छ । आफ्नो गाउँघर भिरपाखा काटेर कहीं नगएकी सुमनालाई बम्बै फरक संसार लाग्नु स्वभाविक थियो । रामबहादुरले आफ्नो दिदी भेटन जाने भनेर सुमनालाई एउटा बेश्याकोठीमा लिएर जान्छ र त्यही राखी ऊ विलुप्त हुन्छ । विचरी सुमना आफ्नो मायालु श्रीमान्को प्रतीक्षामा व्यग्र हुन्छे । उसले मनभरि नानाथरिका सपनाहरू सजाएकी हुन्छे तर उसको सपना क्षणभरमै दुःखदायी रूझानमा परिणत हुन्छ । के थाहा उसलाई म आफ्नै श्रीमान्बाट बेचिन पुगेकी सुमनाको जीवन एकपछि अर्को गर्दै विरहमा परिणत हुन पुग्छ । उसका इच्छा, चाहना, रहर, उमंग, भावना, सपना आँसुका भल बनेर बन्द कोठाभित्र बग्न थाल्छ ।'**



मौन विद्रोह कथासङ्ग्रह विमोचन समारोहको उद्घाटन गर्दै डा. ध्रुबचन्द्र गौतम र सहयोग गर्दै जलेश्वरी श्रेष्ठ (दायाँबाट पहिलो) ।

सुमना प्रस्तुत कथाको प्रतिनिधि पात्र मात्र हुन् । सुमनाजस्ता हजारौं निर्दोष चेलीहरू आज विदेशी कोठीमा नारकीय जीवन व्यतित गर्न बाध्य बनाइएका छन् । छोरीको नाममा, श्रीमतीको नाममा, साथीसंगीको नाममा हजारौं नेपाली छोरीहरूले नरपिचास पुरूषहरूको यौनलिप्साको सिकार बन्न परिरहेको छ । यो अत्यन्त दर्दनाक, अमानवीय र घृणित कार्य हो । अब यस्तो कार्यको अन्त्य हुनैपर्छ । रामबहादुरजस्ता अपराधी पुरूषहरू अब यो संसारबाट सकिनैपर्छ । मामाजस्तो पवित्र सम्बन्धमाथि अब सीमारेखा कोर्नैपर्छ र धनसम्पत्ति तथा प्रतिष्ठा हेरेर छोरी जिम्मा लगाउने बाबुआमाहरूको कोख बाँझो हुनैपर्छ । यो आमशोषित पीडित नेपाली चेलीको मनको आवाज हो र साथै लेखिकाको पनि । कथा अत्यन्त मार्मिक, कारूणिक, ह्दयस्पर्शी, पीडा, आक्रोस, विद्रोह, जलन, छटपटिका साथै माया, प्रेम, विश्वासजस्ता मानवीय संवेदनाले भरिएको छ । कथामा घात-प्रतिघात, विरह, वेदना, निराशा, कुण्ठा, हतोत्साहजस्ता पक्षहरूको बाहुल्यता रहेको छ । समग्रमा कथा अत्यन्त, रोचक, पठनीय र सन्देशमूलक रहेको छ । यो कथा विशेषगरी आफूलाई पुरूष भनेर गर्व गर्नेहरूले पढ्नैपर्छ । प्रस्तुत कथाको छोटो अंश :

**'मलाई थाहा छैन, म हर्षित छु, दुःखी छु या विस्मातमा छु । म मुक्त त भएँ तर मेरो मृत्यु मसँग छ ।'**

'ओहो भिनाजु, पैसाको किन चिन्ता लिनुपर्‍यो ? रामबहादुरले विदेशबाट थुप्रो पैसा ल्याएको छ । भोज र अरू खर्चबाहेक तपाईंलाई पाँच हजार दिन्छु भनेको छ । यस्तो मौका फेरि आउँदैन । यसपालि बिहे गरेरै जाने निधो गरेर ऊ आएको हो । भान्जीको रूप देखेरै उसले मन पराइसक्यो ।'

भोलिपल्ट बिहान मेरा आँखा खुल्दा म निर्जीव लासमा परिणत भएझैं लाग्यो । सायद मलाई निद्रा लाग्ने र नदुख्ने सुई दिएको हुनुपर्छ । बिहान पनि म राम्रो होसमा थिइनँ । आँखा लट्ठ थिए ।

'मनको तरंग' एउटी अर्धवैंसे महिलाको मनमा उत्पन्न हुन आएको यौनचाहना प्रतिविम्वित कथा हो । यस कथामा एउटी अर्धवैंसे महिला फिल्म हेर्दाहेर्दै कल्पनामा डुबेर विगत सम्झन पुगेकी र एकाएक उसमा यौनचाहना बढेको कुरा उल्लेख भएको छ । 'मन बूढो भए पनि तन बूढो हुँदैन' भनेर व्यङ्ग्य गरिएको कथामा यौनलाई शास्वत जीवन चिन्तनका रूपमा स्वीकार गरिएको पाइन्छ । प्रेमकै अर्को रूप यौन भएकाले यसको चाहना वृद्धावस्थामा थप हुन्छ भन्ने संकेत गरिएको छ । प्रस्तुत यस कथामा यौनसँग सम्बन्धित रतिरागात्मक चरित्रलाई अत्यन्त रोचक र स्पष्ट रूपमा व्याख्या गरिएको छ । कथाको एक अंश :

'बाघ बूढो र स्याल तन्नेरी एकै हुन्छ ? तिमीहरू भनेको स्याल हौ, म भनेको बाघ हुं ।' मेरो वश चले त त्यस टिभीभित्र पसी नायिकाको सट्टा आफैं नाच्थें ।'

**मृगतृष्णा, तृष्णातृप्ति,** उन्मत्त भैरव र **संयोग**जस्ता कथाहरूमा महिलाभित्र उत्पन्न यौनचाहनालाई तीव्र संवेगको रूपमा प्रस्तुत गरिएको छ । यौन प्राकृतिक नियम र मानवीय आवश्यकताको विषय भएकाले यो यथार्थलाई सबैले आत्मसात गर्नुपर्ने सन्दर्भ कथामा उल्लेख भएको छ ।

पुरूष स्वभावका विरूद्ध एउटी महिलाले गरेको विद्रोहलाई 'बदला' कथामा प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ । यस कथामा धर्म र संस्कृतिको डर देखाएर महिलाभित्र अत्याचार थोपर्ने पुरूष चरित्रविरूद्ध परपुरूषसँग यौनसम्बन्ध राखी बच्चा जन्माएको घटना उल्लेख भएको छ । धनसम्पत्ति र भौतिक सम्पन्नताले मात्र नारी परिपूर्ण हुन्छन् भन्ने ठान्नु मूर्खता हो । त्यसका लागि माया, प्रेम, मेलमिलाप, एकता, विश्वास र समझदारी अनिवार्यता हो । नारीलाई खेलौना ठान्ने र आफ्नो अनुकूल प्रयोग गर्न चाहने पुरूष प्रवृत्तिका विरूद्ध विद्रोहको हाँक बोलिएको प्रस्तुत कथामा नारीलाई निर्णायक शक्तिका रूपमा लिइएको छ । अरूणाको दयनीय आर्थिक अवस्था, पारिवारिक स्थिति, विवाह गर्ने उमेर, विवाहको कुरो, अमेरिकामा बस्ने केटा, उसको बाबुआमाको अवस्था, उसले विवाह गर्न चाहेको कारण, विवाहको पहिलो रात, अरूणामा उत्पन्न यौन संवेग, महेशको इमेल, उसको अमेरिकी श्रीमती, जीएमसँगको यौनसम्बन्ध तथा यसबाट उत्पन्न परिणामजस्ता रोचक सन्दर्भहरूले मानवीय संवेदना, रतिराग र रतिक्रीडालाई प्रमुख रूपमा उठाएको छ ।

'तृष्णातृप्ति' कथामा रूग्ण उत्तेजना र यौन आवेगलाई सौताको छोरा र नातिबाट पूर्ण गरिएको विषय उठाइएको छ । विकराल गरीविको अवस्था, पिताले लिएको ऋण तिर्न नसक्दा बूढो जिम्वालसँग विवाह गर्न परेको पीडा, बूढो शरीरको स्पर्शले दमित यौनचाहना, यौनिक मर्यादाको क्रमभंगता, जवान युवकसँगको शारीरिक र मानसिक स्पर्श, लोग्नेप्रतिको वितृष्णा, दमित यौनचाहानाको पुनःसिर्जना तथा यौनबाट तृप्तिजस्ता पक्षहरू कथाका प्रमुख कथानक हुन् । कथामा यौन प्रमुख र अन्य सन्दर्भहरू सहायक बनेर उपस्थित भएका छन् । विवाहको सिमांकन, विवाहको वैयक्तिक अर्थ, जिम्वालको शारीरिक र मानसिक परिवेश, उसका छोराहरूको नियत, गोविन्द र महेशको यौनमोह, दिनको शून्यता, शृङ्गारका सामग्री, रूपको वर्णन, लैंगीक स्पर्शले गलाएको शरीर, यौनिक अवस्थाको सुमधूरता, आनन्दता, अवैध गर्भ, मातृत्वको चाहना र लोग्नेसँगको कपटपूर्ण सम्भोगजस्ता विम्बहरूले कथालाई मनोरञ्जनप्रधान बनाएको छ । कथाको छोटो अंश :

**'मेरो बूढो लोग्नेको खस्रा सुकेका हातहरूले मलाई सुम्सुम्याउँदा सधैं काँडाले घोचेभैं लाग्थ्यो । बल्लबल्ल उत्तेजना आई उसले मलाई थिच्दा गह्रुंगो काठको मुढाले थिचेको अनुभव हुन्थ्यो । एउटा वलिष्ठ पुरूषको बाहुपासमा हुँदा यति सुखद अनुभव हुन्छ भन्ने कुरामा म अनभिज्ञ थिएँ । अतृप्त हुने ठानिएको मेरो दमित यौनतृष्णा उत्तेजित भयो । मेरो अपूर्व तिर्खा मेटिएकोमा म हर्षविभोर भएँ । उसलाई देख्नासाथ मभित्र एक किसिमको तृष्णा जागृत भएको थियो । आज त्यो तृष्णा अभ्र भड्कियो । मैले मनलाई संयम गर्न कोसिस गरें । 'त्यो पाप हो, मैले पाप गर्नु हुँदैन' भनें । तर मेरो मनले मानेन, त्यहाँ एउटा विद्रोहले पो जन्म लियो-उसको बाबुले मलाई ललाइफकाई भोग्यो भने मैले पनि उसको छोरालाई भोग्न के को पाप ? मेरो संयमको बाँध भत्कियो । मैले उसको बाबुले अवलम्बन गरेको योजना उप्रति पनि लागू गरें । ऊ पनि त मान्छे नै हो । मसँग फसिहाल्यो । मैले ऊसँग स्वर्गीय आनन्द लुटें । ऊसँगको मिलन मेरो लागि स्वर्णीम क्षण सावित भयो ।'**

लोग्नेको मूल्य र सम्झौता कथामा लोग्नेको अत्याचारबाट प्रताडित श्रीमतीको मानसिक पीडालाई प्रमुख विषयवस्तुका रूपमा उठाइएको छ । स्वास्नीलाई जुत्ताको धूलो ठान्ने, दास बनाउन खोज्ने, उनीहरूको स्वतन्त्रतालाई कुण्ठित बनाउन खोज्ने, कसैसँग हाँस्न, बोल्न र बस्न प्रतिबन्ध लगाउने, पवित्र चरित्रमाथि शंका गर्ने, मनगडन्ते आरोप र प्रत्यारोपण गरेर मानसिक र शारीरिक यातना दिने, कुटने, पिट्ने, लुछ्ने, चिथोर्नेजस्ता अमानवीय कार्य गर्ने तथा आफू जुवातास खेल्ने, जाँडरक्सी खाने, परस्त्रीगमन गर्ने, अत्याचारी लोग्नेको शोषणबाट उन्मुक्ति पाउन विकल्प खोज्न बाध्य पारिएकी स्वास्नीको सन्दर्भलाई प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ । साथै यी कथामा सबै पुरूष र लोग्ने अत्याचारी, अमानवीय र आपराधिक प्रवृत्तिका हुँदैनन्, इमानदार, निष्ठावान्, सत्यवान्, चरित्रवान्, नारीको भावना बुझ्ने, उनीहरूलाई माया गर्ने, उनीहरूको हक र अधिकारको सम्मान गर्ने, दुःख र पीडामा साथ दिने,

उनीहरूको भावना, विचार र अभिव्यक्तिको सम्मान गर्ने सहयोगी, मिलनसार र सज्जन हुन्छन् भन्ने विषय उठाइएको छ । यस्तै अन्तरविद्रोह र वेदना कथामा पनि नारी संवेदनाका विषयलाई प्रमुख रूपमा सम्बोधन गरिएको छ । अन्तरविद्रोह कथामा लोग्ने परस्त्रीसँग लागेर पीडित बन्न पुगेकी स्वास्नीले बाध्य भएर सम्बन्ध विच्छेद गर्न पुगेको कुरा उल्लेख भएको छ भने 'वेदना' कथामा आफ्नै यौनसमागमबाट गर्भवती भएको श्रीमतीलाई गलत आरोप र लाञ्छना लगाएर मानसिक र शारीरिक यातना दिइएको सन्दर्भ उल्लेख गरिएको छ । यी कथामा पनि लोग्नेद्वारा प्रताडित बनाइएकी स्वास्नीहरूको दयनीय दारूण परिवेशको बारेमा चित्रण गरिएको छ । भाव, विचार, उद्देश्य र दृष्टान्त मिलेकाले यी कथाहरूमा फरकपनको अनुभूति गर्न कठिन हुन्छ । यद्यपि नारीलाई प्रमुख पात्र बनाएर सामूहिक विषयवस्तुमा आधारित कथानक भएकाले एकै किसिमका घटना फरक-फरक परिवारमा सिर्जना हुने गरेको हुँदा प्रस्तुत कथाहरूलाई त्यही रूपबाट हेर्न र लिन सकिन्छ । कथामा व्यक्त भएका घटना, परिघटना, परिवेश, समाज, स्वभाव, चरित्र, आस्था, विश्वास, रहर, चाहना, आँसु, पीडा, यातना, दुःखकष्टजस्ता संवेदनापूर्ण प्रस्तुतिको सम्मिश्रण भएकाले प्रस्तुत कथाहरू हृदयविदारक, कर्णप्रिय र मन छुने बन्न सफल भएका छन् । नारीमनको आलापपूर्ण संयोजन तथा पुरूषको मिश्रित चरित्र प्रकटित भएकाले कथाहरू अत्यन्त मार्मिक र चित्ताकर्षक बन्न पुगेका छन् ।

'सन्तान' कथामा भारतीय नागरिकसँग विवाह गर्न पुगेकी नेपाली महिलालाई नेपालको नागरिकता कसरी लिने भन्ने चिन्ताले पिरोलेको छ । यस कथामा स्वदेशप्रेम, आफ्नोपन, नेपालीत्व र बात्सल्यप्रेम झल्किएको छ । साथै सन्तानप्रति मातृत्वको नागरिकता लिन सक्ने कानुनी व्यवस्था निर्माण गर्नुपर्ने चाहना व्यक्त भएको छ ।

'सजीव खेलौना' कथामा बाल्यकालदेखिको अपूर्व प्रेम विरहमा परिणत भएपछिको संवेगलाई प्रमुख कथानक र दुःखपूर्ण अवस्थामा आफूले उपेक्षा गरेकी स्वास्नीले दर्शाएको प्रेमभावप्रति आत्मालाप गरिएको सहायक कथानक प्रस्तुत गरिएको छ । यस कथामा नारी शालीन, शान्त र सहनशील हुन्छन्, आफ्नो धर्म, संस्कृति, परम्परा र इज्जतमा बस्छन्, आफ्नो मान मर्यादा र विश्वासलाई तोड्न सक्दैनन्, आफ्नो जिम्मेवारी, दायित्व र कर्तव्यबाट विमुख हुन् पुग्दैनन्, परपुरूषको रूप, रङ र प्रपञ्चमा अल्झन पुग्दैनन् र साथै उनीहरूको मन कोमल, नरम, भावुक र संवेदनशील हुन्छ भन्ने दर्शाउन खोजिएको छ भने नारीको तुलनामा पुरूष स्वार्थी, कपटी, गैरजिम्मेवार, निर्दयी, निष्ठुरी, निर्मोही र ढुंगाजस्तो साह्रो मन भएका हुन्छन् भन्ने देखाइएको छ । यस कथाको प्रमुख उद्देश्य भनेकै नारी र पुरूषबीचको भावनात्मक अन्तरलाई देखाउनु रहेको पाउन सकिन्छ । शीला र मनोहर बाल्यकालदेखिका साथी हुनु, बाल्यकालदेखिको भावनात्मक प्रेम विवाहमा परिणत हुनु, मनोहर एक्लो र टुहुरो भएकाले शीलाको परिवारले असीम माया र प्रेम गर्नु, शीला गर्भवती भएको समयमा मनोहर उच्च

शिक्षाको लागि शहर जानु, शहर गएको केही समयसम्म अनगिन्ती चिठीहरू शीलालाई पठाउनु, यसपछि चिठी पठाउने क्रम रोकिनु, बसेको डेरा सर्नु, शीलाको बुवा शहर आउँदा मनोहरले नभेट्नु, उसले शहरको केटीसँग विवाह गर्नु, उसले विवाह गरेको शीलाले थाहा पाउनु, उसलाई भेट्न शीला शहर आउनु, उसलाई चिन्दिन र विवाह नै भएको छैन भन्नु, शीला छोरीको आमा बन्नु, नर्सिङ्मा उच्च नम्बर प्राप्त गरी शीलाले जागिर पाउनु तथा मनोहर बिरामी भई अस्पताल भर्ना भएको, शीलाले राम्रो उपचार र रेखदेख गरेको, मनोहर एक्लो विरही भएको, शीलाले उसलाई घरमा लिएर गएको, छोरीसँग भेटाएको, मनोहरले आत्मआलोचना गरेको र छोरीलाई खेलौनाको रूपमा उपहार दिएको प्रसंगहरूले कथालाई रोचक, संवेदनशील बनाएको छ । तर मनोहरले शहरमा विवाह गरेको केटीको बारेमा स्पष्ट उल्लेख नहुनु तथा उसको बारेमा चित्रण नगरिनाले लेखनीमा कमजोरी भएको हो कि भन्ने भान हुन्छ ।

'सिस्नोको तिहुन' कथामा ग्रामीण वस्तीका महिलाको दुःखपीडा, कष्ठ र समस्याप्रति सहानुभूति व्यक्त गर्दै समाजसेवाका नाममा खुलेका संघसंस्थाका गतिविधिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । साथै गाउँको सुन्दरता, मनमोहकता, स्वच्छ वातावरण, हावापानी, सुन्दर, सुशील र शालीन मानिसहरू, उकाली ओराली, डाँडापाखा, प्राकृतिक सुन्दरता, खोला, हिमाल, आदिका बारेमा उच्च सम्मान देखाउँदै सिस्नोको तिहुन खाएर जीवन निर्वाह गर्ने महिलाहरूको नाममा सम्पन्न महिलाहरूको भ्रमपूर्ण गोष्ठीप्रति लज्जा महसुस गरेर महानता प्रदर्शन गरिएको छ ।

'आमा' शीर्षकको कथामा देशको विद्यमान द्वन्द्वबाट उत्पन्न हत्या, हिंसा, आतंक, अशान्ति, अराजकता, डर, चिन्ता, भय र त्रासजस्ता घटनाबाट देश र जनताले निर्वाह गर्नुपरेको अवस्थाको चित्रण गर्दै मातृसत्तात्मक सामाजिक संरचनाको निर्माण अहिलेको आवश्यकता भएको धारणा व्यक्त गरिएको छ । यस्तै 'आगोका लप्काहरू' कथामा एउटी कानुन व्यवसायी महिलालाई सामूहिक बलात्कार गरिएको कथानक प्रस्तुत गरिएको छ । महिलाको इज्जत, अस्मिता, पहिचान र अस्तित्वमाथि दाग लगाउन उद्यत सामाजिक अपराधीहरूलाई कडाभन्दा कडा सजाय दिएर नांगो बनाउनुपर्छ भन्ने विद्रोही भाव व्यक्त भएको प्रस्तुत कथामा बलात्कारबाट पीडित महिलाको दर्दनाक अवस्थाको बारेमा चित्रण भएको छ । यस कथामा समाजलाई शोषण गरेर, समाजमा अन्याय, अत्याचार, भ्रष्टाचार र अपराध सिर्जना गरेर रातारात पैसा कमाउन पल्केका, आफूलाई ठूलाठालू भन्न रूचाउने व्यक्तिका छोराहरूबाट यस्ता आपराधिक क्रियाकलाप भएको र उनीहरूको समूल नष्ट गर्नुपर्ने विचार प्रस्तुत भएको छ । नारी अस्मितामाथि धावा बोल्ने आपराधिक पुरूष प्रवृत्तिको भण्डाफोर गरिएको कथामा बलात्कारबाट पीडित महिलाको संवेदनालाई मार्मिक प्रस्तुति दिएर कथानक बुनिएको छ । प्रस्तुत कृतिको शीर्षकथा 'मौन विद्रोह' मा लोग्नेको स्वभाव विरूद्ध अव्यक्त रूपमा गरिएको उपेक्षालाई मौन विद्रोहको रूप दिइएको छ । यस्तै 'मृत्युदण्ड' कथामा छोरीको

बलात्कार गर्ने लोग्नेलाई आफैंले मृत्युदण्ड दिन बाध्य हुनुपरेको कथानक उल्लेख गरिएको छ । मानिस बाहिरी आकृतिमा जति भद्र, शालीन, सरल र निर्दोष देखिन्छ भित्री रूपमा त्यति नै कठोर, निर्दयी, दोषी, जाली र फटाहा हुन्छ भन्ने महत्वपूर्ण भाव यस कथामा प्रकटित भएको छ । नारी पीडालाई प्रमुख केन्द्रमा राखेर कथानक बुनिएको यस कथामा फुपू मरेर फुपाजुसँग कलिलो उमेरमा दोस्रो विवाह गर्न पुगेकी हरिमायाको जीवनमा आएको उतारचढाव, उसले शारीरिक र मानसिक रूपमा पाएको दुःख, लोग्नेसँगको रतिरागात्मक सम्बन्ध, लोग्नेको व्यवहार, स्वभाव, चरित्र, समाजबाट प्राप्त सहयोग, सद्भाव, लोग्नेको नाटकीय माया र वास्तविक चरित्रका साथै आफूले लिनुपरेको कठोर निर्णयको बारेमा व्याख्या भएको छ । कलिलो उमेरमै परिवारको दबावमा फुपाजुसँग विवाह गर्नुपरेको, फुपाजु देख्नमा नम्र भए पनि भित्री रूपमा अत्यन्त कठोर भएको, सुहागरातको दिन योनीबाट रगतको भल बग्दा पनि यौनको क्रम नरोकेको, विवाहको पहिलो दिनबाट नै यौनप्रति वितृष्णा उत्पन्न भएको, अनिच्छा हुँदाहुँदै नियमित यौनसम्पर्क गर्ने गरेको, वर्षैपिच्छे सन्तान जन्मन थालेको, शरीर कमजोर भएको, लोग्नेले शारीरिक र मानसिक यातना दिने गरेको, लोग्नेले अर्को स्वास्नी ल्याई छाडिदिएको तथा मन्दिरमा भेट हुँदा पुनःमिलन भई घरमा आएको, एकसाथ जाँडरक्सी खाएको, लोग्ने मन पर्न थालेको, शारीरिक सम्पर्कमा मोह जागेको, रतिरागको कारण स्वादिलो अनुभव भएको, मायाप्रेम बस्न थालेको, छोरीलाई माया गरेर सुन किनिदिएको आत्मीयता बढेको तथा अचानक छोरीमाथि बलात्कार भएको र आफैंले चक्कुले रोपी लोग्नेको हत्या गर्नुपरेको सन्दर्भले कथालाई विशिष्ट बनाएको छ । कथाले सरल मुहारहरूप्रति सचेत गराउँदै आपराधिक प्रवृत्तिले भरिएको लोग्ने र बाबुको बेजोडले भण्डाफोर गरेको छ । साथै यस्ता अमानवीय प्रवृत्तिका मानिसलाई 'मृत्युदण्ड' नै एकमात्र सजाय हुनसक्छ भन्ने सन्देश पनि यस कथाले दिएको छ ।

'आखिर किन ?' कथामा द्वन्द्वको मारमा परी बालबालिका टुहुरा बन्न पुगेका र जनताले अनाहकमा ज्यान गुमाउनु परेको कुरा उल्लेख गरिएको छ । तत्कालीन माओवादी जनयुद्धको सन्दर्भलाई आधार बनाएर लेखिएको कथामा युद्धप्रति असम्बन्धित जनताले राज्य र गैरराज्यपक्षबाट दुःख, यातना, सास्ती पाएको, अनाहकमै अपहरण र जेलमा पर्नुपरेको, जताततै अशान्ति, असुरक्षा र त्रासको वातावरण सिर्जना भएको, कसैले लोग्ने, कसैले स्वास्नी, कसैले छोराछोरी त कसैले बाबुआमा, दिदीबहिनी गुमाउनु परेको, गाउँघरबाट विस्थापित भई शरणार्थी जीवन बाँच्नुपरेको घटना उल्लेख गरिएको छ । यस्तै यस्तै सन्दर्भ जोडिएको प्रस्तुत कथामा राज्य र गैरराज्यपक्षको चेपुवामा परेर अभिभावक गुमाउन पुगेकी बालिकाको दर्दनाक पीडालाई प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ । यस कथाकी प्रमुख पात्र संगीता राज्य र विद्रोहीबाट आफ्ना सबै परिवार गुमाउन पुगेकीले एक गाउँलेमार्फत् शहरमा आउँछे र घरायसी काम गर्न थाल्छे । उसले पाउने माया, ममता, प्रेम, स्नेह, शिक्षा, चेतनाजस्ता नैसर्गिक

अधिकारहरू सबै गुम्न पुग्छ । हाँस्ने, खेल्ने, रमाउने र पढ्ने उमेरमा आफ्ना कलिला कोमल हातले अरूका जुठा माझ्न विवश हुन्छे । सुखमय उसको जीवन विरहको सागरमा रूपान्तरण हुन्छ । यसरी द्वन्द्वको प्रत्यक्ष चपेटामा संगीता परेजस्तै हजारौं बालबालिकाले पीडा सहनु परेकोप्रति कथाले दुःख प्रकट गरेको छ । कथाले बालपीडाको यथार्थ चित्रण गर्दै द्वन्द्वरत पक्षहरूप्रति कटाक्ष व्यक्त गरेको छ । यस्तै म के गरूँ :? अर्को कथाले विकसित मुलुकहरूमा वृद्धवृद्धाहरूले भोग्नुपर्ने समस्या, देशप्रेम, राष्ट्रप्रेम, अपनत्वप्रेमजस्ता पक्षहरूको व्याख्या भएको छ ।

'चिसिएको रगत' कथामा आफ्नो परिवारको मान, सम्मान, इज्जत, प्रतिष्ठा र सम्पत्तिको रक्षा गर्न गलत बाटोमा उन्मूख आफ्नै लोग्नेको हत्या गर्नुपरेको कथानक प्रस्तुत गरिएको छ । यस कथामा पुरुष अतिरञ्जनालाई व्यंग्य गर्दै नारीको भूमिकालाई विशेषताको रूपमा लिइएको छ । तर अन्यायको विरूद्ध सत्यको पक्षमा आफ्नै लोग्नेको हत्या गर्न पुगेकी कथाकी प्रमुख नायिकालाई अदालतले जन्मकैदको फैसला गरेको प्रति भने कथाले मौनता देखाएको छ । 'भ्रुणहत्या' प्रस्तुत संग्रहको अन्तिम कथा हो । यस कथामा लिंगको आधारमा भ्रुणहत्या गर्ने सन्दर्भलाई प्रमुख कथानक बनाइएको छ ।

'मायाको महिनावारी रोकिएको दुई हप्ता हुन्छ । आफनो पेटमा गर्भ रहेको कुरा डाक्टरबाट उसले जानकारी पाउँछे । आफूमा गर्भ रहेको कुरा उसले लोग्नेलाई भन्छे । यसअगाडि दुईवटा छोरी भइसकेकाले डाक्टरलाई देखाएर छोरी भए फाल्ने र छोरा भए राख्ने कुरा उसको लोग्नेले गर्छ । पहिला पनि एउटा छोरीको भ्रुण फालिसकेकीले छोरी नै भए पनि यसपटक नफाल्ने र जन्म दिने निर्णयमा माया पुग्छे । यो निर्णयमा उसको लोग्ने सहमत हुन सक्दैन । ऊ मायालाई अनेक तरहले सम्झाउने प्रयत्न गर्छ । तर माया यस विषयमा उसको कुनै पनि कुरा सुन्ने पक्षमा छैन र बरू घरै छाडी हिंड्न तयार हुन्छे । उसको मातृत्व मजबुत बनेर देखापर्छ । पहिलोपटक गरेको गल्तीले उसमा आत्मग्लानी हुन्छ । उसलाई आफ्नै सन्तानको हत्या गरे भन्ने भान हुन्छ । छोराछोरी भनेर भेदभाव गरेकाले उसमा पीडाबोध हुन्छ । अब बरू अरू सन्तान नजन्माउने तर भ्रुणहत्या कुनै हालतमा नगर्ने निष्कर्षमा माया पुग्छे र कथा सकिन्छ ।'

तर कथाको रोचक पक्ष के छ भने कथाकी प्रमुख पात्र आमाको पेटभित्र रहेकी भ्रुण हुन्छे । जसलाई आमाको पेटबाट बाहिर निस्कन नपाउँदै मारिन्छु कि भन्ने चिन्ताले सताएको हुन्छ । उसलाई जन्म लिने र संसार हेर्ने अथाह रहर हुन्छ । भ्रुणहत्या नगर्ने आमाको निर्णयले उसको मन प्रफुल्ल हुन्छ । आँटिली र साहसिली आमाको छोरी भएर जन्मन पाउनेमा उसको मन आनन्दले भरिपूर्ण हुन्छ ।

प्रस्तुत कथा विद्यमान समाजमा कुसंस्कारको रूपमा रहेको लैंगिक विभेदलाई चुनौती दिन र छोराछोरीलाई समान रूपले लिएर भ्रुणहत्याजस्तो जघन्य अपराध गर्नुहुन्न भन्ने सन्देश प्रवाह गर्न सफल भएको छ । वंश चलाउन र काजकिरिया गर्न

छोरा नै हुनुपर्छ भन्ने गलत परम्परा र विश्वास अब मेटिनुपर्छ । पुरातनको अन्त र नुतनको सिर्जना गर्न अब सबै लाग्नुपर्छ । लिंग, जात, धर्म, वर्ग, वर्ण, परम्पराको आधारमा विभेद गर्ने परम्पराको वास्तविक रूपले अन्त गर्दै समावेशी समाज निर्माण गर्न लाग्नुपर्छ भन्ने उद्देश्य प्रस्तुत कथाको रहेको पाउन सकिन्छ ।

प्रस्तुत कृति 'मौन विद्रोह' कथासंग्रह कथाकार जलेश्वरी श्रेष्ठको एक सशक्त सामाजिक यथार्थवादी कथासंग्रह हो । यस कृतिमा समाजमा देखिएका र नदेखिएका (अदृश्य) सामाजिक परिवेश र घटनाक्रमहरूको प्रयोग उच्च रूपले भएको पाउन सकिन्छ । प्रेम र घृणाको अवस्था निम्नवर्गीय पात्रको चरित्र, निम्नमध्यमवर्गीय जीवन र तिनको यथार्थ अवस्था आदि कुरा उनका संग्रहमा पाइन्छन् । नारीले नारीमाथि होइन, पुरूषले स्वयम् आफ्नी पत्नीमाथि देखेको र शंका गरेको अवस्था अनि त्यसका कारणले देखापरेको मनोवैज्ञानिक छाप र प्रभाव आदि विषयमा उनका कथाले परिपक्वता देखाएका छन् । सहरी जीवनमा विभिन्न समस्या, सहरभित्रको यथार्थ जीवन र अवस्था आदि कुरामा उनको प्रस्तुति ज्यादै सफल छ । खासगरी सहरी जीवनकै ज्यादा समस्याले ग्रस्त व्यक्तिका कार्यव्यापार, व्यवहारजस्ता पक्षको प्रस्तुति प्रभावकारी ढंगले भएको पाइन्छ । उनका कथा घटनाप्रधान र चरित्रप्रधान नै विशेष छन् । सामाजिक कथा विशेषगरी घटनाप्रधान र मनोवैज्ञानिक कथा चरित्रप्रधान छन् । उनका परिवेशप्रधान अकथात्मक कथाहरू पनि छन्, ति पनि प्रभावशाली नै छन् ।





मौन विद्रोह कथासङ्ग्रह विमोचन समारोहको अवसरमा सहभागीहरूका साथ जलेश्वरी श्रेष्ठ (बायाँबाट दोस्रो) ।

नवीन ढंगको प्रयोगशील कथालेखन, विम्ब र प्रतीकयुक्त कथा, बिम्व र प्रतीकमा कथ्यको प्रस्तुति, प्रयोगधर्मिता, वर्णनात्मक, संवादात्मक, पात्रात्मक र आत्मकथात्मक जुनसुकै रूप र शैली व्यक्त गरे पनि उनले आफूलाई सफल देखाएकी छिन्। बालअवस्था, निश्चलता, चञ्चलता भावावेग आदिका साथ बालकिशोरका संस्मरणात्मक र तत्कालीक यथार्थलाई उनले सहज रूपबाट प्रस्तुत गरेकी छन् । मानसिक आघात र प्रतिक्रियाको कलात्मक प्रस्तुतिमा सफल श्रेष्ठ यौनआवेग र त्यसको सन्तुष्टिको लागि प्रयोग गरिने अनेक उपायहरूमा निकै सफल देखिन्छिन् । समष्टिमा भन्नुपर्दा रतिरागात्मक भावनाको प्रभावकारी प्रदर्शन गर्ने एक सफल महिला साहित्यकार हुन् उनी । यसैले उनलाई आधुनिक यौन कथाकार भन्दा सान्दर्भिक हुन्छ ।

संग्रहका सबै कथा मार्मिक छन्, तर सबै पूर्ण भन्न मिल्दैन । भाषाशैली सरल र स्वाभाविक भए पनि दृश्यप्रस्तुतिमा पूर्णता छैन । जेजति दृश्य प्रस्तुत भए ती प्रष्ट छन् । पूर्णता र प्रष्टता दुवै मिलेको भए कथा पाइनसक्नुको मार्मिक पनि हुन्थ्यो । काठमाडौंको सम्पन्न परिवारदेखि ग्रामीण जीवनको डरलाग्दो कथा यहाँ छ । वेश्यालयमा बेचिएकी चेलीदेखि द्वन्द्वमा परिवार गुमाएकी बालिकाको कथा मात्र होइन यौनकुण्ठा, यौनतृप्ती र यौनप्रक्रियाका कथाहरू पनि छन् । यसमा विदेशी जीवनदेखि पेटभित्र रहेकी भ्रुणको मात्र होइन आफ्नै पिताबाट बलात्कृत हुन पुगेकी छोरीको पीडाको कथा पनि छ । सबै कथा पूर्ण र मिहीन बन्न नसके पनि मार्मिक भने पक्कै छ । जे होस् जलेश्वरी श्रेष्ठले यसमा निकै सफलता देखाएकी छन् र मानवीय यौन मनोविज्ञानलाई पनि सफलताका साथ प्रस्तुत गरेकी छन् । अघिल्लो कृति 'लाभाका बाफहरू' को तुलनामा प्रस्तुत कृति निकै सफल देखिन्छ ।

# जलेश्वरी श्रेष्ठको

# तिसाको जन्मदिन




बालकथाकार जलेश्वरी श्रेष्ठको 'तिसाको जन्मदिन' तेस्रो पुस्तकाकार बालकृति र दोस्रो बालकथासंग्रह हो । वनिता प्रकाशनको संयोजनमा वि.सं. २०६१ सालमा प्रकाशन भएको 'तिसाको जन्मदिन' फुटकर बालकथाहरूको संयुक्त संगालो हो । समसामयिक बालचरित्र र सामाजिक चेतनामा आधारित प्रस्तुत बालकृतिमा 'मनचिन्ते झोला', 'भगवान्', 'तिसाको जन्मदिन' 'आइते र पत्तु', 'थोप्ले' पिङ्की र पुतली', 'जमुना', 'समान अवसर', जलपरी र सुन्दरिया शीर्षकका नौ कथाहरू समाविष्ट भएका छन् ।

'तिसाको जन्मदिन' बालकथासंग्रहमा सामाजिक, पारिवारिक, व्यक्तिगत चरित्रका साथै बालबालिकाको समसामयिक गतिविधि, स्वभाव, व्यवहार, क्रियाकलाप, चाहना र मनोविज्ञानलाई जस्ताको तस्तै प्रस्तुत गरी विषयवस्तु बनाइएको छ । प्रस्तुत संग्रहको पहिलो बालकथा 'मनचिन्ते झोला' मा अल्छी स्वभावको कारणबाट उत्पन्न परिणामलाई प्रमुख सन्दर्भको रूपमा उठाइएको छ । आफूभन्दा ठूलाको आज्ञा मान्नुपर्ने, अल्छी गर्न नहुने, लगनशील, मेहेनती र इमान्दार बन्नुपर्ने, अरूको चोर्ने, छल्ने र अरूको हानी गर्न नहुनेजस्ता कुराहरू कथामा उल्लेख भएको छ । 'भगवान्' कथामा छोराको इच्छा नबुझी काम गर्दा दुःखी बन्न पुगेकी आमाको सन्दर्भलाई कथानक बनाइएको छ । नङ टोक्ने बानी भएका मानिसको शरीरमा विभिन्न किसिमका रोगहरू लाग्ने भएकाले नङ टोक्न नहुने, सफासुग्घर भएर बस्नुपर्ने, बासी सडेगलेका र फोहोर ठाउँमा राखेका खानेकुराहरू खान नहुने, शरीरको ख्याल गर्नुपर्नेजस्ता स्वास्थ्यका कुराहरू 'तिसाको जन्मदिन' कथामा उल्लेख भएको छ । 'आइते र पत्तु' कथामा कुनै पनि प्राणीको स्वतन्त्रता हनन् गर्न नहुने र सबैलाई आफ्नो मान्छे प्रिय हुने कुरा उल्लेख गरिएको

छ । यस्तै कुकुरको कारण सम्पत्ति चोरी हुनबाट जोगिएको र मान्छेभन्दा त कुकुर नै इमान्दार हुन्छ भन्ने विषय 'थोप्ले' कथामा उठाइएको छ । पुतली देख्नमा कोमल र सुन्दर भए पनि उसको झुस ज्यादै खराब हुने भएकाले पुतली छुन नहुने र पुतलीको झुस आँखामा परेमा आँखा नै बन्द हुनसक्ने कुरा 'पिङ्की र पुतली' कथामा व्यक्त भएको छ । आफूभित्र भएको प्रतिभा र सिर्जनालाई सदुपयोग गरी सही ठाउँमा प्रयोग गरेमा सफलताको लागि कुनै पनि अवरोधले छेक्न सक्दैन भन्ने विषय 'जमुना' कथामा उल्लेख भएको छ । 'समान अवसर' कथामा रूढीवादी र गलत परम्परालाई आत्मसात गर्न पुग्दा बालकको जीवन नै धराशायी बन्ने अवस्था सिर्जना भएको कुरा उठाइएको छ भने कृतिको अन्तिम कथा 'जलपरी र सुन्दरिया' मा सहयोगी भावना भएका मानिसलाई परेको बेलामा अरूले पनि सहयोग गर्दछन् भन्ने कुरालाई प्रमुख विषयका रूपमा उठाइएको छ । शिक्षा, स्वास्थ्य, चेतना, परिश्रम, एकता, विश्वास, समानता, कर्तव्य, प्रेम, मित्रता, स्वतन्त्रता, निष्पक्षता, निश्चलताजस्ता सामाजिक पक्षको प्रधानता प्रमुख विषयका रूपमा कथामा अभिव्यक्त भएको छ ।

'प्रस्तुत कृति तिसाको जन्मदिन' मा संग्रहित सबै कथाहरूमा प्रयुक्त भाषा प्रायः सहज, सरस र सुवोध्य रहेका छन् । कथाकारले एकातर्फ बाटो, चिचिला, तिर्खा, काका, च्याङ्बा, भान्सा, जंगल, धोतीजस्ता गाउँठाउँमा बढी प्रयोग गरिने शब्दको प्रयोग गरेर भाषामा स्वभाविकता निर्माण गरेकी छन् भने अर्कोतर्फ 'नाइँ', 'रे', 'लौ' 'नि', 'त', 'है' जस्ता निपात र खुरूक्क, थुचुक्क, जुरूक्क, लसक्कजस्ता अनुकरणात्मक शब्दको प्रयोग गरेर ग्रामीण परिवेशको जीवन्त रूप प्रस्तुत गर्नुका साथै भाषामा आवश्यक मिठास थप्ने काम गरेकी छन् । प्रस्तुत संग्रहका सबै कथाहरू वर्णनात्मक तथा संवादात्मक शैलीमा रचिएका पाइन्छन् । वर्णनात्मक शैलीको प्रयोगले वस्तु वा दृश्यको यथार्थ स्वरूपको उद्घाटन गर्न थप बल पुऱ्याएको छ भने संवाद कथानकलाई अगाडि बढाउनमा प्रयोग भएको देखिन्छ । बालपात्रप्रधान बालकथाहरूमा प्रकृति, प्रकृतिको वर्णन, पशुपन्छीको स्वभाव र चित्रण कृतिका सबै कथामा भएका पाइन्छन् ।

प्रस्तुत संग्रहमार्फत् लेखिकाले समाजमा देखिएका असल र खराब पक्षहरूको विश्लेषण गर्दै बालबालिकालाई असल, चरित्रवान्, इमान्दार, दयालु, मिलनसार, कर्तव्यनिष्ठ सहयोगी र सिर्जनात्मक बन्न अनुरोध गरिएको पाउन सकिन्छ । प्रस्तुत संग्रहको पहिलो कथा 'मनचिन्ते झोला' मा अल्छी स्वभावको कारण भोकै बस्नुपर्ने अवस्था आई गाउँलेबाट समेत प्रताडित हुनुपरेको र हजुरआमाको याद आई दुःखी हुनुपरेको कथानक उल्लेख भएको छ । यस कथामा अल्छी गर्न नहुने र हातबिनाको जीवन अर्थहीन हुने सन्देश दिन खोजिएको छ ।

**'बाबुआमा नभएको च्याङ्वा नामको केटो आफ्नी हजुरआमासँग बसेको हुन्छ । हजुरआमाको मायाले ऊ साह्रै पुलपुलिन थाल्छ । ऊ एकदमै अल्छी हुन्छ । पस्किएर दिएको खाना खानसम्म पनि उसको जाँगर चल्दैन । खाना पनि हजुरआमाले नै खुवाइदिए हुन्थ्यो**

भन्ने ऊ चाहन्छ । खोलामा जाने, पौडी खेल्ने, जंगलमा गएर चरा मार्ने चराको गुण भत्काउनेजस्ता गलत कार्यमा उसको मन लाग्न थाल्छ । एकदिन अज्ञात रोगका कारण उसकी हजुरआमा देहवसान हुन्छे । हजुरआमा मरेपछि केही दिन त उसलाई गाउँलेले खान दिन्छन् तर गाउँलेले खान दिन बन्द गरेपछि ऊ भोकै पर्छ । उसले गाउँलेको बारीको फलफूल चोरेर खान शुरू गर्छ । उसको व्यवहारले गाउँलेहरू हैरान हुन पुग्छन् । जति गाली गरे पनि उसले चोर्न छोड्दैन, एक दिन गाउँलेहरूले उसलाई भोकभोकै रूखमा बाँधेर राखिदिन्छन् । ऊ भोक र प्यासले छट्पटाउन थाल्छ । ऊ छटपटाएको वनदेवी माताले देख्छे र उसको दुवै हात लिएर खानेकुरा दिन्छे । खानेकुरा पाए पनि दुवै हात नभएकाले उसमा पीडा हुन थाल्छ । अनि उसले हातको महत्व बुझ्न थाल्छ । ऊ आफ्नी हजुरआमालाई सम्झन पुग्छ । ऊ अब मेहनत र परिश्रम गरेर आफ्नो जीवन पाल्न चाहन्छ । र वनदेवीमातासँग हात फिर्ता मागी आफ्नो घरमा जान्छ । विगतको गल्ती र कमजोरीप्रति आत्मआलोचना गर्दै च्याङ्बा मकै भुट्न थाल्छ, कथा त्यही सकिन्छ ।

बालबालिकालाई भगवान्को अर्को रूप भनेर भन्ने गरिन्छ । त्यसैले पनि उनीहरूका हकमा धार्मिक नियम लागू हुँदैन । उनीहरू जिज्ञासु स्वभावका चटपटे हुन्छन् । कुनै पनि विषयमा अडान लिइहाल्ने उनीहरूको बानी हुन्छ । के राम्रो के नराम्रो छुट्याउन सक्ने अवस्थाको विकास भइ नसकेको अवस्थामा उनीहरूलाई जुनसुकै कुरा पनि राम्रो लाग्छ । यो अवस्थामा उनीहरूलाई माया, प्रेम र विश्वासको बढी खाँचो हुन्छ । यो समयमा उपेक्षाको दृष्टिले हेरिदिंदा उनीहरूको भावनामा क्षति पुग्न गई निराशा, कुण्ठा र जलन उत्पन्न हुन्छ । जसले गर्दा आफ्नै बाबुआमाप्रति नकारात्मक भावनाको विजारोपण हुनपुग्छ भन्ने सन्देश 'भगवान्' कथामा उल्लेख भएको छ । छोरालाई स्याउ खान मन लागेको तर आमाले त्यो स्याउ छोरालाई नदिई मन्दिर गएकीले आमप्रति छोराको मनमा दुर्भावना पलाएको कथानक यस कथामा अभिव्यक्त भएको छ । पछि आफू मन्दिर गएको बेला आफ्नो रूपमा भगवान् आई छोरालाई स्याउ दिएको र छोरा खुसी भई बसेको थाहा पाउँदा आत्मालोचित हुनुपरेको कुरा कथामा अत्यन्त रोचक ढंगबाट प्रस्तुत गरिएको छ ।

'तिसाको जन्मदिन' कथामा रोगका कारणहरू र रोगबाट बच्न अपनाउनुपर्ने सावधानीहरूका सन्दर्भमा उल्लेख गरिएको छ । सफा लुगाफाटो लगाउनुपर्ने, हातमुख र गोडा राम्ररी धुनुपर्ने, नङ टोक्न नहुने, फोहोर खानेकुराहरू खान नहुनेजस्ता चेतनाप्रधान कुराहरू प्रस्तुत कथामा पाउन सकिन्छ ।

मातापिता जगत जननी हुन् र सन्तान ईश्वरका अमूल्य वरदान हुन् । संसारमा जति पनि प्राणीहरू छन्, ती सबैका लागि सन्तान र बाबुआमा अत्यन्त प्रिय र अमूल्य लाग्छन् । उनीहरू एक-अर्काको बिछोडमा बस्न त के कल्पना पनि गर्न सक्दैनन् । उनीहरूको माया, प्रेम र आस्थालाई कसैले पनि बदल्न र छुटाउन सक्दैन । त्यो प्रेम अनन्य र अपरम्पार हुन्छ । अरूले जतिसुकै माया, प्रेम, ममता र सद्भाव दर्शाओस्

त्यो उसका लागि अर्थहीन र निकम्मा हुन्छ । 'आइते र पत्तु' कथामा यस्तै जननि प्रेमलाई अनन्य प्रेमको रूपमा व्याख्या गरिएको छ । आफ्नो क्षणिक आनन्द वा तृप्तिको लागि कसैको पनि अधिकार हनन गर्न नहुने, सबै प्राणीलाई स्वतन्त्र रहन दिनुपर्ने बाबुआमाको माया खोस्न नहुने र आफ्नो मान्छेबाट कोही पनि टाढा बस्न नसक्ने भावनात्मक सन्देश प्रस्तुत कथामा पाउन सकिन्छ ।

यस्तै 'थोप्ले' शीर्षकको कथामा कुकरलाई प्रतीक बनाएर कथानक तयार पारिएको छ । कुकर फोहोरी हुन्छ, सडकमा बस्छ, जुठो खान्छ, अचेतन हुन्छ, त्यसैले ऊ कुकुर नामको विशेषण भिर्छ । तर अब कुकुर नामको विशेषण मानिसलाई दिँदा पनि फरक पर्दैन । यदि यसो नहुँदो हो त थोप्ले नामको कुकुरले स्वीटीको घर लुटिनबाट बचाउने थिएन । यस कथामा स्वीटीको घरमा काम गर्ने रामबहादुर सम्पत्ति चोरी भाग्न लाग्दा थोप्लेले उसलाई टोकेर सम्पत्ति रक्षा गरेको उल्लेख छ । र मानिसभन्दा त बरू कुकुर नै इमान्दार हुन्छ भन्ने सन्देश यस कथामा दिन खोजिएको छ ।

पुतली भन्नेबित्तिकै हाम्रो मन प्रफूल्ल हुन्छ । पुतली कोमल, सुन्दर, आकर्षक र चिरबिरे हुन्छ । पुतलीलाई बत्तीको उज्यालो र फूलको बगैंचा मन पर्छ । पुतलीलाई संगीतको अर्को रूप पनि भन्ने गरिन्छ । पुतलीको झंकारमा सुर, ताल र लय मिसिएको हुन्छ । भन्छन्, पुतलीको सनसनमा मानिसको स्पन्दन झल्किन्छ । तर यस्तो सुवासिलो पुतली स्वास्थ्यका हिसाबले खतरनाक पनि हुन्छ । यसको भुस आँखामा पर्नु भनेको आँखा गुमाउनुसरह हुन्छ । पुतलीलाई छुनु हुँदैन, छोएमा यसको पखेटामा रहेको भुस हातमा सरेर आँखामा पर्नसक्छ भन्ने सन्देश 'पिंकी र पुतली' शीर्षकको कथाले बोकेको छ ।

'जमुना' प्रस्तुत संग्रहको महत्वपूर्ण सन्देश बोकेको अर्को कथा हो । यो जोश, जाँगर, उमंग, सिर्जना, प्रतिभा, र आत्मविश्वासले भरिएको जुझारू कथा हो । यो एउटी अन्धी बालिकाको सफलता र प्रसिद्धिको कथा हो । अझ भन्ने हो भने यो समग्र अन्धा बालबालिकाको प्रतिनिधि कथा हो । यस कथामा अवसर पाएमा अपांग पनि सपांगभन्दा माथि उठन् सक्छन् र देशलाई योगदान दिन सक्छन् भन्ने भाव व्यक्त भएको छ । अपांग दयाका पात्र होइनन, अवसर पाए उनीहरू पनि ठूला मान्छे बन्न सक्छन् । लेखक, पत्रकार, गायक, शिक्षक, डाक्टरजस्ता विशेषणहरू अन्धाको जीवनमा पनि जोडिन सक्छ, तर उनीहरूको क्षमता र प्रतिभालाई प्रस्तुत गर्न दिइयो भने । जमुना यस कथाकी यस्तै उदाहरण हुन् ।

**जमुना जन्मजात अन्धी हुन्छे । उसमा पनि स्कुल जाने र पढ्ने अथाह इच्छा हुन्छ । तर गाउँमा अन्धाले पढ्ने स्कुल हुँदैन । उसकी आमा गंगा सिलाइमा निपूर्ण हुन्छे । छोरीलाई स्कुल पठाएर पढाउन नसके पनि सिलाइबुनाइ सिकाउन सफल हुन्छे । जमुनाले स्वीटर गलबन्दी, पन्जाजस्ता सामानहरू बुन्न थाल्छे । उसलाई गीत सुन्न र गाउन साह्रै मन पर्छ । उसको स्वर मीठो हुन्छ । गाउँमा भजन गाउन उसलाई नै बोलाउने गरिन्छ ।**

उसको स्वर तिखारिँदै आउँछ । ऊ गाउँकै प्रख्यात गायिकाको रूपमा परिचय बनाउन सफल हुन्छे । त्यसैबेला गाउँमा लोकगीत प्रतियोगिता हुन्छ । त्यस प्रतियोगितामा ऊ प्रथम हुन्छे । उसको नाम एकाएक देशभरि फैलन पुग्छ । ऊ एक संस्थाको निमन्त्रणामा गीत गाउन काठमाडौं जान्छे । उसको सफलताको चर्चा चारैतिर हुन थाल्छ र कथा सकिन्छ ।


जेठी छोरी निभाका साथ जलेश्वरी श्रेष्ठ ।

कथाले बालिकाको प्रतिभा, सिर्जना, चाहना, बाध्यता, विवशता र संवेदनालाई प्रमुख रूपमा उठाएको छ । कथा अत्यन्त रोचक, मार्मिक, चरित्रवान् र यथार्थिक रूपमा प्रकटित भएको छ । साथै कथाले अन्धी बालिकाको मनोविज्ञान र मातृभावनालाई बेजोडले कथानकको रूपमा उठाएको छ । समग्रमा कथा जीवन्त, चेतनामूलक र शिक्षाप्रधान बनेको छ । यस्तै 'जलपरी र सुन्दरिया' प्रस्तुत संग्रहको अन्तिम कथा हो । यस कथामा मानवीय संवेदना र बालभावनाको बेजोड प्रस्तुति रहेको छ । यो मानवताप्रधान कथा पनि हो । एकले अर्कालाई परेको बेलामा सहयोग गर्नु नै सच्चा मानवता हो ।

यस कथामा माछा र मानिसको सम्बन्धलाई प्रमुख नजिरको रूपमा प्रस्तुत गरिएको छ । जलपरि आपत्मा पर्दा सुन्दरियाले बचाउने र सुन्दरिया आपत्मा पर्दा जलपरीले बचाउने यसको प्रमुख कथानक हो । यहाँ माछा र मान्छेबीच भावना साटिएको छ । मनहरू एक भएका छन् । विवेकले समानस्तरको काम गरेको छ । मुटुहरू जोडिएका छन् । आत्मियता पोखिएको छ र नयाँ एकता र विश्वासको स्पष्ट आधार बनेको छ । तर हाम्रो समाज, हाम्रो मानव, हाम्रो विवेक, हाम्रो मन र आत्मियता एउटा कुकुर र माछाको मनभन्दा पनि माथि उठ्न सकिरहेको छैन । हाम्रो मनमा खाली झुट, स्वार्थ, ईर्ष्या, अपमान र विद्रोह फुलेको छ । हामीले मानवताको सामान्य अर्थ पनि उपभोग गर्न सकिरहेका छैनौं । यो हामी मानवको लागि चुनौती हो । ईश्वरले हामीलाई मानव बनायो, हामी हाम्रो व्यवहारले पशु बन्यौं । हामीसँग मावनता छ भने मात्र मानवीय आकृति छ । हामी मानवको स्तरबाट तल झरिसक्यौं । प्रस्तुत कथाको सन्देश यही नै हो । मानवताभित्र मानवताको खोजी लेखिकाको उद्देश्य हो ।

'तिसाको जन्मदिन' कथाकृति समग्रमा भन्नुपर्दा विशिष्ट मानवताप्रधान वालमनोविज्ञानले भरिएको कथा हो । यसमा बालचेतना र बालशिक्षाका अनगिन्ती सम्भावनाहरू छन् । माया, प्रेम, सद्भाव, विश्वास, एकता सौहार्दता, अठोट, प्रतिज्ञाजस्ता विम्ब र प्रतीकहरूले सजिएको प्रस्तुत कृति बालबालिकाको लागि मात्र नभएर सम्पूर्ण बाबुआमाको लागि अत्यन्त उपयोगी र पठनीय देखिएको छ ।

# जलेश्वरी श्रेष्ठको

# परीको घर




'परीको घर' जलेश्वरी श्रेष्ठको प्रथम पुस्तकाकार बालकथाकृति हो । यसअगाडि श्रेष्ठका बालसाहित्यका कुनै पनि रचना र कृति प्रकाशित भएका छैनन् । बालसाहित्य संवेदनशील विधा भएकाले पनि यसमा उनको कलम चलेको हो भन्न सकिन्छ । यस तथ्यलाई लेखिका स्वयम्ले पनि आफ्नो भूमिका लेखनमा यसरी भाव व्यक्त गरेकी छन्:

**'कुनै पनि काम विना योजना अपरझट गर्नुपर्दा सफलता भन्दा कार्य सम्पादनमा आत्मसन्तुष्टि प्राप्त हुन्छ । त्यसरी नै बालकथाको अपरझट सिर्जनाबाट मलाई सन्तुष्टि मिलेको छ । बालसाहित्यको सिर्जना गर्न सक्छु भन्ने विश्वास ममा थिएन । मैले यस विषयमा सोचेको पनि थिइनँ । तर विनातयारी कसैको आग्रहमा नै मैले छोटो समयमा यो कृति तयार पारेको छु ।'**

यद्यपि सिकारू अवस्थामा विना तयारी लेखिएका भए पनि जलेश्वरीको प्रस्तुत बालकृतिलाई सफलताकै सूचीमा राखेर हेर्न सकिन्छ । प्रथम संस्करण वि.सं. २०६० र दोस्रो संस्करण वि.सं. २०६२ मा प्रकाशनमा आएको प्रस्तुत कृति बालप्रियताको हिसाबले निकै अगाडि रहेको मान्न सकिन्छ । लोक र सामाजिक विषयवस्तुमा आधारित प्रस्तुत संग्रहमा 'परीको घर, चुनु र मुनु, नराम्रो कामको परिणाम, छोराछोरी बराबर र 'जहाँ इच्छा त्यहाँ उपाय' शीर्षकमा ५ कथाहरू समाविष्ट छन् । कृतिको पहिलो कथा 'परीको घर' मा परीको निर्देशन विपरीत खानेकुरा झिकेर खादा पानी परेर समस्या उत्पन्न भई माया डराएकी कथानक उल्लेख गरिएको छ ।'

**गाउँ घुम्न आएकी परीसँग मायाको भेट हुन्छ र माया परीको घरमा घुम्न जान्छे । परीको घरमा चक्लेट, आइसक्रिम, जुसजस्ता मीठामीठा खानेकुरा हुन्छन् । त्यो देखेर**

**मायाको मुख रसाएर आउँछ । परीले त्यहाँ भएको कुनै पनी चीज खान मन लागेमा आफूलाई सोधेर मात्र खान र कुनै सामान नचलाउन मायालाई भनेकी हुन्छे । यस्तै मायाले अलि पर एउटा घरमा जेरी, सेलरोटी, मिस्री र थरिथरिका मिठाइ देख्छे । यत्तिकैमा उसले झ्यालमा राखेको मिस्रीको एक टुक्रा भाँचेर खान लागेकी मात्र के हुन्छे अचानक पानी परेर त्यहाँ भएको सबै मिठाइ भिज्न पुग्छ र माया पनि पानीले निथ्रुक्क भिज्छे ।'**


प्रस्तुत यस कथामा आफूभन्दा ठूलाले भनेको मान्नुपर्ने, मनलाग्दी गर्न नहुने, जुन पायो त्यही सामान चलाउन नहुने र आफूखुसी गर्दा दुःख पाइने सन्देश व्यक्त भएको छ । यस्तै 'चुनु र मुनु' अर्को कथामा बढी चल्ने, भनेको नमान्ने, बाहिर निस्कने चकचके बानीले गर्दा चुनु बिरालोको आक्रमणमा परी दुःख पाएको कुरा उल्लेख गरिएको छ । 'नराम्रो कामको परिणाम' कथामा परिवारले भनेको कुरा नमानेर गलत साथीहरूको संगतमा लाग्दा दीपकले कुटाइ खाई गोडा गुमाउनु परेको कुरा उल्लेख गरिएको छ । साथै यसमा 'हेला गरे फेला परिन्छ' भनेजस्तै छोरी भनेर उपेक्षा गरी राखिएको मीनाले घरमा सबैको सेवा गरी मन जित्न सफल भएकी कथानक व्यक्त गरिएको छ । यस कथामा छोरी भनेर हेला गर्न नहुने, अनावश्यक छुट र स्वतन्त्रता प्रदान गर्न नहुने तथा छोराछोरीलाई समान व्यवहार गर्नुपर्ने सन्देश प्रवाह भएको छ ।

'छोराछोरी बराबर' शीर्षकको कथामा छोराको लोभमा परेर पछुताउन पुगेको राजाको अवस्थालाई कथानकको रूपमा प्रस्तुत गरिएको छ । यस कथामा नारी पुरूष दुवैको समान महत्व रहेको र सामाजिक निरन्तरताका लागि दुवैको संलग्नता अपरिहार्य हुने धारणा व्यक्त भएको छ । राजाको सातवटी छोरी जन्मिएका र राज्य चलाउन छोरा नै चाहिन्छ भनी महादेवसँग स्तुति गरी छोरा मागेको, राजाले छोराको सट्टा धनसम्पत्ति माग भनेको, छोरा नै मागे पछुताउनुपर्छ भनेको, राजाको लगातार १४ वटा छोरा भएको, प्रजाले पनि छोरा मात्र जन्माउन थालेको, तथा देशमा कन्याको अभाव भई पुरूषको विवाह हुन नसकेको कुरालाई कथामा अत्यन्त रोचक र मिहिन ढंगबाट प्रस्तुत गरिएको छ ।

'जहाँ इच्छा त्यहाँ उपाय' प्रस्तुत संग्रहको अन्तिम कथा हो । यस कथामा लक्ष्य निर्धारण गर्न सकियो भने बाटाहरू आफैं निर्माण हुन्छन् भन्ने भाव प्रकट गरिएको छ । सकारात्मक र निश्चल लक्ष्य लिएका मानिसहरूलाई सबैतिरबाट सहयोग र सद्भाव रहन्छ भन्ने कथानकको प्रमुख सन्देश हो ।

**'ज्ञान अर्काको घरमा बसेर काम गरी पढ्दै गरेको केटा हुन्छ । ऊ अत्यन्त लगनशील, इमानदार र मेहनती हुन्छ । ऊ भविष्यमा पढेर डाक्टर बन्न चाहन्छ । उसको पढाइ पनि अत्यन्त राम्रो हुन्छ । ऊ एसएलसीमा प्रथम हुन्छ र एक दाताको सहयोगमा विदेशमा पढ्ने अवसर पाउँछ । पछि ऊ डाक्टर बनी आफ्नै गाउँको सेवामा सक्रिय रहन्छ र कथानक अन्त्य हुन्छ ।'**

प्रस्तुत कथामा ज्ञानको पिता रूखबाट लडेर उपचार नपाइ मर्नु परेको, पिता




छोरीहरू र श्रीमानका साथ जलेश्वरी श्रेष्ठ ।

उपचार नपाई मर्नु परेकाले आफू डाक्टर बन्न चाहेको, मालिकको घरको काम भ्याएर पनि स्कुलमा राम्रो अंक प्राप्त गर्न सफल भएको, विदेशमा पढ्न छात्रवृत्ति पाएको, धनी बाबुको छोरा राज पुलपुलिएर, बिग्रिन थालेको, उसले ज्ञानलाई अभद्र व्यवहार गरेको, राजको बाबुआमा कार दुर्घटनामा परी मरेको, बाबुआमा मरेपछि गलत बाटोमा लागेर राजले सम्पत्ति सकेको, राज बिरामी पर्दा ज्ञानले उपचार गरी बचाएको र उसले ज्ञानसँग माफी मागेको तथा ज्ञानले अंगालो हाली 'मेरो साथी, मेरो धर्मपिता-मालिकका छोरा' भनी बिलौना गरेको सन्दर्भहरू अत्यन्त रोचक र कौतुहलतापूर्ण रहेको छ ।

समग्रमा 'परीको घर' बालकथाकृति बालउत्सुकता, बालचेतना, बालस्पष्टता र बाल सान्दर्भिकताले परिपूर्ण रहेको छ । कृतिका केही कथाहरू भने पूर्ण नभएर आंसिक रूपले मात्र सफल देखिएका छन् । कथामा प्रयुक्त भाषाशैली, शब्दचयन र कथानक प्रस्तुतिको हिसाबले कथाहरूलाई सार्थक नै मान्नुपर्छ । कतिपय अवस्थामा प्रयोग भएका अनावश्यक शब्दहरूले भने बालबालिकालाई भुलाउने हो कि भन्ने भान हुन्छ । तर पनि विम्बप्रधान पात्र र प्रतीकहरूको प्रयोगले भने कथाहरू सरल, सहज, सलिल र सुवोध्य बन्न सफल भएका छन् । छोटो समयमा दोस्रो संस्करणसमेत प्रकाशन भई विक्रीवितरण भइसकेकोले कथा बालबालिकाले मन पराएको नै मान्न सकिन्छ । वनिता प्रकाशनको संयोजनमा प्रकाशित प्रस्तुत कृतिको मूल्य रू. २५ निर्धारण गरिएको छ ।

# जलेश्वरी श्रेष्ठको

# मेहनती गौरी




लेखिका जलेश्वरी श्रेष्ठको 'मेहनती गौरी' दोस्रो पुस्तकाकार बालकृति र प्रथम बालउपन्यास हो । नारीलाई कथानकको केन्द्रविन्दुमा राखेर साहित्यिक सिर्जना गर्ने प्रवृत्ति भएकी जलेश्वरी श्रेष्ठले प्रस्तुत बालकृतिलाई पनि नारी प्रधानताकै सीमाभित्र कैद गरेकी छन् । सामाजिक प्रचलनमा देखिएका प्रवृत्तिलाई कथानकको स्वरूपमा ढाल्न सक्ने जलेश्वरीको प्रस्तुत बालउपन्यास पनि सामाजिक सन्दर्भकै विजको रूपमा देखा परेको छ । मानिसले समाज, समाजले घटना र घटनाले कथा, उपन्यास, कविताजस्ता साहित्य जन्माउँछ । यसैले जलेश्वरीका सिर्जनामा काल्पनिकता तरल र यथार्थता घनिभूत भएर देखापर्छ ।

वि.सं.२०६१ मा प्रकाशन भएर दोस्रो संस्करणसमेत प्रकाशन भइसकेको प्रस्तुत कृति 'मेहनती गौरी' मा गौरी नामकी बालिकाको जीवनमा व्याप्त उतारचढावलाई प्रमुख कथानक र सामाजिक चरित्रलाई सहायक कथानकको रूपमा प्रस्तुत गरिएको छ । उपन्यासकी प्रमुख नायिका गौरी मेहनत, इमानदार र लगनशील हुन्छे । ऊ आफ्नो काम र कर्तव्यलाई समान प्राथमिकतामा राखेर सम्पन्न गर्न सफल देखिन्छे । प्रगतिशील विचार र सामूहिक भावनाले परितृप्त गौरी दुःख, कष्ट, पीडा र कठोर अवरोध छिचोलेर आफ्नो लक्ष्यमा पुग्न सफल हुन्छे र कथानक अन्त हुन्छ ।

भनिन्छ, जीवन र संघर्ष पर्यायवाची शब्द हो, जीवनविनाको संघर्ष र संघर्षविनाको जीवन अर्थहीन, अपूर्ण र लंगडो हुन्छ । संघर्षका विभिन्न रूप, आकार र प्रकार हुन्छन् । संघर्ष, मरेर, मारेर, विध्वंश, आतंक सिर्जना गरेर पनि गर्ने गरिन्छ । तर, वास्तविक संघर्ष स्वयम्बाट शुरू हुन्छ । आफूभित्र भएको कला, सीप, सिर्जना प्रतिभा र क्षमता प्रदर्शन गरेर गर्ने संघर्ष वास्तविक संघर्ष हो । यस्तो संघर्षमा मात्र जीवनको

यथार्थता उजागर हुन्छ । लेखिका जलेश्वरी श्रेष्ठले यस्तै शालीन र वास्तविक संघर्षको परिकल्पना गरेकी छन् । संघर्षको नाममा विद्रोहको आगो बाल्ने र समाजलाई आतंकित तुल्याउने कार्य कुनै पनि हिसाबले लाभप्रद हुँदैन, त्यो क्षणिक र खतरनाक हुन्छ । त्यसले समाजमा अशान्ति र अनिश्चयको विजारोपण गर्छ । संघर्षभित्र पनि मानवता झल्कनुपर्छ भन्ने भाव, प्रस्तुत उपन्यासको आधारमा लेखिकाको हो भन्न सकिन्छ ।

'गौरी सामान्य परिवारकी छोरी हुन्छे । उसले बाल्यकालमै आफ्नी आमा गुमाउन पुग्छे र सौतेनी आमाको छत्रछायाँमा हुर्कन्छे । उसमा पढ्ने, लेख्ने र स्कुल जाने उत्कट अभिलाषा हुन्छ तर ऊ स्कुल जानबाट वञ्चित हुन्छे । उसको काम घरधन्दा र घरायसी काममै सीमित हुन्छ । ऊ सानैदेखि सरल, ज्ञानी, असल र शान्त स्वभावकी भएकीले आफूले पढ्न नपाएकोमा कसैप्रति गुनासो राख्दिन । यहाँसम्मकी सौतेनी आमाप्रति पनि उसलाई कुनै सिकायत हुँदैन । घरको काम सकेर फुर्सदको समयमा भाइको किताव पढ्ने र गोठालो जाँदा स्कुलको झ्यालबाट अरूलाई पढाएको सुन्ने गर्छे । यस्ता गतिविधिबाट सामान्यज्ञान हासिल गर्न ऊ सफल हुन्छे । स्कुलमा कविता प्रतियोगिता आयोजना गरिन लागेको हुन्छ । प्रतियोगितामा उसको भाइले पनि भाग लिएको हुन्छ । प्रतियोगितामा भाइको कविता प्रथम हुन्छ । तर त्यो कविता भाइको लागि उसले नै लेखिदिएकी हुन्छे । कविताको बारेमा स्कुलमा सोधिखोजी हुन्छ र त्यो कविता दिदी गौरीले लेखिदिएको जानकारी भाइले गुरूहरूलाई दिन्छ । गौरीको प्रतिभा र सिर्जनाप्रति गुरूहरूको ध्यान आकृष्ट हुन्छ । फलस्वरूप गुरूहरूको सहयोगमा विदेशी स्रोत जुटाइ गौरीलाई पढ्न काठमाडौं पठाइन्छ । ऊ एसएलसीमा सर्वोत्कृष्ट छात्रा बन्न पुग्छे र एमएसम्मको उच्च शिक्षा अध्ययन सम्पन्न गर्छे । अब ऊ गाउँ फर्कन्छे, गाउँमा स्कुल, कलेज, अस्पताल, कुवा, बाटोजस्ता भौतिक पूर्वाधार निर्माण गर्न सक्रिय देखिन्छे । उसको त्याग, समर्पण र योगदान देखेर ऊप्रति सारा गाउँलेहरू गौरवान्वित हुन पुग्छन् । गाउँलेले उसकै नामबाट स्कुल खोलिदिन्छन् । उसको नाम प्रेरणाको अमर स्रोत बनेर गाउँमा गुन्जन थाल्छ र कथानकको अन्त हुन्छ ।'

यसरी एउटी आमा नभएकी टुहुरी केटीले प्रतिकूल अवस्था र परम्परासँगै संघर्ष गरेर आफूसँग भएको प्रतिभालाई प्रस्तुत गर्न जुन रूपमा सफल भई यो नै वास्तवमा सार्थक जीवन संघर्ष हो । आफूसँग कला, सीप, जाँगर, अठोट, सक्रियता र इच्छाभाव भए सफलताको शिखर चुम्न अरूको जीवनसँग खेल्नुपर्दैन भन्ने उत्कृष्ट दृष्टान्त हो- प्रस्तुत उपन्यास । यदि गौरीले आफूले पढ्न नपाएको रिसमा वा सौतेनी आमाको असमान व्यवहारका विरूद्ध विद्रोह गरेकी भए वा बदला र इर्ष्याको भावनाले लिएकी भए ऊ कुनै पनि अवस्थामा सफल हुन सक्दैनथी । अहिलेको नाम, इज्जत, प्रतिष्ठा, प्रसिद्धी र लोकप्रियता उसँग हुने थिएन । मनमा डर, चिन्ता, भय, त्रास र कुण्ठाले बास गर्ने थियो । जीवन कोलाहल, चित्कार, जलन र छटपटीले समाप्त हुने थियो ।

वास्तवमा आरोह अवरोह, आँसु-हाँसो, दुःख-सुख, हार-जीत, प्राप्ति-अप्राप्ति, मिलन-विछोड, जीवनका विशेषता हुन् । रातपछि दिन प्राकृतिक नियम हो । धैर्यता नै





नारी साहित्य प्रतिष्ठानकी अध्यक्ष गीता कार्कीलाई गोमा स्मृति पुरस्कारको लागि रकम हस्तान्तरण गर्दै जलेश्वरी श्रेष्ठ (दायाँ) ।

सफलताको प्रस्थानविन्दु हो । कामप्रतिको लगाव, दृढ इच्छाशक्ति र सकारात्मक सोचाइ भयो भने जस्तोसुकै कठिन काम पनि सहज गर्न सकिन्छ भन्ने सन्देश नै प्रस्तुत कृतिको मूल मर्म हो ।

प्रस्तुत कृति मेहनती गौरी मा प्रयुक्त भाषाशैली सरल, सुवोध र सहज नै रहेको छ । कथानक परम्परागत किसिमको आदि, मध्य र अन्त्ययुक्त रैखिक ढाँचामा आवद्ध छैन । यसको ढाँचामा निम्नरैखिक स्वरूप पाइन्छ । पात्रमा मानसिक संवेग, विचारशृङ्खला र सोचाइलाई अभिव्यक्ति दिन उपन्यासकारले तदनुरूपको कथानक ढाँचा अपनाएकी छन् । कृति बालउपयोगी, सुन्दर, चेतनाप्रधान र सुपाच्य भएर पनि कहीं कतै वाक्य गठन, भाषा र शिल्पीमा सामान्य त्रुटीहरू देखा पर्दछन् । समग्रमा कृति अत्यन्त रोचक, सशक्त र पठनयोग्य रहेको छ । नेपाली बालसाहित्यमा प्रस्तुत कृतिलाई एउटा महत्वपूर्ण खम्बाको रूपमा लिइनेछ भन्ने लेखकको विश्वास रहेको छ ।

# जलेश्वरी श्रेष्ठको

# सुनपरी




बालसाहित्यकार जलेश्वरी श्रेष्ठको 'सुनपरी' चौथो बालसिर्जना र दास्रो बालउपन्यासकृति हो । वनिता प्रकाशनको संयोजनमा वि.सं. २०६३ सालमा काठमाडौंबाट प्रकाशित भएको प्रस्तुत कृतिको कथानक संरचना पनि अघिल्लो बालउपन्यास 'मेहनती गौरी' कै पृष्ठभूमिको नजिक रहेको पाउन सकिन्छ । सामाजिक जनजीवनभन्दा सामान्य फरक तर सामाजिक धरातलमा नै अडिएर लेखिएको प्रस्तुत कृतिमा एउटी बालिकाको अठोट र जुझारूपनलाई प्रमुख कथानकको रूपमा प्रस्तुत गरिएको छ ।

सफलता आत्मविश्वासमा अडिएको हुन्छ । आत्मविश्वास राखेर गरिएका काममात्र सफल र सार्थक हुन्छ । आत्मविश्वास नभएका मानिस असफल, कमजोर र दुःखी हुन्छन् । डर, चिन्ता, भय र त्रासले मानिसलाई लक्ष्यविहीन, उद्देश्यविहीन र दिशाविहीन बनाउँछ भन्ने भाव अभिव्यक्त भएको उपन्यासमा बालबालिकाको चरित्र, इच्छा, आकांक्षा, रहर, आशा, उल्लास र अभिलाषा विषयवस्तुका रूपमा प्रकटित भएका छन् ।

'एउटा गाउँमा साह्रै राम्री, हँसिली, रसिली, ज्ञानी, नम्र, शालीन, मिलनसार र सुशील स्वभाव भएकी सुनकेसरी नामकी बालिका हुन्छे । रूखले किचिएर उसका आमाबुबा मर्न पुग्छन् । ऊ गाउँलेहरूको रेखदेख र सरसहयोगमा बसेकी हुन्छे । जंगलमा घाँसस्याउला लिन जाँदा एउटा सुगासँग उसको घनिष्ठ सम्बन्ध स्थापित भएको हुन्छ । सुनकेसरी धेरैजसो त्यै सुगासँग गफ गरेर बस्ने गर्छे । विस्तारै ऊ किशोरी अवस्थामा प्रवेश गर्छे । उसमा रूपरङ र सुन्दरता झनै बढेर आउँछ । एकदिन सुगाले एउटा सानो किताब ल्याएर उसको हातमा राखिदिन्छ । त्यो किताबमा काठमाडौंका राम्राराम्रा चित्रहरू हुन्छन् । चित्रहरू देखेर सुनकेसरीमा काठमाडौं जाने मोह पलाउन थाल्छ र ऊ काठमाडौं जान तयार हुन्छे ।

गाउँले र साथीभाइहरूसँग बिदा मागेर ऊ शहर जाने बाटोतिर लाग्छे । शहर जाने बाटोमा ठूलो जंगल हुन्छ । जंगलमा ठूलाठूला डरलाग्दा वन्यजन्तुहरू हुन्छन् । त्यसको कुनै परवाह नगरी ऊ जंगलमा पुग्छे । त्यहाँ पुग्दा ऊ एकदमै थाकेर भोकाएकी हुन्छे । जंगलछेवैमा एउटा कुटी हुन्छ । यसै कुटीमा आगो बालेर ऊ खिचडी पकाउन थाल्छे । खिचडी पाकेको हुन्छ । खिचडी तातो भएकाले ऊ ढुंगाको सहारा लिएर विश्राम गर्न पल्टन्छे र तत्कालै निदाउन पुग्छे । खिचडीको बासना जंगलभरि आउन थाल्छ । जंगलमा भएका सुनका चराहरू त्यहाँ आई सबै खिचडी खाइदिन्छन् । ऊ निद्राबाट ब्युँभन्छे र खिचडी खान खोज्छे । तर खिचडीको भाँडो रित्तो हुन्छ । ऊ जंगल नै थर्कने गरी रून थाल्छे । ऊ रोएको सुनेर सुनका चराहरू दुःखी हुन्छन् र ऊसँग माफी माग्छन् । सुनकेसरी खुसी भई आफू शहर जान लागेको कुरा चराको नाइकेलाई भन्छे । चराहरूले आफ्नो एक-एकवटा पखेटा झिकी चुच्चोले गाँसेर कोट बनाउँछन् र सुनकेसरीलाई दिन्छन् । त्यही कोटको सहारामा उडेर सुनकेसरी शहरको बीच भागमा पुग्छे । सुनको पखेटा, लामा सुनौला कपाल र जुनजस्तै सुन्दर उसलाई देखेर शहरका मान्छे अचम्मित हुन्छन् । यो कुरा दरबारका राजाले पनि थाहा पाउँछन् । राजाले उसलाई दरबारमा लिएर जान्छन् । राजाको छोरो लामो समयदेखि कुँजो भएर बसेको हुन्छ । सुनकेसरी आफ्नो कपालले उसको स्पर्श गर्छे । उसको कपालको स्पर्शले राजाको छोरा ठीक हुन्छ र उसैसँग विवाह हुन्छ । तर सुनकेसरीले आफूसँग विवाह गर्ने गाउँको विकास गरी गाउँमै बस्नुपर्ने शर्त राख्छे । राजाले उसको शर्तमा सहमति जनाउँछन् र धुमधामसँग विवाह सम्पन्न हुन्छ । सुनकेसरी राजकुमारका साथ गाउँलेको सेवा गरेर गाउँमै बस्न थाल्छे ।'


उपरोक्त कथानक संरचनाभित्र आत्मविश्वास, साहस, निडरता, निश्चलता, निर्मलता, पवित्रता, स्पष्टता, आदर्शताजस्ता भावहरू एउटी बालिकाको चरित्र बनेर प्रस्तुत भएका छन् । घनघोर जंगलको डरलाग्दो बाटो भएर एक्लै शहर जान तम्सने सुनकेसरीको साहस प्रवल आत्मविश्वासको पराकाष्ठा हो । यस कुराले आमबालबालिकालाई आत्मविश्वासी बन्न, दुःखकष्ठसँग नडराउन, साहसी र निडर हुन, जिज्ञासु बन्न तथा उद्देश्यलाई आत्मसात गर्न महत्वपूर्ण सन्देश दिएको छ । यस्तै चराहरूले खिचडी खाएको र माफी मागेको सन्दर्भले अरूको सामान नचलाउन, जानीजानी गल्ती नगर्न र अज्ञानमा गल्ती हुन गएमा आत्मआलोचना गर्नुपर्छ भन्ने शिक्षा दिन खोजेको छ । सुनकेसरी गाउँलेसँग सल्लाह मागी बिदा भएर शहर जानु भनेको उसको सरलता, कोमलता, नैतिकता र इमानदारिताको द्योतक हो भने गाउँलेले खानेकुरा दिएर बिदाइ गर्नु उनीहरूको उदारता, निश्चलता, समानता, सामूहिकता र कर्तव्यपरायणताको उदाहरण हो । यसबाट स्पष्ट बोल्नुपर्ने, मनमा लागेको कुरा खुलेर भन्नुपर्ने, अरूलाई भ्रममा राख्न नहुने तथा सकारात्मक कार्यका लागि सदैव अग्रसर हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ । जंगलमा सुनका चराहरू भेटिनु, उनीहरूले खिचडी मन पराएर खानु, सुनकेसरी रूनु, चराहरू भावुक बनेर फलफूल खोजी खान दिनु, आफ्नो पखेटा निकालेर कोट बनाउनु र सुनकेसरीलाई उडाएर शहर पठाउनुजस्ता सन्दर्भहरू

अत्यन्त रोचक, संवेदनशील, मार्मिक, कर्णप्रिय र मनोरञ्जनप्रधान रहेको छ । यसबाट मानिस दयालु, कारूणिक, सहयोगी, मिलनसार, संगठित, नरम, भावुक र परसेवी बन्नुपर्छ तथा दुःखकष्ट र आपत्‌विपत्‌मा परेकालाई आफूले सक्दो सहयोग गर्नुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

यसैगरी आफ्नो कपालले राजाको छोरालाई छोएर नयाँ जीवन दिएको, राजकुमारले विवाहको प्रस्ताव राखेको, सुनकेसरीले गाउँको विकास गर्ने शर्त राखेको, राजाले वचन दिएको, धुमधामसँग विवाह भएको, राजाको छोरो गाउँमा आएर बसेको जस्ता सन्दर्भहरू अत्यन्त नौला र कुतकुती जगाउने खालका छन् । यी सन्दर्भहरूले मानवता, मानवप्रतिको प्रेम, विश्वास, आदर्शजस्ता पक्षहरूको प्रतिनिधित्व गरेको छ ।

भनिन्छ, जन्म दिने आमा र आफू जन्मेको ठाउँ स्वर्गभन्दा प्रिय हुन्छ । जस्तै सुखसुविधा र ऐशआराम प्राप्त गरे पनि आफ्नो गाउँठाउँ, आफ्नो परम्परा, आफन्त, इष्टमित्र भुल्न र बिर्सन सकिँदैन । सुनकेसरीलाई यहाँ यस्तै भएको छ । राजाको बुहारी भएर दरबारमा बस्ने अवसर प्राप्त हुँदा पनि गाउँमा बस्ने चाहना व्यक्त गर्नु र गाउँको विकास गर्ने चाहना राख्नु गाउँप्रेमको उत्कृष्ट नमूना हो । यस घटनाले आफ्नो गाउँठाउँ, टोल छिमेक, समाज आफैंले बनाउनुपर्छ । आफ्नो जमिनको माया गर्नुपर्छ र देश विकास गर्नुपर्छ भन्ने महत्वपूर्ण सन्देश प्रकट भएको छ ।

समग्रमा जलेश्वरी श्रेष्ठको प्रस्तुत उपन्यास 'सुनपरी' मा देखिएका कथानक सन्दर्भहरूले बालबालिकालाई शिक्षा, चेतना, सन्देश, ज्ञानगुन, बुद्धिविवेकका साथै मनोरञ्जन प्रदान गर्न सफल हुने विश्वास लिन सकिन्छ ।




# जलेश्वरी श्रेष्ठको

# 'शान्तको इच्छा

बालकथाकार जलेश्वरी श्रेष्ठको 'शान्तको इच्छा' पाचौं बालकृति र तेस्रो पुस्तकाकार कथाकृति हो । 'परीको घर' (२०६०), 'तिसाको जन्मदिन' (२०६१) दुईवटा बालकथासंग्रह प्रकाशन गरिसकेकी जलेश्वरी श्रेष्ठको शान्तको इच्छा सबैभन्दा पछिल्लो बालकथाकृति हो । वनिता प्रकाशनको संयोजनमा प्रकाशित यो कृतिको प्रकाशन वि.सं. २०६५ सालमा भएको हो । नेपाली र अंग्रेजी दुईभाषामा प्रकाशित यस कृतिलाई शीर्षकीकरणको हिसाबले उपन्यासको कोटीमा राखेर हेर्न र पढ्न पनि सकिन्छ । सुरूदेखि अन्तसम्म 'शान्तको इच्छा' एउटै शीर्षकमा कथानक तयार पारिएको यस कृतिमा बालबालिकालाई लगनशील, इमानदार, कर्तव्यनिष्ठ र मेहनती हुनुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । मनमा सकारात्मक सोच भयो भने सफलताका लागि कुनै पनि कुराले अवरोध गर्न सक्दैन भन्ने प्रमुख भाव नै यस कथाको विषयवस्तु हो ।

साँखु नजिकैको मन्दिर पाटीमा हजुरआमा र उनको नाति बस्दै आएका हुन्छन् । हजुरआमाले परिआएको गाउँलेका सबै काम गरेर आफ्नो नातिलाई लालनपालन गर्दै आएकी हुन्छे । उसको नाति साह्रै सरल, शान्त र मिजासिलो स्वभावको हुन्छ । त्यसैले उसको नाम शान्त राखिएको हुन्छ । शान्त बोल्न नसक्ने लाटो हुन्छ । ऊ लाटो भए पनि हजुरआमाले गर्ने गरेका कामहरू ध्यानपूर्वक हेर्ने र आफू पनि गर्ने गर्दछ । यत्तिकैमा शान्तको हजुरआमाको मृत्यु हुनपुग्छ । हजुरआमाको मृत्युबाट एक्लो हुन पुगेको शान्तले गाउँलेहरूबाट माया र सहयोग भने निरन्तर रूपले पाइरहन्छ । ऊ बसेको पाटी नजिकै एउटा स्कुल हुन्छ । ऊ प्रत्येक दिन स्कुलको ढोकाबाहिर बसेर गुरूहरूले कक्षामा पढाएको कुरा ध्यान दिएर सुन्ने र हेर्ने गर्दछ । यसै क्रममा उसले सामान्य लेख्न र पढ्न जान्दछ । ऊ लेख्न र पढ्न सक्छ भन्ने कुरा स्कुलका हेडमास्टरले थाहा पाउँछन् र स्कुलमा भर्ना गरिदिन्छन् ।

शान्त सरल, मिलनसार र मेहनती भएकाले साथीहरू र गुरुहरूबाट राम्रो सहयोग र सद्भाव प्राप्त गर्न पुग्छ । साथी र साथीहरूको राम्रो सहयोग प्राप्त गरेकाले शान्त मादल, बाँसुरी, गितार र तबलाजस्ता संगीतका सामानहरू बजाउन निपूर्ण हुन्छ । उसले संगीत प्रतियोगिताहरूमा भाग लिन्छ र प्रथम हुन सफल हुन्छ । लाटो बोल्न नसक्ने भएर पनि उच्च सफलता हासिल गर्न पुगेकाले शान्त सबैको चर्चाको विषय बन्न पुग्छ र कथानक अन्त हुन्छ ।

'शान्तको इच्छा' प्रस्तुत कृति प्रस्तुतिका हिसाबले अत्यन्त सरल, सरस र कर्णप्रिय रहेको छ । यसमा प्रयोग भएको भाषाशैली, शब्दसंयोजन तथा परिवेश बालबालिकाका लागि सुवोध रहेको देखिन्छ । यस कृतिले बालबालिकालाई एकातर्फ अरूका दुःखमा दुःखी भएर सहयोगी बन्न प्रेरित गर्दछ भने अर्कोतर्फ आफूभित्र भएको क्षमतालाई तिखारेर प्रतिभावान बन्न मद्दत गर्छ । एउटै पृष्ठमा नेपाली र त्यसको अंग्रेजी रूपान्तरण गरेर लिपिबद्ध गरिएको प्रस्तुत कृतिले बालबालिकाको मष्तिष्क तिखार्न उपयोगी सिद्ध हुने देखिन्छ । धिरज बरालले अंग्रेजीमा रूपान्तरण गरेको यस कृतिको मूल्य रू. ३५/- राखिएको छ ।

# जलेश्वरी श्रेष्ठको

# व्यक्तित्वको निरुपण

वि.सं. २००३ साल फागुन २ गतेका दिन काठमाडौं जिल्लाको वटुटोलमा एउटा सम्पन्न नेवार परिवारमा पिता शरणलाल श्रेष्ठ र माता हरिदेवी श्रेष्ठको चौथो सन्तानको रूपमा जन्मिएकी जलेश्वरी श्रेष्ठ नै अहिलेकी प्रसिद्ध महिला साहित्यकार हुन् ।

आठ वर्षको उमेरदेखि विद्यालयमा भर्ना भई आफ्नो औपचारिक अध्ययन थालनी गरेकी श्रेष्ठको विद्यार्थी जीवन तीव्र र सशक्त रूपमा अघि बढ्न भने सकेन । बीएसम्मको अध्ययनमै उनको औपचारिक विद्यार्थी जीवन सीमित रहन पुग्यो तर उनको लेखनपठनमा आफ्ना आमा, दाजुहरू र दिदीको सरसहयोग र प्रेरणा मिलेको थियो । पिता र घरमा राखिएका शिक्षकको सहयोगबाट नेपाली, अंग्रेजी र नेवारीभाषाको वर्णहरू सिकेकी जलेश्वरीले स्वअध्ययनबाट अंग्रेजी, हिन्दीलगायतका भाषामा दखल प्राप्त गरेकी छन् । विभिन्न भाषा र साहित्यको अध्ययनबाट साहित्यलेखनतर्फ अभिमूख भएकी भए पनि साहित्य सिर्जनाको प्रेरणाको मूलस्रोत भने तत्कालीन समयमा आफ्नी आमालगायतका नारीहरूमाथि पुरुषबाट हुने विभेद, सामाजिक अन्याय तथा असमान व्यवहारको कारणबाट उत्पन्न विद्रोही चेतना नै हो । प्रस्तुत यस सन्दर्भमा जलेश्वरी भन्छिन्:

**'म सानैदेखि हाम्रो समाजमा नारी-पुरुषबीच हुने भेदभावपूर्ण व्यवहार देखेर अचम्म मान्थें । छोरा र छोरीबीच असमान व्यवहार भएको देख्दा मेरो मनमा अर्कै किसिमको अनुभूति हुने गर्थ्यो । मलाई हजुरआमा र आमाले पनि नारीमाथि हुने अनेक शोषणका बारेमा धेरै कुराहरू गर्नुहुन्थ्यो । त्यस्ता कुरा सुन्दा मेरो रगत तातेर आउँथ्यो । म मा बेचैनी, छटपटी र विद्रोहको भावना उत्पन्न हुन्थ्यो । त्यही विद्रोही भावना तथा नारीमाथि भइरहेको अत्याचारलाई हेर्दा मैले नारीका पक्षमा केही गर्नुपर्छ भन्ने लाग्यो र साहित्यको सहारा लिएँ ।'**

यसरी महिलामाथि हुने गरेका विभेदका चोटहरूबाट विक्षिप्त भई जलेश्वरी

साहित्यिक सिर्जनामा लागेकी थिइन् । सानैदेखि पठनपाठनतर्फ उन्मूख जलेश्वरी आफ्नै साहित्यिक चेतना तथा श्रीमान् द्वारिका श्रेष्ठको असीम उत्साह प्राप्त गरी साहित्यलेखनतर्फ प्रवृत्त भएकी हुन् । पछि त्यही व्यक्तित्व कथाकारका रूपमा विकसित भएर आयो र त्यसले उनलाई साहित्यिक प्रतिभाको ज्वलन्त नमूनाको रूपमा नेपाली साहित्य जगत्मा परिचित एवम् प्रतिष्ठित तुल्यायो । नेपाली साहित्यका क्षेत्रमा गरेको विशिष्ट योगदानका कारण वि.सं. २०६६ सालमा शान अवार्डको अन्तर्राष्ट्रिय उपाधि हात पार्न सफल जलेश्वरीका **'लाभाका बाफहरू'** कथासंग्रह (वि.सं. २०५८), **'मौन विद्रोह'** कथासंग्रह (वि.सं २०६१), **'परीको घर'** बालकथासंग्रह (वि.सं. २०६०) **'तिसाको जन्मदिन'** बालकथासंग्रह (वि.सं. २०६१, **'मेहनती गौरी'** बालउपन्यास (वि.सं. २०६१), **'सुनपरी'** बालउपन्यास (वि.सं. २०६३) **'शान्तको इच्छा'** बालकथासग्रह -वि.सं. २०६५) लगायत दर्जनौं फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

साहित्य एक बसाइमा लेखिसक्नुपर्छ र पाठकले पनि एक बसाइमै पढिसक्नुपर्छ भन्ने मान्यता राख्ने जलेश्वरीका रचनाहरू पनि त्यसै अनुरूपमा निर्माण भएका पाइन्छन् । साहित्यका विविध विधामध्ये कथा र बालकथालाई प्राथमिकतामा राखेर लेखनकार्यमा सक्रिय जलेश्वरीका रचनाहरू सामाजिक यथार्थका हिसाबले संख्यात्मक



श्रीमान द्वारिका श्रेष्ठका साथ जलेश्वरी श्रेष्ठ ।

र गुणात्मक दुवै रूपले उत्कृष्ट रहेको पाउन सकिन्छ । कथाकारबाहेक समाजसेवी, साहित्यसेवी, अभिप्रेरक जस्ता अनेक व्यक्तित्वका रूपमा साहित्यकार श्रेष्ठलाई चिन्न सकिन्छ ।

नारीलाई प्रमुख केन्द्रीय पात्र बनाएर कथा लेख्न तल्लिन जलेश्वरीका कथामा नारीमनका पीडा नारीमाथि हुने शोषण, दमन, अत्याचार, सामाजिक विभेद, कुण्ठा, कुरीति, अपरम्परा, निराशा, हतोत्साहका साथै नारीचेतना, विद्रोह, परिवर्तन, स्वतन्त्रता, मुक्ति तथा नारीसँग सम्बन्धित यौनमनोविज्ञानका विषयहरू प्रधानताका रूपमा पाउन सकिन्छ । उनका कथामा नारी र पुरूषको शारीरिक व्यवहार, नारीले सन्तानको जन्मका साथै पालनपोषण, पारिवारिक र घरायसी जिम्मेवारी निर्वाह गर्नुपर्ने विषयलाई सार्वभौमिक समस्याका रूपमा उठाइएको छ भने हिन्दू संस्कृतिले नारीप्रति थोपरेको सांस्कृतिक प्रतीक, पहाडमा बाहुन, क्षेत्रीको संकीर्ण मानसिकता, तराईको जातीय सांस्कृतिक कुप्रचलन तथा शहरको अस्वस्थ सामाजिक प्रतिस्पर्धालाई अमानवीय कार्यको रूपमा विश्लेषण गरिएको छ । यस्ता अमर्यादित र अव्यवहारिक निरन्तरताको क्रमभंग गर्न तथा महिला अधिकारप्राप्त नवीन सामाजिक संरचनाको स्थापना गर्न प्रत्येक महिलाले आफूभित्र व्याप्त डर र त्रासलाई मिल्काउनुपर्ने आवश्यकतामा जोड दिइएको छ । महिलाको मनभित्र दवित अव्यक्त आन्तरिक कुण्ठालाई विद्रोहमा रूपान्तरण गर्न सफल जलेश्वरीका कथामा महिलाको शालीनतालाई कमजोरीका रूपमा नलिन पुरूषलाई चेतावनी दिंदै सबै जाति र वर्गका समुदायमा मानवीय संस्कारको विकास गर्न तथा समाजलाई न्यायपूर्ण बनाउन आग्रह गरिएको पाउन सकिन्छ । सामाजिक न्याय, परिवर्तन र मावनताको पक्षपातिका रूपमा चित्रण गर्दै जलेश्वरीका बारेमा डा. अग्नि खरेल लेख्छन् :

**'म उहाँ जलेश्वरीलाई विशुद्ध महिलावादी लेखिकाको रूपमा मात्र लिन सक्तिनँ । उहाँका रचनामा पुरूषको विरोध भएको पक्कै छ, तर त्यो कुन सन्दर्भमा भएको छ भन्ने महत्वपूर्ण कुरा हो । लोग्नेले स्वास्नीलाई केवल स्वास्नीको रूपमा कुट्ने, पिट्ने, खान नदिने, मानसिक, शारीरिक यातना दिने अन्याय, अत्याचार गर्ने र ज्यानै लिनेसम्मको कार्य गर्ने पुरूष मानव हुन सक्दैन । त्यो पुरूष नामको कलंक हो । त्यस्तो अमानुसिक, अपराधीको विरोध हुनु, उसलाई सजाय हुनुपर्छ भन्नु वा त्यस्ता चरित्र भएका लोग्नेसँग नबसेर अलग्गै बुस्नुपर्छ भन्नु पुरूषविरोधी भावना हो भन्ने मलाई लाग्दैन । यो त सामाजिक न्यायको कुरा भयो । सबैले सुख, शान्ति, न्याय पाउनुपर्छ भन्नु त सामाजिक विषय हो । गलत परम्पराको अन्त र राम्रो कुराको सुरूवात हुनुपर्छ भनेको परिवर्तन चाहेको हो । लोग्ने र स्वास्नीबीच प्रेमील सम्बन्ध रहनुपर्छ । एकअर्कामा मिलेर बस्नुपर्छ भनेको मान्छे भएर मान्छेसँग माया साट्नुपर्छ भनेको हो । अनि कसरी उहाँ नारीवादी हुनुभयो ? बरू उहाँले सबै मानिसमा समानता चाहेको भने पक्कै हो ।'**

जलेश्वरी श्रेष्ठ सामाजिक यथार्थवादी महिला लेखिका हुन् । उनका लेखनीमा काल्पनिकता कमजोर र यथार्थ प्रवल रूपमा विकसित भएको पाइन्छ । समाजमा




आफन्तहरूका साथ जलेश्वरी श्रेष्ठ (३) ।

देखेका, सुनेका, भएका घटनाप्रवृत्तिहरूलाई जस्ताको तस्तै टपक्क टिपेर कथानक बुन्न सक्ने उनको कलात्मक विशेषता हो । उनका रचनाहरूबाट यस कुराको पुष्टि हुन्छ । समाजका घटनाहरूलाई नलुकाइकन यथार्थ वर्णन गर्न सक्नु नै उनको मौलिक कथाकारिता हो । उनका रचनामा मानवीय र सामाजिक जीवनका विविध सन्दर्भहरू माया, प्रेम, घात-प्रतिघात, आशा, निराशा, आरोह-अवरोह, हाँसो, खुसीका साथै ग्रामीण र शहरी जनजीवनको भिन्नता, बात्सल्य प्रेम, मातृअधिकार, लैंगिक र व्यक्तिगत स्वतन्त्रता, सामाजिक विखण्डन, विनाश, अराजकता, हत्या, हिंसा, अभाव, गरिवी, शोषण, उत्पीडन, उन्मुक्ति, उन्नयन, उल्लास, उमंगजस्ता अनगिन्ती विषयहरूको स्वभाविक प्रस्तुति रहेको पाइन्छ ।

जलेश्वरीको कथाको अर्को विशेषता भनेको यौनमनोविज्ञानको विशिष्ट प्रस्तुति हो । यौनलाई मानवीय र प्राकृतिक यथार्थको रूपमा स्वीकार गर्ने जलेश्वरीका कथामा यौनका विविध प्रसंग र सन्दर्भहरू उल्लेख भएका छन् । यौनविनाको मानवजीवन अपूर्ण, अधूरो र विश्मयकारी हुने भाव अभिव्यक्त भएको उनका कथामा यौनलाई सन्तान उत्पादन गर्ने माध्यमका रूपमा मात्र नलिएर मानवीय स्वभावको रूपमा लिनुपर्ने चर्चा भएको छ । यौनको विविध रूप, अवस्था र संवेगहरूको चित्रण भएको उनका कथामा रतिरागलाई स्वच्छन्द रूपमा स्वीकार गरिएको छ । यौन उत्तेजनालाई कसैले रोक्न, छेक्न र मार्न नसक्ने एउटा गतिशील प्रवाह भएकाले यसको मर्म विपरीत प्रयोग गर्न पुग्दा मानवजीवन नै अस्तव्यस्त भई समाज विखण्डित हुनसक्ने

खतराप्रति भने लेखिकाले सचेत गराउन खोजेकी छन् । यौन अतृप्ताले मानवजीवन निराश र निरूत्साहित हुन सक्ने सम्भावना बढी मात्रामा रहेकाले सुरक्षित संसर्गमाथि आक्षेप लगाउन नहुने धारणा कथामा व्यक्त भएको छ । लेखिका श्रेष्ठलाई यौनउदारवादी कथाकारको रूपमा प्रस्तुत गर्दै रूपशिला महर्जन भन्छिन् :

**'जलेश्वरी दिदीको पुस्तक 'मौन विद्रोह मलाई अति नै राम्रो लागेको कृति हो । त्यसमा रहेका सबै कथाहरू अत्यन्त रोचक र हामीजस्ता नयाँ पुस्ताका लागि सान्दर्भिक भएको मैले ठानेको छु । कथामा व्यक्त भएका यौनका सन्दर्भहरूले यौनकुण्ठा बोकेर बाँच्न विवश महिलाहरूमा थोरै भए पनि आत्मविश्वास आउने कुरामा म विश्वस्त छु । यौनचाहना शान्त पार्न पुरूषले आफ्नै छोरी नछोड्ने तर महिलाले विश्वास गरेर माया लगाएको प्रेमीसँग यौनसम्बन्ध राख्दा अपराध ठहरिने सामाजिक प्रवृत्तिलाई चुनौती दिन उहाँका रचना सफल भएका छन् । आधुनिक जीवनशैली तथा नयाँ पुस्तामा संचारित खुला संस्कारका कारण प्रेमीबाट प्रेममा धोका पाएका प्रेमिकाहरूलाई उहाँका कथाले सहानुभूति नै दिएका छन् ।'**

नेपाली कथा साहित्यमा स्नातक गरेका इलामका नामेन्द्र राई जलेश्वरीलाई नजिकबाट चिन्न नपाए पनि विद्रोही लेखिकाको रूपमा भने चिन्ने गर्छन् । उनी आफूले 'लाभाका बाफहरू' पढेको र त्यसबाट जलेश्वरी विद्रोही भावना भएकी लेखिका हुन् भन्ने लागेको धराणा व्यक्त गर्छन् । उनी भन्छन् :

**'जलेश्वरी श्रेष्ठ विद्रोही भावना भएकी महिला कथाकार हुनुहुन्छ । उहाँका कथा सरल भईकन पनि जटिल र महत्वपूर्ण छन् । अधिकार र स्वतन्त्रताका लागि जो कसैसँग पनि सम्झौता गर्नुहुन्न र विद्रोह नै गर्नुपर्छ भन्ने उहाँको मान्यता हो । उहाँका कथामा सामाजिक र लैंगिक विभेदका विरूद्ध घर तथा परिवारभित्रैबाट विद्रोह गरिएका प्रशस्त दृष्टान्तहरू छन् ।'**

निष्कर्षमा जलेश्वरी श्रेष्ठ सशक्त सामाजिक यथार्थवादी नारी लेखिका हुन् । बाल्यकालदेखि नै साहित्यिक रचनातर्फ संलग्न भए पनि वि.सं. २०५७ साल भाद्रमा 'भगवती' शीर्षकको कथा गोरखापत्रमा प्रकाशन गराएर औपचारिक रूपले नेपाली साहित्य लेखनमा प्रवेश गरेकी जलेश्वरी आधुनिक कथा साहित्यको महत्वपूर्ण सम्पत्ति हुन् । वि.सं. २०५७ देखि २०६६ सम्मको उनको साहित्यिक यात्रालाई हेर्ने हो भने उनी सबैभन्दा सर्वाधिक र चर्चित साहित्यकार व्यक्तित्व हुन् । एक दशकको छोटो समयमा उनले देखाएको उर्त्सगता तथा योगदानको हिसाबमा हेर्ने हो भने उनी नेपाली साहित्यमा भएका र आउन चाहने महिलाहरूका लागि विशिष्ट प्रेरणा हुन् ।

नेपालीभाषा र साहित्यका लागि जीवनको असीम आनन्द त्याग गर्न पनि पछि नपर्ने जलेश्वरी साहित्यिक सिर्जनाका साथसाथै साहित्यसेवाका कार्यमा पनि अग्रणी व्यक्तित्व हुन् । दर्जनौं साहित्यिक संघसंस्थाको सल्लाहकार, संरक्षक तथा आजीवन सदस्य रहेर साहित्यिक क्षेत्रको विकासमा सक्रिय जलेश्वरीले महिला स्रष्टाको विकास तथा विस्तारका साथै नवप्रतिभाहरूको प्रोत्साहनका लागि लाखौं निजी स्रोत लगानी

गरेर विभिन्न संघसंस्थामा सम्मान तथा पुरस्कारको स्थापना गरेकी छन् । यसका साथै उनले समयसमयमा आर्थिक अवस्था कमजोर भएका, अन्धा-अपांग तथा देशको ग्रामीण भागमा बसेर साहित्यिक सिर्जना गर्ने स्रष्टाहरूको पुस्तक समेत प्रकाशन गर्दै आएकी छन् । नेपाली साहित्यमा योगदान कम तर कुरा र भाषण धेरै गर्ने तथा सस्तो लोकप्रियताको लागि सम्मान र पुरस्कारको भिख माग्दै हिंड्ने असक्षमहरूका लागि जलेश्वरी कडा चुनौती हुन् ।



चितवनस्थित निवासमा श्रीमानका साथ जलेश्वरी श्रेष्ठ ।

अनेकतामा एकता तथा सामुहिकतामा आत्मप्रतिबद्धता भएकी जलेश्वरी श्रेष्ठको सिर्जना, शिल्पता, निष्ठा, कर्तव्यपरायणता तथा अन्य विविध पक्षहरूलाई योगदानका हिसाबले हेर्दा उनी एक अनुकरणीय, प्रशंसनीय तथा बिर्सन नसकिने महिला प्रतिभाको रूपमा स्थापित भएकी छन् । जलेश्वरीले चाहेको, खोजेको र कल्पना गरेको कुरा शान्त र समृद्ध नेपाल, शालीन, सुसंस्कृत, सभ्य, मिलनसार, प्रेमील, अधिकारसम्पन्न, समावेशी, चरित्रवान्, नैतिकवान् र शोषणरहित मानवसमाज नै हो । कोही पनि रून नपरोस् कसैले पनि अनाहकमा ज्यान गुमाउन नपरोस्, भोकै बस्न नपरोस्, डरधम्की र त्रासको सामना कसैले गर्न नपरोस्, सबै समान मितव्ययी र सिर्जनशील बन्न सकुन्, उनको चाहना यही नै हो । जलेश्वरी भित्र निहीत व्यक्तित्वको महत्वपूर्ण विशेषता नै यही हो । नेपालीभाषा, साहित्य, समाजसेवा र अन्य विविध क्षेत्रमा जलेश्वरीको संलग्नता शतकसम्म देख्न पाऔं, हार्दिक शुभकामना ।

•••

# खण्ड-चार

## रेवती राजभण्डारीको सङ्क्षिप्त जीवनी



## शान अवार्डको अन्तर्राष्ट्रिय उपाधि रेवती राजभण्डारीलाई किन ?

- नेपाली साहित्यको विविध विधामा कलम चलाउन सफल,
- नेपाली र नेपालभाषाको माध्यमबाट साहित्यमा कृतिगत योगदान,
- दर्जनभन्दा बढी विभिन्न विधाका पुस्तकहरू प्रकाशित,
- शालीन, शान्त र मिलनसार साहित्यिक स्वभाव,
- मानवीय संवदेनामा आधारित साहित्यिक रचनाको सिर्जना,
- संवेदनशील र जनप्रतिबद्ध साहित्यिक लेखन,
- सेवामूलक साहित्यिक संघसंस्थामा आबद्ध,
- सामाजिक यथार्थमा विभक्त,
- प्रसिद्ध लोक तथा दन्त्यकथाकार,
- स्मृतिपूर्ण प्रणयप्रधान लेखनकला,
- सामाजिक र सांस्कृतिक परम्पराप्रति निष्ठावान्,
- साहित्यमा ग्रामीण र शहरी परिवेशको अभूतपूर्व प्रयोग,
- निर्णायक समितिको छनोटमा पर्न सफल ।


# रेवती राजभण्डारीको

# सङ्क्षिप्त जीवनी

हामी मानिस जन्मन्छौं, हुर्कन्छौं, वस्यक हुन्छौं र विस्तारै आफ्नो जीवन सञ्चालन गर्छौं । जीवन सञ्चालन हुन्छ, जसरी पनि हुन्छ तर जुन परम्परा, जस्तो चेतना, जस्तो शिक्षा, जस्तो अनुशासन व्यक्तिले ग्रहण गऱ्यो त्यसै अनुरूप यो जीवन सञ्चालन हुन्छ । आफ्नो जीवन कस्तो बनाउने ? कुन बाटोबाट हिँडाउने ? आफुलाई समाजमा कसरी परिचित गराउने ? आफ्नो बुद्धि, विवेक, क्षमता र चेतनालाई कसरी प्रस्तुत गर्ने ? यो नितान्त मानिसको सोचाइमा निर्भर रहने कुरा हो । त्यसको निरन्तरताको लागि ऊ जति सक्रिय, लगनशिल, नैतिकवान र धैर्यशील हुन्छ, त्यसले वर्तमान र भविष्यको भलाई हुने काम गर्छ । आफु बाँच्यो, हाँस्यो, खायो, गयो, यो कुनै नौलो कुरा होइन । आफू र आफूकेन्द्रित जीवन बाँचेर गएकाहरू कति आए, गए, कुनै तथ्याङ्क छैन । मानव जीवन विवेक र संयमबाट सञ्चालन भयो भने संयमित जीवन साधनामा पनि संलग्न हुन सक्छ । साधनापूर्ण संयमबाट अगाडि बढेको मानव जीवन एकदिन कीर्तिको शिखरमा पुग्न सफल हुन्छ । यसरी नै साधनाको माध्यमबाट सिर्जनात्मक जीवनको शिखरमा पुग्न सफल हुने महिलाहरू मध्येकी रेवती राजभण्डारी पनि हुन् ।

रेवती राजभण्डारी नेपाली साहित्यको विविध विधामा छरिएर कलम चलाउन सक्ने क्षमता भएकी सिर्जनशील नारी हस्ताक्षर हुन् । उनले नेपाली र नेवारी दुईभाषामा साहित्यिक सिर्जना गरेर नेपाली वाङ्मयको विकासमा महत्वपूर्ण योगदान दिएकी छन् । उनले नेपाली र नेवारीभाषामा कथा र कविताका साथै बालसाहित्यको क्षेत्रमा पनि कलम चलाएर नेपाली साहित्य र साहित्यका पाठकलाई बिर्सन नसकिने गुन लगाएकी छन् । यिनै विविधतापूर्ण सिर्जनशिलताकी पथप्रदर्शिका वरिष्ठ महिला साहित्यकार रेवती राजभण्डारीको सिर्जनात्मक कार्यको सङक्षिप्त रूपले चित्रण गर्ने प्रयास गरिएको छ ।

रेवती राजभण्डारीका पूर्व अग्रजमध्येका एक पुर्खा धनवन्त सिंह जयप्रकाश मल्लका अन्यन्त निकटतम काजी पदले विभुषित लडाकु थिए । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गर्ने क्रममा कीर्तिपुरमाथि गरेको हमलामा धनवन्त सिंहले कान्तिपुरका अन्तिम मल्लराजा जयप्रकाश मल्लका सैनिकका रूपमा युद्ध लडेका थिए । धनवन्त सिंहका दुई छोरा (वीरनर सिंह र सिद्धिवीर सिंह) पनि जयप्रकाश मल्लकै लडाकु सिपाही थिए । धनवन्त सिंहका दुई छोरालाई युद्धको क्रममा पृथ्वीनारायण शाहको गोर्खाली फौजले अपहरण गरेको थियो । आफ्ना छोराहरू अपहरणमा परेपछि छोराहरूको मायाले गर्दा धनवन्त सिंहले गोर्खाली फौजसमक्ष आत्मसमर्पण गर्न पुगें । यसै कुरालाई आधार बनाएर जयप्रकाश मल्लले उनको सर्वस्वहरण गरिदिए । जयप्रकाश मल्लले सर्वस्वहरण गरेको कुराप्रति क्रुद्ध रहेका धनवन्त सिंहलाई बक्सिसस्वरूप पृथ्वीनारायण शाहले साँखुको सुनटोलमा बस्ने प्रबन्ध मिलाएका थिए र त्यसै बेलादेखि सिंहको परिवार स्थायी रूपमा त्यहीं बस्न थालेको थियो ।



रेवतीका पिता सनकमान र माता फिनी मास्के ।

धनवन्त सिंहका ५ पनातिहरूमध्ये एक नाम खुलेका नेकुसिंह थिए । उनले सिंहका पछाडि मास्के थपेका थिए । नेकुसिंह मास्केका छोरा टुयुसिंह मास्के र उनका छोरा काजीमानसिंह मास्के थिए । काजीमान मास्केका चार छोरामध्ये जेठा छोरा सनकमान मास्केकी छोरी नै रेवती मास्के हुन् । रेवतीका बुबा सनकमानलाई उनकै फुपू सन्तुमाया मास्केले ठमेल ल्याएपछि वि.सं. १९५६ देखि मास्के परिवारको बसोबास ठमेल रहन पुगेको हो । सनकमान मास्केका तीनवटी श्रीमतीमध्ये कान्छी श्रीमती फिनी मास्केका कोखबाट ६ छोरा र ५ छोरी गरी ११ सन्तानको जन्म भएकामा पाँचौ सन्तानका रूपमा रेवतीको जन्म भएको हो ।

रेवती मास्केको जन्म वि.सं. १९९९ साल असार ८ गते विहिबारका दिन काठमाडौ जिल्ला (हालको महानगरपालिका) वडा नम्बर २९ ठमेलमा पिता सनकमान मास्के र माता फिनी मास्केको कोखबाट भएको हो ।

## बाल्यकाल

मानिसको लागि बाल्यकाल जीवनयात्राको एक विषेश र महत्वपूर्ण समय हो। मानिसको बालमस्तिष्कमा पर्न गएका छापहरूले पछिसम्म अर्थात् जीवनको अन्तिम



भाइटीकाको अवसरमा दाजुभाइ र दिदीबहिनीका साथ रेवती राजभण्डारी (३) ।

क्षणसम्म पनि कुनै न कुनै रूपले प्रभाव पारिरहेको हुन्छ । उनको बाल्यकाल आफ्नै जन्मथलो ठमेलमा नै सम्पन्न भएको थियो । सनकमान मास्के र फिनी मास्केकी माहिली छोरीका रूपमा जन्म लिएकी रेवतीको बाल्यकाल सुखपूर्वक नै सम्पन्न भएको थियो । बुबाआमाको न्यानो स्नेह तथा दाजु दिदीहरूको अपार मायामा हुर्कने सौभाग्य पाएकी रेवतीले बाल्यकालमा कुनै किसिमका दुःख र कष्टहरूको सामना गर्नुपरेको थिएन । उनको बाल्यकालीन व्यक्तित्व निर्माणमा पिताको प्रभाव प्रत्यक्ष रूपमा परेको पाइन्छ । उनका पिता अत्यन्त शिष्ट, नम्र, सरल र जिज्ञासु स्वभावका थिए । जसको प्रभाव उनमा पनि परेको थियो । उनी बाल्यकालदेखि नै अत्यन्त सरल र मिलनसार स्वभावकी, तीक्ष्ण बुद्धिकी, तार्किक र जिज्ञासु हुनाको साथै केही मात्रामा जिद्धि पनि थिइन् । साथी सङ्गीहरूसँग विभिन्न किसिमका खेलहरू खेल्नु, विभिन्न मनोरञ्जनात्मक कार्यक्रममा सहभागि बन्नु, तथा अन्य विविध सामाजिक कार्यमा संलग्न रहेर उनको बाल्यकाल बितेको थियो । नैतिकता र अनुशासनको परिधिभित्र रहँदै आएकी रेवतीको बाल्यकालीन जीवन हर्षपूर्वक सम्पन्न भएको पाउन सकिन्छ ।

### शिक्षादीक्षा

शिक्षा मानवलाई सार्थक तुल्याउने महत्वपूर्ण आधार हो । शिक्षाले मानिसलाई बौद्धिक, चेतनशील, विवेकशील र जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा

मानिसको लागि अति आवश्यक विषय हो । रेवतीका पूर्खा शैक्षिक चेतनाको हिसाबले पछाडि रहेपनि आफ्ना सन्तानलाई शिक्षित तुल्याउनुपर्छ भन्ने सवालमा अगाडि थिए । पुर्खामध्येका उनका पिता सनकमान मास्के सामान्य रूपमा पढेलेखेका व्यक्ति थिए । उनले नै रेवतीलाई ४-५ वर्षको उमेरमा श्रीपञ्चमीका दिन सर्वप्रथम अक्षरारम्भ गराउने काम गरेका थिए । अक्षरारम्भको प्रारम्भिक अवस्थामा काठको पाटीमा माटो, दलेर अक्षर लेख्ने तरिका उनलाई घरमै बाबुले सिकाएका थिए । उनले पिताको निर्देशन र दाजुदिदीको पूर्ण सहयोगमा घरमै बसेर लेख्न र पढ्न सिकेकी थिइन् । रेवतीको औपचारिक शिक्षाको प्रारम्भ दिदी केशरी प्रधानको सहयोगमा श्री शान्ति विद्या गृह । (हालको कन्या मा.वि.) बाट वि.सं. २००८ सालमा भएको थियो । घरमा नै अध्ययन गरेर धेरै कुरा सिकिसकेकीले एकैपटक उनी दुई कक्षामा भर्ना भएकी थिइन् । उनले यसै स्कूलबाट ६ कक्षामा प्रथम स्थान हाँसिल गरी ७ कक्षासम्म अध्ययन गरेकी थिइन् ।

कक्षा ७ सम्मको अध्ययन पश्चात् उनी वैवाहिक जीवनमा प्रवेश गर्न पुगिन् । जसले गर्दा झण्डै १२ वर्ष उनको पढाई रोकिन पुग्यो । स्कुले शिक्षा रोकिन पुगे पनि घरेलु शिक्षालाई उनले निरन्तरता दिइ नै रहिन् । पछि २६ वर्षको उमेरमा माध्यामिक तहको शिक्षा हासिल गर्न उनी पुनः नारी शिक्षा निकेतन विद्यालयमा भर्ना भइन् । यसैवर्ष सोही विद्यालयबाट तृतीय श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरिन् । उनले उच्च शिक्षा हासिल गर्ने तीब्र अभिलाषा लिई २८ वर्षको उमेरमा वि.सं.२०२७ मा रत्नराज्य क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा भर्ना भइन् र वि.सं. २०३१ सालमा स्नातक तहको पढाइको लागि पद्मकन्या क्याम्पस बागबजारमा भर्ना भइ पढ्न थालिन् ।


औपचारिक रूपले स्नातकसम्मको अध्ययन पुरा गरेकी रेवतीले स्वाध्ययनलाई निरन्तर रूपले जारी राखिन् । स्वाध्ययनबाट नै उनले पूर्विय तथा पाश्चात्य दर्शनका साथै विविध पुस्तकहरूको अध्ययन गरेकी छन् । जीवनदर्शन र समाजोपयोगी पुस्तकहरूको अध्ययन गर्ने बानी भएकी रेवतीले अनौपचारिक घरेलु अध्ययनलाई अहिले पनि निरन्तर रूपले जारी राखेकी छन् ।

## वैवाहिक जीवन

विवाह एक परम्परागत सामाजिक नियम हो । समाजलाई निरन्तरता प्रदान गर्ने माध्यमको रूपमा विवाहलाई लिने गरिन्छ । रेवतीको विवाह १५ वर्षको कलिलो उमेरमा हिन्दु धर्म परम्परा अनुसार वि.सं. २०१४ साल मंसीर महिनामा काठमाडौंकै तुलसीनारायण राजभण्डारी र चम्पा



श्रीमान्का साथ रेवती राजभण्डारी ।



छोरा-बुहारी र श्रीमानका साथ रेवती राजभण्डारी ।

राजभण्डारीका छोरा लक्ष्मणमान राजभण्डारीसंग भएको थियो । यसै वेलादेखि रेवती मास्केबाट राजभण्डारी हुन पुगेकी हुन् । रेवतीका पति लक्ष्मणमान राजभण्डारी शिष्ट, सरल एवम् सहयोगी स्वभावका थिए । जसको प्रेरणाले उनलाई सिर्जनात्मक जीवनकार्यमा लाग्न प्ररित गरेको थियो । वि. सं. २०२७ देखि २०३२ सम्मको अवधिमा उच्चशिक्षा हासिल गर्न उनलाई श्रीमानको विशेष प्रकारको सहयोग प्राप्त भएको थियो ।

रेवतीका अनुसार उनका श्रीमान सामाजिक भावना भएका भावुक र संवेदनशील स्वभावका थिए । उनको विशेष सहयोगमा वि.सं.२०१४ मा श्री भक्त विद्याश्रम विद्यालयको स्थापना गरिएको थियो । उनले केही वर्ष त्यसै स्कुलमा अध्यापन गरेका थिए । उनले हुलाक सेवामा केही समय काम गरेर व्यापार व्यवसायमा लागेका थिए । समग्रमा रेवतीको वैवाहिक जीवन सुखमय र उत्साहपूर्ण अवस्थाका बीच सम्पन्न भएको थियो । उनका श्रीमान क्यान्सर नामको प्राणघातक रोगबाट २०४७ कार्तिक ६ गते स्वर्गारोहण भएका थिए । यसरी वैवाहिक जीवनमा जोडिएको झण्डै ३४ वर्षपछि रेवतीले आफ्नो जीवनसाथी सदाको लागि गुमाउनु परेको थियो ।

रेवती राजभण्डारीका सन्तानका रूपमा तीन छोराहरूको जन्म भएको थियो तर कान्छो छोरा सञ्जयको ४ वर्षकै उमेरमा आगोमा परी मृत्यु भएकाले अहिले दुई छोरामात्र रहेका छन् । उनको पहिलो छोरा सञ्जीवमान राजभण्डारीको जन्म वि.सं. २०१७ मंसिरमा भएको थियो । उनी सिभिल इन्जिनियर हुन् । उनकी जीवनसंगिनी

विजया राजभण्डारी अध्यापन कार्यमा संलग्न रहेकी छिन् । उनको दोस्रो सन्तानको रूपमा सत्यनमान राजभण्डारीको जन्म वि.सं. २०१९ कार्तिकमा भएको थियो । उनी पेशाले चिकित्सक हुन् । उनकी धर्मपत्नी सनिता राजभण्डारी इन्जिनियर हुन् ।

रेवतीले आफ्नो कोखबाट छोरीलाई भने जन्म दिन सकिनन् । छोरीको चाहना पूरा गर्न उनले लक्ष्मी र इश्वरी नाम गरेका दुई बालिकालाई धर्मछोरी बनाएर पालेकी थिइन् । यी दुईको पनि उनले विवाह गराईदिइसकेकी छन् । दुवै छोरा र बुहारी आर्थिक उपार्जनका कार्यमा सबल रहेकाले र श्रीमानको समेत आर्थिक हैसियत राम्रो भएकाले उनको आर्थिक सम्पन्नता राम्रै देखिन्छ । हाल काठमाडौंको ताहाचलमा बस्दै आएकी रेवतीको जीवन सौहाद्रपूर्ण वातावरणमा अगाडि बढिरहेको पाइन्छ ।

## साहित्यिक लेखन तथा प्रेरणा

काठमाडौंको शहरिया वातावरणमा जन्मी हुर्कने सौभाग्य प्राप्त गरेकी रेवतीलाई यहाँको सामाजिक, सांस्कृतिक, राजनीतिक र अन्य विविध पक्षहरूले गर्दा साहित्यिक सिर्जनामा संलग्न हुन सहयोग पुऱ्याएको पाउन सकिन्छ । उनी बाल्यकालदेखि नै भावुक, कल्पनाशील र एकान्तप्रेमी व्यक्ति भएकीले उनलाई साना तिना घट्नाले पनि तुरून्तै प्रभाव पार्ने गर्दथ्यो । उनी हरेक विषयलाई अत्यन्त सुक्ष्म रूपबाट केलाएर त्यसको सकारात्मक र नकारात्मक पक्षको बारेमा आफ्नो दृष्टिकोण निर्धारण गर्ने गर्थिन् । काठमाडौंमा हुने विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरू, आफ्नै जातिय धार्मिक संस्कृतिको प्रभाव तथा कान्छा छोरा सञ्जयको दुर्घटनामा मृत्युले गर्दा पनि उनको संवेदनशील हृदय साहित्य सिर्जनातर्फ अग्रसर भएको थियो ।

रेवती राजभण्डारी विद्यार्थीकालदेखि नै विविध विधासंग सम्बन्धित साहित्यिक कृतिहरूको अध्ययन गर्ने गर्थिन् । लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, विजय मल्लजस्ता थुप्रै साहित्यकारहरूका सिर्जनाको अध्ययन, अनुसन्धान गरेबाट साहित्यमा लाग्न उनलाई थप प्रेरणा प्राप्त भएको थियो ।

उनको साहित्य लेखनको शुभारम्भ बाल्यकालदेखि नै भएको पाइन्छ । उनले लेखनको सुरूवात १४ वर्षको उमेरदेखि कविता विधाबाट गरेकी हुन् । उनले रचना गरेको प्रथम कविता 'म को हुँ ?' शीर्षकको कविता हो । प्रारम्भिक चरणमा उनले धेरै सिर्जनाहरू रचना गरेकी भएपनि प्रथम प्रकाशन वि. सं. २०३१ मा पद्मकन्या क्याम्पसको वर्ष ६ अंक ६ को कस्तुरी पत्रिकामा 'आमा नेपाल' शीर्षकको कविताबाट भएको थियो ।

सानै उमेरदेखि रचना गरिएका उनका कविताहरू सामाजिक चेतनातर्फ अग्रसर रहेका छन् । कविताबाट साहित्य क्षेत्रमा प्रवेश गरेकी राजभण्डारीले साहित्यको धेरै विधामा कलम चलाएकी छन् । उनले कविता, कथा, एकाङ्की, बालसाहित्य र समालोचनमा पनि योगदान दिएकी छिन् । उनका सयौं फुटकर रचनाहरू विभिन्न पत्र पत्रिकामा

प्रकशित भएका छन् भने दर्जनौं पुस्तकाकार कृतिहरू नेपाली र नेवारीभाषामा प्रकाशित भएका छन् ।

### स्वभाव रूचि

हरेक मानिसको आ–आफ्नै रूचि र स्वभाव हुन्छ । मान्छेको चाहनाले उसको व्यक्तित्वको निर्धारण गर्दछ । रेवती राजभण्डारीको स्वभाव पनि आफ्नै किसिमको रहेको छ । उनी बल्यकालदेखि नै नम्र र भद्र स्वभावकी थिइन् । उनले आफ्ना नम्र स्वभावका बाबुबाट पनि धेरै कुरा सिकेकी थिइन् । उनी बाल्यकालदेखि नै सबैसंग मिलेर बस्न रूचाउने सरल, सहयोगी, जिज्ञासु प्रवृतिकी थिइन् । सहरिया परिवेशमा जन्मिएर हुर्किएकी र परिवारको संवेदनशील ममता प्राप्त गरेकीले उनमा सरल र सहज व्यवहार, मिलनसरिता, मृदुभाषिता प्रवल रूपमा रहेको थियो, जो अधापि पनि कायम छ । उनमा कल्पनाशीलता, संवेदनशीलता, एकान्तप्रियता, अर्न्तमुखी र भावुकताजस्ता प्रवृत्ति विद्यार्थीकालदेखि नै विकसित भएको पाइन्छ । मानवता र मानवीय व्यवहार गर्ने बानी परेकी रेवती समाजमा समानता र स्वच्छताको भावना राख्छिन् । रिसाहा प्रवृत्ति पटक्कै नभएकी स्पष्ट र प्रखर बोल्ने, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र समाजका लागि सकारात्मक कार्य गर्न रूचाउने प्रवृत्ति उनमा पाइन्छ ।

राजभण्डारीको मूल रूचिको क्षेत्र भनेको अध्ययन र भ्रमण नै हो । उनले स्नातक तहसम्मको मात्र अध्ययन गरेको भए पनि स्वाध्ययनबाट भरपूर मात्रामा ज्ञान हासिल गरेकी छन् । अध्ययन र पुस्तक उनको जीवनको अभिन्न अंगजस्तै छ । मन परेका र पढ्न चाहेको किताब पढ्न नपाउँदा उनमा तिब्र छटपटी महसुस हुने गर्छ र उनी देश तथा विदेशको नयाँ–नयाँ ठाउँको भ्रमण गर्न, साहित्य सिर्जना गर्न, सामाजिक कार्य गर्न, र सांस्कृतिक एवं सामाजिक पक्षको बारेमा अध्ययन अनुसन्धान गर्न मन पराउँछिन् । शान्तिप्रिय र परिवर्तनका सन्देश दिने खालका गीत संगीत उनका रोजाई हुन । उनी खानामा नेपाली खाना नै मन पराउने गर्छिन् । मौसम अनुसारका फुलफूल, माछामासु र मदिरापानमा त्यति मन नजाने भए पनि उनी खाँदै नखाने भने होइनन् । उनी भद्र खालको सामान्य गृहिणीले लगाउने पोसाक मन पराउँछिन् । उनी आफ्नो बाँकी जीवनलाई साहित्य र समाजसेवाको क्षेत्रमा लगाएर पूर्णता प्राप्त गर्न चाहान्छिन्

### सम्मान तथा पुरस्कार

समाजमा रहेर असल काम गर्ने मानिसलाई सम्मान गर्ने परम्परा नेपालको प्राचीन परम्परा हो । सम्मान गर्नुको उद्देश्य असल काम गर्ने मानिसलाई थप कार्य गर्न प्रोत्साहन मिलोस् भन्ने हो । सम्मानले सम्बन्धित व्यक्तिलाई हौसला प्राप्त भई थप




देवकोटा शताब्दी सम्मान ग्रहण गर्दै रेवती राजभण्डारी ।

कार्यप्रति बढी लगनशील बनाउँछ । रेवती राजभण्डारीले पनि विभिन्न क्षेत्रमा उल्लेखनीय कार्य गरेबापत थुप्रै सम्मानहरू प्राप्त गरेकी छन् । रेवती राजभण्डारीलाई नेपाली र नेवारीभाषाको माध्यमबाट साहित्यिक क्षेत्रमा विशिष्ट योगदान गरेबापत २०६६ सालमा ऐतिहासिक अन्तर्राष्ट्रिय शान अवार्ड सिला-१ बाट विभुषित गरिएको छ । प्रस्तुत शान अवार्डका साथै रेवती राजभण्डारीले विभिन्न संघ-संस्थाहरूबाट निम्न उल्लेखित सम्मान तथा पुरस्कारहरू प्राप्त गरेकी छन्ः

- गद्धीआरोहण रजत महोत्सव पदक
- सर्वस्व नेपालद्वारा सम्मान तथा अभिनन्दन- २०५८
- का.म.न.पा. १३ वडाबाट सम्मान तथा अभिनन्दन- २०६०
- साहित्यिक पत्रकार संघबाट लोकप्रिया पुरस्कार- २०६०
- नेपाल बालसाहित्य समाजबाट 'जय पृथ्वी' बाल पुरस्कार- २०६१
- इलोह : ज्ञानज्योती सिरपा पुरस्कार- २०६६
- महाकवि देवकोटा शतवार्षिकी सम्मान- २०६६ लगायत अन्य केही संघ-संस्थाबाट सम्मान तथा पुरस्कार प्राप्त गरेकी छन् । यस्ता सम्मानले आफुले गरेको कार्यप्रति गौरवबोध हुने उनको अनुभव रहेको छ ।

# रेवती राजभण्डारीको व्यक्तित्व



दशैंको अवसरमा श्रीमानबाट टीका ग्रहण गर्दै रेवती राजभण्डारी ।

भाषासेवी साहित्यसाधिका रेवती राजभण्डारीले नेपालीभाषा र साहित्यका क्षेत्रमा दिएको योगदानको सन्दर्भमा चर्चा गर्दा उनमा निहित व्यक्तित्वको विविध पक्षलाई हेर्दा उनी बहुमुखी प्रतिभा भएकी व्यक्तित्व हुन भन्न सकिन्छ । जीवनमा जतिसुकै आरोह–अवरोहको अनुभव गर्नु परे तापनि आफ्ना उद्देश्य, विचार र भावनाप्रति दृढ रहने व्यक्तित्वका रूपमा उनलाई लिन सकिन्छ । उनले निःस्वार्थ रूपबाट नेपालीभाषा, साहित्यको सेवा र विविध सामाजिक कार्य गर्दै आएकी छन् । बाल्यावस्थादेखि हालसम्म निरन्तर रूपले उनले गरेको नेपाली वाङ्मयको सेवाबाट नेपाली साहित्य जगत निश्चय नै लाभान्वित रहेको तथ्य सहर्ष स्वीकार्न सकिन्छ । उनले नेपाली साहित्यको कथा, कविता, एकाङ्की, बालसाहित्यजस्ता सबै विधामा रहेर कलम चलाएकी छन् ।

त्यो उसका लागि अर्थहीन र निकम्मा हुन्छ । 'आइते र पत्तु' कथामा यस्तै जननि प्रेमलाई अनन्य प्रेमको रूपमा व्याख्या गरिएको छ । आफ्नो क्षणिक आनन्द वा तृप्तिको लागि कसैको पनि अधिकार हनन गर्न नहुने, सबै प्राणीलाई स्वतन्त्र रहन दिनुपर्ने बाबुआमाको माया खोस्न नहुने र आफ्नो मान्छेबाट कोही पनि टाढा बस्न नसक्ने भावनात्मक सन्देश प्रस्तुत कथामा पाउन सकिन्छ ।

यस्तै 'थोप्ले' शीर्षकको कथामा कुकरलाई प्रतीक बनाएर कथानक तयार पारिएको छ । कुकर फोहोरी हुन्छ, सडकमा बस्छ, जुठो खान्छ, अचेतन हुन्छ, त्यसैले ऊ कुकुर नामको विशेषण भिर्छ । तर अब कुकुर नामको विशेषण मानिसलाई दिंदा पनि फरक पर्दैन । यदि यसो नहुँदो हो त थोप्ले नामको कुकुरले स्वीटीको घर लुटिनबाट बचाउने थिएन । यस कथामा स्वीटीको घरमा काम गर्ने रामबहादुर सम्पत्ति चोरी भाग्न लाग्दा थोप्लेले उसलाई टोकेर सम्पत्ति रक्षा गरेको उल्लेख छ । र मानिसभन्दा त बरू कुकुर नै इमान्दार हुन्छ भन्ने सन्देश यस कथामा दिन खोजिएको छ ।

पुतली भन्नेबित्तिकै हाम्रो मन प्रफूल्ल हुन्छ । पुतली कोमल, सुन्दर, आकर्षक र चिरबिरे हुन्छ । पुतलीलाई बत्तीको उज्यालो र फूलको बगैचा मन पर्छ । पुतलीलाई संगीतको अर्को रूप पनि भन्ने गरिन्छ । पुतलीको झंकारमा सुर, ताल र लय मिसिएको हुन्छ । भन्छन्, पुतलीको सनसनमा मानिसको स्पन्दन झल्किन्छ । तर यस्तो सुवासिलो पुतली स्वास्थ्यका हिसाबले खतरनाक पनि हुन्छ । यसको भुस आँखामा पर्नु भनेको आँखा गुमाउनुसरह हुन्छ । पुतलीलाई छुनु हुँदैन, छोएमा यसको पखेटामा रहेको भुस हातमा सरेर आँखामा पर्नसक्छ भन्ने सन्देश 'पिंकी र पुतली' शीर्षकको कथाले बोकेको छ ।

'जमुना' प्रस्तुत संग्रहको महत्वपूर्ण सन्देश बोकेको अर्को कथा हो । यो जोश, जाँगर, उमंग, सिर्जना, प्रतिभा, र आत्मविश्वासले भरिएको जुझारू कथा हो । यो एउटी अन्धी बालिकाको सफलता र प्रसिद्धिको कथा हो । अझ भन्ने हो भने यो समग्र अन्धा बालबालिकाको प्रतिनिधि कथा हो । यस कथामा अवसर पाएमा अपांग पनि सपांगभन्दा माथि उठन् सक्छन् र देशलाई योगदान दिन सक्छन् भन्ने भाव व्यक्त भएको छ । अपांग दयाका पात्र होइनन, अवसर पाए उनीहरू पनि ठूला मान्छे बन्न सक्छन् । लेखक, पत्रकार, गायक, शिक्षक, डाक्टरजस्ता विशेषणहरू अन्धाको जीवनमा पनि जोडिन सक्छ, तर उनीहरूको क्षमता र प्रतिभालाई प्रस्तुत गर्न दिइयो भने । जमुना यस कथाकी यस्तै उदाहरण हुन् ।

जमुना जन्मजात अन्धी हुन्छे । उसमा पनि स्कुल जाने र पढ्ने अथाह इच्छा हुन्छ । तर गाउँमा अन्धाले पढ्ने स्कुल हुँदैन । उसकी आमा गंगा सिलाइमा निपूर्ण हुन्छे । छोरीलाई स्कुल पठाएर पढाउन नसके पनि सिलाइबुनाइ सिकाउन सफल हुन्छे । जमुनाले स्वीटर गलबन्दी, पन्जाजस्ता सामानहरू बुन्न थाल्छे । उसलाई गीत सुन्न र गाउन साह्रै मन पर्छ । उसको स्वर मीठो हुन्छ । गाउँमा भजन गाउन उसलाई नै बोलाउने गरिन्छ ।

उनका कविता सरल, सलिल र मर्मप्रधान रहेका छन् । उनका कवितामा भावपूर्ण संवेदना विशेष रूपले उजागर भएको पाइन्छ । उनका कवितामा सामाजिक विकृति, विसंगति, मानवीय भावना, चेतना, चिन्तन, राष्ट्रियता, प्रकृतिप्रेम, नारीवर्गको पीडा, प्रणयप्रेम, वात्सल्यप्रेम, लैङ्गिकप्रेम, एकता, विश्वास, समझदारीका अतिरिक्त विद्रोह र परिवर्तनका विषयहरू प्रयोग भएका पाइन्छन् । उनले कवितामा गद्य र पद्य दुवै धारलाई छोएकी छन् । उनका कवितामा अनुप्रासको प्रयोग अत्याधिक मात्रामा भएको छ भने कतिपय ठाउँमा बिम्ब, प्रतिक र अलङ्कारको समेत प्रयोग भएको पाइन्छ । प्रारम्भिक चरणका कवितामा भन्दा पछिल्लो चरणमा लेखिएका कवितामा भाषागत परिपक्वता र शैलीगत विविधता पाउन सकिन्छ ।

## कथाकार व्यक्तित्व

रेवती राजभण्डारीको कविताजस्तै कथा पनि महत्वपूर्ण विधा हो । उनले कविता सँगसँगै कथा पनि लेख्न थालेकी थिइन् । तर बिना शीर्षकमा रचिएका त्यस्ता कथाहरू उनले लेख्दै च्यात्ने गर्थिन् । जसले गर्दा उनले कुन शीर्षकमा पहिलो कथा लेखिन् भन्न कठिन छ । उनका फुटकर कथा रचनाहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित हुँदै आएका भए पनि उनको पहिलो कथाकृति 'दाइजो' (२०४६) रहेको छ । उनका अन्य कथा कृतिहरूमा 'मुक्ति' (२०५३) र नेवारीभाषामा लेखिएका 'ज्यामी' (२०५१), 'न्हाय मदु बाज्या' (२०५७) रहेका छन् ।




इङ्ल्याण्डको एक रेष्टुरेन्टमा छोरा-बुहारी र अन्यका साथ रेवती राजभण्डारी (३) ।

उनका कथाहरू भावपरक र आत्मपरक दुवै शैलीबाट प्रभावित भएर आएको छ । कतिपय कथाहरू विश्लेषणात्मक मनोभावबाट पनि प्रस्तुत भएका छन् । उनका कथाहरूमा गाउँ र शहरबीचको भिन्नता, सामाजिक र मानसिक असर, धनी र गरिबबीचको अप्राकृतिक द्वन्द्व, महिलाका मौनतापूर्ण मानसिक पीडा, पितृसत्तात्मक सामाजिक संरचनाको लैङ्गिक दमन, अन्याय, र सामाजिक विभेद विरूद्ध आक्रोसपूर्ण विद्रोहजस्ता विषयले प्रधानता पाएको छ । अति सामाजिक र मानवीय यथार्थमा आधारित उनका कथाहरूले महिला सचेतनाका लागि प्रशस्त आवाजहरू उठाएका छन् ।

## सम्पादीका व्यक्तित्व

रेवती राजभण्डारी कुशल सम्पादन कला भएकी सम्पादीका व्यक्तित्व पनि हुन् । उनले विभिन्न समयमा विभिन्न पत्र पत्रिकाको सम्पादन गरी सम्पादन विभागको अनुभव संगालेकी छन् । उनले युगश्री, उपमा, कर्मिका तथा विभिन्न संघ-संस्थाबाट प्रकाशित मुखपत्र र स्मारिकाको सम्पादन गरेकी छन् । उनको सम्पादनकला साहित्यलेखन जस्तै प्रवल रूपमा स्थापित भएको पाइन्छ ।उनले सम्पादन गरेको पत्र-पत्रिकाहरूको भाषिक र अन्य प्राविधिक पक्ष प्रवल रहेको पाउन सकिन्छ ।

## समालोचक व्यक्तित्व

समालोचना साहित्यको सबैभन्दा संवेदनशील र महत्वपूर्ण विधा हो । समालोचना स्रष्टापरक र कृतिपरक दुवै रूपबाट गरिन्छ । रेवतीले स्रष्टापरक समालोचनाको क्षेत्रमा कलम चलाएकी छन् । उनले दर्जनौं लेखक, साहित्यकारहरूको सिर्जनात्मक योगदान र व्यक्तित्वको बारेमा आफ्नो सारगर्भित विचार व्यक्त गरेकी छन् । उनले "नारी जागरणका लागि भुंग्रोमाथि पाइला चाल्ने अग्रज विदुषी" शीर्षकमा चन्द्रकान्ता मल्लको बारेमा आफ्नो स्मृतिपूर्ण लेख प्रकाशन गरेकी छन् । यस्तै उनले छिन्नलता, गोमा, भरतराज पन्त, सिद्धिचरण श्रेष्ठ, लगायतका कैयौं व्यक्तिहरूका बारेमा समालोचनात्मक लेख प्रस्तुत गरी समालोचक व्यक्तित्वका रूपमा पनि आफ्नो परिचय बनाएकी छिन् ।

## बालसाहित्यकार व्यक्तित्व

रेवतीको साहित्यिक सिर्जनाको अर्को महत्वपूर्ण क्षेत्र बालसाहित्य हो । बालसाहित्यमा उनको विशिष्ट योगदान पाउन सकिन्छ । बाल्यकालदेखि नै कविता लेख्न प्रारम्भ गरेकीले रेवतीमा बाल्यकालको आफ्नो अनुभव र बालमनोविज्ञानलाई अति सरल ढंगबाट प्रस्तुत गर्न सक्ने क्षमता भएको पाउन सकिन्छ । 'बालसुधा' उनको बालबालिकासँग सम्बन्धित पहिलो बालकथा संग्रह हो । यो कृति २०५५ सालमा प्रकाशित भएको थियो । उनको 'भुतसँग जम्काभेट' (२०६१), 'राजाको सिंग छ' (२०६२), 'लठेब्रो राजा' (२०६४) र नेवारीभाषामा 'ऋतु' (२०६२), कथाकृति प्रकाशित भएको छ भने 'राजाको

सिङ छ' बालकथाकृतिको अंग्रेजीभाषामा अनुवाद गरी प्रकाशन गरिएको छ । उनका बालकथाहरूमा ज्ञान तथा मनोरञ्जनका अतिरिक्त ज्ञान, गुण र चेतनात्मक विषयवस्तुहरू पाउन सकिन्छ ।

## एकाङ्कीकार व्यक्तित्व

राजभण्डारीले एकाङ्कीको क्षेत्रमा पनि आफ्नो परिचय बनाउन सफल भएकी छन् तर यसमा उनको अन्य विधामा जस्तो योगदान रहेको पाइदैन । उनको 'अन्तर्वार्ता' शीर्षकमा एउटा मात्र एकाङ्की मिर्मिरे मासिक पत्रिकामा (वर्ष२७: अंक ११, २०५५ फागुन) प्रकाशित भएको छ । उनले आफ्नो प्रकाशित एकाङ्कीमा समाजमा व्याप्त विकृति र विसंगतिका विरूद्ध केन्द्रित भएर सिर्जना प्रस्तुत गरेकी छन् ।

## समाजसेवी व्यक्तित्व

नेपालीभाषा र साहित्यको क्षेत्रमा विशिष्ट योगदान दिएकी रेवती राजभण्डारीले साहित्यका अतिरिक्त समाजसेवालाई आफ्नो कार्यक्षेत्र बनाएकी छन् । समाजसेवा पनि उनको रूचिका विषय हुन् । उनी निर्माण, खानेपानी, टोल सुधार लगायत बालबालिका रअन्य विभिन्न क्षेत्रसँग सम्बन्धित संघ-संस्थामा संलग्न रहेर समाजसेवाको कार्य गर्दै आएकी छन् । साथै उनले साहित्यसँग जोडिएका दर्जनौं संघ-संस्थाहरूको माध्यमबाट पनि सेवा प्रदान गर्दै आएको पाइन्छ ।


## जीवनी, व्यक्तित्व र साहित्यबीच अन्तरसम्बन्ध

रेवती राजभण्डारी सानै उमेरदेखि शान्त, सरल, मिलनसार एवम् मितव्ययी स्वभावकी थिइन् । सबैसँग मिलेर बस्ने र सहयोगको आदान-प्रदान गर्ने उनको बानी थियो । उनी उमेरको बृद्धिसँगै गम्भीर, संवेदनशील, शिष्ट, मितभाषी, एकान्तप्रेमी तथा प्रकृतिप्रेमी बन्दै आइन् । जसले गर्दा उनलाई साहित्यमा लाग्न प्रेरित गऱ्यो । बाल्यकालीन अवस्थाको स्वभाव अधापि उनमा कायम भएको पाउन सकिन्छ ।

६८ वर्षको आफ्नो लामो जीवनकालमा उनले धेरै कुराहरूको अनुभव र अनुभूति प्राप्त गरेकी छन् । आफुले जीवनमा देखेका, भोगेका र कल्पना गरेका कुराहरू नै उनको साहित्यमा विषयवस्तु बनेका छन् । उनको जीवनमा बाबु-आमाको प्रभाव परेजस्तै साहित्यमा पनि अग्रज लेखकहरूको साहित्यिक रचना कौशलबाट कुनै न कुनै रूपमा प्रभाव परेको देखिन्छ । सामाजिक जीवनका विभिन्न पक्षहरू पार गरिसकेकी रेवतीले सामाजिक विषयवस्तुलाई टपक्क टिपेर शालिन, भद्र र सन्तुलित सिर्जना रचना गरेको पाउन सकिन्छ । सामाजिक जीवनमा भोगेका र अनुभूत गरेका कुराहरू उनको साहित्यिक पक्ष रहेकोले जीवनी, व्यक्तित्व र साहित्यमा एकरूपता पाउन सकिन्छ ।

# रेवती राजभण्डारीको

# खिचडी




लेखिका रेवती राजभण्डारीको प्रथम पुस्तकाकार कृति 'खिचडी' कवितासंग्रह हो । यो कृति वि.सं.२०४६ सालमा प्रकाशित भएको थियो । यस संग्रहभित्र १०८ शीर्षकमा कविताहरू सङ्कलित रहेका छन् । यस संग्रहका कविताहरू गद्य, लोकलय र गीतिलयमा आधारित भएर लेखिएको छ । उनले आफ्नो कवितायात्राको झण्डै तीस वर्ष (२०१५-२०४५) सम्ममा देखेका, भेटेका, अनुभव र अनुभूति गरेका सन्दर्भहरूको संयुक्त रूप नै 'खिचडी' कविता संग्रह हो । उनले खिचडी कविता संग्रहको लेखकीयमा भनेकी छन्- **'यस कृति भित्रका कविताहरू तीनदशक अगाडिदेखि कनिकुथी गरी रचिएका हुन्।'** उनले यस कृतिमा २०१५ देखि २०४५ सम्म रचना गरेको कविताहरूलाई समावेश गरेकी छन् । उनले ३० वर्षे जीवनकालमा प्रत्यक्ष रूपले भोग गरेका घट्नाक्रमहरूको सग्लो दस्तावेज नै प्रस्तुत कृति हो । उनका कृतिका विषयगत काव्य प्रवृत्तिलाई केलाउँदा सामाजिक, प्राकृतिक, सांस्कृतिक, प्रणयप्रेम, बात्सल्यप्रेम, देशभक्ति, राष्ट्रियता र मानवप्रेम जस्ता विषयवस्तु भेटिन्छन् । नेपाली संस्कृति, परम्परा, देशभक्ति, वनस्पति खोलानाला, पशुपंक्षीका स्वरूप र परिस्थितिजन्य घटनाक्रमका प्रभावका बारेमा पनि कृतिमा वस्तुगत चित्रण भएको छ ।

कृतिको पहिलो कविता नै 'प्रार्थना' शीर्षकमा मानवको कल्याण गर्न र मानव म स्वच्छ तुल्याउन ईश्वरलाई आग्रह गरिएको छ । यस कवितामा उनले ईश्वर मान चराचरका विधाता र संरक्षणका प्रतिपालक भएको विचार अभिव्यक्त गरेकी छन् । य कविताबाट उनलाई मानवतावादी, भावुक, संवेदनशील, र सबैको, विश्वको उन्न चाहने प्रगतिवादी लेखिकाको रूपमा बुझ्न सकिन्छ ।

राजभण्डारी एउटी राष्ट्रिय प्रेमले भरिएकी रचनाकार पनि हुन् । हाम्रो नेपा

शीर्षकको उनको कविताले नेपाल देशको सुन्दरता, मनमोहकता, नेपाली गौरवता, नेपाली मान, पहिचानजस्ता पक्षको वर्णन गरेको छ । यस कवितामा उनले सगरमाथालाई नेपालीको शिर, तराईलाई छाती र समग्र नेपाली भु-भागलाई सुनको भण्डार भनेर गुणगान गाएकी छिन् ।

'नामैले मात्र नेपाली जाति चिन्दछ विश्वभर
सबका सामु उभिनुपर्दा ठाडो छ यो शिर

तराई फाँट दक्षिणतिर हेरौं न फर्केर
झपक्क फल्छ अन्नका दाना सुन झैं टल्केर

यसैले माटो उर्वर बन्छ पसीना भिजेर
बन र पाखा हराभरा भइ देखिन्छ उर्वर ।
(हाम्रो नेपाल, पृष्ठ-७९)

नेपालीहरू वीर, परिश्रमी, मिहिनेती गोर्खाली सन्तान हुन् । नेपाली युवाका जोश-जाँगर, नारी र पुरूषका हातहरू समाज विकासका लागि उठ्नुपर्ने, सबै मानिस तथा देशहरूसंग मित्रतापूर्ण सम्बन्ध राख्नुपर्ने, सिर्जनशील हातहरू गाउँको विकासमा




खिचडी र दाइजो पुस्तकको विमोचन गर्दै जयन्ती शाह ।

लगाउनुपर्ने जस्ता सन्देशहरू 'खिचँडी' कृतिका विशेषता हुन् । साथै प्रणयप्रधान विषय यस कृतिको अर्को पक्ष हो । तिम्रै शरण, लम्बिएको रात, प्रेम रोग, सपना, के भो ? के भो , ती जोडी आँखा, अर्पण, विवाहजस्ता शीर्षकका कविताले प्रणयकालका पीडा, वेचैनी, छटपटी, उकुसमुकुस, कल्पना, धैर्यता जस्ता कुराको सम्बोधन गरेको छ। प्रेमीलाई भेट्न मन लागेको, अंगालोमा बाँधिएर चुम्बन गर्ने रहर जागेको प्रेमीको अनुपस्थितीमा रात कटाउन मुश्किल परेको, रातभर कल्पनामा जाग्राम बसेको प्रसङ्गहरू भावुक र रोचक ढंगबाट कवितामा विषयको रूपमा उल्लेख गरिएको छ ।

'तर त्यो बेला,
त्यो रात कटाउन
मलाई अग्नि परीक्षा लिए झैं
तिमी बिनाको त्यो रात
जीवनमा मेरो लागि सधै ताजा झैं
त्यो लम्बिएको अन्तिम रात ।'
(लम्बिएको अन्तिम रात पृ- ८०-८१)

बेहुली बन्ने म नै थिएँ घुम्टो ओडिएर
दुलाहाराजा चाहिँ बसे मसँगै टाँसिएर
उनैलाई चियाइरहेँ घुम्टोबाट मैले
मनमनै सोच्दै थिएँ घर पुग्ने कैले ?
(सपना, पृष्ठ-४१)

प्रस्तुत कृतिको अर्को पक्ष भनेको लयविधानताको प्रधानता हो । यस संग्रहमा सङ्कलित भएका अधिकांश कविताहरू मुक्त लय ढाँचामा संरचित रहेका छन् भने केही कविताहरू वद्धलयअर्न्तगत लोकलय वा गीतिलयमा रहेका छन् । यसका ६० भन्दा बढी कविताहरू गद्यलयमा आधारित रहेका भेटिन्छन् । कृतिका प्रायः सबै कवितामा साङ्गीतिक भाव सञ्चरणका लागि सुन्दर शब्द संयोजनको प्रयोग धेरै ठाउँमा भएको पाइन्छ । यस संग्रहमा लोकलय प्रयोग भएका केही कविताहरू प्रस्तुत गरिएको छ ।

'आत्मा छ मेरो धुँवा भई उड्यो देखाउन सकिन्न
आत्मालाई चिन्ने कस्तो छ मान्छे चिन्न नै सकिन्न ।
(अभाव पृ.-४६)

'उठ न उठ हे मेरा युवा अल्छीलाई त्यागेर
तिमीले गरे सब काम बन्छ नगर अबेर
(युवालाई -पृ.२९)



नो कृतिको बारेमा मन्तव्य व्यक्त गर्दै रेवती राजभण्डारी ।

बसन्त आउँदा चरीले गायो सुरिलो चिरबिर
लाहुरे दाइ आएर होला हावा छ सिर्सिर ।
ढाकाको टोपी शिरैमा छड्के टीका छ निदारमा
निष्ठूरी माया रहेछ टुट्यो जातैको कुरामा ।
(निर्णय पृष्ठ-१५२)


प्रस्तुत कृति भाषाशैलीका हिसाबले पनि अत्यन्त सचेत रहेको पाउन सकिन्छ । मा प्रयुक्त भाषाशैली सरल, सरस र सुबोध रहेको पाइन्छ । कविताहरू सलल तन्त्र रूपमा बगेका छन् । लय हालेर पढ्दाखेरि कतैपनि रोकिनु पर्दैन । प्रणयप्रधान रागात्मक सन्दर्भहरूले कृतिलाई मनोरञ्जनप्रधान र रोचक बनाएको छ । सामाजिक नजीवन र मानव समाजसंग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको कृति 'खिचडी' विविध ष्टिहरूबाट उत्कृष्ट रहेको पाउन सकिन्छ । प्रस्तुत कृतिका बारेमा कवि सिद्धिचरण ष्ठ आफ्नो भूमिकामा लेख्छन्ः

'उहाँ रेवतीका कवितामा प्रेम, ममता एवं राष्ट्रियताका भावहरू अभिव्यक्त भएका छन् नै सहज र सरल उहाँको कविताका विशेषता हो ।'

धपक्क बल्छ दियोको ज्वाला तेलको साथमा
ठोस भै जम्छ पानीको थोपा हिउँको रूपमा
उब्जाउ हुन्न भुसले मात्र छोडेको चामलमा
एउटा बिना रहन्न अर्को भेटिन्छ निशाना ।
(विवाह पृष्ठ-११)

# रेवती राजभण्डारीको

# भिजेको तकिया




जीवन र मृत्यु सांसारिक नियम हो । जन्मेपछि को मर्नु पर्दैन ? यो संसारमा अजम्बरी कसले पाएको छ ? एउटा कालको विलय नभई अर्को कालको उदय हुँदैन । जन्म र मृत्य ईश्वरको खटन हो । ईश्वरले प्रतिपादन गरेका नियमलाई संसारका कुनै पनि भौतिक शास्त्रले उपेक्षा गर्न सकेको छैन । यो सर्वमान्य, सर्वव्यापी, सर्वसत्य कुराको ज्ञान हुँदाहुँदै पनि मान्छे किन मृत्युसँग डराउने गर्छ ? यो एउटा गम्भिर अनुसन्धानको विषय बन्न सक्ला, तर मृत्यु मर्नेका लागि एउटा स्वाभाविक घटनाक्रम भएपनि बाँच्नेका लागि कठोर पीडाको विषय बन्न पुग्छ । यस्तै पीडाको सिकार भएकी रेवती राजभण्डारीले आफ्नो श्रीमानको सम्झनाको रूझानमा परेर शोकलाई शब्दको माध्यमबाट कवितामा रूपान्तरण गरेकी छन् ।

रेवती राजभण्डारीको 'भिजेको तकिया' दोस्रो कविताकृति शोक-काव्यहरूको संगालो हो । यो कृति वि.सं. २०४८ सालमा प्रकाशित भएको थियो । आफ्नो जीवनसाथी लक्ष्मणमान राजभण्डारीको क्यान्सर जस्तो प्राणघातक रोगबाट वि.सं. २०४७ कार्तिकमा मृत्यु भएपछि उनकै सम्झनामा कोरिएको शोकपूर्ण शब्दहरूको साकार रूप नै 'भिजेको तकिया' शोककाब्य हो । यस काव्यमा लेखिकाले श्रीमानको जीवनकालमा भोग गरेका कुराहरू, घटना प्रवृत्तिहरू, आरोह-अवरोह, श्रीमानका विविध पक्ष, स्वभाव, चरित्र, रतिरागात्मक प्रवृत्तिहरू र जीवनयात्राका विभिन्न सन्दर्भहरूलाई संस्मरणको रूपमा उल्लेख गरेकी छन् । प्रस्तुत कृति एक किसिमको संस्मरणात्मक स्मृतिहरूको संगालो पनि हो । यसमा प्रयुक्त विषयवस्तु र शब्द-सन्दर्भहरूलाई हेर्दा यसो भन्न सकिन्छ । आफ्ना अनन्य मायाका सागर पति लक्ष्मणमान राजभण्डारीको क्यान्सर रोगका कारण निधन भएपछि आफुले भोग्नु परेका पीडा, विरह, वेदना र

मनमा बारम्बार उत्पन्न हुने पूर्वस्मृतिहरू एवम् शोक, एक्लोपना, शून्यताबोध जस्ता परिस्थितीलाई अति मार्मिक ढंगबाट प्रस्तुत गरिएको छ । प्रस्तुत कविता लेखिकाको आन्तरिक जीवनका विषय भएपनि गहिरिएर अध्ययन गर्दा यो समग्र नारीहरूका कथा, व्यथा, पीडा, पतिको विछोडमा उत्पन्न हुने वेदना, विरह, रोदन, करूणा, छट्पटी, वेचैनी जस्ता पक्षहरू मिसिएको साझा अभिव्यक्ति हो । यस्तो परिस्थितिको सामना उनले मात्र गर्नु पर्ने नभएर श्रीमान गुमाएका समग्र नारीहरूले गर्नुपर्ने भएको हुँदा कृतिको सान्दर्भिकता फराकिलो भएर प्रस्तुत भएको छ ।

श्रीमानको जीवनकालका सुखद र दुःखद पक्ष, वार्तालाप, पारिवारिक, व्यवहारिक कुरा, खाएका हिंडेका, डुलेका, जिस्किएका कुरा, आलिङ्गन, चुम्बन, माया, प्रेमका रतिरागात्मक कुरा, लोग्ने हुँदा र नहुँदाको भिन्नता, आफन्तले गर्ने व्यवहार, साथी संगीबाट प्राप्त भएको सुझाव, सल्लाह, सान्त्वना, समवेदना आदि विषयहरूको प्रधानता प्रस्तुत कृतिमा रहेको पाउन सकिन्छ

मानिसले एकदिन मरेर जानैपर्छ, उसले चाहेर पनि यो संसारमा रहन सक्दैन । जब मानिसको जीवन समाप्त हुन्छ वा हुने बेला हुन्छ, उसले आफ्नो अन्तिम अवस्थामा परिवार र आफन्तलाई के भन्छ होला ? आफुलाई कसरी प्रस्तुत गर्छ होला ? रेवतीले यस्तो खुल्दुलीलाई पहिलो कविता 'हाम्रो अन्तिम वार्ता' बाट मेटाउने प्रयास गरेकी छिन् ।

**"उनको श्रीमानको देहान्त मध्यान्हकालीन समयमा भएको थियो । मृत्युपूर्व उनी आनन्दले सोफामा बसेका थिए, उनी श्रीमानको सेवामा हाजिर थिइन् । श्रीमानले उनलाई आफ्नो बारेमा सोचेर चिन्ता नगर्न र आफ्नो जाने समय आएको बताएका थिए ।"**

यस्ता अनौठा, रोचक र कर्णप्रिय सन्दर्भहरूलाई लेखिकाले आफ्नो प्रथम कवितामा कलात्मक ढंगबाट प्रस्तुत गर्न सफल भएकी छन् ।

व्यक्तिको सफलतामा कसै न कसैको हात अवश्य रहेको हुन्छ । कुनै पनि व्यक्तिको माया, प्रेम र प्रेरणाबिना कोही पनि लक्ष्यमा पुग्न सक्दैन । रेवतीको सफलताको प्रेरणास्रोत उनकै श्रीमान थिए । श्रीमानकै प्रेरणाबाट उनले साहित्यकर्ममा लाग्न उत्साह प्राप्त गरेकी थिइन् । कृतिको दोस्रो कविता 'प्रेरणाको मुहान' मा उनले यस्तै प्रसङ्गको चर्चा गरेकी छन् । लोग्नेको सहयोगलाई उनले कवितामा हार्दिकतापूर्वक प्रस्तुत गरेकी छन् ।

**मलाई निजी सम्पत्ति सम्झी कर्म लेख्ने तिमी**
**जन्माइदिए आमा बाबुले नासो ठान्ने तिमी**
**बेढंगको ढुङ्गाजस्तो आकार मेरो पहिले**
**सिङ्गो एउटा मूर्ति कुँद्यौ तिम्रो श्रम सीपले**

(प्रेरणाको मुहान पृष्ठ-३)



भिजेको तकियाको विमोचन गर्दै मोतीलक्ष्मी उपाशिका र लेखिका रेवती राजभण्डारी

पत्नीको प्रगति, उन्नति, उत्कर्ष, स्वतन्त्रता, रचनात्मकता, परिपक्वता, पारदर्शिता, विविधता, प्रतिभाशालिता र उन्नयनका विषयमा उनी अत्यन्त सचेत र उदार थिए भन्ने स्मृतिपूर्ण अभिव्यक्ति प्रस्तुत कविताको पंक्तिमा पाउन सकिन्छ ।

"उनीसँग बिताएका ती दुई महिना" शीर्षकको कवितामा लेखिकाले मनको अति आन्तरिक पक्षलाई खुलेर व्यक्त गरेकी छिन् । हनिमून मनाउन शहरभन्दा बाहिर गएको, रमाइलो र रोमाञ्चक यात्रा गरेको, श्रीमानले आफ्नो हरेक अंग-अंगमा मायाको वर्षा गरेको, रतिरागात्मक अवस्थामै श्रीमानमा शारीरिक अशक्तता छाएको, आफुमा अव्यक्त अतृप्ति बढ्दै आएको र यौवनकलाको भरमग्दुर उपयोग गर्न पाएको जस्ता कुराको रमाइलोसँग वर्णन गरिएको छ । अझ थप रोचक पक्ष त के छ भने श्रीमानमा शारीरिक कमजोरी देखिएकोले तागतिला खानेकुरा ख्वाएको कुरा लेखिकाले कवितामा वर्णन गरेकी छन् । यस कविताबाट सत्यवादी, यथार्थ र खुल्ला विचार भएकी कवयित्रीको रूपमा उनले आफ्नो पहिचान बनाएकी छन् ।

उनका कवितामा पीडा, छटपटी, व्यथा, स्मृति र अनुरागका कुरा मात्र नभएर संयम, विश्लेषण, दृष्टिकोण, धैर्यता र यथार्थका विविध पक्ष पनि समेटिएका छन् । पतिको साथमा बिताएका अन्तिम घटना र क्षणबाट प्रारम्भ भएको काव्यकृतिभित्र पतिको मृत्युपूर्व र उत्तरका संस्मरण दिलाउने प्रशस्त उद्धरणहरू उल्लेख भएको पाइन्छ । समय-समयका अनुभूतिलाई अभिव्यक्त गरेर रचना गरिएका कविताहरू विविध भाव चेतनाबाट परिष्कृत भएको छ । हाम्रो अन्तिम वार्ता, अन्तिम योजना,

राष्ट्रिय पर्व, मेरो निद्रा, तिमी कता गयौ ? अठोट, तिमीले छोडेपछि, भिजेको तकिया र मेरो घाउजस्ता शीर्षकका कविताले लेखिकाको संवेदनशीलतापूर्ण अवस्थालाई उजागर गरेको छ भने मेरो नशा, योजना, म जीउँदो छु रे, तिम्रो सान्त्वना विदाई, चिठ्ठी जस्ता कविताले लेखिकाको मार्मिक चरित्रलाई सम्बोधन गरेको छ ।

बल्ल तल्ल रोकें आँसु हिउँ भइ जम्यो
अञ्जुलीमा भर्न खोज्दा पानी भई बग्यो
कतिसम्म बाँच्नु पर्ने अर्धमृत बनी
कतिसम्म हाँस्नु पर्ने आँसु भित्र डुबी
(कर्मको फल पृष्ठ-५०)

भाषाशैली यस कृतिको महत्वपूर्ण पक्ष हो । यसमा सुकुमार, सुकोमल, सरस, मधुर भाषाशैलीको प्रयोग भएको छ । यसमा प्रयोग गरिएको छोटो, छरितो, सरल चलन चल्तीका नेपाली शब्दले भाषाशैलीमा सहजता प्रदान गरेको पाउन सकिन्छ । यस संग्रहमा प्रयुक्त भाषामा लाक्षणिकता र व्यञ्जनात्मकता कम अनि अभिधात्मकता बढी मात्रामा पाइन्छ । भावानुकूल भाषाशैलीको प्रयोग उनको कलात्मक पक्ष हो ।

कवितामा लयात्मक पक्ष पनि सशक्त रूपले उभिएको छ । उनका अधिकांश कविताहरू मुक्तलयबाट प्रभावित छ । कतिपय कविताहरू लोकलय र गीतिलयमा पनि संरचित भएको छ । उनका कवितामा लय, भाव र भाषाको बीचमा सहजतापूर्ण तादाम्यता भेटिन्छ । कविताका कतिपय अनुच्छेदमा अनुप्रासको प्रवल प्रयोग भएकाले लयात्मक शैलीको श्रुतिमाधुर्यता बेजोड रूपमा पाउन सकिन्छ तर कवितामा शास्त्रीय छन्दशास्त्र र पद्यशास्त्रको नियमलाई कतै पनि प्रयोग गरेको पाइदैन । यस्तै नेपाली लोकलयको सैद्धान्तिक अवधारणालाई पनि कविताको कतिपय हरफमा नियोजित रूपले नै अस्वीकार गरिएको छ । जसले गर्दा कतिपय कविताहरू अक्षर संरचनाका हिसाबले उद्देश्यविहीन भएर छरपष्ट बन्न पुगेका छन् ।

कसरी छोपुँ यो घाउ कहाँ लुकाउने हो मैले
जम्नै नपाउँदै रगत कोट्याई दिन्छ अरूले
उदाङ्ग भए यी मेरा आँखा त्यो बिर्को नुहँदा
विचलित भैं बिताए दिन सहारा नहुँदा
दिनमा हुन्छ यो मेरो शिर भरेको शिशी भैं
रातमा हुन्छ यो मेरो शिर गिरेको बस्तु भैं
(भिजेको तकिया पृ-३५)

प्रस्तुत कृति 'भिजेको तकिया' लेखिका राजभण्डारीको जीवनवादी र अस्तित्ववादी दृष्टिकोण प्रस्तुत भएको सशक्त काव्यकृति पनि हो । मानवीय विपद्मा परेका बेला मानवीय मनमा उत्पन्न हुने भावहरूको विस्तृत प्रस्तुति यसमा रहेको छ । आशा,

निराशा, वियोग, पीडा, वेदना, विरह, बाध्यता, विवशता, सेवा, संघर्ष, दुर्भाग्य, चाहाना, जस्ता मानवीय भावहरूको अवचेतना प्रवाहमूलक अभिव्यक्ति प्रमुख विशेषता हो । यसमा नारी हुनुको पीडा, नारीका इच्छा, आकांक्षा, चाहना, बाध्यता र पतिसंग अर्न्तनिहित अनुभव र अनुभूतिहरूको मर्मपूर्ण प्रस्तुति रहेको पाउन सकिन्छ । आफ्ना पतिले जीवनका अन्तिम समयमा दिएका सान्त्वना र यसबाट पलाएको दृढताले जीवन अगाडि बढेको विचार उनको रहेको छ । 'तिम्रो सान्त्वना, अठोट, बलात्कारको उजूर, कर्मको फलजस्ता कवितामा उनको जीवनवादी दृष्टिकोण अभिव्यक्त भएको छ । भाव, विचार, लय, प्रस्तुति, भाषाशैली, शब्द संयोजन, विषयवस्तु, उक्तिढाँचा, संरचना तथा अन्य विविध दृष्टिबाट हेर्दा प्रस्तुत शोक काव्यकृति सफल रहेको पाउन सकिन्छ ।




# रेवती राजभण्डारीको

# दाइजो

रेवती राजभण्डारी २०३०/३१ सालदेखि कथा लेखन क्षेत्रमा प्रवेश गरेकी हुन् तर विना शीर्षकमा रचिएका त्यस्ता कथाहरू संग्रह गरेर राख्ने काम भने उनले कहिल्यै गरिनन् । बरू उल्टै कथा लेख्ने र च्यौंतेर तत्कालै मिल्काउने कार्य उनले गर्न पुगिन् । जसका कारण उनले पहिलो कथा कुन शीर्षकमा लेखिन वा उनको पहिलो कथा कुन हो ? भन्न कठिन छ । यसको बारेमा स्वयम् आफुलाई पनि जानकारी नभएको उनको धारणा छ । यद्यपि वि.सं. २०४० पछाडि रत्नश्री, उन्नयन जस्ता साहित्यिक पत्रिकाहरूमा उनले रचना गरेका फुटकर कथाहरू प्रकाशित हुन थालेका थिए ।

'दाइजो' रेवती राजभण्डारीको नेपालीभाषाको पहिलो प्रकाशित कथाकृति हो । यस कृतिभित्र केही पूर्व-प्रकाशित र अप्रकाशित १५ वटा फुटकर कथाहरू समाविष्ट भएको छ । यो कृति २०४६ सालमा प्रकाशित भएको थियो । यस कृतिमा परम्परादेखि नेपाली समाजमा प्रथाको रूपमा रहँदै आएको दाइजोप्रथाको विविध सन्दर्भ र पक्षहरूलाई केलाउने प्रयत्न गरिएको छ । यो कथा उनको सामाजिक र सांस्कृतिक विषयवस्तुमा आधारित भएको यथार्थवादी कृति हो । लेखिकाले प्रस्तुत कृतिको भूमिकामा भनेकी छन् :

**'समाजमा देखेका, सुनेका, भोगेका र अनुभूति गरेका सत्य घटनामा आधारित कथाहरू लेखेर संकलन गरी पाठकसमक्ष ल्याएको छु ।'**

उनको यो भनाईले पनि प्रस्तुत कृतिलाई सामाजिक यथार्थमा आधारित कथाकृति हो भनेर भन्न सकिन्छ ।

'अमूल्य दाइजो' प्रस्तुत संग्रहको पहिलो कथा हो । यसको विषयवस्तु र कथ्यात्मक संरचना सामाजिक यथार्थसंग जोडिएको छ । यस कथामा उषा नामकी कुमारी आमा प्रमुख पात्र रहेकी छिन् । आफ्नै सहोदर दाजुको साथी प्रशान्त नाम

गरेको अर्को पात्रबाट आफ्नो कुमारित्व हरण भएपछि यसबाट उत्पन्न परिणाम नै यस कथाको कथानक संरचना हो ।

'उषा होमसाइन्समा डिग्रीको परीक्षा दिएर बरौडामै बसेकी थिई । परीक्षा सकिनासाथ बरौडाबाट काठमाडौं फर्कने क्रममा साथीहरूसँग घुम्न दिल्ली पुगेकी हुन्छे । दिल्लीमा पुगेपछि अचानक साथीहरू छुट्न पुगेको र दाजुको साथी प्रशान्त मात्रै रहेकाले त्यसै दिन काठमाडौं फर्कने निर्णय गरी ऊ प्रशान्तसँग प्लेनको टिकट लिन गएकी हुन्छे । संयोगबस काठमाडौं जाने प्लेनको टिकट नपाएकोले दिल्लीकै एउटा होटलमा दुईवटा कोठा लिइ प्रशान्त र ऊ त्यहीं बस्न पुग्छन् । प्रशान्तले त्यसै दिन उषाको विवशताको फाइदा उठाइ कुमारित्व हरण गर्छ । प्रशान्तबाट कुमारित्व हरण भएकोले उसको पेटमा गर्भ रहन पुग्छ । समयक्रम गुज्रँदै आउँदा उषाकी आमाले छोरीको विवाहको कुरो क्षितिज नाम गरेका एक डाक्टरसंग चलाएकी र उषाले यस कुराको चाल पाई क्षितिजलाई आफ्नो यथार्थ जानकारी गराउन जाँदा क्षितिजले उसलाई स्वीकार गर्छ । यस्तै क्षितिजले उषाको पेटमा रहेको गर्भको एवर्सन गर्न भनेको र उषाले नमानेकीले क्षितिजले उसको पेटमा रहेको बच्चालाई अमूल्य दाइजोको रूपमा स्वीकार गरेको प्रसंग यस कथाको प्रमुख विषय हो ।

यस कथामा क्षितिजले आफ्नी आमा मार्फत उषाको फोटो देखेको, विवाहको कुरो चलेको, क्षितिजले पनि मन पराएको र अचानक उषा आफ्नो पेटमा भएको बच्चाको बारेमा जानकारी गराउन क्षितिजकोमा पुगेको जस्ता प्रसंगहरू अत्यन्त रोचक र मार्मिक ढंगबाट प्रस्तुत गरिएको छ । यस कथामा मूख्य पात्रहरू उषा र क्षितिज रहेका छन् भने सहायक पात्रको रूपमा क्षितिजकी आमा माधुरी र प्रशान्त रहेका छन् । कथा घुमाउरो रूपमा यथार्थ चरित्र, डाक्टर क्षितिजको विशिष्ट त्याग, प्रशान्तको आपराधिक प्रवृत्ति तथा अधिक विश्वासमा प्राप्त हुने परिणामको बारेमा चित्रण भएको छ । लेखिकाले यस कथामा माया, प्रेम, त्याग, समर्पणभाव, समझदारीजस्ता पक्षले जीवनलाई सार्थक तुल्याउन सक्दछ भन्ने सन्देश दिन खोजेकी छन् । यस कथामा शब्दहरूको प्रयोग र भाषाशैली सरल, सुबोध र मार्मिक खालका रहेका छन् । समग्रमा कथाले नारीको मनोविज्ञानपूर्ण चरित्रलाई सामाजिक जनजीवनसँग जोडेर मानव स्वभावको व्याख्या गर्न सफल भएको छ । कथाको कतिपय ठाउँमा प्रयोग भएका अंग्रेजी शब्दले भने सामान्य पाठकलाई कथा सरल रूपमा बुझ्न समस्या उत्पन्न हुने हो कि भन्ने खतरा रहेको देखिन्छ । यद्यपि प्रस्तुत कथाले सबै वर्गका पाठकको मन जित्न सफल हुने कुरामा विश्वास गर्न सकिन्छ ।

'मध्यान्तरपछि' शीर्षकको कथा यस संग्रहको दोस्रो कथा हो । यस कथामा जानकी नाम गरेकी पात्रले आफ्नै देवर सागर र नन्द सुधामाथि गरेको असहज व्यवहारलाई देखाइएको छ । यसमा प्रशान्त, सागर र जानकीको चित्रण मुख्य कथानकको रूपमा रहेको छ भने सुधा, गोकुल आदिको सहायक कथानक रहेको छ। यस कथामार्फत लेखिकाले मित्रवत प्रेम, पारिवारिक उतारचढाव, देवर र नन्दप्रति

भाउजुको नराम्रो व्यवहार, तथा परिवार र समाजमा विद्यमान रहेका अति आन्तरिक पक्षको चित्रण गरेकी छन् । यस्तै 'दाइजो' यस संग्रहको तेस्रो शीर्षकथा हो । यसको आदि भागमा गौरी र ठूलीमैया नाम गरेका दुई पात्रबीच घरयासी कुराकानी भएको छ । यसैगरी गौरी र सुब्बासाहेबबीचको दाम्पत्य जीवनको खट्पट् मध्य भागका रूपमा रहेको छ भने गौरीका छोरा बुहारीका कलह र गौरीको मृत्यु अन्त्य भागका रूपमा रहेको छ । यस कथामा दाइजो र दाइजोका कारणबाट उत्पन्न हुने गलत परिणामको बारेमा व्याख्या गरिएको छ ।

'ऊ मरेकै जाति, दिदी, कुन पर कुन माइती, प्रायश्चित जस्ता कथाले गरिबी, असहाय र उत्पीडितको जीवनमा प्राप्त हुने माया र प्रेमका सन्दर्भहरूको प्रतिनिधित्व गरेको छ ।

'तिरष्कृत' शीर्षकको अर्को कथाले ज्वाई र सासू बीचको अनैतिक यौनसम्बन्धका बारेमा चित्रण गरेको छ । सासूले ज्वाईको सम्बन्धलाई बिर्सिएर यौनकार्यमा लिप्त भएपछि छोरीको जीवनमा आइपर्ने दुःखद् परिणाम यस कथाको मुख्य कथानक पक्ष हो । यस कथामा स्वस्थानी, उसको लोग्ने ड्राइभर र उसकी आमा प्रमुख पात्रका रूपमा प्रस्तुत भएका छन् । 'यस्तो पो दाईजो' शीर्षकको कथा सशक्त भावप्रधान कथा हो । यस कथामा उमात्री नामक पात्रको दाइजोप्रतिको भ्रम, र उसको अन्यायपूर्ण प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । यस कथामा उमात्री, दुई बुहारी कान्छी र जेठी प्रमुख पात्रका रूपमा देखिएका छन् भने उमात्रीका श्रीमान र छोराहरूको भूमिका सहायक रूपमा रहेका छन् । यस कथाले पनि संवेदनशील मानवप्रेमको चरित्रलाई उद्‌बोधन गरेको छ ।

कथाकार रेवती राजभण्डारीको प्रस्तुत 'दाइजो' कथाकृति कथाहरूमा भाषाशैली सरल, सहज शब्दहरूको चयन, सरल वाक्यगठन तथा सहज सम्प्रेषणीय प्रस्तुति लेखिकाको विशेषता हो । कृतिमा सरल, सहज र पात्रानुकुल बोलचालको (कथ्यशैली) भाषाको प्रयोग र छोटा संवादको प्रयोगले कथालाई रोचक बनाउनुका साथै प्रभावकारी बनाएको पाइन्छ । उनका प्रस्तुत संग्रहका कथामा वर्णनात्मक, विवरणात्मक, व्यङ्ग्यात्मक संवादात्मक शैलीको प्रयोग भएको भेटिन्छ भने कतिपय कथाहरूमा नेवारी र अंग्रेजी शब्दको प्रयोग भएको पनि पाउन सकिन्छ । कतिपय कथामा भने आख्यानतत्व पूर्ण भएर पनि कथानक अपूर्ण जस्ता देखिन्छन् । जसले गर्दा केही कथाहरू उद्देश्यविहीन बन्न पुगेका छन् ।

कथाकार राजभण्डारीको यस कृतिमा समावेश भएका मानसिक द्वन्द्व, मानसिक पीडा, अचेतना, अशिक्षा, गरिबी, यौन, दाइजो, सम्बन्धजस्ता सन्दर्भहरूले कथालाई द्वन्द्वप्रधान पनि बनाएको छ । अमूल्य दाइजो, यस्तो पो दाइजो, रगतले पोतिएको दैलो, ऊ मरेकै जाति शीर्षकका कथाहरूमा मानवीय मनोद्वन्द्वको असंख्य अनुभूति गर्न सकिन्छ । 'अलपत्र परेको दाइजो' शीर्षकको कथामा चन्द्रमान र हिरामायाको विवाह




नेपाल टेलिभिजनलाई अन्तरवार्ता दिंदै रेवती राजभण्डारी ।

पश्चात् जन्मेका कुनै पनि सन्तान नबाँचेपछि आमाले आफ्नी कान्छी छोरीलाई हिरामायाकै लोग्नेसंग विवाह गराइदिने कुरा गर्दा दिदी हिरामायालाई त्यस्तो बुढो लोग्नेको हातमा कसरी आफ्नो बहिनी सुम्पने भन्ने कुराले चिन्तित तुल्याएको छ । 'कुन घर कुन माइती' शीर्षकको कथामा आफ्नै घरमा बसेकी सालीलाई यौनशोषण गरेको थाहा पाएपछि दिदी कृष्णाले बहिनी कृपाको अन्यत्र विवाह गरिदिन खोजेको र सालीसँगको यौनान्दबाट वञ्चित भइने कुराले जयपालको मनमा छट्पटी भएको जस्ता पक्षले मानसिक द्वन्द्वलाई उजागर गरेको छ ।

प्रस्तुत कृतिमा लेखिकाको उद्देश्य समाजमा व्याप्त विविध किसिमका विकृति र विसंगतिको भण्डाफोर गरी समाजमा जनचेतना फैलाउनु रहेको पाउन सकिन्छ । प्रशान्तले आफ्नो कर्तव्यलाई विर्सिएर उषामाथि गरेको आपराधिक व्यवहारका कारण उसलाई समाजबाटै वहिस्कार गर्नुपर्दछ भन्ने धारणा कथामा पाउन सकिन्छ । आफ्नो जिम्मेवारी र कर्तव्यबाट पछि हट्न नहुने, भौतिक सम्पत्तिका लोभमा परी दाइजोका कारण देखाएर परिवारमा कलह निम्त्याउन नहुने, यौनजन्य गतिविधिमा सचेत रहनुपर्ने र यौन स्वार्थकै लागि विवेक गुमाएर गतिविधि गर्न नहुने सन्देश लेखिकाले कथामार्फत दिन खोजेकी छन् ।

# रेवती राजभण्डारीको

# मुक्ति




कथाकार रेवती राजभण्डारीको 'मुक्ति' नेपाली भाषाको दोस्रो कथासंग्रह हो । यो २०५३ सालमा प्रकाशित भएको थियो । यस संग्रहमा 'मुक्ति', 'कुण्डल', 'सौदा', 'इन्द्र' जार काटेपछि, दुःखको अन्त लगायत विभिन्न शीर्षकका जम्मा चौधवटा कथाहरू समाविष्ट भएका छन् । सामाजिक, पारिवारिक एवम् वैयक्तिक विषयवस्तुको संयोजन गरेर लेखिएका यस संग्रहका कथाहरू यथार्थमा आधारित छन् ।

यसमा नेपाली समाजमा रहेका विविध सामाजिक समस्याहरूको पहिचान गरी तिनको रचनात्मक समाधान गरिनुपर्छ भन्ने कुरा उठाइएको छ । प्रस्तुत संग्रहले समाजमा रहेका विकृति र विसंगतिलाई केन्द्रविन्दुमा राखेर पुरुषप्रधान समाजद्वारा नारीमाथि हुने अन्याय, अत्याचार, महिलाले भोग्नु पर्ने दुःख, पीडा, व्यथा, जलन जस्ता विविध विषयवस्तुलाई कथाको सन्दर्भ बनाइएको छ । प्रस्तुत कथा संग्रहको पहिलो शीर्षकथा 'मुक्ति' मा पारिवारिक समस्याहरूलाई प्रमुख विषयको रूपमा उठान गरिएको छ । यसमा कथाको प्रमुख पात्र मुक्तिले जीवनबाट किन र कसरी सदाको लागि मुक्ति पायो भन्ने कुरा रहस्यमय ढङ्गबाट विवेचना गरिएको छ ।

"मुक्ति एक सरल, सिधा र भावुक स्वभावको व्यक्ति हुन्छ। ऊ साना ठूला, धनी, गरिब, सबैसँग समान र मिलनसार व्यवहार गर्दछ । मुक्तिको कलिलै उमेरमा सितुसँग विवाह भएको हुन्छ । कलिलै उमेरमा विवाह भएको भएपनि ऊ आफ्नी स्वास्नीलाई असाध्यै माया, प्रेम र स्नेह गर्छ । सामान्य रूपमा मात्र पढेकी आफ्नी स्वास्नी सितुलाई उसले अनेक प्रयत्न गरी बीए. सम्म पढाएको हुन्छ । महिला पनि पुरुषसरह अगाडि बढ्नुपर्छ भन्ने मान्यता राखी उसले आफ्नी स्वास्नीलाई विविध माध्यमबाट सचेत र सवल गराउन थाल्छ । नभन्दै उसकी स्वास्नी सितु पनि जागिर खाएर आफ्नो खुट्टामा आफैं उभिन सक्ने हुन्छे । दुवै जागिरदार र दुईमात्र सन्तान भएकाले उनीहरूको जीवन सुखमय बन्दै आउँछ । सितु जागिरमा

प्रमोसन हुँदै जान्छे । छोराछोरी उच्च शिक्षाका लागि विदेश पढ्न जान्छन् । त्यही बेला मुक्तिको जागिर बाहिर जिल्लामा सरुवा हुन्छ । ऊ बाहिर जिल्लामा नजाने निर्णय गरी जागिर छाडेर व्यापार गर्न थाल्छ । व्यापारमा उसले राम्रो सफलता हासिल गर्न सक्दैन र व्यापार छोडी घरमै बस्न थाल्छ । घरको सम्पूर्ण जिम्मेवारी सितुको काँधमा आइपर्छ । ऊ आफ्नो काममा व्यस्त हुँदै जान्छे मुक्ति घरमै सिमित हुन थाल्छ । ऊबाट उसकी स्वास्नी बिस्तारै टाढिँदै जान्छे । घरमा पनि राति ढिलो गरी आउने, बढी समय बाहिर नै बिताउने गर्न थाल्छे । दिन बिराएर घरमा धेरै पार्टीहरू भइरहने गर्छ, छोराछोरी पनि विदेशबाट आइसकेका हुन्छन् । तरुनी छोरी भएको घरमा रात-रातभर अनावश्यक भीड जम्मा गरेर यस्ता पार्टी गर्नु ठिक होइन भन्ने उसको धारणा हुन्छ । उसको कुरामा घरका कुनै पनि सदस्यले वास्ता दिन छाडेका हुन्छन् । यहाँसम्म कि नोकरहरूले समेत उसलाई घृणा गर्न थाल्छन् । उसलाई आफु एक्लो भएको महशुस हुन्छ । यद्यपि उसले परिवारका सदस्यलाई आफ्नो धारणा राख्न छाडेको हुँदैन । ऊ कुनै पनि बेला छोराछोरी र स्वास्नीलाई अनेक तरिकाबाट सम्झाउने प्रयत्न गर्छ । उसको क्रियाकलापदेखि परिवारका सदस्यहरू रुष्ट बन्दै आएका हुन्छन् । परिवारका सदस्यले उसलाई आफ्ना आँखाको कसिङ्गरको रूपमा हेर्न थाल्छन् र एकदिन उसको खानामा विष मिलाई संसारबाट मुक्त गरिदिन्छन् ।"

मुक्ति जस्तो सरल, सिधा, सहयोगी र उदारवादी भावना भएको, परिवारको हित चाहने व्यक्तिलाई आफ्नै परिवारका सदस्यले विष ख्वाई हत्या गरेको र यस



ऋतु र लुमन्ती नेवारी कृतिको विमोचन गर्दै केशवराज राजभण्डारी र लेखिका रेवती राजभण्डारी ।

...याकाण्डलाई प्रहरीले ढाकछोप गरी आत्महत्या बनाएको विषय यस कथाको प्रमुख पक्ष हो । आत्मपरक शैलीमा विवरणात्मक रूप दिएर लेखिएको यस कथामा परिवारको उन्नति चाहने व्यक्तिले परिवारबाटै मृत्युवरण गर्न बाध्य भएको विषयलाई अत्यन्त रोचक र मार्मिक ढंगबाट प्रस्तुत गरिएको छ । यस्तै अर्को कथा 'कुण्डल' मा पुष्पराज नाम गरेको पात्रले तराईका महिलाहरूलाई आफ्नो यौनको प्यास मेटाउने साधनको रूपमा प्रयोग गर्ने गरेको उल्लेख गरिएको छ ।

'पुष्पराजको तराईमा प्रशस्त जग्गाजमिन हुन्छ । उसले तराईमै एउटा भव्य घर बनाएको हुन्छ । ऊ प्रत्येक दिन त्यस घरमा महिलाहरू ल्याएर आफ्नो यौनको प्यास मेटाउने गर्छ । उसले त्यस घरलाई यौनगृहकै रूपमा प्रयोग गरेको हुन्छ । तराईका सरल महिलालाई उपयोग गरेर आफ्नो यौनको आगो शान्त पार्न पाएकोमा ऊ गौरवको अनुभूति गर्ने गर्दछ तर उसका यस्ता आपराधिक गतिविधिप्रति परिवार र समाज पूरै अनभिज्ञ हुन्छन् ।'

पुष्पराजको आन्तरिक चरित्र, उसले यौन र यौनशोषण गरेका महिलाहरू, उसको पारिवारिक र सामाजिक हैसियत तथा पुष्पराजको परिवारमाथि आइपरेको दुःखद घटनाको यथार्थ चित्रण नै यस कथाको प्रमुख विषयवस्तु हो । अरूका छोरीचेलीलाई प्रयोग गरेर आफ्नो यौनप्यास पूर्ण गर्दै आएको व्यक्तिमाथि आफ्नै छोरी बलात्कृत भएको घटनाले उसमा कस्तो प्रभाव पार्ला ? यस कथाको अत्यन्त रोचक पक्ष भनेको यही नै हो । यस्तै 'सौदा' शीर्षकको कथामा बाबुआमाको गलत निर्णयका कारण छोरा छोरीले भोग्नुपर्ने दुःख, पीडाका कुरा उठाइएको छ भने 'अस्तित्वको खोजी' कथामा बुढेशकालमा बाबुआमाले छोरा बुहारीबाट भेल्नुपर्ने उपेक्षापूर्ण व्यवहारको चित्रण गरिएको छ । दुःखको अन्त, हकवाला, उपमा, गुरू पूजा जस्ता कथाहरूमा सामाजिक मानवीय जीवनका नियती र चरित्रलाई प्रस्तुत गरिएको छ । जीवनलाई विवेकपूर्ण ढंगबाट सञ्चालन गर्न नजान्दा आइपर्ने घातक परिणामहरूको वस्तुगत चित्रण नै उपरोक्त कथाहरूको कथ्यात्मक संरचना हो ।

'इन्दु' यस संग्रहको अन्तिम कथा हो । यस कथाले कलिलो उमेरमा विवाह गरी बच्चा जन्माउँदा महिलाको जीवनमा आइपर्ने शारीरिक कमजोरीको विविध पक्षको बारेमा चित्रण गरेको छ । इन्दु र सुरज यस कथाका प्रमुख पात्र हुन् भने आमा, वैद्य, इश्वर सहायक पात्र हुन् ।

'इन्दु साह्रै राम्री हुन्छे र ऊ सुरजको घरमा ट्यूशन पढ्न जान थालेकी हुन्छे । इन्दुलाई पहिलोपटक देख्दैमा सुरज उप्रति मोहित भएको हुन्छ । इन्दु सुरजसँग ट्यूशन पढ्न जाने क्रम निरन्तर रूपले चल्दै जान्छ । इन्दुले टेष्ट पास गर्छे । सुरजले इन्दुलाई केही दिनदेखि भेट्न पाएको हुँदैन । इन्दुलाई भेट्न नपाएर उसको छट्पटी बढ्न थालेको हुन्छ । इन्दु गुफामा बसेकी हुन्छे । इन्दु गुफामा बसेको कुरा उसले चाल पाएको हुँदैन । गुफाबाट निस्केपछि इन्दु उसलाई भेट्न उसको घरमा जान्छे । इन्दुलाई देख्नासाथ सुरजको मन खुशीले ढकमक्क हुन्छ । उनीहरू दुईबीच कुराहरू आदानप्रदान हुन्छन् । इन्दु सुरजसँग

ट्यूशन पढ्ने क्रम चलि नै रहन्छ । दिनहरू बित्दै जान्छन् । एक दिन अचानक सुरजले इन्दुको पाखुरा समातेर उसको शरीरको स्पर्ष गर्न थाल्छ । स्पर्षको क्रम यति अघि बढ्छ कि चुम्बनसम्म पुग्छ । सुरजको हरेक क्रियाकलापमा नतमस्तक भएर बसेकी इन्दुको शरीरमा विभिन्न किसिमका कम्पनहरू छुट्न थाल्छन् । इन्दुको उमेर कलिलै भए पनि उसमा यौवनका रेखाहरू फक्रिन थालिसकेका हुन्छन् । सुरजको प्रेमपूर्ण रतिरागात्मक स्पर्षले इन्दुको मनमा अपूर्व आनन्दको अनुभूती हुन थाल्छ । ऊ छट्पटाउन थाल्छे । एकाएक इन्दुमा यौन चाहानाको विजारोपण हुन्छ । सुरजले पनि इन्दुबाट यही चाहानाको अपेक्षा गरेको हुन्छ । सुरजले इन्दुको भरभराउँदो सुन्दर शरीरलाई गर्लम्म अंगालो हाल्छ र उसलाई अर्धनग्न पारी आफ्नो यौनप्यास शान्त  पार्न पुग्छ । यसपछि यौनको यो क्रम निरन्तर रूपले चल्न थाल्छ । केही महिना मै इन्दुले सुरजको गर्भधारण गर्छे । उसको रजस्वलाको क्रम बन्द हुन्छ । यो कुरा उसकी आमाले पनि थाहा पाउँछे । छोरीको रजस्वलाको क्रम रोकिएपछि उनले छोरीलाई वैद्यकोमा जचाउन लाग्छिन् । वैद्यले इन्दुको पेटमा गर्भ रहेको जानकारी गराउँदा उसकी आमाले पत्याउन सक्तिनन् । अन्तमा इन्दुको पेटमा गर्भ रहेको प्रमाणित हुन्छ र आमाले सुरजसँग उसको विवाह गरिदिन्छिन् । इन्दु चौध वर्षकै कलिलो उमेरमा आमा बन्न पुग्छे । उसले धेरै सन्तानहरूको जन्म दिन्छे । धेरै सन्तान जन्माएकीले उसको शरीर बिस्तारै कमजोर हुँदै जान्छ र ऊ हलचल गर्न नसक्ने भएर विरामी पर्छे । इन्दु अचेत भएर विरामी पर्छे र कथाको अन्त हुन्छ ।'

यस कथाभित्र छोरीप्रति आमाको माया, प्रेमी प्रेमिकाबीचको सुमधुर सम्बन्ध, मानवीय जीवनमा यौनचाहाना, यौनपूर्ण रागात्मक क्रियाकलाप र परिवारप्रेमजस्ता पारिवारिक विषयको उठान गरिएको छ । समग्रमा यस कथासंग्रहमा समाविष्ट भएका कथाहरूले सामाजिक विषयवस्तुलाई अति यथार्थ रूपबाट अबलम्बन गरेका छन् । संग्रहका कुनै पनि कथामा काल्पनिक पक्ष उल्लेख भएको पाउन सकिंदैन । भने कथानकमा पनि जटिल घटनाभन्दा सामान्य घटनाहरूको संयोजन नै बढीमात्रामा भएको पाइन्छ ।

लेखिकाले संग्रहमा कथाका पात्रहरूलाई पनि रचनात्मक स्वभावबाट प्रस्तुत गरेकी छन् । उनका कथाका पात्रहरू स्थिर र गतिशिल दुवै रूपबाट प्रस्तुत भएका छन् । उनले कथाहरूमा नेपाली समाजमा परम्परादेखि रहँदै आएको संस्कृति, परम्परा, सामाजिक आँचार-विचार, रीतिरिवाज, मायाप्रेम, आरोह अवरोह, रतिरागात्मक गतिविधि जस्ता पक्षको चित्रण गरेकी छन् । कथामा विशेषगरी सहरिया वातावरण परिवेशको रूपमा देखिएको छ । प्रस्तुत संग्रहका कथाहरूले सामाजिक, पारिवारिक र वैयक्तिक विषयवस्तुलाई अबलम्बन गरेकाले यसको भाषाशैली सहज तथा सुबोध बन्न पुगेको छ । वर्णनात्मक, विवरणात्मक, व्यङ्ग्यात्मक र संवादात्मक शैलीको प्रयोगले कथालाई रोचक र मार्मिक बनाएको छ ।




# रेवती राजभण्डारीको

# बालसुधा

साहित्यमा बालसाहित्यलाई संवेदनशील विधाको रूपमा लिने गरिन्छ । यसले बालबालिकालाई मनोरञ्जन दिने मात्र नभएर उनीहरूको सुनिश्चित भविष्यको समेत प्रतिनिधित्व गरेको हुन्छ । बालसाहित्यले बालबालिकाको मष्तिष्कलाई तिखार्नुको साथै समाज र सामाजिक परम्पराको बारेमा जानकारी गराउन विशेष भूमिका खेलेको हुन्छ । जसको कारण पनि बालसाहित्यलाई साहित्यमा महत्वपूर्ण विधाको रूपमा लिने गरिएको हो भन्न सकिन्छ । लेखिका रेवती राजभण्डारीले पनि यस क्षेत्रको महत्वलाई बुझेर अति नै संवेदनशील रूपमा आफ्ना कलम चलाएको पाउन सकिन्छ ।

'बालसुधा' बालकथासंग्रह उनको बालसाहित्यतर्फको पहिलो प्रकाशित साहित्यिक कृति हो । यस कृतिको प्रथम प्रकाशन वि.सं.२०५५ मा भएको थियो । प्रस्तुत यस कृतिमा 'को ठूलो को सानो ?' प्रज्ञाको उत्साह, पुरस्कारको अधिकार, 'लोभी सर्प', 'अधिकार', गरी पाँचवटा कथाहरू समाविष्ट भएका छन् । कृतिका सबै कथामा कथानक झल्काउने खालका कार्टुन चित्रको पनि प्रयोग गरिएको छ । चित्रको प्रयोगले कथावस्तुलाई स्पष्ट पार्न भरमग्दुर सहयोग गरेको छ ।

'बालसुधा' बालकथाकृतिमा समावेश भएका कथाहरूमा सामाजिक, पौराणिक तथा पारिवारिक विषयहरूको प्रयोग मुख्य रूपमा भएको छ । कृतिको पहिलो कथा 'को ठूलो को सानो ?' शीर्षकको कथाले समाजमा बस्ने मानिसहरू एकै किसिमको हुँदैनन्, उनीहरूले आफ्नो जीवन चलाउन विविध कामहरू गर्ने गर्दछन् र कामका आधारमा मान्छेलाई भेदभाव गर्नुहुँदैन भन्ने सन्देश एकातिर छ भने अर्कोतिर सबै मानिस ईश्वरका सन्तान भएकाले कोही ठूलो र सानो नहुने सन्देश उल्लेख भएको छ । 'प्रज्ञाको उत्साह' कथामा केटाकेटी नयाँ नयाँ कुरा जान्न र बुझ्न उत्सुक हुन्छन

भन्ने प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । 'पुरस्कारको अधिकार' कथाले मान्छे उत्साहीत हुनुपर्छ, काममा लगनशील हुनुपर्छ र मेहनेती, परिश्रमी मान्छे सफल हुन्छ, उसले पुरस्कारको अधिकार पाउँछन् भन्ने विषयको उठान गरिएको छ । यस्तै 'लोभी सर्प' कथामा बढी लोभ गर्नाले आफ्नो आउने पनि गुम्न पुग्दछ भन्ने सन्देश उल्लेख भएको छ भने 'अधिकार' कथामा आफ्नो परम्परा र पहिचानलाई परिवर्तन गर्दा प्राप्त हुने पीडाको बारेमा चर्चा गरिएको छ ।

प्रस्तुत संग्रहका सबै कथाहरू सन्देशप्रधान रहेका छन् । सबै कथाले असल काम गर्न, लोभ नगर्न, मानिसलाई समान व्यवहार गर्न, आफ्नो परम्परा रीतिरिवाजको निरन्तरता दिन, आफुभन्दा ठूलाको आदर गर्न, आफुभन्दा सानाको माया गर्न तथा सकारात्मक भएर महत्वपूर्ण कार्य गर्न भनिएको छ । संग्रहमा समाविष्ट भएका कथाहरूमा प्रयोग भएको भाषाशैली सहज, सरल र सुबोध रहेको छ । सबै कथाहरूमा वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग गरिएको छ भने कथाका चित्रहरूले वस्तु वा दृश्यको यथार्थ स्वरूपको उद्घाटन गर्न बल पुऱ्याएको छ । समग्रमा प्रस्तुत कृति बालबालिकाको लागि अति नै उपयोगी र सम्प्रेष्य रहेको पाउन सकिन्छ ।




# रेवती राजभण्डारीको

# भूतसँग जम्काभेट

रेवती राजभण्डारीको 'भुतसँग जम्काभेट' दोस्रो प्रकाशित बालकथा कृति हो । यसको प्रथम प्रकाशन वि.सं. २०६१ र दोस्रो संस्करणको प्रकाशन वि.सं. २०६४ मा भएको थियो । यस कृतिमा 'भुतसंग जम्काभेट' विद्वानको छनौट, झुटको परिणाम, किचकन्ने, शहिद गरी पाँचवटा कथाहरू संलग्न गरिएको छ । यस कृतिमा पनि अघिल्लो कथाकृतिमा जस्तै कथानक अनुसारको कार्टुन चित्रहरू प्रस्तुत गरिएको छ ।

भूतसँग जम्काभेट बालकथासंग्रहमा सामाजिक, पारिवारिक देशभक्तिमूलक विषयहरूका साथै सामान्य जीवनमा नहुने भुत, प्रेत, अर्न्तध्यान जस्ता विषयहरू प्रमुख रूपमा रहेका छन् । प्रस्तुत संग्रहको पहिलो बालकथा 'भूतसँग जम्काभेटमा' सामान्य मानव जीवनमा नहुने भूतको सन्दर्भलाई प्रमुख रूपमा उठाइएको छ । भूत, प्रेत, पिचाश भन्ने कुरा सामान्य जीवनमा हुँदैनन, तर पनि मान्छेको मनमा यसले एक प्रकारको छाप छाड्दै आएकोले अवास्तविक वस्तु पनि यदाकदा वास्तविक जस्तै लाग्न पुगी मान्छे प्रताडित बन्नु परेको कुराको चर्चा यस कथामा गरिएको छ ।

'लुरेकान्छो नाम मात्रकै लुरेकान्छो हुन्छ । ऊ एकदमै तगडा र हट्टाकट्टा देखिन्छ । उसको शरीर लुरे र ख्याँउटे भए पनि ऊ सुखी र जुझारू हुन्छ । उसलाई भूत, प्रेत हुन्छन् भन्ने कुराप्रति पटक्कै विश्वास लाग्दैन । उसलाई भूत प्रेतको बारेमा अरूले कुरा गरेको पनि पटक्कै राम्रो लाग्दैन । एकदिन गाउँकी एउटी स्वास्नीमान्छे मरेकीले ऊ पनि गाउँलेसँग घाटमा मलामी गएको हुन्छ । झमक्क साँझ परिसकेको र, साउनको महिना भएकोले घनघोर वर्षा हुने पूर्वसंकेत देखिन्छ । मलामीहरूमा हाहाकार मच्चिन थाल्छ । सबै मलामीहरूलाई घर फर्काएर लुरेकान्छोले घाटमा एक्लै लास कुरेर बस्ने निर्णय गर्छ र बस्छ पनि । रात छिप्पिसकेको हुन्छ, पानी पनि बेस्सरी दर्कंदै जान्छ । अचानक उसको कानमा अजङ्गको अपरिचित डरलाग्दो आवाज हुन्हुनाउन थाल्छ र केहीबेरमै त्यो अपरिचित आवाज एउटा

आकृति बनेर उसको नजिक आइपुग्छ । उसले एक्लै त्यो अपरिचित डरलाग्दो जीवसँग भिड्ने आँट गर्न सक्तैन । ऊ डराउन थाल्छ, कताकता उसलाई त्यो अपरिचित डरलाग्दो जीव मान्छेहरूले भन्ने गरेको भूत नै त होइन भन्ने भान पनि हुन्छ र मरिसकेको लासको लागि भूतसँग सामना गर्नु बुद्धिमानी होइन भन्ने सोचेर ऊ त्यहाँबाट भाग्छ ।

ऊ केही पर पुगेपछि एउटा कुनामा आँखा चिम्लेर थुचुक्क बस्छ । निकै बेरपछि उसले आँखा खोलेर हेर्छ । त्यो केहीबेर अगाडि उसले देखेको अजङ्गको डरलाग्दो कालो जीव त साँढे पो हुन्छ । खोलामा आएको बाढीबाट ज्यान जोगाउन त्यो साँढे लुरेकान्छोलाई देखेर शरणको लागि आएको हुन्छ ।"

वास्तवमा भूत-प्रेत, पिचाश भन्ने कुराहरू मानिसले मनमा पालेको एक किसिमको नकारात्मक भ्रम मात्र हो । संसारमा यस्ता कुराहरू छैनन् र हुँदैनन पनि । यही लुरेकान्छो केही बेर त्यहाँ नरोकिकन भागेको भए उसले साँढे देख्ने थिएन र त्यो साँढेलाइ नै ऊ भूत भनेर विस्वास गर्न पुग्दथ्यो । त्यसैले मानिस जहिल्यै पनि यथार्थ बुझेर मात्र अगाडि बढ्नु पर्छ । हावाको भरमा नकारात्मक हल्लाको पछि लाग्दा सदैव यथार्थबाट टाढा रहनुपर्ने मात्र होइन जीवन नै बर्बाद हुन पुग्दछ भन्ने प्रमुख सन्देश नै प्रस्तुत कथाको विशेषता हो ।

कृतिको दोस्रो कथा 'विद्वानको छनोट' बालकथाले विद्वान बन्न प्रमाणपत्रको आवश्यकता पर्दैन । असली विद्वानले कहिल्यै पनि आफु ठूलो हुँ भन्ने घमण्ड गर्नुहुँदैन, जसले असल र राम्रो काम गर्छ, जसले अरूलाई सत्मार्गमा लाग्न प्रेरणा दिन्छ, वास्तवमा ऊ नै विद्वान हो भन्ने सन्देश दिएको छ । 'फुटको परिणाम' नामक तेस्रो कथाले खराब विचार र कार्यले सबैलाई हानी पुऱ्याउँछ, बालबालिकाको सामुन्ने नराम्रो र छाडा कुरा गर्ने, जाँड रक्सी र चुरोट खाने, झगडा गर्ने जस्ता कार्यहरू गर्दा उनीहरूको मनमा नराम्रो खालको असर पर्न जाने सन्देश व्यक्त भएको छ । कृतिको अन्तिम कथा 'सहिद' शीर्षकको कथामा सहिदको बारेमा चित्रण गर्दै उनीहरूको सदैव सम्झना र सम्मान गर्नुपर्ने तथा सहिदले देखाएको बाटोमा हिड्नुपर्ने कुरा उल्लेख भएको छ ।




# रेवती राजभण्डारीको

# लठेब्रो राजा

लेखिका रेवती राजभण्डारीको 'लठेब्रो राजा' तेस्रो प्रकाशित बालकथा संग्रह हो । यो कृति प्रथमपटक वि.सं.२०६४ सालमा सृजना प्राङ्गणको संयोजनमा प्रकाशित भएको थियो । ३५ पृष्ठको यस कृतिमा लठेब्रो राजा, चट पट झट, मायाको चिनो, सत्यको शक्ति, लोभको फल, सुरी, फुत्रे मैयाँ, दोना, बुद्धिको खोजी, जन्मदिनको उपहारजस्ता शीर्षकमा १० कथाहरू समावेश गरिएको छ । कृतिका सबै कथाहरूमा कथानक झल्कनेगरी कार्टुनचित्रहरूको प्रयोग अत्यन्त सचेत ढंगबाट प्रस्तुत गरिएको छ । जसले कथाको आन्तरिक भावलाई बुझ्न ठूलो योगदान गरेको छ ।

लठेब्रो राजा बालकथासंग्रहमा सामान्य जीवनमा नहुने भूत, जादु, अर्न्तध्यानजस्ता काल्पनिक विषयहरूका साथै सामाजिक, पारिवारिक तथा नैतिक पक्षलाई समेत विषयवस्तु बनाइएको भेटिन्छ । प्रस्तुत संग्रहको पहिलो कथा 'लठेब्रो राजा' मा राजा लठेब्रो भईकन पनि दयालु, सन्तोषी, शान्त तथा हृष्टपुष्ट हुन्छ । एक दिन दाउरा लिन जङ्गल गएका बेला उसले रूखको जराभित्र असर्फीले भरिएको सुनको घडा भेटाउँछ र जरासहितको रूख ल्याएको घटना राजालाई जानकारी हुन्छ । त्यही घटनाबाट राजा उत्साही भएर राजकुमारीको विवाह उसैसँग गरिदिएको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । 'चट पट झट' कथामा एक गरिब ऊन काती जीवन चलाउने बूढीकी छोरीले घरमा बनाइएका खानेकुराहरू आमालाई भाग नलगाई खाइदिने गरेको र एक दिन घुम्दै आइपुगेका देवदूतसँग उसको विवाह हुन पुगेको विषयवस्तु उल्लेख भएको छ । दुवदूतले त्यस केटीलाई असल व्यवहार सिकाउन आफ्नो रूप बदली उसलाई सही बाटोमा हिंडाएको घटनालाई विषयवस्तु बनाइएको छ । 'मायाको चिनो' कथामा बल, बुद्धि र विवेकको प्रयोग गरी मान्छेले जस्तै कठिन कार्य पनि गर्न सक्छ भन्ने कुरालाई दाउरे केटाको चरित्रबाट उद्घाटन गरिएको छ ।


'सत्यको खोजी' कथामा काल्पनिक प्रकृतिको विषयवस्तु रहेको छ । दैत्यका कारण पृथ्वीमा सुख्खा लागेको र धर्तीमाताले त्यसबाट मुक्तिका लागि गोठालालाई सिमीको बीउ रोप्न दिएको अनि भोलिपल्टै तरबारजस्ता सिमी टिपी, सिमीको बोटमा चढी मानिसहरू आकाशतिर गएर बादललाई पृथ्वीतर्फ फर्काएको र पृथ्वीलाई सुख्खा पार्ने दैत्यलाई त्यही सिमीले घोच्दा टुक्राटुक्रा भई पृथ्वीमा खसेपछि पहाड भएको घटनालाई विषयवस्तु बनाइएको छ । 'लोभको फल' कथामा एक कुरूप भएर पनि असल केटाले जादुगरबाट जादुविद्या प्राप्त गर्छ र मानवीय हितमा मात्र प्रयोग गर्ने वरदान पाएको हुन्छ । आइसक्रिम बेच्ने जादुगर केटाबाट कुविचार राख्ने केटीले आफु मात्र एक्लै जान्ने, बुझ्ने हुन पाउँ भन्ने उद्देश्यले सम्पूर्ण आइसक्रिम किनेर ल्याउँछे, तर जादुगर केटाले उसको चलाखी बुझिहाल्छ र त्यस कुविचार राख्ने केटी परिक्षामा अनुत्तीर्ण हुन पुगेको घटनालाई विषयवस्तु बनाइएको छ । 'सुरी' कथामा पारिवारिक विषयलाई उठाइएको छ । महाजन, छोरी जन्मेकैले आफ्नो व्यापार घाटा भएको र छोरी भनेको अर्काको नासो हो भन्ने ठान्छ । त्यसैले छोरीलाई हेपेर सूरी नाम राखिदिन्छ, तर आमाले आफ्नी छोरीलाई वीर, साहसी र पराक्रमी बनाउने अठोट गर्छे । नभन्दै सूरी ज्ञान, सीप र गुणले भरिपूर्ण बन्छे । महाजनले छोरीको विवाह बूढोसँग गर्न खोज्छ तर महाजनकी स्वास्नीले छोरीलाई सुन, चाँदी, लुगा लगाई जादुको अदृश्य बाकसमा राखी छोरीलाई अन्तै भगाइदिन्छे र सूरीको विवाह एक ठूलै घरानाको केटासँग हुन पुगेको घटना यसमा रहेको छ । 'झुत्रे मैयाँ' कथामा अर्काको जडाउरी लुगा लगाएर हुर्केकी झुत्रे मैयाँ त्यही थोत्रो लुगा पनि टालटुल पारी सफा गरी चटक्क पारी लगाउन थालेपछि अत्यन्त राम्री देखिएकी र उसको विवाह राजकुमारसँग हुन पुगेको घटनालाई विषयवस्तु बनाइएको छ । 'दोना' कथामा एक इमान्दार तथा शक्तिशाली मानवेतर पात्र दोना (कुकुर) ले आफ्नो मालिकप्रति निभाएको जिम्मेवारी र आफ्नै साथीबाट धोका पाइ ज्यान गुमाउनु परेको घटनालाई विषयवस्तु बनाइएको छ । 'बुद्धिको खोजी' कथामा मुर्खले पनि विद्वानको सङ्गत पायो भने ऊ सज्जन बन्न सक्छ  भन्ने विषयलाई उठाइएको छ । 'जन्मदिनको उपहार' कथामा गरिब परिवारमा जन्मेका बच्चाले पनि मिहिनेत, परिश्रम र लगनशील भएर कार्य गरी आफ्नो दरिद्री जीवन सदाका लागि अन्त्य गरेको घटनालाई विषयवस्तु बनाइएको छ ।

लठेब्रो राजा प्रस्तुत कृतिले सामान्य जीवनमा नहुने भूत, जादु, अन्तर्ध्यान हुनेजस्ता विषयवस्तुका माध्यमबाट मनोरञ्जन दिनुका साथै उनीहरूमा असल मानवीय गुणहरूको विकास गराउने र योग्य व्यक्ति बन्न प्रेरित गर्ने उद्देश्य राखेको देखिन्छ । प्रस्तुत संग्रहको पहिलो कथा 'लठेब्रो राजा' कथामा लठेब्रो व्यक्ति पनि शान्त, सन्तोषी र आँटिलो हुन सक्छ र उसले अवसर पाउँदा ठूलठूला कार्य गरी ख्याति कमाउन सक्छ भन्ने सन्देश नानीहरूलाई दिन खोजिएको छ । 'चट पट झट' कथाको उद्देश्य

बालबालिकाहरूलाई पूर्णरूपले मनोरञ्जन दिलाउनु रहेको छ । यसका साथै सहयोगी, परिश्रमी र लगनशील भएर कार्य गर्नुपर्छ भन्ने सन्देश पनि यसमा प्रकट भएको छ । 'मायाको चिनो' कथामा बल, बुद्धि र विवेकको प्रयोग गरी मान्छेले ठूलाठूला कार्य गर्न सक्छ । बल, बुद्धि र विवेक मानिसका चिनो भएका कारण यिनलाई कहिल्यै आफुबाट अलग राख्नु हुँदैन र साथीभाइलाई आवश्यक परेको बेलामा सहयोग गर्नुपर्छ भन्ने सन्देश बालबलिकालाई दिन खोजिएको छ । 'सत्यको शक्ति' कथाको उद्देश्य केटाकेटीलाई पूर्णरूपले मनोरञ्जन दिलाउनु रहेको छ । यसका साथै आफुसँग भएको शक्तिलाई उचित ठाउँमा ठीक ढङ्गले प्रयोग नगरेर अर्काको कुभलो चिताइ प्रयोग गरेमा त्यसले आफैलाई नोक्सान पुऱ्याउँछ भन्ने सन्देश दैत्यको चरित्रबाट दिइएको छ । 'लोभको फल' कथामा मानिसले आफ्नो मात्र भलाई हुने विचार राख्दा कहिल्यै सफल हुँदैन भन्ने सन्देशका साथै सत्कर्म गर्नेको कहिल्यै कुभलो पनि हुँदैन भन्ने शिक्षा दिइएको छ । 'सूरी' कथाको उद्देश्य केटाकेटीलाई पूर्णरूपले मनोरञ्जन दिनु रहेको देखिन्छ । यसका साथै आफ्ना केटाकेटीलाई सानैदेखि राम्रो वातावरण दिएमा मात्र उनीहरूको भविष्य उज्ज्वल बन्छ । छोरा-छोरी भनेर भेदभाव गर्नुहुँदैन, छोरीले पनि राम्रो वातावरण पाई भने उसले पनि असल कार्य गर्न सक्छे भन्ने सन्देश उल्लेख भएको छ । 'भुत्रे मैयाँ' कथामा मान्छेका पहिचान उसले लगाउने पोसाक नभएर उसको रूप, गुण, शिल-स्वभावमा हुन्छ, आफुसँग जेजस्ता पोसाक छन् तिनलाई सफा गरी चटक्क मिलाएर लगाउनु पर्छ र असल स्वभाव भएका व्यक्तिको भाग्य पनि चम्किन्छ भन्ने कुरालाई भुत्रे मैयाँका चरित्रबाट प्रकट गरिएको छ । 'दोना' कथामा साहसी, पराक्रमी र उपकारी बनेमा सबैले सम्मान गर्छन्, खराब प्रवृत्तिका साथीभाइसँग सङ्गत गर्नुहुँदैन साथै उनीहरूका चिल्ला कुरामा चाँडै विश्वास गऱ्यो भने उसले कुनै पनि बेला आफैमाथि हमला गर्न सक्छ भन्ने कुरा दोनालाई ब्वाँसोबाट भएको धोकाबाट प्रष्ट गरिएको छ । तसर्थ खराब प्रबृत्तिका साथीभाइसँग कहिल्यै पनि सङ्गत गर्नुहुँदैन भन्ने सन्देश प्रस्तुत कथाले दिएको छ । 'बुद्धिको खोजी' कथामा मूर्खले पनि सज्जनको सङ्गत पायो भने ऊ पनि बुद्धिमान बन्न सक्छ भन्ने सन्देश दिइएको छ । 'जन्मदिनको उपहार' कथामा मिहिनेती, सहयोगी हुनुपर्ने सन्देश दिइएको छ । आफ्नो कार्यलाई धैर्य गरेर निरन्तरता दिइरह्यो भने मान्छेले गरिबीबाट पनि मुक्ति पाउँछ भन्ने सन्देश प्रकट भएको छ ।

# रेवती राजभण्डारीको

# राजाको सिङ छ




रेवती राजभण्डारीको 'राजाको सिङ छ' तेस्रो बालकथा वि.सं. २०६२ मा रूम टु रीडद्वारा प्रकाशित पुस्तकाकार बालकृति हो । प्रस्तुत बालकथाको घटनाक्रमलाई रोचक तथा स्पष्ट पार्न अविन श्रेष्ठद्वारा निर्मित ३९ वटा सादा चित्रले उक्त कृति सजिएको छ ।


प्रस्तुत कृति राजाको सिङ छ बालकथाले काठमाडौं उपत्यकाका नेवार जातिको लोककथालाई विषयवस्तुका रूपमा उठाएको छ । धेरैजसो बालबालिकाहरूमा आफुले भनेको जस्तो भएन भने रिसाउने र ठस्कने बानी हुन्छ । कोही कोहीको रिस कडा हुन्छ, चाँडै मर्दैन र रिसाउने बानीले आफैलाई नोक्सान पुऱ्याउँछ । यस्तै कडा रिस भएकी आफ्नी नातिनी चमेलीलाई उसका बाजेले सुनाएको कथा राजाको सिङ छ हो ।

'एकादेशका राजा ज्यादै रिसाहा प्रवृत्तिका हुन्छन्, उनी आफ्ना सामुन्ने जे पऱ्यो भने पनि रिसाउने गर्छन् र बढी रिस उठ्नाले राजालाई धेरै टाउको दुख्न थाल्छ । राजाको टाउकोमा दुईवटा सिङ उम्रन्छ र जति राजा बढी रिसाउँछन्, त्यति नै ती सिङ बढी लामा हुन थाल्दछन् । राजाले रिसाउनेवित्तिकै सिङ लामो हुने गरेको चाल पाएपछि राजाले त्यही दिनदेखि रिसाउने बानी चटक्क छोड्छन् । अनि टाउकाको सिङ घट्न थाल्छ र टाउको पनि हलुका हुन्छ । त्यसपछि राजाका सामुन्ने सबै मान्छे आउन थाल्छन् र सबैले राजालाई माया गर्दछन् ।'

प्रस्तुत कथामा यिनै घटनालाई विषयवस्तुका रूपमा उठाइएको छ । प्रस्तुत कथामा कथाकारले विशेष गरेर बालबालिकाको असल चरित्र निर्माण र उनीहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गर्नमा जोड दिएको देखिन्छ । यसका साथै कसैसँग पनि रिसराग गर्नुहुँदैन, रिसाउने बानीले आफैलाई नोक्सान पुऱ्याउँछ, रिसाउने बानी त्याग्दा सबैको माया पाइनुका साथै आनन्दाभूति हुन्छ भन्ने सन्देश पनि बालबालिकालाई दिन खोजिएको छ ।

# रेवती राजभण्डारीको व्यक्तित्वको निरुपण

नेपाली साहित्यका कविता, कथा, बालकथाजस्ता विधामा कलम चलाउने रेवती राजभण्डारी प्रौढ र शालीन व्यक्तित्वका रूपमा चिनिन्छिन् । नेपाली साहित्यमा रेवती राजभण्डारी नामले प्रसिद्ध रहेकी व्यक्ति प्रतिभाको जन्म वि.सं. १९९९ असार ८ गते विहीबारका दिन हालको काठमाडौं महानगरपालिकाको वडा नं. २९ अन्तर्गतको ठमेल भन्ने ठाउँमा पिता सनकमान मास्के र माता फिनी मास्केका पाँचौ सन्तानका रूपमा भएको हो । साहित्यिक यात्राको झण्डै चार दशक लामो समय पार गरिसकेकी



सर्वस्व नेपालको सम्मान ग्रहण गर्ने क्रममा रेवती राजभण्डारी ।



इलोहः पुरस्कार ग्रहण गर्दै रेवती राजभण्डारी ।

राजभण्डारीले पद्य र गद्य विधाका माध्यमबाट नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिएकी छन् ।

मध्यमवर्गीय परिवारमा जन्मेकी रेवतीको बाल्यकाल सुखपूर्वक नै बितेको थियो । उनलाई घरपरिवारको पाठशालामा चार-पाँचवर्षकै उमेरमा अक्षरारम्भ गराउने काम भएको थियो । बाबुको रेखदेख, निर्देशन र नियन्त्रणमा रेवतीले अक्षरारम्भ गरेकी थिइन् भने आफ्नै दाजु र दिदीबाट पनि प्रशस्त सहयोग पाएकी थिइन् । रेवतीको औपचारिक शिक्षाको प्रारम्भ श्री शान्ति विद्या गृहबाट भएको थियो । वि.सं. २०१४ मा रेवती वैवाहिक बन्धनमा बाँधिन पुगिन् । वैवाहिक बन्धनसँगै एक दशकभन्दा लामो समय उनी अध्ययनकार्यबाट वञ्चित भइन् । वि.सं. २०२७ मा नारी शिक्षा निकेतन विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गरेकी राजभण्डारीले उच्च शिक्षा चाहिँ रत्नराज्य क्याम्पस तथा पद्मकन्या क्याम्पसबाट प्राप्त गरेकी थिइन् ।

'म को हुँ ?' शीर्षकको फुटकर कवितालेखनबाट साहित्यिकयात्रा प्रारम्भ गरेकी राजभण्डारी आफ्नै संवेदनशील हृदय, पतिको 'केही गर्नु पर्छ' भन्ने भावना आफ्नै छोरा सञ्जय राजभण्डारीको दुःखद् निधन र नेपाली साहित्यका अग्रणी साहित्यकारहरू लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, मदनदेव भट्टराई आदिका साहित्यिक सिर्जनशीलताबाट प्रभावित भई कविता सिर्जनामा संलग्न भएकी हुन् ।

रेवती बाल्यकालदेखि नै सरल स्वभावकी, तीक्ष्ण बुद्धिकी, तार्किक र जिज्ञासु हुनुका साथै केही जिद्दी स्वभावकी पनि थिइन् । स्नातकसम्मको अध्ययनपश्चात् पछि

नै उनी विभिन्न साहित्यिक तथा सामाजिक संघ-संस्थाहरूमा क्रियाशील भएको पाउन सकिन्छ । त्यसैगरी उनले साहित्यिक गतिविधि एवम् अन्य विविध कार्यका सिलसिलामा स्वदेशका जिल्लाहरू तथा विभिन्न देशहरू र तिनका प्रमुख सहरहरूको भ्रमणबाट त्यहाँका सामाजिक, सांस्कृतिक, आर्थिक तथा भौगोलिक पक्षको पनि जानकारी लिएकी छन् । सानैदेखि सरल, शिष्ट स्वभाव भएकी राजभण्डारीमा कल्पनाशीलता, संवेदनशीलता, एकान्तप्रियता तथा भावुकताजस्ता प्रवृत्तिहरू पाइन्छन् । राजभण्डारीको मूल रूचिको क्षेत्र अध्ययन र भ्रमण रहेका छन् भने जोशिला र शान्तिप्रिय गीतहरू सुन्न बढी मन पराउँछिन् । वैयक्तिक जीवनमा विशेष घटनाहरू आइपर्छन् त्यस्ता घटनाहरूबाट राजभण्डारी पनि अछुतो छैनन् । राजभण्डारीका कान्छा छोरा सञ्जय राजभण्डारीको चार वर्षको उमेरमा अचानक आगोमा परेर तथा पति लक्ष्मणमान राजभण्डारीको क्यान्सरका कारण हुन गएको निधनका घटना रेवती राजभण्डारीका सबैभन्दा दुःखद् क्षणका रूपमा रहेका छन् भने छोरा सत्यामान राजभण्डारीले एस्.एल्.सी. बोर्डमा प्रथम स्थान ल्याएको र सोही दिन उनको जन्मदिन परेकाले श्रीमान्ले उपहार दिएको घटना सबैभन्दा सुखद क्षणका रूपमा रहेका छन् । उनी विभिन्न सङ्घ-संस्था र समाजसँग सम्बद्ध विभिन्न क्षेत्रहरूमा पनि क्रियाशिल रहेकी हुनाले उनी विभिन्न पुरस्कारबाट समेत सम्मानित भएकी छन् । जीवनदर्शनका बारेमा उनी भन्छिन्-

'जीवन चेतनाको उत्कृष्ट स्वरूप हो । चेतना भनेको प्रकाशको प्रतीक हो । जीवन एउटा बलिरहेको दियो जस्तो हुनुपर्छ, एउटा यस्तो दियो जसले आफूलाई मात्र बाल्नु होइन त्यसले अरू दियोलाई पनि सल्काउनु पर्छ' भन्ने मान्यता उनको रहेको छ ।'

व्यक्तिको जीवनमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्व निर्माणमा कुनै पनि मानिसको जीवनभोगाइमा आउने विविध घटना, जीवनको चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूले प्रमुख भूमिका खेलेको हुन्छ । यसै गरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, समाजिक-साँस्कृतिक रूचि, पेशा, शिक्षादीक्षा आदिले पनि व्यक्तित्वको निर्माणमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । रेवती राजभण्डारी नेपाली साहित्यकी एक सर्जक व्यक्तित्व हुन् । उनी मूलतः साहित्यकार हुन् तापनि उनी साहित्येतर क्षेत्रमा पनि संलग्न भएको पाइन्छ । यसबाट उनको बहुमुखी प्रतिभाको निर्माण र बहुआयामिक व्यक्तित्वको निर्माण हुन पुगेको छ । उनको व्यक्तित्वलाई निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । राजभण्डारीको निजी व्यक्तित्वतर्फ दृष्टि दिंदा उनी सहज, सरल र शान्त देखिए पनि गहिरिएर हेर्दा, भित्रभित्रै कुनै कुराको चिन्तन गरिरहेको जस्तो उनको मुखाकृतिले देखाउँछ । चाकरी, चाप्लुसी गर्न पटक्कै मन नपराउने राजभण्डारीमा सहज, सरल, सहयोगी, भावुक, कर्तव्यपरायण, स्वावलम्बीजस्ता आन्तरिक गुणहरू पाइन्छन् । राजभण्डारीको निजी बाह्य व्यक्तित्वतर्फ

दृष्टि दिंदा उनी चार फुट दस इन्च अग्ली, मोटो र होचो कद, केही ठूलो टाउको, फराकिलो निधार, गहुँगोरो वर्ण, कालो र छोटो केश, तेजिला आँखा, गोलाकार नाक र प्रचण्ड मृखाकृतिजस्ता सुहाउँदा शारीरिक बनावट उनमा पाइन्छ । कुनै पनि विषयमा बोल्दा शिष्ट र मिठासपूर्ण ढङ्गले बोल्नु उनमा पाइने निजी विशेषता हो ।

रेवती राजभण्डारीको सार्वजनिक व्यक्तित्वभित्र देखिने साहित्यिक व्यक्तित्व र सामाजिक व्यक्तित्वतर्फ दृष्टि दिंदा राजभण्डारी ६८ वर्षको उमेरसम्म आइपुग्दा करिब तीन दशकको समय विभिन्न सङ्घ-संस्थामा हालसम्म पनि अटुट रूपमा कार्यरत रहेको पाइन्छ । उनले समाजसेवाका विभिन्न क्षेत्रहरूमा सक्रिय योगदान पुऱ्याउनुका साथै विभिन्न साहित्यिक सङ्घ-संस्थामा संलग्न रहेर आफ्नो कुशल परामर्श दातृ व्यक्तित्वको परिचय पनि दिएकी छन् । राजभण्डारी नेपालीभाषा र नेपालभाषाजस्ता दुई भाषामा सिर्जनात्मक योगदान गर्ने बहुमुखी नारी प्रतिभा पनि हुन् । साहित्यका कविता, कथा, निबन्ध, नाटक आदि क्षेत्रमा गरेको विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्वको निर्धारण हुने भएकाले राजभण्डारीको साहित्यिक व्यक्तित्व निर्माणमा विशेषतः कविता, कथा, बालकथामा दिएको योगदानले महत्वपूर्ण भूमिका खेलेको छ ।

रेवती राजभण्डारीले वि.सं. २०१५ देखि नै साहित्यलेखन प्रारम्भ गरेको भए पनि प्रकाशनका दृष्टिले उनको पहिलो कविता 'आमा नेपाल' शीर्षकको फुटकर कविता नै हो । जुन वि.सं. २०३१ मा पद्मकन्या क्याम्पसको वर्ष ६, अङ्क ६ को कस्तूरी पत्रिकामा प्रकाशित भएको थियो । यसरी राजभण्डारी कविताका माध्यमबाट नेपाली साहित्यमा सार्वजनिक रूपले देखापरेकी हुन् । साहित्यसिर्जनातर्फ कविता, कथा, बालसाहित्यका क्षेत्रमा कलम चलाए पनि उनलाई साहित्यकारका रूपमा स्थापित गर्ने उर्वर एवम् प्रभावशाली क्षेत्र कविता नै रहेको छ ।

साहित्य सरल र सरस हुनुपर्छ भन्ने राजभण्डारीको धारणा रहेको पाइन्छ । त्यही मान्यताअनुसार उनका रचना सरल र सहज रहेका छन् । साहित्य सर्वसाधारणले पनि बुझ्न सक्नुपर्छ भन्ने मान्यता अनुरूप उनले आफ्ना रचनाहरूमा क्लिष्टता र दुरूहता आउन नदिन सरल, सरस र सुबोध्य भाषाशैलीको प्रयोग गरेकी छन् । सरस भाषा प्रयोगका कारण उनका रचनाहरू मार्मिक बन्न पुगेका छन् । आफ्ना सिर्जनामा देखेका, भोगेका, सुनेका कुरालाई यथार्थपरक ढङ्गले इमान्दारीपूर्वक प्रयोग गरी यथार्थको चित्रण गर्ने भएकाले उनलाई सामाजिक यथार्थवादी साहित्यकारका रूपमा लिन सकिन्छ । नेपाली साहित्यका कविता, कथा र बालसाहित्यका क्षेत्रमा राजभण्डारीले पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ ।

नेपाली साहित्यकाशमा उदाएका केही न्यून महिला साहित्यकारहरूको पङ्क्तिमा आफ्नो नाम सफलतापूर्वक अङ्कित गर्न सक्षम रेवती राजभण्डारीले कविता, कथा तथा बालसाहित्यमा पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ । आफ्नो जीवनको सान्ध्य प्रहरमा पुग्दासमेत अझै साहित्यसाधनामा तल्लीन राजभण्डारीले महिला



विदेश भ्रमणका क्रममा छोरा डा. सत्यनमान राजभण्डारीका साथ रेवती राजभण्डारी ।

साहित्यकारको अभावमात्र पूर्ति गरेकी छैनन, आफ्ना रचनामार्फत मूल्यहरूको सम्प्रेषण गरी प्रतिस्पर्धात्मक साहित्यिक युगमा पनि आफूलाई उच्च दर्जाको गहकिलो स्थानमा सुरक्षित उभ्याएकी छन् । रचनाहरूबाट प्राप्त नीति, जीवनदर्शन, नारीअधिकार, बालशिक्षा तथा मनोरञ्जनजस्ता विषयलाई सौन्दर्य तत्वले रङ्गाएर पाठकसामु पुऱ्याउने रेवती राजभण्डारीका कृतिभित्र निहित उद्देश्यले गुणात्मक योगदानलाई माथि उठाएका छन् । यसैगरी विभिन्न विधामा कलम चलाई त्यसमा सफलतासमेत प्राप्त गरेर विभिन्न उच्च तहका साहित्यिक कृतिहरू पस्कने राजभण्डारीका कृतिहरूको सङ्ख्यात्मक परिमाणबाट उनको परिमाणात्मक योगदान आकलन गर्न सकिन्छ । यसरी नेपालीभाषा, साहित्य र समाजसेवाको माध्यमबाट देशलाई सम्बृद्ध तुल्याउन अहोरात्र, आजीवन सक्रिय रेवती राजभण्डारीको योगदानलाई नेपाली साहित्यको इतिहासमा एउटा विशिष्ट आयामको रूपमा स्वीकार गर्दै स्मरण गर्न सकिन्छ ।

●●●

# खण्ड–पाँच

## ल्हुन्डुप लामाको सङ्क्षिप्त जीवनी




शान अवार्डको अन्तर्राष्ट्रिय उपाधि ल्हुन्डुप लामालाई किन ?

- बुद्धधर्म र बौद्धिक संस्कृतिका अनुयायी,
- शान्ति, विकास र एकताका पक्षधर,
- उत्पीडित शेर्पा समुदायका मार्गदर्शक,
- बौद्धधर्मका प्रचारक तथा बौद्धधर्म लामागुरू,
- डुग पाल्देन फुन्छोगलीङ्ग गुम्बाका प्रमुख संस्थापक,
- धेरै धार्मिक तथा सांस्कृतिक संघसंस्थामा संलग्न,
- बौद्धधर्म र दर्शनका ज्ञाता,
- मानवतावाद र शान्तिका प्रणयेता,
- समाजसेवामा विशिष्ट योगदान,
- नेपालका वरिष्ठ शान्ति अभियन्ता,
- सामाजिक न्याय र विकासका पक्षधर,
- देश, समाज र राष्ट्रप्रति चिन्तनशील,
- निर्णायक समितिको छनोटमा पर्न सफल ।

# ल्हुन्डुप लामाको

# सङ्क्षिप्त जीवनी



किशोरावस्थामा पिता र माताका साथ ल्हुन्डुप लामा ।

मान्छे न त पशु हो न ऊ ईश्वर नै बन्न सक्छ, मान्छे केवल मानिस हो, पशुदेखि माथि र ईश्वरदेखि तल, मानिस इतिहासको संयन्त्र होइन र उसको खोज तथा कार्य भोजनको लागि मात्र हुँदैन, मानिस एक बहुआयामिक बहुक्षमता र बहुप्रतिभा भएको सचेत, चेतनशील, निर्भिक, कर्तव्यनिष्ठ र दिव्य प्राणी हो । मानिस समाजको पथप्रदर्शक राष्ट्रको अटल धरोहर र राष्ट्रियताको अखण्ड पहरा हो । उसको पलपलका गतिविधि, सोच, विचार र भावना समाज तथा राष्ट्रसँग सम्बन्धित भएर आउनुपर्छ । मानिस जे बोल्छ र जे गर्छ, त्यो समाजको लागि हुनुपर्छ । जुन मानिसले समाज र राष्ट्रको लागि केही गर्दैन, आफ्नो बुद्धि र विवेकलाई रचनात्मक भएर प्रस्तुत गर्दैन भने त्यो मानिस भएर पनि मानिस बन्न सक्दैन । मानिस बन्न मानिसभित्र मानवमन र सिर्जनात्मक क्षमता हुनुपर्छ । तबमात्र मानिस एउटा सार्थक प्राणी बन्न सक्छ । मानिसलाई ईश्वरले आफूभन्दा तल र पशुभन्दा माथि राखेर सिर्जना गर्नुको प्रमुख उद्देश्य पनि यही नै हो । तर समकालीन मानवसमाजमा उपरोक्त मानवीय गुण भएका मानिस पाउनु ढुंगाबाट पानी निकाल्न खोज्नुजस्तै भएको छ । अहिलेका मानिस केवल खानका लागि खाएर मात्रै बाँचिरहेका छन् । उसको खोज, सिर्जना, काम र सक्रियता केवल आफ्नै लागि केन्द्रीत भइरहेको छ । यस्तो दयनीय मानवीय परम्पराले निरन्तरता लिइरहेको अवस्थामा शालीन,


शान्ति, सुसंस्कृत, समृद्ध र प्रभावशाली सामाजिक संरचनाको परिकल्पना बाटोमा हिंड्दै गर्दा देखिएको सपनाजस्तो हुने हो कि भन्ने चिन्ता व्याप्त रहेको छ । यद्यपि सामाजिक खोजका सन्दर्भमा देखिएका केही सीमित व्यक्तित्वहरूका योगदानलाई सकारात्मक दृष्टिले हेर्ने हो भने हामीले परिकल्पना गरेको समाज धेरै टाढा छ भन्न सकिँदैन । यस्तै सामाजिक न्याय, सामाजिक एकता, मानवीय शान्ति र सामाजिक समृद्धताको क्षेत्रमा निःस्वार्थ रूपले काम गर्ने व्यक्तित्वहरूमध्ये ल्हुन्डुप लामाको नामलाई प्रमुखताका साथ लिन सकिन्छ । शान्ति र शालीनताका प्रतिक, धर्म र संस्कारका संरक्षक, मानवीय एकता र सामाजिक न्यायका प्रतिपालक, उपेक्षित समुदायका मार्गदर्शक तथा बौद्धधर्म लामागुरू वरिष्ठ समाजसेवी ल्हुन्डुप लामाको जीवन र जीवनसँग सम्बन्धित घटनाक्रम, प्रवृत्ति तथा योगदानका विषयमा संक्षिप्त अध्ययन गर्ने प्रयास प्रस्तुत स्तम्भमा गरिएको छ ।



लुम्बिनी भ्रमणका क्रममा श्रीमतीका साथ ल्हुन्डुप लामा ।

भौगोलिक र सांस्कृतिक विविधताको मुलुक नेपाल वास्तवमा शेर्पालगायत करिव सय जातजाति, बयान्नब्बे भाषाभाषी र विविध धार्मिक तथा सांस्कृतिक समुदायहरूको संगमस्थल हो । नेपालको धरातलीय विविधताका कारण उत्पन्न भिन्नभिन्न भौगोलिक वातावरणमा भिन्नभिन्न जातीय तथा सांस्कृतिक समूहहरूको बसोबास रहेको पाइन्छ । धरातलीय हिसाबले हिमाली, पहाडी र तराई प्रदेशमा फरकफरक सामाजिक जनजीवन, परम्परा, संस्कृति र प्रचलन रहेको पाइन्छ । फरकफरक जातिमा मात्र होइन एकै जाति र समुदायमा पनि भौगोलिक धरातलका आधारमा धर्म, संस्कृति, परम्परा, रीतिरीवाज तथा भेषभूषामा भिन्नता रहेको देख्न सकिन्छ । यस्तै विविधतापूर्ण सामाजिक संरचना भएको विशेषगरी हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा जाति नेपालको प्राचीन आदिवासी समुदाय हो । ईशाको आठौं शताब्दीको शुरूतिर नै हिमाली प्रदेशमा शेर्पा समुदायको बसोबास रहेको पाइए पनि नवौं शताब्दीको मध्यतिर मात्र यस जातिको विधिवत पहिचान भएको थियो । तर केही इतिहासकारहरूका अनुसार शेर्पा समुदायको उत्पत्तिथलो नेपाल नभएर चीनको स्वशासित क्षेत्र तिब्बत हो भन्ने पनि गरिन्छ ।

उनीहरूका अनुसार ईशाको नवौं शताब्दीको प्रारम्भतिर तिब्बतको उच्च हिमाली भेगबाट भागेर आएका लेप्चा नै शेर्पा समुदाय भएका र उनीहरूले नै यस क्षेत्रमा बसोबास शुरू गरेका हुन् । यस्तै अर्को एक अध्ययनअनुसार ईशाको सातौं शताब्दीको मध्यतिर सोलुखुम्बु जिल्लाको छेस्काम भन्ने ठाउँमा लामालामा कपाल भएका भेडाको बक्खौ लगाउने केही मानिस देखिएका र ती मानिसहरू नै शेर्पा समुदायको पुर्खा हुनसक्ने उल्लेख भएको पाइन्छ । तर यथार्थ जे भए पनि ऐतिहासिक पृष्ठभूमिका आधारमा शेर्पा समुदाय नेपाली समाजको अभिन्न अंग नेपालकै रैथाने आदिवासी जनजाति हुन । नेपाल एकीकरणपछि पनि राम्रै अस्तित्व स्थापित गरेको शेर्पा समुदाय राणाशासनको उदयसँगै सामाजिक तथा सांस्कृतिक रूपबाट दमित हुन पुगेको देखिन्छ । तापनि उनीहरूको आफ्नो धर्म, संस्कृति, परम्परा र संस्कारले गर्दा विस्तारित हुने क्रम रोकिएन । राष्ट्रिय/अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा यी समुदायको पहुँच महत्वपूर्ण रहन पुग्यो । बौद्धधर्म र संस्कृतिका प्रणेताका रूपमा चिनिने शालीन, शान्त र गम्भीर स्वभावका शेर्पा समुदाय समयक्रमसँगै व्यापक रूपमा फैलिएर आफ्नो सामुदायिक अस्तित्व निर्माण गर्न सफल भएको पाइन्छ । सामुदायिक एकता र सामुहिक भावना भएका शेर्पा समुदायको पुर्ख्यौलीथलो सोलुखुम्बु भन्ने गरिए पनि हिमाली क्षेत्रका ओखलढुंगा खोटाङ, ताप्लेजुङ, भोजपुर, इलाम आदि जिल्लालाई प्रमुख स्थलका रूपमा लिने गरिन्छ । यिनै स्थानहरूबाट भौगोलिक सुविधा र अनुकूलताको



तातोपानी गाविसको एक कार्यक्रममा मन्तव्य राख्दै ल्हुन्डुप लामा ।

खोजी गर्ने क्रममा अल्पसंख्यक अवस्थामा रहेका शेर्पा समुदाय देशैभरि फैलिएका हुन् भन्न सकिन्छ ।

लामाशेर्पा, लामागोनपा, शालाका, खाम्बाच्छे, ठाक्थो, गर्चा, गोफार्माजस्ता विविध थर-उपथर भएका शेर्पा समुदायमा लामा थर भएकालाई विशेष महत्वका रूपमा लिने गरिन्छ । धर्मशास्त्र, ज्योतिषशास्त्र तथा कर्मकाण्डका क्षेत्रमा लामाहरूको प्रमुख योगदान रहेकाले पनि यो जाति शेर्पा समुदायकै गुरुवंशको रूपमा स्थापित भएको पाइन्छ । आफ्ना पुर्खाका बारेमा स्पष्ट अभिलेख नभए पनि तत्कालीन धर्मगुरु लेकर्मा लामा नै आफ्ना पुर्खा हो भन्ने यो जातिमा आमप्रचलन रहेको पाउन सकिन्छ । यिनै लेकर्मा लामाको दशौं पुस्ताको रूपमा कामी लामाको जन्म दोलखाको घाङतोकमा भएको थियो ।

पुर्ख्यौली थलो सोलुखुम्बु भए पनि कामी लामाका बाजे दोलखाको घाङ्तोकमा बसाई सरी बसोबास गर्न थालेका थिए । घुमन्ते पेशामा सक्रिय कामी लामाका दाजुभाइले पछिल्लो कालमा सिन्धुपाल्चोक जिल्लाको तातोपानी गाविसस्थित कोदारीमा पनि केही जग्गाजमिन किन्न पुगे । समयक्रमसँगै सन् १९१८ ताका कामी लामा बन्धु दोलखाको घाङ्तोकबाट पनि सिन्धुपाल्चोकको कोदारीमा बसाई सरे । कामी लामाका तीन छोराहरू थिए । जसमध्येका माइला छोरा सोनाम लाप्टाङ गुम्बाको आठौं औतारी लामा घोषित भए । सोनाम आठौं औतारी लामा भएकाले तिब्बतको लाप्टाङबाट लामागुरुहरू आई उनलाई लिएर गए । छोरा सोनाम लाप्टाङको गुम्बामा गई बस्नु परेकाले कामी लामा पनि आफ्ना अन्य छोराहरू लिएर लाप्टाङ गई बस्न थाले ।

लाप्टाङ (तिब्बत) बौद्धधर्म र बौद्धसंस्कृति अवलम्बन गर्ने शेर्पा समुदायको आधारभूमि हो । आठौं शताब्दीको अन्त तथा नवौं शताब्दीको शुरूतिर हिमाली देश भोटबाट बौद्धधर्म र बौद्धसंस्कृतिका बारेमा प्रचारप्रसार गर्न तथा बौद्धशिक्षा अध्ययन गराउन तिब्बतका तत्कालीन राजा ठिसोङ देउचेनको निमन्त्रणामा दर्जनौं लामागुरुहरू आई त्यस क्षेत्रमा बस्न थाले । पछि भारतको नालन्दा तथा बंगालबाट पनि केही लामागुरुहरू यस क्षेत्रमा आई बौद्धशिक्षा अध्ययन गराएको पाइन्छ । यसपछि क्रमिक रूपमा तिब्बतको विभिन्न स्थानहरूको साथै नेपालको हिमाली जिल्लाहरूबाट पनि यस ठाउँमा भिक्षु बन्न आउनेहरूको संख्या अधिक रहेको पाउन सकिन्छ । बौद्धधर्म सम्प्रदायका सेवक कामी लामाले आफ्नो जेठा छोरा कुनसाङ येशेलाई पनि बौद्धशिक्षा अध्ययनका लागि लाप्टाङस्थित गुम्बामा नै भर्ना गरिदिए । उनका दुई छोराहरू बौद्धधर्मका बारेमा उच्चशिक्षा प्राप्त गर्न सफल भए । यसै क्रममा करिब ७० वर्षको उमेरमा अज्ञात रोगका कारण कामी लामाको देहान्त हुन पुग्यो । पिताको मृत्युपछि छोराहरूमा शोकको भार पर्न गयो । पिताको काजक्रिया सम्पन्न गरी लामागुरु बन्न सफल भइसकेका कुनसाङ येशे सिन्धुपाल्चोकको लिस्तीमा आई सपरिवार बस्न थाले । सोनामको परिवार लाप्टाङमै थियो भने कान्छा छोरा ताम्डीन लामा दोस्रो




तातोपानी व्यापार संघको साधारणसभामा सहयोगीलाई सम्मान गर्दै ल्हुन्डुप लामा ।

विश्वयुद्धताका वृटिश सेनामा भर्ती हुन गए ।

यसै समय अर्थात् सन् १९५९ सालमा तत्कालीन चीन सरकारले तिब्बतमाथि आक्रमण गर्‍यो र यहाँका धेरै मानिसहरू नेपालको विभिन्न स्थानमा गई बस्न थाले । जसमध्येका सोनाम लामा भने आफ्नै पिताले सिन्धुपाल्चोकको कोदारीमा किनेर राखेको जग्गामा घर बनाई बस्न थाले । यिनै सोनाम लामा तथा श्रीमती देछेन लामाको कोखबाट जन्मिएका दुई सन्तानमध्ये ल्हुन्डुप लामा एक थिए ।

प्रसिद्ध चिनियाँ खासाबजारको दक्षिणी भाग, अविच्छिन्न बग्ने भोटेकोसीको नेपाली मुहान, देहाती शैलीको लिपिङबजारको उत्तरीभाग तथा हिमाली राज्य तिब्बतको काखमा अवस्थित लाप्टाङमा पिता सोनाम लामा तथा माता देछेन लामाको संसर्गबाट वि.सं. २००५ साल वैशाख ५ गतेका दिन कान्छो सन्तानका रूपमा ल्हुन्डुप लामाको जन्म भएको थियो । तिब्बतको लाप्टाङमा जन्मिए पनि ल्हुन्डुपको बाल्यकाल भने थामीगाऊँ तार्तुङ र छेर्माङडाँडाको तल्लो भागमा रहेको सिन्धुपाल्चोक जिल्ला तातोपानी गाविस-१ स्थित कोदारीमा सम्पन्न भएको थियो ।

ल्हुन्डुप लामा बाल्यकालमा अत्यन्त सरल, शान्त, मिलनसार र गम्भीर स्वभावका थिए । धेरै नबोल्ने, साथीहरूसँग मिलेर बस्ने र मातापिताका आज्ञा पालन गर्ने आज्ञाकारी बालकका रूपमा यिनी परिचित थिए । पिता बौद्ध सम्प्रदायका प्रसिद्ध आठौं औतारी लामागुरू भएकाले यिनको आर्थिक स्थिति सुधारोन्मुख थियो । मध्यम तथा

धार्मिक परिवारमा जन्मिएका लामाको बाल्यकाल आंसिक रूपमा सुखमय नै रहेको थियो । आफ्नो घरसँगै रहेको खोल्सामा यिनी साथीहरूसँग नियमित रूपमा जाने गर्दथे । उक्त खोल्सालाई भोटेकोशीको रूपमा लिई साथीहरूसँग यिनी विभिन्न खेलहरू खेल्ने गर्दथे । खोल्साको किनारमा पाइने ढुंगाको मट्यांग्राहरू संकलन गरी सानो दहमा फाल्ने र बालुवा खोस्रेर पोखरी बनाउने कार्यमा यिनी साथीहरूलाई सहयोग गर्ने गर्दथे । तत्कालीन समयमा प्रचलित बालखेलप्रति पनि यिनको सहभागिता बेलाबेलामा रहने गर्दथ्यो । यिनी यदाकदा दिदी सेमसाङसँग घाँसदाउरा खोज्न तथा गोठालो पनि जाने गर्दथे । सामान्य बालकमा विशेषताको रूपमा हुने झगडालुपन, क्षुद्रता र असन्तोषजस्ता कुराहरू यिनमा थिएन । यिनी सामान्य बालकभन्दा फरक प्रवृत्तिका थिए । यिनमा कसैप्रति रिसराग, डाहा र इर्ष्या थिएन । हुने बिरूवाको चिल्लोपात भनेझैं यिनी अत्यन्त सरल र गम्भीर स्वभावका थिए । सम्पन्न परिवारको एक्लो छोरा भएकाले यिनले मातापिता, दिदी तथा आफन्तबाट प्राप्त गर्नुपर्ने सबै किसिमका मायाममता तथा सुखसुविधा पाएका थिए । यिनको एकमात्र दिदी सेमसाङ थिइन् । जसको मित्रवत् सान्निध्यमा फल्ने फुल्ने तथा हुर्कने सौभाग्य यिनले प्राप्त गरेका थिए । बाल्यकालको केही समय लाप्टाङमा रहेर गुजारेका ल्हुन्डुपको बाल्यकालमा कुनै खास उल्लेखनीय घटना वा दुर्घटना भएको पाइँदैन । यसरी यिनको बाल्यकाल सरल र सामान्य रूपमा विना कुनै अवरोध सम्पन्न भएको थियो ।



सहकर्मी लामाहरूलाई पूजा गराउँदै ल्हुन्डुप लामा (बायाँबाट पहिलो) ।

ल्हुन्डुपका पिता आठौं औतारी लामा हुनाको साथसाथै ठूलोबुवा र मामाहरू पनि बौद्धधर्मका वरिष्ठ लामागुरुहरू थिए । उनीहरू बौद्धधर्मसँग सम्बन्धित विशिष्ट धर्मग्रन्थहरूको अध्ययनअध्यापनमा संलग्न थिए । पारिवारिक धार्मिक माहोल तथा लामागुरूका छोराको रूपमा जन्मिएका ल्हुन्डुपको शिक्षादीक्षा बाल्यकालमै शुरू भएको थियो । यिनको औपचारिक शिक्षाको शुरूवात मामाघरपटीका बाजे पासाङ छिरिङ लामा तथा पिता सोनाम लामाको सहयोगमा आफ्नै मातृभाषा, तिब्बतियनभाषा तथा नेपालीभाषाका वर्णहरूबाट भएको थियो । विभिन्न भाषाका वर्णहरूको माध्यमबाट घरमै बसी स्वाध्ययन गर्दै आएका ल्हुन्डुपलाई दशवर्षको उमेरमा वि.सं. २०१७ सालमा कोदारीस्थित टिबेटियन रेफ्युु (हालको कोदारी उच्च मावि) मा कक्षा एकमा भर्ना गरिएको थियो । राजाको जेठो छोरा राजा र लामाको जेठो छोरा लामा हुनुपर्छ भन्ने परम्परावादी मान्यताअनुसार ल्हुन्डुपलाई विद्यालयीय शिक्षा नपढाएर बौद्धशिक्षा पढाउने पारिवारिक निर्णय भयो । जसका कारण उनले त्यहाँ कक्षा ३ सम्म मात्र पढन् पाएका थिए । यसपछि उनले औपचारिक रूपमा स्कुलेशिक्षाको अध्ययन गर्न पाएनन् । तीन कक्षासम्म मात्र पढी स्कुल छोड्न पुगेका ल्हुन्डुपले वि.सं. २०२० सालमा ठूलोबुबा कुनसाङ येशेको नियन्त्रणमा रही सिन्धुपाल्चोकको लिस्तीमा बौद्धशिक्षाको अध्ययन गर्न थाले । बौद्धिक शिक्षाको प्रारम्भिक अध्ययनको क्रममा यिनले पूजा गर्ने तरिका, बौद्धसंस्कृतिसँग सम्बन्धित सामग्री बनाउने तरिकाका साथै बौद्धशिक्षासँग सम्बन्धित पुस्तकहरूका बारेमा जानकारी हासिल गर्न सफल भए । यसपछि थप अध्ययनका लागि यिनी हेलम्बुस्थित भगम् गुम्बामा पुगे । यहाँ यिनले लोरिम ङापा, लोरिम दुपा, लोरिम धुम्पा, लोरिम गेपा तथा लोरिम गुपासम्मको थप अध्ययन सम्पन्न गरे । यस गुम्बाको अध्ययनबाट यिनले बौद्ध संस्कृतिका साथै बौद्धधर्मका बारेमा महत्वपूर्ण ज्ञान आर्जन गर्न सफल भए । यसै गुम्बाबाट यिनले प्रमुख लामागुरू पम्वर घेसेको सत्शिक्षामा ज्योतिषशास्त्र र आयर्वेदशास्त्रको अध्ययन पनि सम्पन्न गरे । शिक्षाप्रतिको लगाव र लगनशील स्वभाव देखेर गुरूहरू यिनीप्रति अत्यन्त प्रभावित बन्न पुगे । जसले गर्दा थप उच्चशिक्षा अध्ययनका लागि यिनलाई दार्जिलिङको चित्रेगुम्बामा पठाउने निर्णय भयो । फलस्वरूप थप ज्ञान हासिलको सिलसिलामा यिनी दार्जिलिङको चित्रेगुम्बा पुगे । पढाइप्रतिको उच्चलगाव तथा अथक मेहनेतको परिणामस्वरूप यिनले नेपालीमा एमएसरहको उच्च शिक्षा हासिल गर्न सफल भए । यसपछि औपचारिक अध्ययन विसर्जन गरेका लामाले बौद्धिक शिक्षासँग सम्बन्धित धर्मग्रन्थहरूको अनौपचारिक अध्ययनलाई भने जारी राखे । जसको कारण यिनले ४५ वर्षको उमेरमा वरिष्ठ धर्म लामागुरू सेङडाक रिन्पोछे मार्फत् खेम्बुको उच्च उपाधि हासिल गर्न सफल भए ।

बौद्धशिक्षाको माध्यमबाट उच्चशिक्षा अध्ययन गरी विशिष्ट ज्ञान प्राप्त गर्न सफल भएका ल्हुन्डुपले २५ वर्षको उमेरमा वि.सं. २०३० सालमा तातोपानी-३ लिपिङ निवासी पेम्बा घ्याल्छेन (बज्रचार्य) तथा सेर्की डोल्माकी एक्ली छोरी ङवाङ छोटेन लामाको

साथ प्रेमविवाह गर्न पुगे । विवाहलाई परम्परा र रीतिरिवाजको रूपमा मात्र नलिएर व्यक्तिगत आवश्यकता तथा महत्वका रूपमा ग्रहण गर्न चाहने लामाको वैवाहिक जीवन अत्यन्त महत्वपूर्ण र रचनात्मक बन्न पुग्यो । आफूजस्तै सरल, मिलनसार र समझदार पत्नी ङवाङका कारण ल्हुन्डुपले कहिल्यै पनि मानसिक तनावमा बस्नु परेन । बरू पत्नीको अपूर्व सहयोग र शालिनतापूर्ण व्यवहारले उनलाई सफलताको शिखरतर्फ उन्मुख गरायो । जीवनलाई सकारात्मक रूपमा ग्रहण गर्ने ल्हुन्डुप दम्पतिको आपसी संसर्गबाट दुई छोराहरू टासी तेन्जिङ लामा र सांगे लामा तथा ४ छोरीहरू पेमा लामा, दिकी शेर्पा, छेतेन डोल्मा तथा छिरिङ नामडोल गरी ६ सन्तानहरूले जन्म लिए । जसमध्ये जेठो छोरा तेन्जिङ श्रीमतीका साथ अमेरिकामा बस्छन् भने कान्छो छोरा साङे स्वदेशमै यातायात व्यवसायमा संलग्न रहेका छन् । यसैगरी चार छोरीमध्ये जेठी पेमा शृङ्गार व्यवसायमा संलग्न छिन् भने माइली दिकी विवाह गरेर बसेकी छिन् । यस्तै साहिंली छेतेन स्वदेशमै उच्चशिक्षा अध्ययनको क्रममा छिन् भने कान्छी छिरिङ अध्ययनको सिलसिलामा बेलायतमा रहेकी छन् । जिम्मेवारीपूर्वक आ-आफ्नो क्षेत्रमा क्रियाशील सबै छोराछोरीमा बाबुआमाको शालीन, शान्त र सरल स्वभावको प्रभाव परेको देख्न सकिन्छ । चार छोरी र दुई छोराको पिता ल्हुन्डुप श्रीमती ङवाङका साथ धार्मिक गतिविधिमा संलग्न रहेर कोदारीमा बस्दै आएका पाइन्छन् ।




तातोपानी महोत्सव-२०६५ को उद्घाटन समारोहमा सहभागीका साथ ल्हुन्डुप लामा (दायाँबाट दोस्रो ।)

६ नातिनातिनाको बाजेसमेत रहेका ल्हुन्डुपको आयस्रोतको क्षेत्र भनेको धार्मिक अनुष्ठानबाट प्राप्त दानदक्षिणाका साथै खेतीकिसानीबाट उपलब्ध हुन आउने अन्नबाली नै हो । जीविकोपार्जनको लागि अन्य पेसागत व्यवसायमा संलग्न नदेखिएका लामा आफूले सम्पन्न गराएको धार्मिक अनुष्ठानबाट उपलब्ध हुन आएको आम्दानीप्रति सन्तुष्ट नै देखिन्छन् । सरल सामान्य जीवनशैली बिताउन तल्लिन लामाका छोराहरू आफैं कमाउन सक्ने भइसकेकाले आर्थिक अवस्था क्रमिक रूपमा सुधारोन्मुख पाइन्छ । काठमाडौंमा एक पक्की घरका साथै कोदारीमा घरबारी भएकाले लामाको आर्थिक स्तर सक्षम देख्न सकिन्छ ।

बाल्यकालदेखि नै गम्भीर प्रवृत्तिका लामा किशोरावस्थामा प्रवेशसँगै सामूहिक कार्यमा संलग्न रहन पुगेका थिए । प्रत्येक गुरु धर्मगुरुले गर्ने नियमित कार्य नै समाजसेवाको एक महत्वपूर्ण पक्ष मानिन्छ । तथापि आयमूलक कार्यबाहेक समाज तथा समाजहितमा गरिने निःस्वार्थ सेवा नै समाजसेवा भएकाले ल्हुन्डुप लामामा समाजमा सङ्गठित भएर काम गर्ने शैलीको विकास बौद्धशिक्षा अध्ययनताकाबाट नै हुन थालेको पाइन्छ । गुम्बाको आन्तरिक नियम तथा कडा अनुशासनले गर्दा पनि यिनमा सामाजिक भावनाको विकास उच्च रूपले हुन पुगेको देखिन्छ । हेलम्बुको भगम् गुम्बामा रहँदा पनि यिनी साथीहरूसँग मिलेर गुम्बाको सरसफाइ, मर्मतसम्भार तथा बगैंचाको गोडमेल गर्ने कार्यमा सक्रिय रहने गर्दथे । हरसम्भव सामूहिकताका विषयमा छलफल र वहस



शुभचिन्तकको खादा ग्रहण गर्दै ल्हुन्डुप लामा ।

चलाउने लामा किशोरावस्थाबाट नै कुनै न कुनै ढंगले सामाजिक कार्यकर्ताको रूपमा परिचित भइसकेका थिए ।

पढाइ सम्पन्न गरी गृहजिल्ला फर्केपछि यिनले समाजसेवाको कार्यलाई दैनिक जीवनसँग जोड्न पुगे । पिछडिएका जातिहरूको बाहुल्यता रहेको कोदारी आसपासका क्षेत्रमा सर्वप्रथम यिनले शैक्षिक चेतनाको विकास गरे । शिक्षाको महत्व बुझेका लामाले सबै बालबालिकालाई स्कुल भर्ना गर्न र शिक्षाको उज्यालो ज्योति छर्न गाउँलेलाई अनुरोध गरे । यसै समयमा यिनले जातिय एकतालाई सबल तुल्याउन जनजागृतिपूर्ण कार्यहरूको पनि थालनी गरे । यसरी तत्कालीन ग्रामीण परिवेशमा लामा नै नवीन दृष्टिकोणको केन्द्रविन्दु बन्न पुगे भने सामाजिक सामूहिक संस्कार अनुकूलका कार्यमा यिनी बढी सक्रिय देखा परे । सामुदायिक एकता, विश्वास र विकासका साथै धर्म, संस्कृति, परम्पराको निरन्तरता एवम् गुम्बाको निर्माण गर्ने कार्यमा समेत लामाको उल्लेखनीय योगदान रहेको स्मरण गर्दै लिपिङका स्थानीय समाजसेवी पासाङ तेम्पा शेर्पा भन्छन् :

भैले उहाँ ल्हुन्डुपलाई २०१५ सालदेखि नै चिनेको हो । उहाँ साह्रै असल, भद्र, मिलनसार र सहयोगी भावनाको हुनुहुन्थ्यो, अहिले पनि त्यस्तै हुनुहुन्छ । कसैसँग नराम्रो व्यवहार नगर्ने, नराम्रो नबोल्ने, नरिसाउने र प्रायः सधैं गम्भीर चिन्तनमा डुबिरहने उहाँको बानी छ । सबैलाई समान व्यवहार गर्ने, घमण्ड नगर्ने र सधैं हाँसेर बोल्ने उहाँको विशिष्ट स्वभाव हो । हाम्रो गाउँ र समुदायको विकासमा उहाँको ठूलो योगदान रहेको छ । खानेपानी, बिजुली, स्कुलजस्ता विकास निर्माणका कार्यहरू उहाँकै अगुवाइमा सम्पन्न भएको हो । उहाँ यो ठाउँ र सबै गाउँलेको उज्यालो हुनुहुन्छ । उहाँ हाम्रो लामागुरू मात्र नभएर अभिभावकको भूमिकामा रहनुभएको छ । हाम्रो धर्मसंस्कृति र परम्पराको उहाँले नै नेतृत्व गर्दै आउनुभएको छ । गाउँलेलाई केही समस्या पर्‍यो, कोही बिरामी भयो, कसैले खान पाएन भने समाधान गर्ने उहाँ नै हो । यो क्षेत्रमा उहाँलाई नराम्रो भन्ने कोही छैन । सबै जात, धर्म र सम्प्रदायका मानिसले उहाँलाई अत्यन्त आदर, सम्मान र गौरवका साथ लिने गर्दछन् । यहाँ मात्र नभएर लाप्टाङभरि उहाँको विशेष महत्व रहेको छ ।'

हिमाली शेर्पा संघ, धर्मचक्र सेवासमाज, धर्मोदय सभा, मितेरी युवाक्लब, कोदारी उच्च माविजस्ता दर्जनौं संघसंस्थाहरूमा आफ्नो संगठनात्मक योगदान दिन सफल लामा डुगपाल्देन फुन्छोगलीङ्ग गुम्बाका प्रमुख लामागुरू पनि रहेका छन् । यतिका संख्यामा धार्मिक, सांस्कृतिक, शैक्षिक एवम् सामाजिक महत्व बोकेका संघसंस्थामा संलग्न भई लामाले जेजस्तो सेवा पुऱ्याए त्यसबाट प्रस्तुत क्षेत्रतर्फको उनको सेवाभाव तथा योगदान स्पष्ट प्रमाणित हुन आउँछ । जीवनलाई सदैव सामूहिक कार्यमा अग्रसर तुल्याइरहनुपर्छ भन्ने उनको भावनालाई पनि उपरोक्त सन्दर्भहरूले पुष्टि गरेको पाइन्छ । सामाजिक, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा उनको संलग्नता विगतको तुलनामा अहिले थप मजबुत र विशिष्ट स्थानमा रहेको पाउन सकिन्छ । ल्हुन्डुप लामा




गुम्बाको कार्यक्रममा झ्याम्टा बजाउँदै ल्हुन्डुप लामा ।

संलग्न भएका संघसंस्थाहरू यसप्रकार रहेको पाइन्छ :

- धर्मोदय सभा - आजीवन सदस्य
- नेपाल रेडक्रस सोसाइटी - आजीवन सदस्य
- धर्म चक्र सेवा समाज - सभापति
- हिमालयन आम्ची एसोसिएसन - कोषाध्यक्ष
- हिमाली शेर्पा संघ - सल्लाहकार
- कोदारी निमावि - संस्थापक सदस्य
- कोदारी उच्च मावि - सल्लाहकार समिति अध्यक्ष
- मितेरी युवाक्लब - आजीवन सदस्य
- नेपाल बुद्ध गुम्बा घ्याङसेवा - सल्लाहकार
- तातोपानी व्यापार समूह - संरक्षक
- डुग पाल्देन फुन्छोगलीङ्ग गुम्बा - प्रमुख लामागुरू
- अखिल नेपाल हिमाली बौद्ध संघ - कोषाध्यक्ष
- सेङ्ङ्ग सेवा समाज - उपाध्यक्ष

किशोरावस्थाबाट नै सामूहिकताको काम गर्न रूचाउने ल्हुन्डुपले आफ्ना पिता सोनाम लामाबाट सार्वजनिक कार्यका बारेमा धेरै कुरा सिकेका थिए । उनका पिता प्रसिद्ध आठौं औतारी लामा भए पनि अत्यन्त सरल, सामान्य र भावुक स्वभावका थिए । तत्कालीन जहानिया राणा शासकको भोटेजातिप्रतिको दृष्टिकोण, स्वभाव र

चिन्तनप्रति उनी अत्यन्त चिन्तित देखिन्थे । हरसमय आफ्ना जातिलाई टिबेटियन मान्ने र उपेक्षित नजरले हर्ने राणाहरूको चरित्रप्रति सोनाम यदाकदा आक्रोसित पनि बन्न पुग्थे । नेपालआमाको सन्तान भएर पनि विदेशी बनेर बस्नु परेकोमा राणाप्रति उनको घृणाभाव थियो । साथै देशको असामान्य राजनीतिक अवस्था, सामाजिक परिवेश तथा जातिय उत्पीडनको अवस्थाप्रति पनि उनी तनावमा देखिन्थे । यद्यपि सबै समस्याको सकारात्मक समाधान निस्कनेप्रति उनी विश्वस्त थिए । तत्कालीन विद्रोही समूह नेपाली कांग्रेसलगायतका पार्टीहरूले राणाशासनविरूद्ध सञ्चालन गरेको आन्दोलनप्रति उनको मौन समर्थन थियो । उनी देशमा शान्ति, विकास र स्थायित्वका लागि प्रजातान्त्रिक व्यवस्थाको अपरिहार्यताप्रति सजग थिए । यद्यपि आफू धार्मिक व्यक्तित्व भएकाले राजनीतिका विषयमा बोल्नु अनुचित हुनेप्रति भने उनी सचेत थिए । राणाशासन विरूद्धको आन्दोलनमा सहभागी भएका तत्कालीन युवा कार्यकर्ता (हाल ८७ वर्षका) श्रीभद्र खड्का सोनामलाई अत्यन्त नजिकबाट चिनेको र लामोसमय सँगै बसेको स्मरण गर्दै भन्छन:


'उहाँलाई मैले पहिलोपटक २००४ सालमा सिन्धुपाल्चोकको चौतारामा भेटेको थिएँ । मसँग अरू दुई साथीहरू पनि थिए । त्यतिबेला उहाँ अत्यन्तै तनावमा देखिनुहुन्थ्यो । दोस्रोपटक हाम्रो भेट सिन्धुपाल्चोकको लिस्तीमा भयो । हामी त्यहाँ २०-२५ जना साथीहरू सेल्टर लिएर बसेका थियौं । त्यसको कमाण्डर म र कुलबहादुर राई थियौं । उहाँ नेपाली थोरै मात्र बोल्नुहुन्थ्यो । कुलबहादुर तिब्बतीभाषा राम्रोसँग बोल्थे । उहाँहरू घन्टौंसम्म कुरा गरेर बस्थे । उहाँहरूको समुदाय विशेषगरी भोटेहरूलाई तत्कालीन राणा सरकारले तिब्बतीहरू भनेर दुःख दिने र हत्या गर्नेसम्मको काम गर्दथ्यो । उक्त कार्यप्रति उहाँ अत्यन्त चिन्तित देखिनुहुन्थ्यो । आफ्ना जातिका केही मानिसले नेपाली भएर पनि नेपालीको अधिकार भोग गर्न नपाएकोमा उहाँ बेलाबेलामा राणाहरूप्रति आक्रोसित भएर प्रस्तुत हुने गर्नुहुन्थ्यो । उहाँ साह्रै सरल र धार्मिक व्यक्तित्व हुनुहुन्थ्यो । उहाँलाई देशको असाध्यै माया थियो । उहाँले हामीलाई पटकपटक गरेर झण्डै ४५ रूपियाँजति आर्थिक सहयोग पनि गर्नुभएको थियो । राणाविरूद्धको हाम्रो आन्दोलनमा उहाँको पनि नैतिक समर्थन थियो । उहाँ हामीलाई बेलाबेलामा भेट्न र राजनीतिका बारेमा बुझ्न आइरहनुहुन्थ्यो । उहाँ साह्रै जिम्मेवार, कर्तव्यनिष्ठ र देशप्रेमी व्यक्ति हुनुहुन्थ्यो । राणाशासनको समाप्तिपछि पनि हाम्रो धेरैपटक भेटघाट भएको थियो ।

देश, समाज र आफ्नो समुदायप्रति चिन्तित देखिने सोनाम धर्म, संस्कृति र परम्पराको माध्यमबाट सामुदायिक एकतालाई चुस्त राख्न सकिन्छ भन्ने कुरामा विश्वास गर्दथे । आठौं औतारी लामा भएकाले यिनको नाम र कामको चर्चा चारैतिर थियो । नेपालीहरूमात्र नभएर तिब्बती समुदायमा पनि यिनी आदरणीय व्यक्तित्वका रूपमा स्थापित थिए । यिनका सयौं शिष्यहरू यिनीबाट प्रशिक्षित थिए । जसमध्ये ल्हुन्डुप लामा पनि एक थिए । ल्हुन्डुपको गम्भीर र आज्ञापालन गर्ने स्वभाव देखेर

सोनाम आफ्ना छोराप्रति हर्षित देखिन्थे । छोराले धार्मिक क्षेत्रमा आफ्नो स्थान बनाउन सक्छ भन्नेमा उनी आश्वस्त थिए । उनी छोरालाई पनि आफूजस्तै लामागुरू बनाउन चाहन्थे । यसैकारण उनले आफ्ना छोरालाई स्कुल नपठाएर गुम्बामा भर्ना गराएका थिए ।

बाल्यकालदेखि नै पारिवारिक, धार्मिक वातावरणमा हुर्कने तथा ज्ञान आर्जन गर्ने अवसर प्राप्त गरेका ल्हुन्डुप लामामा धार्मिक शिक्षा नै पढ्नुपर्छ भन्ने हेक्का थिएन तर पारिवारिक माहोल तथा जातिय परम्परा र संस्कृतिले गर्दा बौद्धशिक्षाप्रति झुकाव भने पक्कै थियो । पिताले बिहान ४ बजेदेखि उठेर बाजागाजाका साथ नियमित रूपमा गर्ने धार्मिक अनुष्ठान, पिताले लगाउने गेरूधारी रातो वस्त्र, मुडुलो टाउको तथा अन्य विविध दृश्यहरू देख्दा यिनको बाल्यमनमा फरक अनुभूति भने हुने गर्दथ्यो । यद्यपि व्यक्तिगत दृष्टिकोण बनाउन सक्ने क्षमताको विकास यिनमा भइसकेको थिएन । अभिभावकले जे चाहन्छन् त्यही गर्नु यिनको एकमात्र विकल्प थियो । तापनि पारिवारिक निर्णयप्रति यिनको कुनै किसिमको विमति थिएन । परिवारले भनेको मान्नु र आज्ञा पालन गर्नु यिनको विशेषता नै थियो । ल्हुन्डुप भन्छन् :

'मेरो पिता आठौं औतारी लामा हुनुहन्थ्यो । उहाँ बिहानै उठेर पूजापाठ गर्नुका साथै धार्मिक पुस्तकहरू पढ्ने गर्नुहुन्थ्यो । मलाई पनि बुबालेजस्तै पूजा गर्न र पढ्न मन लाग्थ्यो, तर म लामागुरू नै वा अरू केही बन्छु भन्ने लागेको थिएन । बुबाआमाले



एक कार्यक्रम उद्घाटन समारोहमा रिबन काट्दै ल्हुन्डुप लामा ।

**भनेको कुरामा नाईं भन्ने मेरो बानी थिएन । उहाँहरूले जे भने त्यही मैले गरें, अहिले राम्रो लागेको छ ।'**

यिनका पिता सोनाम अत्यन्त व्यस्त हुने गर्दथे । धार्मिक अनुष्ठान तथा अन्य गतिविधिका साथै आठौं औतारी लामा पनि भएकाले यिनी प्रायः घरबाहिर रहने गर्दथे । जसले गर्दा यिनको प्रत्यक्ष रेखेदेखमा बाजे पासाङ छिरिङ लामा हुने गर्दथे । यिनले उनकै गुरुत्वमा घरैमा बसेर पढ्न सिकेका थिए । घरभित्रको आन्तरिक अध्ययनप्रति यिनका पिता सन्तुष्ट थिएनन् । बौद्धशिक्षाको लागि पढ्न पठाइहाल्ने उनको उमेर भएको थिएन । फेरि तत्कालीन समयमा जिल्लामा सुविधासम्पन्न गुम्बाको व्यवस्था थिएन भने सन् १९५९ को तिब्बती सांस्कृतिक क्रान्तिपछि नेपालीलाई तिब्बती गुम्बामा पढ्न पठाउन कठिन थियो । कोदारीमा भर्खरै 'टिबेटियन रेफ्यु' नामक प्राथमिक विद्यालय खुलेको थियो । जहाँ कक्षा ३ सम्मको मात्र पढाइ हुने गर्दथ्यो । पिता सोनामले यिनलाई यसै स्कुलमा कक्षा १ मा भर्ना गरिदिए । ल्हुन्डुप पढाइमा लगानशील र तेज थिए । गुरूहरूले पढाएको कुरा ध्यानपूर्वक सुन्नुका साथै गृहकार्य नियमित रूपमा गर्ने गर्दथे । पढाइमा यिनको तिक्ष्ण क्षमता देखेर गुरूहरू यिनीसँग प्रभावित थिए । यस स्कुलबाट यिनले कक्षा ३ सम्मको पढाइ पूरा गरे । यस क्षेत्रमा योबाहेक अन्य स्कुल थिएन । यो स्कुलमा ३ कक्षासम्मको मात्र पढाइ हुने भएकाले ल्हुन्डुपको अध्ययनकार्य रोकिन पुग्यो ।

ल्हुन्डुप मेधावी बालक त थिए नै, उनको स्मरणशक्ति पनि बेजोड थियो । स्कुले शिक्षा रोकिए पनि घरायसी अध्ययनलाई भने उनले निरन्तरता दिइनै रहे । स्कुले शिक्षा रोकिएकोप्रति पिता सोनाम चिन्तित थिए नै साथसाथै बौद्धशिक्षाका लागि उपयुक्त गुम्बा नभएकोमा पनि उनको चिन्ता कायमै थियो । यसै क्रममा उनले वि.सं. २०२० मा बौद्धशिक्षा अध्ययनका लागि दाजु कुनसाङ येशेलाई आफ्नो छोरा जिम्मा दिए । भतिजको लगनशील स्वभावप्रति जानकार कुनसाङ भाइले दिएको जिम्मेवारी पूरा गर्न इच्छुक देखिए । ३ कक्षासम्म स्कुले शिक्षा पढेर रोकिएको ल्हुन्डुपको बाँकी शिक्षा बौद्धिक शिक्षाको माध्यमबाट लिस्तीमा प्रारम्भ भयो । बौद्धशिक्षाको बारेमा पिताको सहयोगमा घरैमा बसी सामान्य ज्ञान हासिल गरिसकेका ल्हुन्डुपलाई यहाँको पढाइ सामान्य लाग्न थाल्यो । ठूलाबुबाको प्रेमपूर्ण मार्गदर्शन तथा साथीहरूको मित्रवत् सान्निध्यमा यिनले छोटो समयमै महत्वपूर्ण बौद्ध छात्रको रूपमा आफ्नो स्थान सुरक्षित गर्न सफल भए । सामान्य तहको बौद्धशिक्षा ठूलोबुबोको साथ सम्पन्न गरी थप अध्ययनका लागि यिनी हेलम्बुको भगम् गुम्बा पुगे । तिनताका यस गुम्बाका प्रमुख गुरू पम्वर घेसे थिए । यिनलाई देख्नेबित्तिकै पम्बर घेसे यिनीप्रति प्रभावित बन्न पुगे । गुरूको नाताले यिनको असामान्य क्षमताप्रति घेसेले सर्वप्रथम सामान्य जानकारीहरू हासिल गरे । राम्रो शिक्षा पाएको खण्डमा ल्हुन्डुप उदाहरणीय शिष्य बन्न सक्छन् भन्ने कुरापति विश्वस्त घेसेले यिनको पढाइमा विशेष सक्रियता देखाए । गुरूआज्ञालाई



दिल्ली भ्रमणका क्रममा श्रीमती र सहकर्मी पासाङ तेम्पा शेर्पाका साथ ल्हुन्डुप लामा ।

शिरोधार्य गर्ने स्वभावका ल्हुन्डुपले नभन्दै छोटो समयमै बौद्धशिक्षाको महत्वपूर्ण ज्ञान आर्जन गरे । यसै गुम्बामा रहँदा यिनले ज्योतिषशास्त्र र आयुर्वेदशास्त्र (आईएसरह) को अध्ययन पनि सम्पन्न गरे र थप उच्चशिक्षा अध्ययनका क्रममा यिनी दार्जिलिङको सुविधासम्पन्न चित्रेगुम्बामा गए । यस गुम्बामा पढ्न पाउनु यिनको लागि जीवनकै महत्वपूर्ण अवसर बन्न पुग्यो । यहाँ नेपाल, भारत, भुटान तिब्बतलगायतका दर्जनौं देशका विद्यार्थीहरू पढ्ने गर्दथे । उनीहरूको संगतबाट यिनले धेरै कुराहरू सिक्ने सौभाग्य प्राप्त गरे । पढाइका साथै यिनले यस गुम्बाबाट जीवन र दर्शनका बारेमा पनि ज्ञान हासिल गरे । थुसे रिन्पोछे यहाँका प्रमुख लामागुरू थिए । यिनी लामागुरूका साथै समाजसेवामा पनि दार्जिलिङकै अगुवा मानिन्थे । यिनमा पनि आफ्ना गुरूको प्रभाव पर्नु स्वभाविक थियो । फलस्वरूप यिनले पनि गुम्बाभित्र सामूहिकताका विषयमा रचनात्मक छलफल र गतिविधिहरू सञ्चालन गर्न थाले । गुम्बाभित्र कडाअनुशासन र परम्परा भएपनि विभिन्न क्षेत्रका विद्यार्थी अध्ययनरत रहेकाले आपसमा यदाकदा सामान्य विवादहरू हुने गर्दथ्यो । त्यस्ता विवादहरू मिलाउने कार्यमा ल्हुन्डुप अग्रसर हुने गर्दथे । यिनका ७२ वर्षीय मित्र नामदोर्जी लामा ल्हुन्डुप गुम्बामा लगनशील, इमानदार र स्पष्ट रहेको अझै सम्झन्छन् । गुरू र साथीहरूलाई आदर गरेका कारण उनी गुम्बाका प्रिय छात्र थिए । गुम्बाको काम उनी आफैं अग्रसर भएर सम्पन्न गर्ने गर्दथे । नामदोर्जी भन्छन् :

**'गुम्बाका प्रिय छात्र भएकाले उनी (ल्हुन्डुप) साथीहरूबीच उत्पन्न सामान्य झैझगडा र विवादहरू सुल्झाउँथे । उनी न्यायनिसाफ गर्ने मामिलामा निष्पक्ष भएकाले हामी सबै उनको निर्णयको आदर गर्दथ्यौं ।'**

एउटा असल छात्रको रूपमा ल्हुन्डुप मिजासिला, प्रशन्नचित्तक गुम्बेली विद्यार्थी थिए । खेलकुदजस्ता विषयहरूमा उनको खासै रूचि थिएन । गुम्बाका अन्य मनमस्ती केटाहरूका रूपमा यिनी सरल र मिलनसार देखिन्थे । जसका कारण यिनले गुरूहरूबाट प्रशस्त सहानुभूतिहरू बटुलेका थिए । चित्रेगुम्बामै रहँदा यिनले गुरू थुसे रिन्पोछेबाट विभिन्न अभिषेकहरू (वाङलुङ) ज्ञान प्राप्त गर्ने शौभाग्य पनि पाए । यिनको उच्चशिक्षाको क्रम सम्पन्न भइसकेको थियो । यस समयमा यिनी झण्डै २५ वर्ष पुग्न लागेका थिए । यिनी पढाइ सम्पन्न गरी दार्जिलिङबाट काठमाडौं आए । झट्ट हेर्दा हट्टकट्टा, खाइलाग्दो सुन्दर र आकर्षक देखिने युवक ल्हुन्डुपप्रति कुनै पनि जवान युवती लोभिन पुग्नु असामान्य विषय थिएन । यसैक्रममा तातोपानी-३, लिपिङमा बस्दै आएकी ङवाङको आँखा यिनको रूपमा पऱ्यो । ङवाङ पनि अत्यन्त सुन्दर, जिउडाल मिलेकी रूपवान् युवती थिइन् । यी दुवैको आँखा एकअर्कामा चार भयो र प्रेमको सुन्दर कोपिला लाग्न पुग्यो । यो सुन्दर कोपिला नै केही समयको प्रतिक्षापछि वि.सं. २०३० सालमा सुखद फूल बनेर विवाहमा रुपान्तरण भयो ।

यसबेला ल्हुन्डुप २५ वर्ष मात्र पुगेका थिए । विवाहको भरपर्दो उमेर तथा परिवारको एक्लो छोरो भएकाले पनि यिनको निर्णयमा परिवारको कुनै अवरोध आएन । यिनको विवाहको स्वागत गाउँमा भव्य रूपले सम्पन्न गर्ने तयारी हुँदै थियो तर यसै समयमा यिनको आमाको देहान्त हुनपुग्यो । विवाहपछि यिनको जीवनमा नयाँ अध्याय शुरू भयो । युवावस्थामा विवाह गरेकाले ल्हुन्डुप थप जिम्मेवार र व्यवहारिक बन्न पुगे । विवाहले यिनको बाहिरी जीवनमा कुनै प्रभाव परेन । श्रीमती ङवाङ घरको कामकाज सम्हालेर बस्न थालिन् भने यिनी पिताका साथ धार्मिक अनुष्ठानका कार्यमा संलग्न रहन थाले । दिनभर कामको सिलसिलामा बाहिर रहे पनि बेलुकाको समयमा भने यिनी घरमै हुने गर्दथे । घरमा बस्दा यिनी नजानेका कुरा पितासँग सिक्नुका साथै नियमित पूजापाठ र अनुष्ठानका कार्यमा व्यस्त रहन्थे । बाँकी समयमा पारिवारिक कुराकानीका साथै धर्मग्रन्थहरूको अध्ययनमा यिनको दैनिकी गुज्रने गर्दथ्यो ।

सामाजिक रूपले पिछडिएको शेर्पा समुदायमा जन्मिएका भए पनि ल्हुन्डुपको पारिवारिक अवस्था सामान्य थियो । वरिष्ठ धर्मगुरूको एक्लो छोरा भएकाले यिनको आर्थिक हैसियत मध्यम हुनाको साथै बौद्धशिक्षाको माध्यमबाट आफूले पनि उच्च स्थान हासिल गरेकाले गाउँमा राम्रो प्रभाव थियो । अल्पसंख्यक रूपमा क्षेत्री, दमैं, कामीलगायतका शेर्पा र तामाङ जातिको बाहुल्यता रहेको कोदारी सिन्धुपाल्चोक जिल्लाकै पिछडिएको ठाउँहरूमध्येको एक हिमाली गाउँको रूपमा परिचित थियो । खानेपानी बिजुली

टेलिफोन र स्कुलजस्ता मानवीय जीवनका आवश्यक वस्तुहरूको विकास हुन सकेको थिएन । गाउँको गन्नेमान्ने र चेतनाको हिसाबले पनि अगाडि देखिएका ल्हुन्डुप यस्ता विषयहरूप्रति अत्यन्त चिन्तित थिए । साथै आफ्नो क्षेत्रका मानिसहरूको विकास, उन्नति, प्रगति तथा एकताका सवालमा पनि यिनी सोचमग्न थिए ।

विवाहको करिव एकवर्षपछि ल्हुन्डुप पिता बन्न पुगे । यिनकी श्रीमती ङवाङ्ले प्रथम सन्तानका रूपमा छोरा तेन्जिङलाई जन्म दिइन् । लिंगको आधारमा विभेद गर्ने स्वभाव यिनको नभए पनि प्रथम सन्तानको रूपमा छोरा नै जन्मन आएकाले ल्हुन्डुप अत्यन्त हर्षित देखिए । लामा परिवारमा खुसीको नवीन अध्याय प्रारम्भ भयो । ल्हुन्डुप यसबेला झण्डै ३० वर्ष पुग्न लागेका थिए । लामागुरूका साथै बौद्धदर्शनका उच्च विद्यार्थी भएकाले समाज र आफ्नो समुदायप्रति यिनको विशेष भूमिका अनिवार्य थियो । फेरि आफ्ना पिता र गुरूहरूको सकारात्मक प्रेरणा तथा स्वयम् आफ्नो पनि समाजको लागि केही गर्न चाहने भावनाले यिनी व्यक्तिगत जीवनका अतिरिक्त सार्वजनिक जीवनमा प्रवेश गरे । सार्वजनिक जीवनको पहिलो विषय यिनले शिक्षालाई बनाए । शिक्षाको विकास विना समाजको विकास असम्भव हुनेप्रति यिनी सचेत थिए । गाउँका बालबालिकाहरू स्कुल पढ्न जानुको साटो अनावश्यक कार्यमा बरालिएको देख्दा यिनको मनमा असामान्य चोट पुग्ने गर्दथ्यो । यस्ता गतिविधि टुलुटुलु हेरेर बस्न यिनको मन मान्दैनथ्यो । त्यसैले यिनले सबै बालबालिकालाई यथासम्भव स्कुल भर्ना गर्न गाउँलेमा अनुरोध गरे । यिनकै सक्रियतामा तत्कालीन टिबेटियन रेफ्युजी कोदारी प्राथमिक विद्यालयको रूपमा रूपान्तरित हुन पुग्यो । गाउँलेका छोराछोरी स्कुल भर्ना भएर पढ्ने क्रम बढ्न थाल्यो ।


लामानाच नाच्दै ल्हुन्डुप लामा ।

बौद्धमार्गी सम्प्रदायका विविध यानमध्ये **'ड्रुकपा'** धर्म (वंशावली) का अनुयायी मानिने लामाजातिका लागि आफ्ना धार्मिक गतिविधि सम्पन्न गर्नका लागि कोदारीमा एउटा पनि गुम्बा थिएन । कोदारीदेखि झण्डै २ हजार मिटरमाथि रहेको तार्तुङ डाँडामा एउटामात्र कोठा भएको सानो गुम्बा थियो । कोदारीका सबै मानिस पूजापाठको लागि त्यसै गुम्बामा जाने गर्दथे । वि.सं. १९९३ सालमा फुर्वा शेर्पाले स्थापना गराएको उक्त सानो गुम्बा अकस्मात् भत्किएपछि गाउँलेमा गुम्बाको अभाव सिर्जना भयो । यो अभावलाई पूर्ति गर्न वि.सं. २०२१ सालमा निमा दोर्जे लामा र निमा दोर्जे शेर्पाको प्रमुख अगुवाइमा कोदारीको १६ घर मिलेर तातोपानी-१ कोदारीमा नयाँ गुम्बा निर्माण गर्ने क्रम प्रारम्भ भयो । तर उक्त गुम्बा निर्माण गर्ने क्रममा गाउँलेहरूबीच विवाद उत्पन्न भई निर्माणकार्य बन्द हुन पुग्यो । निर्माणकार्य रोकिएपछि गाउँलेले गुम्बाको चलअचल सम्पत्ति तत्कालीन धर्मगुरू ल्हुन्डुपका पिता सोनामलाई जिम्मा लगाए । यस्तै वि.सं. २०१४ सालमा लिपिङ- ३ मा नामग्याल शेर्पाले निर्माण गरेको सानो गुम्बा पनि सोनामलाई नै जिम्मा दिइएको थियो । पछि उक्त गुम्बा भत्काएर त्यहाँ भएको सामानहरू सबै कोदारी ल्याइयो । भएको गुम्बा सबै भत्किएको र नयाँ गुम्बा निर्माणका क्रममा गाउँलेबीच विवाद उत्पन्न भई निर्माणकार्य रोकिन पुगेकाले तथा सबै गाउँलेले आफूलाई जिम्मा दिन आएकाले आफैं अग्रसर भई वि.सं. २०२९ सालमा आफ्नै नेतृत्वमा सोनाम लामाले कोदारीमा सानो आकारको गुम्बा निर्माण सम्पन्न गरी उक्त गुम्बाको नाम पाल्देन फुन्छोगलीङ्ग गुम्बा नामाकरण गरे ।

ल्हुन्डुप यी सबै गतिविधि आफ्ना युवा दृष्टिले नियालिरहेका थिए । गुम्बा निर्माणका क्रममा भएका कतिपय विवादित घटनाक्रमप्रति यिनको तीव्र चासो र चिन्ता थियो । उनलाई आफ्नो समाज कुनै पनि कारणबाट विखण्डित भएको हेर्नु थिएन । उनी जो कसैलाई भेट्दा वा कुरा गर्दा पनि आपसी एकताकै विषयमा बढी जोड दिने गर्दथे । शालीन, शान्त र स्पष्ट स्वभावका ल्हुन्डुपको प्रभाव गाउँमा बढ्दो थियो । कुनै पनि नवीन कार्य, धार्मिक अनुष्ठान वा अन्य गतिविधिमा यिनको उपस्थिति अनिवार्य नै थियो । यिनी विनाको कुनै पनि काम गाउँलेका लागि रूचिकर थिएन । एउटा बेग्लै र असामान्य क्षमता भएका ल्हुन्डुपको चर्चा जिल्लाभरि हुन थाल्यो । यिनी सबैका प्रशंसाका केन्द्र बन्न पुगे ।

पाल्देन फुन्छोगलीङ्ग गुम्बाका प्रमुख लामागुरू पिता सोनाम भए पनि गुम्बाभित्र हुने पूजापाठका हरेक कार्यहरू यिनले नै सम्पन्न गर्नुपर्दथ्यो । पूजाका क्रममा गुम्बाको असन्तुलित र साँघुरो घेराप्रति यिनी सन्तुष्ट थिएनन् । वृहत् र सुविधासम्पन्न गुम्बा बनाउने यिनको चाहनामा पूर्णविराम लागेको थिएन । बरू यिनी आन्तरिक तयारीमा जुटि नै रहेका थिए ।

यिनका पिता सोनामको वृद्धावस्था भइसकेको थिएन । यद्यपि उनी अज्ञात रोगका शिकार भएका थिए । उनको स्वास्थ्यस्थिति असामान्य बन्न पुग्यो । उनी




डुग पाल्देन फुन्छोगलीङ्ग गुम्बाको पुरानो भवन ।

आफ्नो नियमित कार्यमा सक्रिय हुन सकेनन् । जसले गर्दा गुम्बामा प्रमुख लामागुरूको जिम्मेवारी पनि यिनको लागि भार हुन थाल्यो । यसैले उनले आफ्नो प्रमुख लामागुरूको जिम्मेवारी वि.सं. २०३७ सालमा छोरा ल्हुन्डुपमा हस्तान्तरण गरे । पिताको आज्ञा अनुसार गुम्बाको प्रमुख लामागुरू बन्न पुगेका ल्हुन्डुपले आफ्ना दैनिक कार्यका अतिरिक्त समय गुम्बाको विकास र प्रवर्द्धनमा लगाउन थाले । गुम्बाको प्रमुख लामागुरुमा नियुक्त भएपछि यिनको चर्चा थप चुलिन थाल्यो ।

महामानव भगवान् गौतम बुद्धका बारेमा विशेषगरी भारतीय पक्ष र नेपालका केही स्वार्थी व्यक्तिहरूबाट यदाकदा नकारात्मक टीकाटिप्पणीहरू हुने गरेको थियो । जसले गर्दा बौद्धधर्म र संस्कृतिका बारेमा समाजमा नराम्रो किसिमका भ्रमहरू देखापर्‍यो । ल्हुन्डुप बौद्धधर्मका अनुयायी मात्र नभएर उनले बुद्धसँग सम्बन्धित विशिष्ट धर्मग्रन्थहरूको पनि अध्ययन गरेका थिए । बुद्धका बारेमा उनले आफ्ना पिताका साथै विभिन्न धर्मगुरुहरूबाट धेरै कुराहरूको ज्ञान आर्जन गर्न सफल भएका थिए । बुद्ध र बौद्धधर्मका बारेमा हुने नकारात्मक टिकाटिप्पणीप्रति उनको विमती थियो । यसैले यस्ता भ्रमहरूलाई मेटाउन उनी संगठित एकताको खोजीमा थिए । बौद्धधर्म र संस्कृतिको संस्थागत विकास गर्न सरकारी स्तरबाट मात्र होइन, गैरसरकारी स्तरबाट पनि प्रयास हुनुपर्छ भन्ने मान्यता ल्हुन्डुपको थियो । यस्तै मान्यता बोकेका वरिष्ठ लामागुरू छेच्युकुस्यो रिम्पोछे पनि सांगठनिक तयारीमा थिए ।

ल्हुन्डुप र छेच्युकुस्योविच शिष्य र गुरूको पुरानो सम्बन्ध थियो । उनीहरू एकअर्कामा पारिवारिक रूपले नै निकट थिए । बौद्धधर्म र संस्कृतिमाथि हुने वाह्य



ड्रुग पाल्देन फुन्छोगलिङ् गुम्बाको नयाँ भवन ।

प्रहारका सवालमा दुवैको समान दृष्टिकोण थियो । फलस्वरूप वि.सं. २०३४ सालमा छेच्युकुस्यो रिम्पोछेको प्रमुख नेतृत्वमा 'अखिल नेपाल हिमाली बौद्ध संघ' नामक संस्थाको स्थापना भयो । ल्हुन्डुप यस संस्थाको कोषाध्यक्ष बने । रिम्पोछेको सम्बन्ध तत्कालीन राजाहरू त्रिभुवन, महेन्द्र र वीरेन्द्रसँग थियो । तत्कालीन राजा महेन्द्र र वीरेन्द्रका त उनी धार्मिक सल्लाहकार नै थिए । उनी तत्कालीन राजपरिवारको आजीवन सदस्य पनि भए । यिनकै आग्रहमा तत्कालीन राजा वीरेन्द्रले 'अखिल नेपाल हिमाली बौद्ध संघ' लाई काठमाडौंमा १८ रोपनी जग्गा उपलब्ध गराए ।

सबै कुराको पूर्वाधार जुटाउन सफल भएपछि संघका कार्यकर्ताहरू धर्मका साथसाथै समाजसेवामा पनि सक्रिय रहे । यसैसंस्थाको संरक्षकत्वमा काठमाडौंको जोरपाटीमा बुद्ध एकेडेमी नामक स्कुलको स्थापना गरियो । जुन स्कुलमा अहिले झन्डै १ हजार गरिव तथा टुहुरा बालबालिकाहरू निःशुल्क अध्ययन गरिरहेका छन् । वि.सं. २०३४ सालमै गठन भए पनि वि.सं. २०४३ सालमा आएर मात्र यस संघले तत्कालीन श्री ५ को सरकारबाट आधिकारिक प्रमाणपत्र लिएको थियो । बौद्धधर्म र संस्कृतिका माध्यमबाट देशमा शान्ति, एकता, विकास र स्थायित्व निर्माण गराउन सक्रिय संस्थाले अहिले देशैभरि आफ्नो शाखा विस्तार गर्न सफल भइसकेको छ । धर्मका साथै समाजसेवाका क्षेत्रमा पनि काम गर्दै आएको यस संस्थाको प्रस्तावनामा लेखिएको छ :

'नेपाल अधिराज्यभित्र बसोबास गर्ने बौद्ध धर्मावलम्बीहरूलाई एकै थलोमा एकीकृत गरी बौद्धधर्मको माध्यमबाट सभ्य नागरिक बनाई शान्ति स्थापना गर्न सकिन्छ भन्ने कुरामा यो संघ प्रतिबद्ध रहेको छ । आधुनिक, भौतिक साधनबाट सुसम्पन्न व्यक्तिले पनि वास्तविक सुखको अनुभव गर्न सकेको छैन । सुखको अनुभूति गर्न दुःखलाई चिन्न सक्नुपर्छ । दुःखलाई चिन्न सक्ने एउटै मार्ग, बुद्धले बोध गरेको मध्यममार्ग हो । मध्यममार्गबाट मात्र वास्तविक सुखको अुनभूति गर्न सकिन्छ भन्ने तथ्यमार्गमा मानवजातिलाई हिँडाउन यस संघको स्थापना भएको हो ।'

अखिल नेपाल हिमाली बौद्ध संघको माध्यमबाट सांगठनिक रूपले समाजसेवामा प्रवेश गरेका ल्हुन्डुपले प्रारम्भिक चरणमै कोषाध्यक्षजस्तो महत्वपूर्ण पदको जिम्मेवारी सम्हाले । इच्छाशक्ति भयो भने जस्तोसुकै कठिन कार्य पनि सम्पन्न गर्न सकिन्छ भन्ने आत्मविश्वास यिनमा बढेर आयो । आफू कम बोल्ने तर अरूका कुरालाई प्राथमिकता दिने स्वभाव भएका ल्हुन्डुपले उक्त संघका माध्यमबाट समाजसेवासम्बन्धी महत्वपूर्ण अनुभवहरू हासिल गर्न सफल भए । आपसमा मिलेर काम गर्न सक्ने क्षमताको विकास गरेका ल्हुन्डुपले संघकै गतिविधिका क्रममा तत्कालीन माननीय आङछिरिङ लामा, नुर्बु वाङग्याल लामा, दोर्जे नामग्याल लामा, आङबाबु लामा, जोन्देन उक्याव, साङ्वा हिसे लामा, खेन्पो मेन्ला फुन्जोक गुरूङ (लामा), ग्युर्मे छुल्ठीम, विनोद लामा ह्योल्मोजस्ता बौद्धिक व्यक्तिहरूसँग भावनात्मक सम्बन्ध स्थापित गरे । सार्वजनिक जीवन अख्तियार गरेका ल्हुन्डुपको लागि यो सम्बन्ध विशिष्ट संयोग बन्यो । अग्रज गुरूहरू र सहकर्मी मित्रहरूबाट धर्म, संस्कृति तथा समाज र सामाजिक नीति नियमका विषयमा धेरै कुरा सिक्न सफल मानिएका ल्हुन्डुपलाई काठमाडौंको जीवन सहज थिएन । संस्थासँगसँगै घरपरिवार र गाउँलेका परम्परागत धार्मिककार्य सम्हाल्नुपर्ने हुँदा संस्थाको कोषाध्यक्ष भए पनि यिनी कोदारीमा नै अधिक समय बिताउने गर्दथे । यिनका ६८ वर्षीय तत्कालीन सहकर्मी भन्छन् :

'उनी ल्हुन्डुप हामीसँगै अखिल नेपाल हिमाली बौद्ध संघमा संलग्न भएका थिए । त्यसबेला काठमाडौंमा उनको आफ्नो घर थिएन । काठमाडौंमा बस्न समस्या पनि थियो । फेरि उनका पिता अस्वस्थ थिए । गुम्बाका पनि प्रमुख लामागुरू उनी नै थिए । उनीसँग आफ्नै समस्या थियो । तर उनले आफ्नो समस्याको बारेमा कहिल्यै केही भनेनन् । उनी एकदमै सरल र काममा समर्पित देखिन्थे ।'

आफ्ना समस्या नदेखाउने तर अरूका समस्यामा तत्कालै गम्भीर हुने यिनको महत्वपूर्ण पक्ष थियो । यिनी आफ्ना लागि अरूलाई दुःख दिनु अनुपयुक्त ठान्ने गर्दथे । त्यसैले यिनले आफ्नो व्यक्तिगत समस्या अरूलाई मात्र होइन कतिपय अवस्थामा श्रीमतीलाई पनि भनेनन् । ल्हुन्डुपकी श्रीमती ङवाङ भन्छिन्:

'उहाँ (लामा) एकदिन अत्यन्त तनावमा देखिनुहुन्थ्यो । अनुहार पनि एकदमै मलिन थियो । सधैं हाँसेर बोल्ने त्यो दिन बोल्न पनि गाह्रो मान्नुभयो । खाना पनि थोरै मात्र

खानुभयो । मैले सोध्दा केही भएको छैन मात्र भन्नुभयो । तर मैले पछि थाहा पाएं उहांलाई गुम्बाको विषयमा चिन्ता परेको रहेछ ।'

'अरूका कुरा सुन्नु, अरूका समस्या बुझ्नु र सकिन्छ भने समाधान पनि गरिदिनु तर आफ्ना समस्या भनेर दुःख नदिनु' भन्ने बुद्धवचनप्रति ल्हुन्डुप जानकार थिए । त्यसैले पनि यिनी आफ्ना समस्या आफैंभित्र राख्थे । आफ्ना समस्या भनेर घरपरिवार र इष्टमित्रहरूलाई यिनी चिन्तित तुल्याउन चाहंदैनथे । फेरि यिनले बुद्धका धेरै ज्ञानहरू अंगीकार गरेकाले सानोतिनो समस्यामा सोचमग्न भएर चिन्ता लिने बानी थिएन । हरेक कुरालाई सकारात्मक रूपमा ग्रहण गर्ने लामा समस्यालाई पनि एउटा अवसरकै रूपमा लिने गर्दथे । यिनको यही विशिष्ट स्वभावले गर्दा आफ्नो प्रभाव सबैतिर पार्न यिनी सफल भएका थिए ।

सार्क राष्ट्रहरूको तेस्रो शिखर सम्मेलन वि.सं. २०४४ सालमा तत्कालीन श्री ५ को सरकारले नेपालमा आयोजना गरेको थियो । उक्त सम्मेलनमा बौद्ध सम्प्रदायबाट सांस्कृतिक झांकी टोलीका प्रमुख संयोजक ल्हुन्डुप आफैं थिए । उनकै अगुवाइमा बौद्धधर्मसंग सम्बन्धित सांस्कृतिक झांकी प्रदर्शन गर्नुका साथै लामानाच पनि देखाइएको थियो । लामानाचका नेतृत्व पनि उनी आफैंले गरेका थिए । उनले नाचेर आफ्नो कला प्रस्तुत गर्दा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा जम्मा भएका आगन्तुकहरू रोमाञ्चित देखिन्थे । सम्मेलनका सहभागी तत्कालीन माननीय नवराज सुवेदी उक्त लामानाचका सन्दर्भमा भन्छन् :

'मेरो जीवनमा अनगिन्ती घटनाहरू घटे, अहिले सबै बिर्सिसकें । तर त्यो सार्क सम्मेलनको दिन देखाइएको लामानाच बिर्सि नसक्नुको थियो । मैले त्यो नाच जीवनमै पहिलो पटक देखेको थिएं । त्यो नाचमा छुट्टै विशेषता र जोश थियो । नृत्यकारहरूले आफ्नो भएभरको बल उफ्रिनमा लगाएका थिए ।'

उक्त सम्मेलनका अतिरिक्त यिनले आठौं दक्षिण एसियाली खेलकुदलगायतका सभा तथा सम्मेलनहरूमा आफ्नो कलात्मक प्रस्तुति देखाउन सफल रहे । आफ्नो जातीय संस्कृति र परम्परालाई जीवनको अभिन्न अंग मान्ने यिनले गाउँमै पनि बेलाबेलामा मान्छेहरू जम्मा गरेर नाच्ने र गीत गाउने गर्दथे । आर्थिक, सामाजिक र शैक्षिक रूपले पछि परे पनि धार्मिक र सांस्कृतिक रूपले शेर्पा जाति अत्यन्त धनी थिए । आफ्नो धर्म, संस्कृति र परम्परा जीवन्त राख्न उनीहरू जस्तोसुकै मूल्य चुकाउन पनि तयार रहन्थे । जसले गर्दा पनि उनीहरूको सांस्कृतिक परम्परामाथि राष्ट्रियस्तरमै विशेष महत्व रहेको पाउन सकिन्छ । ठल्लु, छ्याङश्ये, गोरश्ये, सिलिपा, स्यब्रु, एकल र दोहोरी भाका आदि शेर्पा समुदायका विभिन्न चाडपर्व, मेलाजात्रा, उत्सव आदिमा गुन्जिने मौलिक गीतहरू हुन् भने लामानाच, शेर्पानाच, ढ्याङ्ग्रोनाच, प्रेतनाच आदि उनीहरूका प्राचीन नृत्यहरू हुन् । सांस्कृतिक विविधताका धनी आफ्ना

समुदायलाई सांस्कृतिक गतिविधिकै माध्यमबाट एकताको डोरीमा बाँधिराख्नुपर्दछ भन्ने ल्हुन्डुपको विशेष जोड थियो । त्यसैले पनि उनी आफैं अग्रसर भएर यस्ता सांस्कृतिक भेलाहरूको आयोजना गराउने गर्दथे ।

तत्कालीन राजा वीरेन्द्र बुद्धको जन्मभूमि नेपालमा गुम्बाजस्तो धार्मिक संघसंस्थाको उचित व्यवस्थापन र सञ्चालन हुनुपर्छ भन्ने मान्यतामा थिए । यस विषयमा वीरेन्द्रले अखिल नेपाल हिमाली बौद्ध संघका संस्थापक अध्यक्ष वरिष्ठ धर्मगुरू छेच्युकुस्यो रिम्पोछेसँग कुरा पनि चलाएका थिए । उनी पनि देशभरका लामागुरूहरूको अवस्था तथा गुम्बाको लागत संकलन गरी व्यवस्थापन गर्ने कुरामा सहमत थिए । फलस्वरूप वि.सं. २०४४ सालमा उच्चस्तरीय लामा तथा गुम्बा व्यवस्थापन समिति गठन भयो । ल्हुन्डुप यस समितिका बैठक सदस्य बने । बैठक सदस्यको हैसियतले यिनी वि.सं. २०४४ सालमा गुम्बा व्यवस्था समितिको नेतृत्व गर्दै रसुवा, नुवाकोट, सिन्धुपाल्चोक रदोलखा जिल्लाको विभिन्न स्थानहरूमा पुगे । लागत संकलनकै क्रममा यिनी वि.सं. २०४८ सालमा काठमाडौं आए । यस भ्रमणबाट नयाँनयाँ स्थानका विषयमा जानकारी हासिल गर्नुका साथै आफ्ना अनुभव आदानप्रदान गर्न यिनी सफल रहे ।

आफू स्वयम् गुम्बाको प्रमुख लामागुरू रहेकाले उनका लागि यो भ्रमण अत्यन्त लाभदायक बन्न पुग्यो । गुम्बाको सञ्चालन, व्यवस्थापन तथा आन्तरिक नीति नियमका सम्बन्धमा यिनले धेरै कुराहरू सिके ।

प्रसिद्ध धर्मलामागुरू हुनाको साथै समाजसेवामा पनि अग्रसर देखिएकाले ल्हुन्डुपको सहभागिता सामाजिक संघसंस्थाको लागि अपरिहार्य नै रह्यो । यसै क्रममा यिनले सम्बन्धित संघसंस्थाको आग्रहमा वि.सं. २०४६ सालमा धर्मोदय सभा र वि.सं. २०५० सालमा नेपाल रेडक्रस सोसाइटी सिन्धुपाल्चोक शाखाको आजीवन सदस्यता ग्रहण गरे ।

यता ल्हुन्डुपका नजिकका मित्र पासाङ तेम्पा शेर्पा पनि स्थानीय समाजसेवीका रूपमा लोकप्रिय थिए । उनी धार्मिक र सांस्कृतिक गतिविधिलाई संगठनात्मक रूपले अगाडि बढाउन एउटा समूहगत संस्था स्थापना गर्ने तयारीमा थिए । जसका लागि शेर्पाको ल्हुन्डुपलगायतका व्यक्तिहरूसँग छलफल चलिरहेको थियो । ल्हुन्डुप शेर्पाको प्रस्तावप्रति अत्यन्त सकारात्मक थिए । धार्मिक र सामाजिक कार्यलाई समूहगत रूपले लानुपर्छ भन्नेमा ल्हुन्डुपको पनि मतैक्य थियो । फलस्वरूप वि.सं. २०५३ सालमा ल्हुन्डुप लामाको अध्यक्षतामा धर्मचक्र सेवा समाज नामक संस्थाको स्थापना भयो ।

संस्था स्थापना गर्नेभन्दा पनि चलाउन कठिन हुनेप्रति ल्हुन्डुप जानकार थिए । सामूहिकताको भावनात्मक विकास हुन नसकिरहेको अवस्थामा संस्थाको उद्देश्यमा पुग्न महत्वपूर्ण कार्य सम्पन्न गर्नुपर्छ भन्ने कुरा ल्हुन्डुपको मनमा आइरहेको थियो । उनी यस्तो काम गर्न चाहन्थे, जसले सबै गाउँलेलाई एकताको डोरीमा बाँध्न सकोस् । फलस्वरूप यिनले धर्मचक्र सेवा समाजको नेतृत्वमा बुद्ध र बुद्धदर्शनका बारेमा

जानकारी गराउने अभिप्रायले जनचेतनामूलक घुम्ती अभियानको सञ्चालन गरे । यस अभियानले गाउँमा धार्मिक जागरण मात्र ल्याएन सामाजिक एकताको लागि पनि महत्वपूर्ण भूमिका खेल्यो । एकलभन्दा सामूहिक निर्णयलाई प्राथमिकता दिएर कार्यक्षेत्रमा प्रवेश गर्ने ल्हुन्डुपको आन्तरिक स्वभावका कारण उनले नेतृत्व गरेको संस्था छोटो समयमै लोकप्रिय बनेर देखापर्‍यो । यस संस्थाको सफलतासँगै यिनको व्यक्तिगत उचाइ पनि बढेर आयो । ल्हुन्डुप सम्झन्छन् :

**'त्यतिबेला संस्था चलाउन कठिन थियो । मानिसहरूमा एकता थिएन । खर्च व्यवस्थापन गर्न पनि समस्या थियो । सबैलाई मिलाएर लानुपर्ने भएकाले खर्चको जिम्मा म आफैंले लिएँ । संस्थाको गतिविधिमा म आफैं अग्रसर भएर लागेकोले मेरो बाटोमा कुनै पनि पक्षबाट अवरोध नआए पनि लुकेर कुरा काट्नेहरूको कमी थिएन । विस्तारै मैले सबैलाई मिलाउन सफल भएँ ।'**

विभाजित मनस्थितिका मानिसलाई एकताको सूत्रमा ल्याउन सक्नु नै यिनको विशिष्ट उपलब्धी थियो । यो उपलब्धीलाई जोगाइराख्न भने यिनमा ठूलो चुनौती थियो । चुनौतीको सामना गर्न यिनले गाउँलेसँगको भेटघाट र छलफललाई निरन्तर रूपले जारी राखे । वि.सं. २०५४ सालमा यिनको सम्पर्क हिमाली क्षेत्रका केही लामागुरूहरूसँग हुन पुग्यो । यिनको कार्यकुशलता र कार्यक्षमताको बारेमा जानकार लामागुरूहरूले वि.सं. २०५५सालमा यिनलाई हिमालयन आम्ची एसोसिएसन नामक संस्थामा संलग्न गराए । उक्त संस्थाको यिनी कोषाध्यक्ष बने भने वि.सं. २०५८ सालमा शेर्पा समुदायको जातीय संगठन हिमाली शेर्पा संघको सल्लाहकारमा नियुक्त भए ।

आफू स्वयम् अध्ययन गरेको तत्कालीन टिबेटियन रेफ्यु हालको कोदारी उच्च मावि निम्न माध्यमिक विद्यालयको रूपमा सञ्चालन गर्ने सन्दर्भमा स्थानीयस्तरमा छलफल भइरहेको थियो । ल्हुन्डुप लामा, बहादुर शेर्पा, पेम्बा शेर्पा, दावा तेम्पा शेर्पा, खड्गबहादुर खड्कालगायतका स्थानीय व्यक्तिहरू यस कार्यमा जोडतोडले लागेका थिए । फलस्वरूप उक्त स्कुल वि.सं. २०४२ सालमा निमावि बन्न सफल भयो । विसं.



तीर्थयात्राको क्रममा सहकर्मी तथा शिष्यहरूका साथ कपिलवस्तुमा ल्हुन्डुप लामा ।

२०४२ सालदेखि उक्त स्कुलको सञ्चालक समितिको सदस्यका रूपमा रहेका ल्हुन्डुप वि.सं. २०५९ सालमा कोदारी माध्यमिक विद्यालयअन्तर्गत सञ्चालक समितिको सल्लाहकारमा नियुक्त भए ।

सामाजिक रूपले पिछडिएको जाति शेर्पा परिवारमा जन्मिएका भए पनि ल्हुन्डुप शैक्षिक रूपले उच्च स्थानमा थिए । यिनी शिक्षाप्रेमी हुनाको साथै शिक्षाको महत्वबारे जानकार थिए । शिक्षाको विकास तथा शैक्षिक जनशक्तिको उत्पादनबाट मात्र समाज रूपान्तरण हुन्छ भन्नेमा यिनको ठूलो विश्वास थियो । त्यसैले यिनले स्कुल निर्माणको कार्यलाई विशेष रूपले सघाएका थिए । उनको समेत संलग्नतामा निर्माण भएको कोदारी माविका पूर्वविद्यार्थी भन्छन्ः

**'ल्हुन्डुप लामालगायतका व्यक्तिहरू प्रायः सधैं हाम्रो स्कुलमा आउने गर्नुहुन्थ्यो । उहाँहरू लामो समयसम्म स्कुलमा बसेर छलफल र कुराकानी गर्ने गर्नुहुन्थ्यो ।'**

ल्हुन्डुपको योगदानको चर्चा गाउँमा मात्र सीमित थिएन, समग्र जिल्लामै उनको राम्रो छवि बनेको थियो । उनका प्रशंसक र चिन्तक गाउँदेखि शहरसम्म अनगिन्ती थिए । केही पत्रपत्रिकाले समेत यिनको बारेमा लेख्न थाले । तत्कालीन राजा वीरेन्द्र र ज्ञानेन्द्रले पनि यिनको योगदानका बारेमा धेरै कुराहरू सुनेका थिए । राजा वीरेन्द्र समाजमा राम्रो छवि भएका व्यक्तिहरू खोजी गर्दै थिए । यत्तिकैमा छेच्युकुस्यो रिम्पोछे मार्फत् यिनको नाम दरबारमा पुग्यो । ल्हुन्डुपको बारेमा सुनिसकेकाले राजा वीरेन्द्रले यिनलाई तत्कालीन राजपरिषद्को सदस्यमा नियुक्त गर्ने सोच बनाए । तर विडम्बना वि.सं. २०५८ साल जेठ १९ गते तत्कालीन राजा वीरेन्द्रको हत्या भएपछि दरबारमा नयाँ घटनाक्रमको विकास भयो । ज्ञानेन्द्र नयाँ राजा घोषित भए । ज्ञानेन्द्र पनि यिनको बारेमा जानकार थिए । परिवर्तित घटनाक्रमसँगै ज्ञानेन्द्र आफ्ना निकटका व्यक्तिहरूलाई जम्मा गरेर छलफलमा सक्रिय रहन थाले । वि.सं. २०५८ मंसिर १२ गते दरबारमा विशेष भेला आयोजना गरिएको थियो । जुन भेलामा ज्ञानेन्द्रका निकट जनजातिहरूको बाहुल्यता थियो । गणेशबहादुर गुरूङ, बुद्धवीर लामालगायतका साथै बौद्ध भिक्षुहरूको समेत भेलामा संलग्नता थियो । यसै भेलाबाट ज्ञानेन्द्रले विभिन्न ४२ जिल्लाबाट राजपरिषद्का लागि सदस्यहरूको चयन गरे । जसमा सिन्धुपाल्चोकबाट ल्हुन्डुप लामा परे र वि.सं. २०५९ सालमा राजपरिषद्को सदस्यमा मनोनित हुन सफल भए ।

तिनताका दरबार अत्यन्त शक्तिशाली थियो । राजालाई सल्लाह प्रदान गर्ने राजपरिषद्को भूमिका पनि महत्वपूर्ण मानिन्थ्यो । एउटा सामान्य भोटेको छोरा राजाको सम्पर्कमा पुगेर राजपरिषद्को सदस्य हुन पाउनु सामान्य विषय थिएन । ल्हुन्डुपको लागि राजपरिषद् जीवनकै महत्वपूर्ण संयोग बन्यो । यसपछि उनको नाम देशैभरि फैलन थाल्यो । धार्मिक अनुष्ठान र सामाजिक कार्यमा संलग्न रहँदै आएका ल्हुन्डुपको राजपरिषद्मा नियुक्तिसँगै सामाजिक जिम्मेवारी पनि बढ्न पुग्यो । गाउँका

मात्र नभएर जिल्लाभरिका मानिसहरू आ-आफ्ना समस्या बोकेर उनकोमा आउन थाले । जसबाट यिनले जिल्लाभरिका जनताका अवस्था बुझ्ने सुवर्ण अवसर प्राप्त गरे ।

ल्हुन्डुप युवावस्थामा अत्यन्त लगनशील र जुझारू स्वभावका थिए । यो अवस्थामा जस्तोसुकै कठिन काम पनि सम्पन्न गर्न सकिन्छ भन्ने अनुभव यिनीसँग थियो । त्यसैले पनि यिनी युवा पुस्ताप्रति बढी नै आशावादी थिए । युवावर्गलाई उचित मार्गदर्शन दिन सकेको खण्डमा सामाजिक विकासका लागि महत्वपूर्ण जनपूर्वाधार निर्माण गर्न सकिनेमा यिनको अपूर्व विश्वास थियो । यिनी हरेक सभासम्मेलन र गोष्ठीहरूमा पनि युवाहरूको भूमिकालाई बढी मात्रामा उठाउने गर्दथे । स्थानीय विकास निर्माणका कार्यमा पनि युवाहरूलाई नै अग्रसर तुल्याउनुपर्छ भन्ने यिनको मान्यता थियो । कोदारीमा भर्खरै केही युवाहरूको सक्रियतामा मितेरी युवाक्लब नामक संस्थाको स्थापना भएको थियो । यो संस्थाको स्थापनाबाट सबैभन्दा खुसी ल्हुन्डुप नै भएका थिए । युवाहरूको भावना र चेतनालाई यिनले उपेक्षा गर्न चाहेनन् । यिनले वि.सं. २०६० सालमा यस क्लबको आजीवन सदस्यता ग्रहण गरे । स्थानीय स्तरमा गठन भएको संस्था भए पनि क्लबको माध्यमबाट सामाजिक चेतनामा वृद्धि हुने कुराप्रति ल्हुन्डुप विश्वस्त थिए भने युवा समुदायबाट शक्तिको दुरूपयोग हुन्छ कि भन्ने कुरामा पनि यिनको ठूलो चिन्ता थियो । यिनी कुनै पनि हालतमा युवाबललाई गलत कार्यमा प्रयोग हुनबाट रोक्न चाहन्थे । जसका लागि यिनले क्लबका हरेक क्रियाकलापमा आफ्नो अमूल्य समय समर्पण गरे । यिनको विशेष निगरानी, स्पष्ट मार्गनिर्देशन तथा पदाधिकारीहरूको सुझबुझपूर्ण क्रियाकलापले गर्दा क्लब छोटो समयमै लोकप्रिय बन्न सफल भयो । क्लबका कोषाध्यक्ष पाण्डव खड्का भन्छन् :

'उहाँ गुरू (ल्हुन्डुप) साह्रै इमान्दार र समाजसेवी हुनुहन्छ । हामीजस्ता युवाहरूलाई परेको सहयोग गर्न र उचित बाटो हिंडाउन उहाँको विशेष योगदान रहेको छ । हाम्रो क्लबको हरेक कार्यक्रम र गतिविधिहरूमा उहाँको सबै किसिमको सहयोग प्राप्त भएको छ । हाम्रो क्लबका साथै यस क्षेत्रको विकासमा उहाँले गर्नुभएको त्याग गाउँलेले कहिल्यै बिर्सन सक्ने छैन ।'

मितेरी युवा क्लबका प्रमुख सल्लाहकारसमेत रहेका ल्हुन्डुपले कोदारी क्षेत्रको विकासका लागि मात्र आफ्नो ध्यान केन्द्रित गरेनन् । एउटा गाउँ वा क्षेत्रको विकासले मात्र समग्र जिल्लाको उन्नति नहुने कुरामा ल्हुन्डुप सचेत त थिए नै साथसाथै परिवर्तनका लागि पहिलो खुड्किलो आफैंले उक्लनुपर्छ भन्नेमा पनि उनी जानकार थिए । त्यसैले यिनले कोदारी क्षेत्रलाई प्राथमिकतामा राखेर समग्र जिल्लाको विकासमा विशेष जोड दिए । वि.सं. २०६१ सालमा यिनी नेपाल बुद्ध गुम्बा घ्याङसेवा चौताराको सल्लाहकारमा नियुक्त भए । जिल्लाको चौतर्फी विकासमा धर्म, संस्कृति, परम्परा र प्राकृतिक सुन्दरतालाई प्रयोग गर्न सफल यिनले पटकपटक आयोजना भएको सिन्धु-

तातोपानी महोत्सवजस्ता उत्सवहरूमा सक्रियतापूर्वक संलग्न भई त्यस्ता उत्सवहरूलाई सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गरे ।

सामाजिक क्षेत्रका लागि अपरिहार्य र उदाहरणीय व्यक्तित्व भए पनि ल्हुन्डुप प्रमुख रूपमा बौद्धधर्मका लामागुरु थिए । यिनले काठमाडौं, सिन्धुपाल्चोक, दोलखादेखि तिब्बतको लाप्टाङसम्म पुगेर धार्मिक अनुष्ठानका कार्यहरू सम्पन्न गर्नुपर्दथ्यो भने पिता सोनामको शारीरिक अस्वस्थताका कारण गुम्बाको नियमित पूजापाठ र अनुष्ठान पनि आफैंले गर्नुपर्ने बाध्यता थियो । घरपरिवार र सार्वजनिक कार्यमा रम्दै गर्दा ल्हुन्डुपले अचानक पितृवियोगको पीडा बोक्नुपर्‍यो । केही वर्षअगाडि आमा गुमाएका लामा पितासमेत गुमाएर वि.सं. २०४८ सालमा अभिभावकविहीन बन्न पुगे । जन्म र मृत्यु शास्वत सत्य भए पनि पिताको वियोगमा डुबेका ल्हुन्डुपको मन खुल्न सकेन । उनी केही समय वियोगको रूभानमा डुब्न पुगे । जन्म र मृत्यु ईश्वरको नियम भएकाले लामो समय शोकमा डुबेर बस्नु उचित थिएन । उनले आफ्नो मनलाई बुझाउने प्रयास गरे । आफ्नो धर्म, संस्कृति र जातीय परम्पराअनुसार पिताको काजक्रिया सम्पन्न गरी यिनी सार्वजनिक जीवनमा फर्किए ।

पिता सोनामले कोदारीमा स्थापना गराएको पाल्देन फुन्छोगलीङ्ग गुम्बाको अवस्था अत्यन्त दयनीय थियो । पिताको देहान्तपछि गुम्बाको सम्पूर्ण जिम्मेवारी निर्वाह गर्न पुगेका ल्हुन्डुपका लागि गुम्बाको पुनःनिर्माणमा जानुबाहेक अर्को विकल्प थिएन । आफ्नो धर्म र संस्कृतिप्रति निष्ठावान् ल्हुन्डुप कुनै पनि अवस्थामा गुम्बा निर्माण गरी व्यवस्थित रूपले सञ्चालन गर्न चाहन्थे । जसका लागि यिनले वि.सं. २०३८ सालमा नै आफ्नै नेतृत्वमा गुम्बा पूननिर्माण समिति गठन गरिसकेका थिए । पिताको मृत्युपछि यो समितिलाई यिनले सक्रिय बनाए । जसअनुरूप वि.सं. २०४३ सालमा गुम्बाको पुननिर्माण सकी उद्घाटन गराए ।

तिनताका कोदारीमा खानेपानीको अत्यन्त समस्या थियो । गाउँलेहरू पानीका लागि टाढाटाढासम्म धाउने गर्दथे । वि.सं. २०४२ सालमा यिनले तत्कालीन सरकारसँग कोदारी गुम्बा तथा गाउँ खानेपानी योजना माग गरी वितरण सम्पन्न गरे । यसै समयमा गुम्बाको सानो भवन निर्माण गरी यिनले विभिन्न क्षेत्रका ठूला धर्मगुरूहरूको गुम्बामा भ्रमण गराए । सामान्य रूपमा पुननिर्माण भएको गुम्बा वि.सं. २०४६ सालमा आएको भूकम्पले क्षतिग्रस्त हुन पुग्यो । गुम्बा भत्किएर चिन्ताग्रस्त बन्न पुगेका ल्हुन्डुपले पुनः तेस्रो पटक वि.सं. २०४८ सालमा गुम्बाको सामान्य मर्मतकार्य सम्पन्न गराए ।

अस्थायी रूपमा सञ्चालन भइरहेको गुम्बा पुनः भत्कने अवस्था सिर्जना भएकोले आधुनिक र भव्य गुम्बा निर्माण गर्ने लक्ष्यअनुरूप वि.सं. २०६३ सालमा आधुनिक गुम्बा निर्माण कार्य प्रारम्भ भयो । आधुनिक गुम्बा निर्माणकार्य प्रारम्भ त भयो तर आवश्यक सरसामानको व्यवस्था थिएन । यिनले आफ्नै निजी स्रोतबाट गुम्बा निर्माणको प्रारम्भिक

चरणमा पाँच लाख लगानी गरे । १६ परिवारबाट प्रारम्भ भएको गुम्बाको गुठियारको संख्या ल्हुन्डुपले वृद्धि गराएर ४६ गुठियार पुऱ्याएका थिए । जसबाट गुम्बा निर्माणका लागि एक परिवार बराबर १५ हजार उठाउने निर्णय भयो । तर यो निर्णय व्यवहारिक रूपमा कार्यान्वयन हुन सकेन । केही गुठियारहरूले समयमै पैसा दिए भने केहीले दिन सकेनन् । यसको प्रत्यक्ष असर ल्हुन्डुपमा पर्न गयो । उनी कुनै पनि हालतमा भव्य र आधुनिक गुम्बा निर्माण गर्ने तयारीमा थिए । त्यसका लागि स्रोतको खोजी गर्ने काम यिनी आफैंले गर्नुपऱ्यो ।

गुम्बाको निर्माणकार्य २०६३ सालमा प्रारम्भ भएपछि यिनी व्यक्तिगत तनावमा पर्न थाले । एकातिर गुम्बाको निर्माणकार्य प्रारम्भ भइरहेको र अर्कोतिर स्रोत जुटाउन कठिन परेकाले यिनको तनावको क्रम दिनप्रतिदिन बढ्न थाल्यो । यिनी शान्तिले बस्न सकेनन् । यिनी स्रोतको खोजी गर्न निस्किए । स्रोतको खोजी गर्ने क्रममा यिनले काठमाडौं र तिब्बतका गुम्बाहरूको धेरै ढोकाहरू चाहारे । करिब ३ वर्षपछि वि.सं. २०६५ सालमा गुम्बाको ५० प्रतिशत निर्माणकार्य सम्पन्न भयो । तर ल्हुन्डुपको चिन्ता साम्य भएको थिएन । अझै गुम्बाका लागि धेरै सामानहरू जुटाउन बाँकी नै थियो । यिनले हरेस खाएनन्, बरू यिनी थप सक्रिय भएर लागिरहे । यिनको सक्रियता यति बढ्यो कि यिनले आफ्ना आन्तरिक धेरै कामहरू रोक्न पुगे । गुम्बाको निर्माणकार्य द्रुततर गतिमा अघि बढ्न थाल्यो । गाउँलेहरूले आ–आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरे । केहीले वर्षौंसम्म निःशुल्क श्रमदान दिए । पासाङ तेम्पा शेर्पा, राजकुमार



शान अवार्ड ग्रहण गरेपछि परिवारका साथ ल्हुन्डुप लामा ।

सुनुवार, पासाङ लामालगायतका व्यक्तिहरूले श्रमदान दिए भने टुल्कु फुन्छोग लोडो धर्गे ८,२५,००० नगद र १२ तोला सुन, पासाङ तेम्पा शेर्पा ५ लाख, धिकी लामा ४,३५०००, छिरिङ दोर्जे ३ लाख नगद र ६ तोला सुन, छिरिङ वाङ्दु २,४५,५५५ र अमृत खड्काले २ लाख नगद सहयोग गरे । यसबाट ल्हुन्डुपलाई ठूलो राहत भयो । सबैले उनको कार्यमा होस्टेमा हैंसे गरे । झन्डै ५ वर्षको अथक मेहनत, परिश्रम र सक्रियताका बीच वि.सं. २०६६ सालमा गुम्बाको सम्पूर्ण निर्माणकार्य सम्पन्न भयो ।

आरसीसी ढलान सिस्टममा सम्पन्न तीनतले भव्य भवनमा पाहुनाघर, बत्ति बाल्ने घर, गोदाम, भान्छा, सभाहल, चर्पी आदिको सुविधा छ । भवनको माथिल्लो तलामा बज्रधारा, टिबेटियन दोर्जे छ्याङ, मिला रेप्पा, तेलोपा, नरोपा, काग्यूर ल्हाखाङ तथा पुराना धर्म लामागुरूहरूको तस्वीर राखिएको छ भने कैलासमा बसेर ज्ञान प्राप्त गरेका गुरूहरूको तस्वीर पनि देख्न सकिन्छ । यसैगरी बाहिर कौसीबाट तिब्बतको प्रसिद्ध खासाबजार, लाप्टाङ, तार्तुङ तथा तातोपानीका केही भाग अवलोकन गर्न सकिन्छ । यस्तै भवनको दोस्रो तलामा बुद्ध भगवान्, मञ्जुश्रीका तस्वीरका साथै १ हजार ठेली पुस्तकहरू राखिएको छ साथै यस तलामा छोर्तेन लामागुरूको दुर्लभ तस्वीर राखिएको छ । साथै यस तलामा पूजापाठका लागि ठाउँको उचित व्यवस्था गरिएको छ भने भवनको पहिलो तलामा प्रमुख लामा पद्मासम्भवको ८ फुटको तामामा सुनको जलपसहितको मूर्ति, औतारी लामाहरू, महाकाली, महाकाल, लोकेश्वर, पञ्चबुद्धलगायतका तस्वीरहरू राखिएको छ । साथै विभिन्न आकृतिका रोचक तस्वीरहरूले भित्ता छोपिएको छ र तल्लो भागमा पूजापाठ गर्ने व्यवस्था गरिएको छ ।


यो गुम्बा सिन्धुपाल्चोक जिल्लाकै लागि महत्वपूर्ण उपलब्धी हो । यस गुम्बाले कोदारी, तातोपानी, लिस्तीका अतिरिक्त काठमाडौं, खासा र लाप्टाङसम्मका मानिसलाई सेवा पुऱ्याएको छ । झन्डै १ हजार मानिसलाई एकैपटक सेवा प्रदान गर्न सक्ने क्षमता भएको यो गुम्बामा दैनिक पूजापाठ, गाउँलेका परम्परागत धार्मिक अनुष्ठानका अतिरिक्त वैशाखमा बुद्धजयन्ती, जेठमा चार दिने व्रतपूजा (ङ्युङ्ने), साउनमा (डुक्पा छेस्यी) गुठी र १५ दिन कंग्युर पुस्तक पाठ (१०० ठेली), कार्तिकमा दुई दिने (मर्कु ग्याम्छो) गुठी, माघमा ल्होसार (ल्हसोल), फागुनमा ४ दिने व्रतपूजा (ङयूङ्ने), वैशाखमा भूमे पूजा र अन्य बेलामा होम, डुप्छोद, लामानाच तथा धार्मिक प्रवचनहरू हुने गर्दछ । ल्हुन्डुप लामा प्रमुख लामागुरू रहेको यस गुम्बामा ४६ गुठियारहरू छन् ।

राजकुमार राई सुनुवार (कोदारी), नुर्वु शेर्पा (लिपिङ), काले तामाङ (कोदारी), पासाङ शेर्पा (लिपिङ), भक्तबहादुर तामाङ (कोदारी), जनक स्याङ्बो (गोल्छे), दावा पासाङ शेर्पा (कोदारी), फु छिरिङ शेर्पा (दोलखा), खड्गबहादुर खड्का (कोदारी), ग्याजो शेर्पा (लिपिङ), आङ्काले शेर्पा (लिपिङ), पासाङ शेर्पा (दोलखा), तेन्जिन शेर्पा (दोलखा), ङवाङ लोब्साङ शेर्पा (कोदारी), ग्याल्छिरी शेर्पा (दोलखा), कामी शेर्पा (कोदारी), छिरिङ दोर्जे शेर्पा (लिपिङ), अशोक तामाङ (लिपिङ), स्याङ्बो शेर्पा (कोदारी), लाक्पा शेर्पा

(लिपिङ), भिभी शेर्पा (कोदारी), ङवाङसाङ्बु शेर्पा (कोदारी), दावा शेर्पा (कोदारी), कामी शेर्पा (कोदारी), सोनाम शेर्पा (कोदारी), सोनाबहादुर तामाङ (कोदारी), वलबहादुर तामाङ (कोदारी), क्याङसिङ काइँला (क्याङसिङ), सानु शेर्पा (तातोपानी), छिरिङ नोर्वु शेर्पा (कोदारी), तेम्बा वाङ्ज्युक शेर्पा (कोदारी), शेर्पु शेर्पा (लिपिङ), ङावाङ नुर्वु शेर्पा (लिपिङ), गोपाल खड्का (कोदारी), जाङ्बु शेर्पा (गोलु), भीमबहादुर मगर (कोदारी), सार्की शेर्पा (क्याङसिङ), राजु शेर्पा (तातोपानी), निमा शेर्पा (कोदारी), घ्युर्मी शेर्पा (लिपिङ), योक छिरिङ शेर्पा (दोलखा), लहटी गुरुङ (लिपिङ), दोर्जे शेर्पा (लिपिङ), साङ्गे छिरिङ शेर्पा (कोदारी), नुर्वु शेर्पा (गोलु) ।

गुम्बा निर्माणको एकोहोरो प्रक्रियामा लागेका भए पनि ल्हुन्डुपका अगाडि सामाजिक समस्याहरूको ठूलो भारी थियो । जसलाई बिसाउन उनले अझै धेरै कामहरू गर्न बाँकी थियो । सामान्य ग्रामीण किसान परिवारमा जन्मिएर पनि बौद्धिकताको उपल्लो शिखर चढ्न सफल ल्हुन्डुपको खोजी चारैतिर हुन थालेको थियो । सरल, शान्त र मिलनसार बानी भएकाले ल्हुन्डुपको सहयोगको अपेक्षा गर्नेहरू अनगिन्ती थिए । उनको सद्भावको आवश्यकता गाउँलेलाई त थियो नै साथै जिल्लाका अन्य मानिसहरू पनि सहयोगको लागि यिनको घरमा धाउन थाले । सबैसँग समान व्यवहार गर्न रूचाउने ल्हुन्डुपका लागि जनताका समस्याबाट भाग्नु सम्भव थिएन भने सबैका समस्या समाधान गरिदिन पनि कठिन थियो । यद्यपि उनले आफनो शरणमा आएका मानिसहरूलाई निराश पार्न चाहेनन् । उनले सक्दो सहयोग गरेर सबैको चित्त बुझाउने प्रयास गर्दै आए ।

तत्कालीन श्री ५ को सरकार विरूद्ध वि.सं. २०५२ साल फागुन १ गतेबाट तत्कालीन नेकपा (माओवादी) ले शुरू गरेको जनयुद्धले नेपालको सामाजिक जनजीवनमा ठूलो उथलपुथल ल्यायो । गाउँका अधिकांश मानिसहरू राज्य र विद्रोहीपक्षको दोहोरो हिंसामा परेर त्रासपूर्ण जीवन बिताउन बाध्य हुन पुगे । मुलुक हत्या, हिंसा र आतंकले ग्रसित बन्न थाल्यो । जनताको शान्तिपूर्ण बाँच्न पाउने अधिकारमाथि गम्भीर रूपले कुठाराघात हुन पुग्यो । मानिसहरू आ-आफ्नै घर, गाउँ र टोलमा असुरक्षित हुन थाले । विश्वकै एकमात्र शान्ति राष्ट्रको रूपमा मान्यता पाएको देश नेपालको अशान्त र अराजक गतिविधिले नेपालीको पहिचान नै धरापमा पर्ने सम्भावना बढ्दै आयो । देश र जनताको दयनीय अवस्थाको प्रमुख कारण राजनीतिक प्रवृत्ति भए पनि मुकदर्शक बनेर बस्नु सचेत नागरिकका लागि सहज थिएन । यसको चिन्ता सबैभन्दा बढी भगवान् बुद्धका अनुनायक बौद्धमार्गीहरूमा पर्न गयो । उनीहरू कुनै पनि हालतमा बुद्धको जन्मभूमि नेपालमा हत्या, हिंसा, मारकाट, आतंक र अराजकताले निरन्तरता पाउनुहुन्न र तत्काल रोकिनुपर्छ भन्ने मान्यतामा थिए । तर उनीहरूको आग्रहको सुनुवाई कुनै पनि पक्षबाट हुने सम्भावना थिएन । त्यसैले पनि बौद्धमार्गीहरू आफ्नै सांगठनिक पहलमा देश र जनताको अस्तित्वका लागि शान्ति अभियान सञ्चालन गर्न चाहन्थे ।



तिब्बत तीर्थयात्राको क्रममा दिदी सेमसाङ र श्रीमती ङ्वाङ्का साथ ल्हुन्डुप लामा ।

दीर्घकालीन शान्ति अभियानको तयारी वरिष्ठ लामा धर्मगुरू छेच्युकेस्यु रिम्पोछे आफ्ना सहकर्मीहरूका साथमा गर्दै थिए । यता ल्हुन्डुप लामा पनि शान्ति, स्थायित्व र विकासका लागि स्थानीय स्तरमा विभिन्न कार्यक्रमहरूको सञ्चालनमा सक्रिय देखिन्थे । शान्ति अभियानजस्तो महान् कार्यको थालनी ल्हुन्डुप एक्लैका लागि सम्भव थिएन । उनले यो तथ्य राम्रोसँग बुझेका थिए । फलस्वरूप उनी छेच्युकेस्युद्वारा गठित समितिको सदस्य बन्न पुगे । शान्ति अभियानकै क्रममा यिनले स्वेदशका धेरै जिल्लाहरू पुगेर सारगर्भित प्रवचनहरू दिए । यिनको कर्णप्रिय प्रवचनबाट धेरै मानिसहरू प्रभावित बन्न पुगे र शान्ति स्थापनाका लागि सक्रिय देखिए । झापाको दमक स्थायी घर भई हाल काठमाडौं डिल्लीबजारमा बस्दै आएका ५८ वर्षीय रामचन्द्र दाहाल भन्छन् :


**'उहाँ (ल्हुन्डुप) रातो र पहेंलो वस्त्रमा सजिएर मञ्चमा बस्नुभएको थियो । उहाँ साह्रै शान्त, गम्भीर र भावुक देखिनुभएको थियो । उहाँ भगवान् बुद्ध र शान्ति अभियानको बारेमा मानिसहरूलाई भन्दै हुनुहुन्थ्यो । उहाँले बोल्दा मानिसहरूले अत्यन्तै शान्तिको अनुभूति गरेका थिए । जसको प्रभाव मलाई पनि पऱ्यो ।'**

शान्ति अभियानका क्रममा देखेका सुनेका र भोगेका घटनाक्रमबाट यिनी अत्यन्त स्तब्ध बन्न पुगे । तत्कालीन माओवादी जनयुद्ध राजनीतिक समस्याको उपज भएकाले यसको समाधान पनि त्यही रूपबाट हुनुपर्छ भन्ने धारणा यिनले बनाए । शान्ति अभियानलाई वैचारिक र रणनैतिक रूपले निरन्तरता दिंदै केही समयको अन्तरालपछि

ल्हुन्डुप गृहजिल्ला फर्किए । यिनको गृहजिल्ला पनि माओवादी जनयुद्धको प्रभावबाट अछुतो रहन सकेको थिएन । यिनका निकटका केही मानिसहरू समेत माओवादीमा लागेका थिए । राजनीतिप्रति असंलग्न रहे पनि यिनले माओवादी जनयुद्धको बारेमा राम्रोसँग बुझेका थिए । गरिवी, असमानता, अशिक्षा, महँगी, बेरोजगारी जस्ता मुलुकको विद्यमान समस्याप्रति यिनको ठूलो चिन्ता थियो । त्यसैले उनी यस्ता समस्याहरूलाई हरसम्भव आफ्नो तर्फबाट समाधान गर्न सक्रिय देखिन्थे ।

आफ्नो क्षेत्रमा कोदारी माध्यमिक विद्यालयको स्थापना भएको भए पनि गाउँका अधिकांश किशोर-किशोरीहरू स्कुल जान सकेका थिएनन् । सबै जातजातिको संगमस्थल रहेको यस क्षेत्रमा आयआर्जनको भरपर्दो स्रोत थिएन । केही टाठाबाठाहरू खासा व्यापारमा संलग्न थिए भने केही शहरतिर पसेका थिए । गाउँमा बाँकी रहेका अन्य मानिसहरूको आर्थिक अवस्था अत्यन्त दयनीय थियो । जसले गर्दा पनि कतिपयले आफ्ना सन्तानलाई स्कुल पठाएर पढाउन सकिरहेका थिएनन् । यो सम्पूर्ण अवस्थाको साक्षी ल्हुन्डुप स्वयम् थिए । उनले यो अवस्थालाई निरन्तरता दिएर ती किशोर-किशोरीको भविष्य वर्वाद पार्न चाहेनन् । यिनले आफ्नै व्यक्तिगत स्रोत र पहलमा गाउँलेका छोराछोरीलाई काठमाडौं र भारतका गुम्बाहरूमा समेत निःशुल्क पढ्ने र बस्ने व्यवस्था मिलाए ।

आफूले जानेको, बुझेको र सकेको सहयोग समस्यामा परेकालाई गर्नुपर्छ भन्ने स्वभावले अन्ततः यिनलाई यस क्षेत्रकै पूजनीय र सर्वमान्य व्यक्तिको रूपमा स्थापित गरायो । धार्मिकयात्रा र गुम्बाका भ्रमणमा रूचि राख्ने यिनले गाउँका धेरै मानिसलाई धार्मिक संघसंस्था तथा गुरूहरूको सहयोगको व्यवस्था मिलाई काठमाडौं, लुम्बिनी, भारतको बुद्धगया, सारनाथ, कुशिनगरजस्ता बौद्ध धर्मस्थलहरूको पटकपटक भ्रमण पनि गराए । यसरी जीवनको असीम समयलाई समाज र समाज विकासको क्षेत्रमा लगाएर यिनी शेर्पा समुदायकै आस्थाको प्रतीक बन्न सफल भए ।


पिता सोनाम लामाका साथ बाल्यकालमा ल्हुन्डुप लामा ।

२ छोरा र ४ छोरीका पिता रहेका ल्हुन्डुपले आफ्नो अमूल्य मानव जीवनलाई व्यक्तिगत स्वार्थमा मात्र केन्द्रित गर्न चाहेनन् । समाज र समाजको अवस्थाको बारेमा स्पष्ट ज्ञान हासिल गरेका यिनले आफ्नो शालीन र शान्त व्यवहारलाई सामाजिक एकता र समृद्धिको क्षेत्रमा प्रयोग गरे । किशोरावस्थाबाट नै सामूहिक काममा आफूलाई अग्रसर बनाएका यिनले देशको

उपल्लो तहसम्म सम्पर्क स्थापित गरेर आफ्नो गाउँ र समाजको विकासमा महत्वपूर्ण भूमिका खेले । खानेपानी, शैक्षिक संस्था, बिजुली, बाटो, स्वास्थ्यचौकी, गुम्बाजस्ता निर्माणकार्यमा आफूलाई समाहित गरेर यिनले आफ्नो नाममात्र राखेनन् समग्र गाउँलेकै लागि प्रेरणा बनेर प्रस्तुत भए ।

बाल्यकालदेखि नै शान्त, सरल र गम्भीर स्वभाव भएका ल्हुन्डुप अत्यन्त लगनशील र जुझारू स्वभावका थिए । कुनै काम गर्न थालेपछि सम्पन्न नगरी नफर्किने यिनको बानीको चर्चा गाउँमा पहिल्यैदेखि हुने गरेको थियो । यिनले आफ्नो त्यो बाल्यकालीन स्वभावलाई निरन्तर रूपले कायम राखेर समाजलाई एकताबद्ध र अनुशासित बनाउन प्रयोग गरे । कसैसँग रूखो वचन नबोल्ने यिनको बानीले कालान्तरमा यिनलाई सबैको प्रिय व्यक्तिको रूपमा स्थापित गरायो । पिता र गुरूहरूको आज्ञा पालन गर्दै बौद्धशिक्षाको माध्यमबाट उच्च शिक्षा हासिल गर्न पुगेका यिनले आफ्नो छोटो उमेरमै असंख्य मानिसको सहानुभूति प्राप्त गर्न पुगे । वि.सं. २०३० सालबाट संगठित रूपले सामूहिक काममा अग्रसर हुन आएका यिनी २०४० को दशक पार नगर्दै प्रतिष्ठित व्यक्तिको स्थान सुरक्षित गर्न सफल रहे । समाजलाई सकारात्मकताको बाटो हिंडाउन सक्ने क्षमता भएका यिनले आफ्नो गाउँ र गाउँलेको विकासमा अधिकांश समय खर्च गरे ।

जीवनको अद्वितीय समय जनसेवामा लगाएका यिनले नामका लागि काम गरेका थिएनन् । आफ्नो कार्यलाई स्वभाविक प्रक्रियाको रूपमा लिने यिनले आफूले जानेका, सिकेका र सकेका ज्ञान बाँडेर समाजलाई मार्गनिर्देशित गर्ने पहल मात्र गरेका थिए । तर आफ्नो यो कार्यले कुनै दिन चर्चाको शिखरमा पुऱ्याउँछ भन्ने यिनले सोचेका पनि थिएनन् । यिनी भन्छन्ः

**'मैले जे गरें, त्यो मेरो लागि नै गरेको थिएँ । तर मैले आफ्नै लागि गर्दा त्यसले अरूलाई पनि प्रभाव पाऱ्यो । म एउटा सामान्य परिवारको सामान्य मानिस प्रगतिको तहमा पुग्नु निश्चित रूपले मेरो लागि खुसीको कुरा हो । म सामाजिक कार्यकर्ता हुँ । एउटा सामाजिक कार्यकर्ताको लागि यो चर्चा निश्चय नै सफलताको दृष्टान्त हो । यस अर्थमा मलाई खुसी लाग्नु स्वभाविक हो । तर मैले गर्नुपर्ने कामहरू धेरै छन् । म नेपालजस्तो पछि परेको र समस्याग्रस्त देशको नागरिक भएकाले मेरो जिम्मेवारी अझै छ ।'**

उनका उल्लेखित अभिव्यक्तिले हाम्रो समाजलाई ठूलो भरोसाको अनुभूति दिलाउँछ । नेपाली समाजका प्रतिष्ठित व्यक्तिहरू जसका अगाडि धेरै सम्भावनाहरू ओझेलमा परेको भान हुन्छ । ल्हुन्डुप लामा समेत तिनैमध्येका एक थिए । सार्वजनिक जीवनमा आएपछि मात्र यिनको स्वतन्त्र व्यक्तित्व राष्ट्रिय रूपमा प्रकाशमा आयो । किशोरावस्थादेखि नै बौद्धिक मानिसहरूले यिनको प्रत्येक क्रियाकलापलाई सूक्ष्म ढंगले निरीक्षण गर्न थाले । आग्रह र पूर्वाग्रहबाट ग्रस्त हुनेहरूका टिप्पणीलाई किनारा लगाएर सकारात्मक सोच भएका ठूलो समूहले यिनको कार्यशैलीको प्रशंसा गर्न थाले । हरेक क्षेत्रमा यिनको संलग्नता अपरिहार्य बन्न पुग्यो । तातोपानी गाविसका एमाले कार्यकर्ता समेत रहेका सोनाबहादुर तामाङ



शान अवार्ड ग्रहण गरेपछि सहकर्मी लामाहरूका बीच ल्हुन्डुप लामा ।

ल्हुन्डुपलाई धेरै अगाडिदेखि चिनेर सँगै काम गर्न पाएको सम्झदै भन्छन् :

**'उहाँ (ल्हुन्डुप) साह्रै भद्र, शालीन र धार्मिक व्यक्तित्व हुनुहुन्छ । यस ठाउँको विकास निर्माणमा उहाँले हामीलाई धेरै ठूलो सहयोग गर्नुभएको छ । सबैलाई समान व्यवहार गर्ने उहाँको भावनाले गाउँलाई नै एकताबद्ध बनाएको छ ।'**

ल्हुन्डुपको जीवनलाई सरसर्ती हेर्दा उनीभित्र केही पृथक लक्षणहरू देखा पर्दछन् । उनी कुनै अलग धातुबाट निर्माण भएका व्यक्तित्व हुन् कि भन्ने भान हुन्छ । उनको बाल्यकाल, किशोरावस्था, युवाअवस्था र त्यसपछिका घटना र जीवनचर्याबाट यस्तो अनुभूति गर्न सकिन्छ । एउटा सामान्य किसान परिवार जो परम्परागत रूपमा विचरण गर्न स्वयम्लाई सुविधाजनक अनुभव गर्दछ । उनी यस्तै परिवारका प्रतिनिधि पात्र थिए । स्कुले शिक्षा यस परिवारको प्राथमिकताको विषय थिएन । त्यसो हुँदो हो त यिनी अहिले कुनै स्कुलका शिक्षक हुन्थे । सुरूमा यिनले तीन कक्षासम्म स्कुलमा पढे तर त्यो पढाइलाई यिनले निरन्तरता दिएनन् । बरू बौद्धशिक्षा पढ्न लिस्तीमा पुगे । यहींबाट यिनले धर्मगुरू बन्ने अवसरको सुरूवात गरे । यिनको परम्परागत पारिवारिक जीवन र धार्मिक शिक्षाको यात्रा भने त्यति सरल रहेन । यिनले अनगिन्ती संघर्षका चरणहरू पार गर्नुपर्‍यो । २५ वर्षको उमेरमा यिनी विवाह वन्धनमा बाँधिन पुगे । आफ्नो नियमित धार्मिक अनुष्ठानका कार्य र दाम्पत्य जीवनबीच सन्तुलन मिलाउन

यिनलाई सजिलो भएन । धार्मिक कार्यका लागि आफ्नो घर कोदारीदेखि धेरै टाढाटाढासम्म यिनले जानुपर्दथ्यो । कैयन दिनसम्म यिनी घरबाहिर नै रहने गर्दथे । घरलाई प्राथमिकता दिंदा आफ्नो काम बिग्रन सक्ने यिनको ठूलो डर थियो । ल्हुन्डुपका जीवनका यी प्रारम्भिक क्षण थिए । यसबाट के बुझ्न सकिन्छ भने उनी जुन काममा लाग्थे अत्यन्त निष्ठाका साथ लाग्थे । उनीसँगै लामो समयदेखि साथै काम गरेका नेपाल बुद्ध गुम्बा घ्याङसेवाका प्रमुख लामागुरु लामा लोप्साङ शेरप भन्छन् :

**'उहाँ (ल्हुन्डुप) मेरो बाल्यकालदेखिकै साथी हुनुहुन्छ । उहाँ कुनै पनि काम गर्दा अत्यन्त जिम्मेवारीका साथ लगनशील भएर गर्ने गर्नुहुन्छ । एउटा काम सम्पन्न नगरेसम्म अर्को काममा हात नहाल्ने उहाँको स्वभाव छ ।'**

ल्हुन्डुपको जीवनका दुईवटा उद्देश्य थिए । पहिलो पारिवारिक व्यवस्थापन मार्फत् सामाजिक दायित्व पूरा गर्ने र दोस्रो धार्मिक तथा सांस्कृतिक विकासमा सक्दो योगदान गर्ने । बौद्धधर्म र संस्कृतिमाथि उनको अगाध आस्था थियो । धर्म र संस्कृतिका माध्यमबाट समाज रूपान्तरण गर्न सकिन्छ भन्नेमा यिनी विश्वास गर्थे । त्यसैले यिनले सार्वजनिक सेवाको शुरूवात यसैको माध्यमबाट गरे । वि.सं. २०३० सालबाट सार्वजनिक जीवन अंगालेका यिनले विविध क्षेत्रमा संलग्न रहेर देश विकासको कार्यमा महत्वपूर्ण योगदान मात्र गरेनन् आफ्नो नामलाई जीवन्त तुल्याउन सफल देखिए । आफ्नो जीवनलाई सामाजिक रूपान्तरण र बौद्धधर्म संस्कृतिका माध्यमबाट शान्ति अभियानमा विशिष्ट योगदान गरेबापत यिनी वि.सं. २०६६ साल फागुन ८ गते ऐतिहासिक अन्तर्राष्ट्रिय शान अवार्डबाट सम्मानित पनि भए । एउटा सामान्य परिवारमा जन्मिएर असामान्य उपलब्धी हासिल गर्न सफल यिनले आफ्ना जातिका लागि मात्र नभएर समग्र नेपालीकै लागि सफल उदाहरण बनेर प्रस्तुत भए । जीवनयात्राको ६ दशक समय पार गरेका यिनी अझै पनि सामाजिक कार्यमा सक्रिय रहेकाले आगामी दिनमा यिनको योगदान थप प्रवल रूपमा विकसित नहोला भन्न सकिन्न ।

●●●




**दीपक भेटुवाल**

जन्म : २०३५ चैत्र ११ गते
ठेगाना : थानापति-४, नुवाकोट
हाल : बालाजु, काठमाडौ
सम्पर्क नं. : ९८४१८७१४१०


**प्रकाशित कृति**

- मृत्यु (कथासङ्ग्रह-२०६२)
- सुवर्णले रोपेका फूलहरू (कवितासङ्ग्रह-२०६३)
- प्रतिभा (संयुक्त जीवनीसङ्ग्रह-२०६६)
- सुवासिला फूलहरू (हातमा)

**सम्बद्धता**

- शान अवार्ड सञ्चालन समिति (आइएलपिए)
- सूचक (साहित्यिक समाचारपत्र)


ISBN 9937-2-2608-2

9789937226080

मूल्य रू. : १९९/-

प्रकाशक :

**सूचक साहित्यिक समाचारपत्र**
बालाजु, काठमाडौ, नेपाल
इमेलः suchaknewsnepal@yahoo.com
पो.ब.नं. ८९७५, इपीसी ५०८१, काठमाडौ
द.नं. ०२६/०६१/६२